# गजलकार युसुफदिन मियाँ पाल्पालीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवनको
स्नातकोत्तर तह (एम.ए.), द्वितीय वर्षको
दसौँ पत्रको प्रयोजनार्थ
प्रस्तुत

## शोधपत्र


**शोधार्थी**

**विमला ढकाल**

शैक्षिक सत्र २०६५-२०६७
त्रि.वि. दर्ता नं. ९-१-४३-४३-९६
क्याम्पस रोल नं. ३८

**वीरेन्द्र बहुमुखी क्याम्पस**
नेपाली विभाग
भरतपुर, चितवन



सन् २०१३/२०७० साल

# त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय

वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग

भरतपुर, चितवन

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, चितवनका विद्यार्थी विमला ढकालले नेपाली एम.ए. दसौँ पत्रको प्रयोजनका निम्ति प्रस्तुत गरेको **गजलकार युसुफदिन मियाँ पाल्पालीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको यो शोधपत्र स्वीकृत गरिएको छ ।

## मूल्याङ्कन समिति

| | |
|---|---|
| प्रा.डा. नारायणप्रसाद खनाल | ________________ |
| विभागीय प्रमुख | हस्ताक्षर |
| शिक्षण सहायक भीष्मराज पौडेल | ________________ |
| शोधनिर्देशक | हस्ताक्षर |
| गोविन्दराज विनोदी | ________________ |
| बाह्य परीक्षक | हस्ताक्षर |

२०७१/०३/१५

२९ जुन, २०१४

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, वीरेन्द्र बहुमुखी क्याम्पस नेपाली विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षका छात्रा विमला ढकालले **गजलकार युसुफदिन मियाँ पाल्पालीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधकार्य मेरा निर्देशनमा तयार पार्नुभएको हो । परिश्रम र लगनका साथ तयार पारिएको प्रस्तुत शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

२०७१/०३/१५
२९ जुन, २०१४

भीष्मराज पौडेल
शिक्षण सहायक
**वीरेन्द्र बहुमुखी क्याम्पस**
नेपाली विभाग
भरतपुर, चितवन

# कृतज्ञता ज्ञापन

**गजलकार युसुफदिन मियाँ पाल्पालीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र स्नातकोत्तर (एम.ए.) तह द्वितीय वर्षको नयाँ पाठ्यक्रमअनुसार दशौँ पत्रको प्रयोजनका लागि तयार गरिएको हो । शोधकार्यको पूर्णताका लागि जुनसुकै बखत आफ्नो अमूल्य समयबाट फुर्सद निकालेर महŒवपूर्ण निर्देशन दिनुहुने आदरणीय गुरु तथा शोधनिर्देशक श्री भीष्मराज पौडेलप्रति हृदयदेखि कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोध शीर्षकलाई स्वीकृति प्रदान गरी आवश्यक राय तथा सुझाव एवम् परामर्श दिनुहुने विभागीय प्रमुख सम्माननीय गुरु प्रा.डा. नारायणप्रसाद खनालप्रति विशेष हार्दिक आभार प्रकट गर्दछु ।

शोधपत्रको तयारीका क्रममा आवश्यक सामग्री सङ्कलनमा सहयोग र स्रोत उपलब्ध गराउने वीरेन्द्र बहुमुखी क्याम्पस पुस्तकालय परिवारप्रति ऋणी छु । त्यस्तै लेखन कार्यमा हरतरहबाट सहयोग र सुझाव दिनुहुने सह-प्राध्यापक विष्णु सापकोटा, प्रा.डा. होमनाथ सापकोटा, दाजु बालकृष्ण थपलिया लगायत अन्य विद्वत्जनप्रति पनि आभार प्रकट गर्दछु ।

यसै गरी शोधपत्रलाई यथाशीघ्र सम्पन्न गर्न अभिप्रेरणा प्रदान गर्नुहुने पूजनीय मुमा रेनुका ढकालप्रति विशेष आभारी छु । शोधपत्र तयारीका लागि घरयासी समस्याका बाबजुद स्वतन्त्रता दिँदै उपयुक्त वातावरण मिलाएर आइपरेका सम्पूर्ण बाधा अड्चन र झन्झट आफैले अङ्गीकार गर्ने जीवनसाथी श्री धर्मराज अधिकारी, लेखन कार्यमा सहयोग गर्ने अन्य परिवारका सदस्यहरू ससुराबुबा कृष्णप्रसाद अधिकारी एवम् सासुआमा युवकुमारी अधिकारी तथा परिवारका सदस्यहरू पनि धन्यवादका पात्र हुनुहुन्छ । साथै यस शोधपत्रलाई शुद्धसँग टङ्कण गरी व्यवस्थित बनाउन सहयोग गर्ने लिङ्क कम्प्युटरका दाजु जीवननाथ ढुङ्गानालाई पनि विशेष धन्यवाद दिन चाहन्छु ।

अन्तमा प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका निम्ति त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागसमक्ष पेस गर्दछु ।

२०७१.............................

........................... २०१४

...............................

**विमला ढकाल**

वीरेन्द्र बहुमुखी क्याम्पस

नेपाली विभाग

भरतपुर, चितवन

# विषयसूची

## परिच्छेद : एक

## शोधपरिचय


| | | |
|---|---|---|
| १.१ | शोधशीर्षक | १ |
| १.२ | शोधप्रयोजन | १ |
| १.३ | विषय परिचय | १ |
| १.४ | समस्याकथन | २ |
| १.५ | शोधकार्यको उद्देश्य | २ |
| १.६ | पूर्वकार्यको विवरण | ३ |
| १.७ | शोधकार्यको औचित्य र महत्व | ६ |
| १.८ | शोधकार्यको सीमाङ्कन | ६ |
| १.९ | सामग्री सङ्कलन पद्धति | ७ |
| १.१० | शोधविधि | ७ |
| १.११ | सैद्धान्तिक ढाँचा | ७ |
| १.१२ | शोधकार्यको रूपरेखा | ८ |


## परिच्छेद : दुई

## गजलकार युसुफदिन मियाँ 'पाल्पाली' को जीवनीको अध्ययन


| | | |
|---|---|---|
| २.१ | जन्म र जन्मस्थान | १० |
| २.२ | पुर्ख्यौलीको नाम, थर | १० |
| २.३ | वाल्यकाल | १० |
| २.४ | शिक्षादीक्षा | ११ |
| २.५ | विवाह र पारिवारिक जीवन | ११ |
| २.६ | साहित्यको क्षेत्रमा प्रवेश र कार्य | ११ |
| २.७ | सामाजिक क्षेत्रमा संलग्नता र कार्य | १२ |
| २.८ | पुरस्कार र सम्मान | १२ |
| २.९ | भ्रमण | १३ |
| २.१० | रुचि | १३ |
| २.११ | जीवनको अविस्मरणीय घटना | १३ |

२.१२ जीवनदर्शन १४
२.१३ निष्कर्ष १४

## परिच्छेद : तीन

## गजलकार युसुफदिन मियाँ 'पाल्पाली' को व्यक्तित्वको अध्ययन

३.१ विषयप्रवेश १६
३.२ बाह्य व्यक्तित्व १६
३.३ आन्तरिक व्यक्तित्व १७
३.३.१ साहित्यिक व्यक्तित्व १७
३.३.१.१ गजलकार व्यक्तित्व १८
३.३.१.२ गीतकार व्यक्तित्व १८
३.३.२ साहित्येतर व्यक्तित्व १९
३.३.२.१ राजनैतिक व्यक्तित्व १९
३.३.२.२ सामाजिक व्यक्तित्व १९
३.४ निष्कर्ष २०

## परिच्छेद : चार

## युसुफदिन मियाँ 'पाल्पाली'को साहित्यिकयात्रा र पुस्तकाकार कृतिहरूको अध्ययन

४.१ पृष्ठभूमि २१
४.२ गजलको व्युत्पत्ति २२
४.३ गजलको अर्थ र परिभाषा २३
४.४ गजलको उद्भव र विकास २४
४.५ गजल निर्माण प्रक्रिया २५
४.६ गजलका तŒवहरु २८
४.६.१ सेर २९
४.६.२ काफिया २९
४.६.३ रदिफ ३०
४.६.४ मतला ३१
४.६.५ मक्ता ३१

| | | | |
|---|---|---|---|
| | ४.६.६ | तखल्लुस | ३२ |
| | ४.६.७ | बहर | ३२ |
| | ४.६.८ | मरक्कब (मिश्रित छन्द) | ३६ |
| | ४.६.९ | मुजाहिफ बहर | ३७ |
| ४.७ | नेपाली गजल लेखनको काल विभाजन | | ४० |
| | ४.७.१ | नेपाली गजलको प्रथम चरण | ४४ |
| | ४.७.२ | नेपाली गजलको दोस्रो चरण | ४६ |
| ४.८ | युसुफदिन मियाँ 'पाल्पाली'का कृतिगत विश्लेषण | | ५० |
| | ४.८.१ | 'पाल्पालीका गजल' गजलसङ्ग्रहको विश्लेषण | ५० |
| | | ४.८.१.१ पृष्ठभूमि | ५० |
| | | ४.८.१.२ संरचना | ५० |
| | | ४.८.१.३ केन्द्रीय कथ्य | ५४ |
| | | ४.८.१.४ मूलभाव | ७० |
| | | ४.८.१.५ 'पाल्पालीका गजल' का भागवत वर्गीकरण | ७० |
| | | ४.८.१.६ सामाजिक विकृति र विसङ्गतिहरू | ७१ |
| | | ४.८.१.७ प्रेम प्रणय | ७१ |
| | | ४.८.१.८ प्रेम सद्भाव | ७१ |
| | | ४.८.१.९ आत्मपीडा | ७२ |
| | | ४.८.१.१० राजनैतिक व्यङ्ग्य | ७२ |
| | | ४.८.१.११ राष्ट्रिय चेतना | ७२ |
| | | ४.८.१.१२ वर्तमान विसङ्गति | ७३ |
| | | ४.८.१.१३ शिल्पशैली | ७३ |
| | | ४.८.१.१४ भाषाशैली | ७३ |
| | | ४.८.१.१५ अलङ्कारको प्रयोग | ७३ |
| | | ४.८.१.१६ छन्द प्रयोग | ७४ |
| | | ४.८.१.१७ निष्कर्ष | ७४ |
| | ४.८.२ | 'मनको व्यथा' गजलसङ्ग्रहको विश्लेषण | ७४ |
| | | ४.८.२.१ परिचय | ७४ |
| | | ४.८.२.२ संरचना | ७५ |
| | | ४.८.२.३ विश्लेषण | ७५ |

४.८.२.४ केन्द्रीय कथ्य ७९
४.८.२.५ शिल्पशैली ९४
४.८.२.६ निष्कर्ष ९५
४.८.३ 'एक बहर एक गजल' गजलसङ्ग्रहको विश्लेषण ९५
४.८.३.१ परिचय ९५
४.८.३.२ संरचना ९६
४.८.३.३ केन्द्रीय कथ्य १००
४.८.३.४ मूलभाव ११७
४.८.३.५ 'एक बहर एक गजल' गजलसङ्ग्रहको भागवत वर्गीकरण ११८
४.८.३.६ विकृति र विसङ्गतिहरू ११८
४.८.३.७ प्रेम प्रणय ११८
४.८.३.८ देश प्रेम ११९
४.८.३.९ आत्मपीडा ११९
४.८.३.१० शिल्पशैली १२०
४.८.३.११ भाषाशैली १२०
४.८.३.१२ अलङ्कारको प्रयोग १२०
४.८.१.१३ छन्द प्रयोग १२०
४.८.१.१४ निष्कर्ष १२१
४.८.४ 'रोशनी' गजलसङ्ग्रहको विश्लेषण १२१
४.८.४.१ पृष्ठभूमि १२१
४.८.४.२ संरचना १२२
४.८.४.३ केन्द्रीय कथ्य १२२
४.८.४.४ मूलभाव १५२
४.८.४.५ 'रोशनी' गजलसङ्ग्रहको भागवत वर्गीकरण १५२
४.८.४.६ वर्तमान विकृति र विसङ्गतिहरू १५३
४.८.४.७ प्रेम प्रणय १५३
४.८.४.८ राजनैतिक अवस्था १५३
४.८.४.९ आत्मपीडा १५४
४.८.४.१० मानवतावादी भावना १५४
४.८.४.११ देशप्रेम १५४

४.८.४.१२ सामाजिक विसङ्गति १५४
४.८.४.१३ शिल्पशैली १५५
४.८.४.१४ भाषाशैली १५५
४.८.४.१५ अलङ्कारको प्रयोग १५५
४.८.४.१६ छन्द प्रयोग १५६
४.८.४.१७ निष्कर्ष १५६

## परिच्छेद : पाँच

## आधुनिक नेपाली गजलका क्षेत्रमा 'पाल्पाली'को योगदान

५.१ नेपाली साहित्यमा 'पाल्पाली' को आगमन र उनको साहित्य यात्रा १५७
५.१.१ लेखनका लागि प्रेरणा र प्रभाव १५७
५.१.२ लेखनको आरम्भ र प्रकाशनको थालनी १५८
५.१.३ युसुफदिन मियाँ 'पाल्पाली' को लेखनयात्रा १५८

## परिच्छेद : छ

**उपसंहार** १६१

**सन्दर्भसामग्रीसूची**

**परिशिष्ट खण्ड**

परिशिष्ट 'क' : शोधनायक युसुफदिन मियाँ 'पाल्पाली'लाई गरिएका प्रश्नावलीहरू
परिशिष्ट 'ख' : युसुफदिन मियाँ 'पाल्पाली'ले प्राप्त गरेका सम्मानहरू

# सङ्क्षेपीकृत शब्दसूची

यस शोधपत्रमा प्रयोग गरिएका सङ्क्षेपीकृत शब्दहरूको पूरा रूप यसप्रकार छ :

| | |
|---|---|
| एफ.एम. | फ्रिक्वेन्सी मोडुलेसन |
| गा.वि.स. | गाउँ विकास समिति |
| डा. | डाक्टर |
| नं. | नम्बर |
| नि. | निबन्ध |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| प्र. | प्रसाद |
| प्र.अ. | प्रधानाध्यापक |
| पृ. | पृष्ठ |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| बि.ए. | ब्याचलर अफ आर्टस् |
| मा.वि. | माध्यमिक विद्यालय |
| ले. | लेखक |
| वि.सं. | विक्रम संवत् |
| स्व. | स्वर्गीय |

# परिच्छेद : एक
# शोधपरिचय

## १.१ शोधशीर्षक

यस शोधपत्रको शीर्षक **गजलकार युसुफदिन मियाँ 'पाल्पाली'को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** रहेको छ ।

## १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको हो ।

## १.३ विषय परिचय

नेपाली साहित्यमा कविता विधामा गजलले विशिष्ट स्थान ओगटेको छ । गजलले दिने रसानन्द वा रसोद्रेकता अवर्णनीय छ । गजलमा गेयात्मकता, साङ्गीतिकता, सङ्क्षिप्तता, सुबोधता, सरलता र भावगाम्भीर्य रहन्छ । विधि प्रविधिजन्य विशिष्टताले कविको अन्य प्रकारभन्दा सर्वथा पृथक अस्तित्ववोधजन्य गजलको लोकप्रियता उच्च रहेको देखिन्छ । युसुफदिन मियाँ 'पाल्पाली' यस्तै गजलकार हुन् ।

यिनको जन्म बुबा मरहुम अब्दुल गफुर मियाँ र आमा मरहुम बिबिरन मियाँको छोराको रूपमा पश्चिम गाउँ तानसेन नगरपालिका वडा नं. १३, पाल्पा जिल्लामा वि.सं. २००३ वैशाख १७ गते भएको हो । हाल भरतपुर नगरपालिका-२ मा स्थायी बसोबास गर्दै साहित्य साधनासँगै वाणिज्य व्यापारमा दत्तचित्त 'पाल्पाली'को पहिलो गजलसङ्ग्रहको रूपमा **पाल्पालीका गजल** (२०६६) प्रकाशित भएको छ भने दोस्रो गजलसङ्ग्रह **मनको व्यथा** (२०६८), तेस्रो गजलसङ्ग्रह **एक बहर एक गजल** (२०६९) र चौथो गजलसङ्ग्रह **रोशनी** (२०६९) प्रकाशित भएको पाइन्छ । यी सबै गजलसङ्ग्रह पल्लव साहित्य प्रतिष्ठानद्वारा प्रकाशित भएका छन् । चारवटा कृतिहरू प्रकाशित गरिसकेका 'पाल्पाली' एक अनुसन्धेय

व्यक्तित्व हुनुका साथै उनका रचनाहरू पनि अनुसन्धान योग्य रहेका छन् । उनका बारेमा अहिलेसम्म कुनै अध्ययन, विश्लेषण र मूल्याङ्कन हुन सकेको छैन त्यसकारण उनको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययनका लागि नै शोधको विषय बनाइएको छ र **गजलकार युसुफदिन मियाँ 'पाल्पाली'को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षक चयन गरिएको छ ।

## १.४ समस्याकथन

**युसुफदिन मियाँ 'पाल्पाली' को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको यस शोधपत्रमा उनको जीवनी र व्यक्तित्वलाई समेटेर कृतित्व पक्षको समग्र अध्ययन गरिएको छ । त्यसैले प्रस्तुत शोधकार्य निम्नलिखित मुख्य समस्यामा केन्द्रित रहेको छ :

क) गजलकार युसुफदिन मियाँ 'पाल्पाली' को जीवनी के-कस्तो छ ?

ख) 'पाल्पाली'को साहित्यिक व्यक्तित्वको निर्माण के-कसरी भएको छ ?

ग) नेपाली साहित्यमा 'पाल्पाली'को सृजनात्मक योगदान के-कस्तो छ ?

घ) 'पाल्पाली'का साहित्यिक प्रवृत्तिहरू के-कस्ता रहेका छन् ?

यिनै समस्यामा आधारित भई यो शोधपत्र तयार पारिएको छ ।

## १.५ शोधकार्यको उद्देश्य

हरेक कार्यको पछाडि कुनै न कुनै उद्देश्य रहेको हुन्छ । त्यसमाथि पनि शोधकार्य जस्तो गहन तथा जटिल कार्य उद्देश्यविहीन ढङ्गले अगाडि बढ्न सक्दैन । गजलकार युसुफदिन मियाँ 'पाल्पाली' को जीवनी, व्यक्तित्व र कृतित्वमा शोधकार्यका निम्न उद्देश्यहरू रहेका छन् :-

क) युसुफदिन मियाँ 'पाल्पाली' को जीवनीको बारेमा परिचय गराउनु,

ख) 'पाल्पाली'को व्यक्तित्वको विश्लेषण गर्नु,

ग) नेपाली साहित्यिक क्षेत्रमा 'पाल्पाली'ले पुऱ्याएको योगदानहरूको मूल्याङ्कन गर्नु,

घ) उनका रचनाहरूको कृति र साहित्यिक यात्राका चरणहरू पत्ता लगाई तिनको मूल्याङ्कन गरी निष्कर्षमा पुग्नु ।

यिनै उद्देश्यहरूको परिधिभित्र रहेर प्रस्तुत शोधपत्र तयार पारिएको छ ।

## १.६ पूर्वकार्यको विवरण

गजलकार युसुफदिन मियाँ 'पाल्पाली' गजलकारिताको क्षेत्रमा राम्रो भूमिका खेल्ने व्यक्तित्वका रूपमा पनि चिरपरिचित रहेका छन् । उनका चारवटा गजलसङ्ग्रहहरू प्रकाशित हुँदा पनि उनका बारेमा निकै कम समीक्षकहरूले मात्र चर्चा-परिचर्चा गरेको पाइन्छ । केही समीक्षकहरूले विभिन्न पुस्तक तथा पत्रपत्रिकाहरूमा गरेका टीका-टिप्पणीहरूको कालक्रमिक विवरण यसप्रकार रहेको पाइन्छ :-

समालोचक नारायणप्रसाद खनालले **पाल्पालीका गजल** (२०६६) शीर्षकको गजलसङ्ग्रहको भूमिका खण्डमा *शुभकामना* शीर्षकको लेखमा प्रशंसा भाव व्यक्त गरेका छन् । उनले व्यापार, व्यवसाय र समाजसेवामा संलग्न हुँदाहुँदै पनि सानैदेखि गीत गाउने, गीत लेख्ने र अरूलाई प्रेरणा दिने तथा उनले रचना गरेका गीतहरू अरुले गाएर नाम कमाउने तर उनको कुनै चर्चा नहुने जस्ता तमाम अवसरबाट गुज्रेका स्रष्टा हुन् 'पाल्पाली' भन्दै हृदयदेखि नै हर्ष प्रकट गरेका छन् ।[1]

'पाल्पाली'को अर्को गजलसङ्ग्रह **मनको व्यथा** (२०६८) कृतिको भूमिका भागमा *शुभकामनाका शब्दहरू* शीर्षकमा नारायणप्रसाद खनालले शुभकामनाका भाव व्यक्त गरेका छन् । 'पाल्पाली'का सुमधुर स्वरलहरीहरू र उनका मीठा रचनाको कदर जुनसुकै ठाउँमा पनि हुनेछ भन्ने अभिव्यक्तिहरू प्रकट गर्दै 'पाल्पाली'प्रति हार्दिक बधाई प्रकट गरेका छन् ।[2]

'पाल्पाली'को अर्को गजलसङ्ग्रह **एक बहर एक गजल** (२०६९) कृतिको *शुभेच्छाका केही शब्द* शीर्षकमा नारायणप्रसाद खनालले 'पाल्पाली' गाउँघरमा बस्दा लोकगीत गाउने मात्र नभई आफू स्वयं रचनाकार हुनुको फलस्वरूप नेपालीहरूका माझ लोकप्रिय बन्दै गएको कुरा उल्लेख गरेका छन् ।[3]

यिनको अर्को **रोशनी** (२०६९) गजलसङ्ग्रहमा *शुभ भावनाका शब्द-पुष्प* शीर्षकमा नारायणप्रसाद खनालले 'पाल्पाली'को सृजनाको संसार रमाइलो, आनन्ददायी भएको उल्लेख

---

[1] नारायण प्रसाद खनाल, *शुभकामना*, **पाल्पालीका गजल**, युसुफदिन मियाँ 'पाल्पाली', चितवन : पल्लव साहित्य प्रतिष्ठान, २०६६, पृ. ड (भूमिका खण्ड)

[2] नारायण प्रसाद खनाल, *शुभकामनाका शब्दहरू*, **मनको व्यथा**, युसुफदिन मियाँ 'पाल्पाली', चितवन : पल्लव साहित्य प्रतिष्ठान, २०६८, पृ. ट (भूमिका खण्ड)

[3] नारायण प्रसाद खनाल, *शुभेच्छाका केही शब्द*, **एक बहर एक गजल**, युसुफदिन मियाँ 'पाल्पाली', चितवन : पल्लव साहित्य प्रतिष्ठान, २०६९, पृ. ट (भूमिका खण्ड)

गरेका छन् । 'पाल्पाली'को गजल ऊर्जाशील र अग्रसर हुँदै जाओस् भन्ने कामना पनि व्यक्त गरेका छन् ।[४]

**पल्लव** साहित्यिक पत्रिकामा *'पाल्पाली'को मनको व्यथामा उम्लिएका पिरतीका औडाहहरूप्रति सङ्क्षिप्त विश्लेषण* शीर्षकमा केशवराज आमोदिले 'पाल्पाली' असाध्यै मृदुभाषी, मिलनसार, सहयोगी एवं स्वकर्तव्यप्रति निष्ठावान गजलकार तथा गीतकार, लगभग एक दर्जनजति साहित्यिक गैरसाहित्यिक सङ्घ-संस्थामा आजीवन सदस्य रहेका र लायन्स क्लब चितवनका पूर्व अध्यक्ष तथा नारायणी कला मन्दिर चितवनका पूर्व उपाध्यक्ष समेत रहेका चितवनका गजलहस्ती हुन् भनी उल्लेख गरेका छन् ।[५]

गोर्खे साइँलोले **पाल्पालीका गजलसङ्ग्रह** (२०६६) को *प्रकाशकीय* भूमिकामा 'पाल्पाली' लाई केही रङ्गी-विरङ्गी, केही मनमोहक, केही आफ्नै पुरानो परम्परामा प्रचलित शब्द-शैलीमा गजल सृजना गर्ने गजलकार हुन् भनेका छन् ।[६]

**एक बहर एक गजल** कृतिको *प्रकाशकीय शुभकामना* शीर्षकमा गोर्खे साइँलोले शास्त्रीय बहरबद्ध सूत्रमा आधारित **एक बहर एक गजल** नामक गजलसङ्ग्रहले भर्खर गजल लेख्न बामे सर्दै गरेका नवसर्जकहरूदेखि गजल विधामा शोधपत्र लेख्न चाहने विद्यार्थीहरूलाई समेत विशेष प्रेरणा मिल्नुका साथै समस्त गजलप्रेमी पाठकहरूको मन जित्न सकोस् भन्दै गजलकार 'पाल्पाली'प्रति हार्दिक शुभकामना प्रकट गरेका छन् ।[७]

**रोशनी** (२०६९), गजलसङ्ग्रहमा गोर्खे साइँलोले *क्षितिजमा रोशनी छर्न खोज्दा* शीर्षकमा कवाली र गीतहरू लेखेर सुमधुर स्वरमा गायन गर्न खप्पिस 'पाल्पाली' समयानुसार गजलसागरमा खुबै राम्रोसँग पौडी खेल्ने सर्जक हुन् । उनमा आफ्नो जन्मस्थलप्रति अनन्य प्रेम रहेको छ त्यसैले त उनले प्यारो जन्मस्थलको स्मरण हुने गरी आफ्नो साहित्यिक नाम 'पाल्पाली' राखेका हुन् । प्रेमबिना जीवन सम्भव छैन, प्रेमको अंश गजलमा नआउने भन्ने कुरो असम्भव नै हो र यसले मानव जीवनको अस्तित्व र

---

[४] नारायणप्रसाद खनाल, *शुभ भावनाका शब्द-पुण्य,* **रोशनी**, युसुफदिन मियाँ 'पाल्पाली' चितवन : पल्लव साहित्य प्रतिष्ठान, २०६९, पृ. ढ (भूमिका खण्ड) ।

[५] केशवराज आमोदी, *'पाल्पाली'को मनको व्यथामा उम्लिएका औडाहाहरूप्रति सङ्क्षिप्त विश्लेषण,* **पल्लव** साहित्यिक पत्रिका, २०६९, पृ. ३३ ।

[६] गोर्खे साँइलो, *प्रकाशकीय,* **पाल्पालीका गजल**, युसुफदिन मियाँ 'पाल्पाली', चितवन : पल्लव साहित्य प्रतिष्ठान, २०६६, पृ. च (भूमिका खण्ड) ।

[७] गोर्खे साँइलो, *प्रकाशकीय शुभकामना,* **एक बहर एक गजल**, युसुफदिन मियाँ 'पाल्पाली', चितवन : पल्लव साहित्य प्रतिष्ठान, २०६९, पृ. च (भूमिका खण्ड) ।

सार्थकतालाई मापन मात्र हैन, मानिसको जीवनलाई सुखद एवम् फलदायी बनाउनुका साथै हँसिलो, रसिलो, आत्मसन्तोषयुक्त र रोचक बनाउन सहयोग गर्दछ भनेका छन् ।[८]

**पाल्पालीका गजल**मा गोविन्दराज विनोदीले *पाल्पालीका गजलमाथि एक दृष्टि* शीर्षकमा 'पाल्पाली'मा संरचनागत विशेषता, सचेतता, अनुभूतिको तीव्रता, सत्यको निश्छल प्रकटीकरण र लयगत चेतनाको सुष्ठु प्रवाहजस्ता विशेषता रहेको उल्लेख गर्दै उनका गजल निर्मल प्रेमभाव, विश्वप्रेम, मानवप्रेमको उदारता बोकेका भावनाहरूका कारण शाश्वत बन्न पुगेको उल्लेख गरेका छन् र उनको सुन्दर कवित्वको अझै प्रदीप्तता बढोस् भन्ने चाहनाका साथै स्तरीय सृजनाहरूको अपेक्षा पनि गरेका छन् ।[९] फेरि गोविन्दराज विनोदीले *शब्द शुभेच्छा* शीर्षकमा **मनको व्यथा** (२०६८) मा प्रेमानुराग, प्रेममा समर्पणको भाव, प्रेमयाचना, प्रेमको उच्च आदर्श, जीवनमा प्रेमको महŒव र अर्थबोध, प्रेमसम्बन्धी दर्शन, प्रेममा निष्ठा, प्रेमस्तुति, प्रेममा ईश्वरको अभिदर्शन, प्रेमका विविध रूपहरूको वर्णन, माया प्रेमका अभिव्यक्तिमा पनि राष्ट्रप्रेम, भाषाप्रेम, संस्कृति प्रेम, प्रकृति प्रेम, स्वतन्त्रता प्रेम, कलाप्रेम, सौन्दर्य प्रेम आदिको विशेष दिग्दर्शनले प्रस्तुत गजलसङ्ग्रहलाई प्रेमकाव्य वा प्रेममय गजलसङ्ग्रहका रूपमा लिन सकिन्छ भनेका छन् ।[१०]

हुसैन खाँले **पाल्पालीका गजल** (२०६६) गजलसङ्ग्रह *शुभाशंसाको तरङ्गमा* शीर्षकमा युसुफदिन मिया 'पाल्पाली' ले इस्लामिक, मात्रिक र लोकलयमा आधारित नेपाली बहरमा गजल लेख्ने गरेको उल्लेख गरेका छन् ।[११] यस्तै हुसैन खाँले **मनको व्यथा** (२०६८) गजलसङ्ग्रहको *प्रकाशकीय* शीर्षकमा युसुफदिन मियाँ 'पाल्पाली' आफ्नै पुरानो परम्परामा प्रचलित शब्द शैली एवं बहरबद्ध गजलको शिल्प शैलीमा गजलपुञ्जलाई अति सरल, तरल, सलल बग्ने र गायन गर्न अति सजिलो हुने हिसाबले रचना गर्छन् भनी उल्लेख गरेका छन् ।[१२]

---

[८] गोर्खे साँइलो, *क्षितिजमा रोशनी छर्न खोज्दा,* **रोशनी**, चितवन : पल्लव साहित्य प्रतिष्ठान, २०६९, पृ. ञ, (भूमिका खण्ड) ।

[९] गोविन्दराज विनोदी, *पाल्पालीका गजलमाथि एक दृष्टि,* **पाल्पालीका गजल**, युसुफदिन मियाँ, चितवन : पल्लव साहित्य प्रतिष्ठान, २०६६, पृ. छ, (भूमिका खण्ड) ।

[१०] गोविन्दराज विनोदी, *शब्द शुभेच्छा,* **मनको व्यथा**, युसुफदिन मियाँ 'पाल्पाली', चितवन : पल्लव साहित्य प्रतिष्ठान, २०६८, पृ. ज (भूमिका खण्ड) ।

[११] हुसैन खाँ, *शुभाशंसाको तरङ्गमा,* **पाल्पालीका गजल**, युसुफदिन मियाँ 'पाल्पाली', चितवन : पल्लव साहित्य प्रतिष्ठान, २०६६, पृ. ढ (भूमिका खण्ड) ।

[१२] हुसैन खाँ, *प्रकाशकीय,* **मनको व्यथा**, युसुफदिन मियाँ 'पाल्पाली', चितवन : पल्लव साहित्य प्रतिष्ठान, २०६८, पृ. च (भूमिका खण्ड) ।

'पाल्पाली'को अर्को गजलसङ्ग्रह **एक बहर एक गजल** (२०६९) शास्त्रीय सूत्रमा आधारित गजलसङ्ग्रहमा *एक वहर एक गजल*को रसास्वादन गर्दा शीर्षकमा हुँसैन खाँले 'पाल्पाली'का गजलमा शृङ्गारिक प्रेमानुरागयुक्त गजलको प्रधानता देखिएको र यसले मानवीय जीवनको अस्तित्व र सार्थकतालाई दर्साउँदै जीवनलाई सुखदायी बनाउँछ भनेका छन् ।[१३]

त्यस्तै **रोशनी** (२०६९) गजलसङ्ग्रह *प्रकाशकीय शुभकामना* शीर्षकमा हुसैन खाँले 'पाल्पाली'लाई परम्परागत बहरबद्ध गजल अति सजिलो हुने हिसाबले रचना गरेको भन्दै उनका गजलहरूमा समसामयिकता, देशप्रेम, अशान्तिबाट शान्ति स्थापनाको खोजी, ईश्वरीय भक्ति, मानवीय प्रेम छताछुल्ल पोखिएका हुन्छन् भन्ने जस्ता कुराहरू व्यक्त गरेका छन् ।[१४]

माथि उल्लिखित विवरणबाट युसुफदिन मियाँको जीवनी, व्यक्तित्व र कृतित्वका सम्बन्धमा केही चर्चा भए पनि उनको बारेमा विस्तृत रूपले अध्ययन अनुसन्धान भएको देखिँदैन । त्यसैले यस प्रस्तावित शोधमा 'पाल्पाली'को जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययन गरिने छ ।

## १.७ शोधकार्यको औचित्य र महत्त्व

नेपाली साहित्यको उन्नति र प्रगतिमा अनवरत रूपमा क्रियाशील स्रष्टाको समग्र अध्ययन गर्नु निश्चय पनि महŒवपूर्ण कार्य हो । साहित्यकार युसुफदिन मियाँ 'पाल्पाली'को जीवनी र व्यक्तित्वका विविध पाटाहरूको उल्लेख गर्दै उनका प्रकाशित पुस्तकाकार कृतिहरूको विधागत अध्ययन गरी नेपाली साहित्यमा उनको योगदानको निरूपण गर्नुमा नै यस शोधपत्रको औचित्य र महŒव रहेको छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

[१३] हुसैन खाँ, *एक वहर एक गजलको रसस्वादन गर्दा*, **एक वहर एक गजल**, युसुफदिन मियाँ 'पाल्पाली', चितवन : पल्लव साहित्य प्रतिष्ठान, २०६९, पृ. ज (भूमिका खण्ड) ।

[१४] हुसैन खाँ, *प्रकाशकीय शुभकामना*, **रोशनी**, युसुफदिन मियाँ 'पाल्पाली', चितवन : पल्लव साहित्य प्रतिष्ठान, २०६९, पृ. ड (भूमिका खण्ड) ।

प्रस्तुत शोधकार्य **गजलकार युसुफदिन मियाँ 'पाल्पाली'को जीवनी, व्यक्तित्व र कृतित्व** सम्बन्धी परिधिभित्र रहेर तयार गरिएको छ । उनका प्रकाशित कृतिहरू, विभिन्न पत्र-पत्रिकामा प्रकाशित लेख रचनाहरूको खोजी गरी प्राप्त समीक्षात्मक टिप्पणीकै आधारमा यस शोधपत्र तयार पारिएको छ । त्यसैगरी शोधनायकसँगको प्रत्यक्ष भेट तथा सम्बन्धित व्यक्तिहरूसँग भेटवार्ता गरी शोधकार्यका लागि आवश्यक तथ्यहरू सङ्कलन गरिएको छ । युसुफदिन मियाँ 'पाल्पाली'को जीवनका व्यक्तित्वका विभिन्न उतार चढावहरूको खोजी गर्नु, उनको साहित्यिक व्यक्तित्व निर्माणको पृष्ठभूमिको अध्ययन गर्नु, नेपाली साहित्यमा युसुफदिन मियाँ 'पाल्पाली'को सृजनात्मक पक्षको खोजी गर्दै उनका साहित्यिक प्रवृत्तिहरूको निरूपण गर्नु, प्रकाशित कृतिहरूको अध्ययन विश्लेषण गर्नु प्रस्तुत शोधकार्यको सीमा रहेको छ ।

## १.९ सामग्री सङ्कलन पद्धति

गजलकार युसुफदिन मियाँ 'पाल्पाली'को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनका लागि सामग्री सङ्कलन गर्दा पुस्तकालय अध्ययन पद्धति, शोधनायकसँगको प्रत्यक्ष भेटघाट, प्रश्नावली, अन्तर्वार्ता जस्ता पद्धति अपनाइएको छ ।

## १.१० शोधविधि

युसुफदिन मियाँ 'पाल्पाली'को जीवनी, व्यक्तित्वसम्बन्धी लेखन कार्यमा ऐतिहासिक पद्धतिलाई अँगालिएको छ भने कृतित्वसम्बन्धी लेखनकार्यमा समालोचनाका सामान्य सिद्धान्तहरूलाई अँगालिएको छ ।

## १.११ सैद्धान्तिक ढाँचा

प्रस्तुत शोधकार्य अन्तर्गत जीवनी खण्डमा स्वयम् अनुसन्धेय व्यक्तिसँगको भेटघाट अन्तर्वार्तालाई मूल आधार मानिएको छ भने व्यक्तित्व खण्डमा अनुसन्धेय व्यक्तिको कृतित्वलाई मूल आधार मानी त्यसकै आधारमा व्याख्या विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

## १.१२ शोधकार्यको रूपरेखा

प्रस्तावित शोधकार्यलाई व्यवस्थित एवम् सुसङ्गठित रूप प्रदान गर्नका लागि पाँच परिच्छेद र एक परिशिष्ट खण्डमा विभाजन गरिएको छ । साधारणतया शोधकार्यको रूपरेखा निम्न बमोजिमको रहेको छ :-

**परिच्छेद एक : शोधपरिचय**

यो परिच्छेद शोधपरिचयका रूपमा रहेको छ । यस अन्तर्गत शोध शीर्षक, शोध प्रयोजन, विषय परिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, शोधको औचित्य र महत्त्व, शोधकार्यको क्षेत्र र सीमा, सामग्री सङ्कलन र शोधविधि, सैद्धान्तिक ढाँचा र शोधप्रस्तावको रूपरेखा रहेका छन् ।

**परिच्छेद दुई : गजलकार युसुफदिन मियाँ 'पाल्पाली' को जीवनीको अध्ययन**

यो परिच्छेद गजलकार युसुफदिन मियाँ 'पाल्पाली' को जीवनीलाई विभिन्न शीर्षक, उपशीर्षक आदिमा विभाजन गरी जीवनीका विभिन्न पाटाहरूको अध्ययनमा आधारित छ । यस अन्तर्गत पृष्ठभूमि, वंश परम्परा, जन्म र पारिवारिक स्थिति, आर्थिक अवस्था, पेसा, सेवा, साहित्य र सामाजिक क्षेत्रमा प्रवेश, प्रेरणाका स्रोत, तथा त्यस क्षेत्रमा भएका कार्यहरू, रुचि, अविस्मरणीय घटना, रोचक र दुःखद घटना, भ्रमण, सम्मान तथा पुरस्कार, चिन्तन, मनन, दर्शन र निष्कर्ष समेत उल्लेख गरिएको छ ।

**परिच्छेद तीन : गजलकार युसुफदिन मियाँ 'पाल्पाली' को व्यक्तित्वको अध्ययन**

यस परिच्छेदमा गजलकार मियाँको व्यक्तित्वलाई विभिन्न तरिकाले चिनाइएको छ । यस अन्तर्गत उनको बाह्य व्यक्तित्वको साथै आन्तरिक व्यक्तित्वभित्र भएका विचारहरूको उल्लेख गरिएको छ ।

**परिच्छेद चार : युसुफदिन मियाँ 'पाल्पाली' को कृतित्वको अध्ययन**

यस परिच्छेद अन्तर्गत नेपाली गजलको क्षेत्रमा 'पाल्पाली'को आगमन, पुस्तकाकार कृतिको विश्लेषण, काव्य प्रवृत्तिहरूको विवेचना र मूल्याङ्कन गरिएको छ ।

**परिच्छेद पाँच : आधुनिक नेपाली गजलका क्षेत्रमा 'पाल्पाली'को योगदान**

युसुफदिन मियाँ 'पाल्पाली'ले चारवटा गजलसङ्ग्रह प्रकाशित गर्नुका साथै गजलका बारेमा अध्ययन वा अनुसन्धान गरी गजल क्षेत्रको विकासमा धेरै ठूलो योगदान पुऱ्याएका छन् । उनका गजलहरूमा देशभक्तिको भावना, धार्मिक भावना, समकालीन, राष्ट्रभक्ति, प्रेम-प्रणयका कुराहरू रहेको भाव उल्लेख गरिएको छ ।

**परिच्छेद छ : उपसंहार तथा निष्कर्ष**

यो परिच्छेद उपसंहारको रूपमा रहेको छ । यस परिच्छेदमा अघिल्ला परिच्छेदहरूको निष्कर्षका साथै अन्त्यमा समग्र निष्कर्ष प्रस्तुत गरिएको छ ।

अन्त्यमा सन्दर्भग्रन्थ खण्ड तथा परिशिष्ट खण्ड रहेको छ । सन्दर्भग्रन्थ खण्ड अन्तर्गत सन्दर्भसामग्रीहरूको वर्णानुक्रम मिलाएर प्रस्तुत गरिएको छ भने परिशिष्ट खण्ड अन्तर्गत शोधनायकले प्राप्त गरेका सम्मान-पत्रहरूको प्रतिलिपि, शोधनायकको छायाचित्र राखिएको छ ।

# परिच्छेद : दुई

# गजलकार युसुफदिन मियाँ 'पाल्पाली' को जीवनीको अध्ययन

## २.१ जन्म र जन्मस्थान

युसुफदिन मियाँ 'पाल्पाली' को जन्म वि.सं. २००३ बैशाख १७ गते सोमबार पश्चिम गाउँ तानसेन नगरपालिका वडा नं. १३, पाल्पा जिल्लामा भएको हो । उनको पिताको नाम मरहुम अब्दुल गफुर मियाँ र माताको नाम मरहुम बिबिरन मियाँ हो । उनी जेठा छोरा हुन् ।

## २.२ पुर्ख्यौलीको नाम थर

मुस्लिम धर्ममा चिना बनाउने प्रचलन नभएकोले स्पष्ट रुपमा उनको पुर्ख्यौलीको बारेमा केही थाहा भएन । तर उनीसँगको मौखिक प्रश्नको उत्तरमा उनले आफ्नो पुर्ख्यौली थलो पाल्पा जिल्ला नै भएको र त्यहाँबाट २०४२ साल चैत्रमा बसाई सरी चितवन जिल्लाको भरतपुर उप-महानगरपालिका वडा नं. २, बेलटाँडी, नारायणगढमा बस्दै आउनु भएको छ । उनका अनुसार उनका हजुरबुबा मनवीर मियाँ र हजुरआमा छलि मियाँ हुनु हुन्थ्यो । उनको नामकरण युसुफदिन मियाँ रहेको र पछि साहित्यमा लागेपछि आफू जन्मेको जिल्ला पाल्पाको स्मृतिमा 'पाल्पाली' राख्नु भई युसुफदिन मियाँ 'पाल्पाली' बनाउनु भएको छ ।

## २.३ वाल्यकाल

युसुफदिन मियाँ 'पाल्पाली' सानै उमेरदेखि बाखा चराउन अत्यन्तै खुशी हुन्थे । उनको अक्षरारम्भ पिताद्वारा घरमा नै भएको थियो । सानैदेखि सबै मानिससँग घुलमिल हुन रमाउने उनको अति नै राम्रो बानी थियो । केटाकेटीमै गीतहरू भाका हाली-हाली गाउने गर्थे ।

## २.४ शिक्षादीक्षा

युसुफदिन मियाँ 'पाल्पाली'लाई आफ्नै पिताले अक्षरारम्भ गराएका थिए । माझघरे कान्छाले १२-१३ वर्षको उमेरमा पाल्पा गाउँमा नै क, का, कि, कीसम्म पढाएका थिए । यसरी उनले आफ्नो अनौपचारिक शिक्षा घरबाट नै गरेका थिए ।

## २.५ विवाह र पारिवारिक जीवन

'पाल्पाली'को वि.सं. २०११ सालमा पाल्पा जिल्लाकै पश्चिमी गाउँ माता जिकिरण मियाँ र पिता हबीस मियाँकी जेठी छोरी हलिमा मियाँसँग विवाह भएको थियो । यिनका ३ छोरा र दुई छोरी गरी ५ सन्तान छन् । तीमध्ये माइला छोराको ३० वर्षको उमेरमा नै निधन भएको थियो । आजसम्म उनका सबै सन्तानहरू व्यापार-व्यवसायमा नै संलग्न छन् । 'पाल्पाली' दम्पत्तीका बीच अत्यन्तै मिलनसार र सौहार्दतापूर्ण व्यवहार रहेको छ ।

## २.६ साहित्यको क्षेत्रमा प्रवेश र कार्य

वि.सं. २०१७ मा गुल्मी, रिडीबजारबाट गीत, कविताहरू लेख्न थालेपछि उनी साहित्यप्रति प्रेरित भई निरन्तर पत्रपत्रिकामा लागि परिरहे । 'पाल्पाली'ले अन्य फुटकर गीत, कविता, गजल, पत्रपत्रिका आदिमा कलम चलाएको पाइन्छ । लामो समयसम्म सङ्घर्षरत रहेका युसुफदिन मियाँ 'पाल्पाली'का अहिलेसम्म चारवटा कृतिहरू प्रकाशित भएका छन् । ती प्रकाशित कृतिहरू निम्न छन् :-

| क.सं. | कृति | विधा | प्रकाशन मिति |
|---|---|---|---|
| १. | पाल्पालीका गजल | गजलसङ्ग्रह | २०६६ |
| २. | मनको व्यथा | गजलसङ्ग्रह | २०६८ |
| ३. | एक बहर एक गजल | गजलसङ्ग्रह | २०६९ |
| ४. | रोशनी | गजलसङ्ग्रह | २०६९ |

कला साहित्यले समाजलाई सकारात्मक दिशामा बदल्न सक्छ भन्ने विचार राख्ने युसुफदिन मियाँ 'पाल्पाली' विभिन्न साहित्यिक सङ्घ-संस्थामा आबद्ध भई क्रियाशील रहेका छन् ।

## २.७ सामाजिक क्षेत्रमा संलग्नता र कार्य

युसुफदिन मियाँ 'पाल्पाली'ले विभिन्न सामाजिक सङ्घ-संस्था एवं समिति र उप-समितिमा रहेर समाजमा उपलब्धिमूलक कार्य गर्दै आएको पाइन्छ । आफ्ना घरायसी समस्याहरूलाई चटक्क छाडी विभिन्न सङ्घ-संस्थामा आवद्ध भई उपलब्धिमूलक काम गर्नु 'पाल्पाली'को सामाजिक देन हो । उनी सामाजिक कार्यमा तन, मन र धनले भ्याएसम्म मरिमेटेर लाग्ने व्यक्तिका रूपमा देखिन्छन् । उनको संलग्नता रहेका सङ्घ-संस्थाहरू निम्नलिखित छन् :-

| क.स | संलग्न सामाजिक संस्था | पद |
|---|---|---|
| १. | वरकाती मदरसा सञ्चालक समिति | अध्यक्ष |
| २. | लायन्स क्लब अफ चितवन (हाल : सदस्य) | पूर्व अध्यक्ष |
| ३. | फेन्सी व्यवसायी सङ्घ, नारायणगढ | उपाध्यक्ष |
| ४. | नारायणी कला मन्दिर (आजीवन सदस्य) | पूर्व उपाध्यक्ष |
| ५. | नेपाल रेडक्रस सोसाइटी, नारायणगढ | आजीवन सदस्य |
| ६. | नेपाल परिवार नियोजन सङ्घ, भरतपुर | आजीवन सदस्य |
| ७. | नेत्रज्योति सङ्घ, भरतपुर | आजीवन सदस्य |
| ८. | क्षयरोग, निवारण सङ्घ, नारायणगढ | आजीवन सदस्य |
| ९. | हृदयरोग निवारण सङ्घ, भरतपुर | आजीवन सदस्य |
| १०. | अर्वुद रोग निवारण सङ्घ, भरतपुर | आजीवन सदस्य |

## २.८ पुरस्कार र सम्मान

नेपाली साहित्यको क्षेत्रमा निरन्तर साधनारत युसुफदिन मियाँ 'पाल्पाली'को साधना र सेवाले बेला-मौकामा उचित कदर पाएको देखिन्छ । वाल्यकालदेखि नै कविता, गीत गजल आदि क्षेत्रमा लागि परिरहेका 'पाल्पाली' विभिन्न समुदायबाट सम्मानित र पुरस्कृत भई नै रहेका छन् । उनले प्राप्त गरेका पुरस्कार तथा सम्मानहरू निम्न छन् :-

| क.सं. | पुरस्कार र सम्मानहरू प्रदान गर्ने संस्था | साल |
|---|---|---|
| १. | कला मन्दिर नारायणगढ कदर सम्मान | २०५२ |
| २. | चित्रवन लायन्स क्लब नारायणगढबाट आत्मियताको चिनो | २०६० |

३. श्री रामेश्वर पुस्तकालय तथा वाचनालय, चितवन प्रशंसा-पत्र २०६३

४. फेन्सी व्यवसायी सङ्घ, चितवनद्वारा धन्यवाद पत्र २०६७

५. श्री लक्ष्मी स्मृति साहित्य समाज, कावासोती-१, साँढ, नवलपरासी २०७०
फेन्सी व्यवसायी सङ्घद्वारा रजत सम्मान-पत्र

६. पल्लव साहित्य प्रतिष्ठानबाट सम्मान-पत्र २०६९

यसरी विभिन्न सङ्घ, संस्था, व्यापार क्षेत्र, पत्रपत्रिकाहरूमा आवद्ध रही पुरस्कृत भएका छन् ।

## २.९ भ्रमण

युसुफदिन मियाँ 'पाल्पाली' देश विदेशका धेरै ठाउँहरू घुमफिर गरी विभिन्न स्थानमा आयोजना भएका कार्यक्रमहरूमा सहभागी भएको जानकारी पाइन्छ । चितवनदेखि लिएर दार्जीलिङ्गसम्म पुगेको पाइन्छ । त्यस्तै सुनौलीदेखि गोरखपुर, बम्बई, दिल्ली हुँदै अजमेर र आग्रा आदिका प्रसिद्ध स्थलहरू ताजमहल, लालकिल्ला, कुतुबमिनार लगायत दिल्ली तथा पञ्जाबका साइड सिनहरू अवलोकन गरेका थिए । २०६८ सालमा साउदी अरबको र १९६६ सालमा भुटानको भ्रमण गरेका थिए । यिनले स्वदेश तथा विदेशका पुरानो किल्ला, गुफा, हिमाल इत्यादि ठाउँहरू पनि घुमेका छन् ।

## २.१० रुचि

गीत, सङ्गीत सुन्ने, पत्र-पत्रिका पढ्ने, साहित्य लेखनप्रति विशेष रुचि भएका 'पाल्पाली' खानेकुरामा नौनी, अण्डा, आलुका सबै परिकारहरू, फलफूल, सागसब्जी, दालभात अत्यन्तै मन पराउँछन् । कपडामा प्रायः सेतो र क्रिम रङ्ग उनलाई मन पर्छ ।

## २.११ जीवनको अविस्मरणीय घटना

युसुफदिन मियाँ 'पाल्पाली'को "बरु मारेमार मलाई नै मार, मायालु मेरो माया नमार" भन्ने गजल डा. नारायणप्रसाद खनालले पढ्नु भएछ र उनलाई खोज्दै आउनु भएछ । त्यहि गजलबाट चारवटा गजल लेख्ने प्रेरणा मिल्यो र आफै पनि अरु गजलप्रति अभिरुचि रहेको कुरा उनका लागि अविस्मरणीय रहेको छ ।

**एक बहर एक गजल** (२०६९) पल्लव साहित्य प्रतिष्ठानबाट प्रकाशित गर्न खोजेकै दिनमा गोर्खे साइँलाले उनलाई थाहा नै नदिइकन सम्मानित गरेको देखेर उनलाई आश्चर्य लागेछ । 'पाल्पाली' को जीवनका अविस्मरणीय घटनाहरू यिनै हुन् ।

## २.१२ जीवनदर्शन

साहित्य सिर्जनाको लागि समाजबाट नै प्रेरणा पाएका 'पाल्पाली'ले समाजलाई नै केही दिनका लागि साहित्य सिर्जना गर्नुपर्छ भन्ने सकारात्मक सोचाइ राख्दै सामाजिक परिवर्तनप्रति उन्मुख हुनुपर्छ भनेका छन् । सबैसँग मिलेर बस्नुपर्छ, सबै मानिस एउटै घरका परिवार हुन्, कसैसँग घृणाको भाव नराख्ने 'पाल्पाली' सबैसँग मृदुभाषी व्यवहार गर्नुपर्छ भन्छन् । समाजप्रति सेवाको भाव राख्ने र गरीबहरूको उद्धार गरेमा जीवनलाई अगाडि लैजान सकिन्छ भनी आफ्ना भावना व्यक्त गर्दछन् ।

## २.१३ निष्कर्ष

कुनै पनि व्यक्तिको जीवनचक्रमा आएका विभिन्न घुम्ती, मोड, उतार-चढाव, आरोह-अवरोह आदि घटनाहरूको शृङ्खलावद्ध प्रस्तुति नै जीवनी हो । कुनै पनि व्यक्तिको जीवनीको अध्ययन, अनुसन्धान गर्ने सिलसिलामा उनीहरूबाट भए-गरिएका महान् योगदानको कदर गर्दै उनको जीवनका समग्र पाटाहरूलाई केलाउने, खोजबिन गर्ने र विश्लेषण गर्ने काम गरिन्छ ।

'पाल्पाली'का मातापिता पाल्पा जिल्लामा नै बस्थे । उनीहरूको पुर्ख्यौली थलो पनि पाल्पा जिल्ला नै थियो । हाल बसोबास भ.उ.म.न.पा.-२, बेलटाँडी, नारायणगढ, चितवनमा रहेको छ । विभिन्न सामाजिक सङ्घ-संस्थाहरूमा सम्बद्ध भएकाले अति व्यस्ततापूर्ण जीवनशैली, घरधन्दा, व्यापार-व्यवसाय, निरन्तर साहित्य सिर्जनामा सक्रिय 'पाल्पाली' प्रतिभाशाली गजलकार हुन् । कवि, गजलकार, समाजसेवी, निबन्ध, गीत आदि सम्पूर्ण कुरामा दत्तचित्त भई लागीपर्ने 'पाल्पाली' सादा जीवन उच्च विचारका देखिन्छन् ।

वि.सं. २०११ मा नै वैवाहिक जीवनमा बाँधिएका 'पाल्पाली' सामान्य परिवारमा हुर्किएका थिए । सानैदेखि नयाँ कुरा सुन्न र बुझ्न अभिरुचि राख्ने 'पाल्पाली'ले सुरुमा चाहिँ गीतहरू लेख्न अगाडि बढे । समाजका विविध क्षेत्रमा संलग्न रहेका 'पाल्पाली' विभिन्न सङ्घ-संस्थाहरूबाट पुरस्कृत र सम्मानित भएका छन् ।

'पाल्पाली'का हालसम्म चारवटा कृतिहरू प्रकाशित छन् । जसमा पहिलो कृति २०६६ सालमा, दोस्रो २०६८ सालमा, तेस्रो र चौथो २०६९ सालमा प्रकाशित भएको हो । यसरी निरन्तर रूपमा गजलकारिताको क्षेत्रमा अग्रणी भूमिका खेल्नमा खप्पिस 'पाल्पाली'का अझै पनि थुप्रै कृतिहरू लेखिन बाँकी नै छन् । साहित्य साधनातर्फ सधैं लागिरहने युसुफदिन मियाँ 'पाल्पाली' आश लाग्दा नेपाली गजलकारका रूपमा चिनिन्छन् ।

## परिच्छेद : तीन

# साहित्यकार युसुफदिन मियाँ 'पाल्पाली' को व्यक्तित्वको अध्ययन

### ३.१ विषयप्रवेश

कुनै पनि व्यक्तिको वैयक्तिक विशेषता देखाउने वा व्यक्ति विशेषको निजीपन प्रकट गर्ने शब्दलाई व्यक्तित्व भनिन्छ ।[1] व्यक्तिले आफ्नो जीवनमा गरेका विभिन्न पक्षहरूका क्रियाकलापहरूबाट उसको व्यक्तित्व निर्माण भएको हुन्छ । कुनै पनि व्यक्तिको क्षमता, प्रतिभा, लगनशीलता, बौद्धिकता, अनुराग, विचार आदि विविध आधारमा व्यक्तित्वको निर्माण हुन्छ । कुनै पनि व्यक्तिको व्यक्तित्व बुझ्नका लागि उसको जीवनमा भोगेका विविध परिस्थितिका अनुभवहरूलाई बुझ्नुपर्ने हुन्छ । एउटै व्यक्तिको विभिन्न क्षेत्रमा संलग्नता हुन सक्छ । यी क्षेत्रहरू व्यक्तित्वका पाटाहरू हुन् भने मूल रूपमा व्यक्तिको रुचि, प्रतिभा र उसका लगनशीलता नै व्यक्तित्वका निर्धारक तŒवहरू हुन् । कुनै पनि व्यक्तिको आन्तरिक र बाह्य गरी दुई स्वरूप हुन्छन् । व्यक्तिलाई सम्पूर्ण रूपमा चिन्नका निमित्त यी दुवै रूपको बारेमा अध्ययन गर्नु आवश्यक छ । शारीरिक रूपमा देखिने बाह्य आवरणको व्यक्तिलाई आफूभित्रको आन्तरिक व्यक्तित्वले सुन्दर बनाएको हुन्छ । नेपाली गजलका क्षेत्रमा निरन्तर कलम चलाउने गजलकार युसुफदिन मिया 'पाल्पाली' नेपाली साहित्यक, कविता आदिमा अगाडि बढी व्यक्तित्व निर्माण गर्न सफल भएका छन् । उनमा अन्तर्निहित व्यक्तित्वलाई आन्तरिक र बाह्य दुवै प्रकारले अध्ययन र विश्लेषण गर्न सकिन्छ ।

### ३.२ बाह्य व्यक्तित्व

गोरो अनुहार, अग्लो शरीर शरीर सुहाउँदो ठिक्कको मोटाई, आफ्नो जात अनुसार लामा दाह्री पालेका, मृदुभाषी, अत्यन्त मिलनसार, चिन्तनशील स्वभाव, गम्भीर, फुर्तिलो जिउ प्रायः कमिज, सुरुवाल र साधारण पहिरनमा रहने मियाँका शारीरिक तŒवहरू हुन् ।[2]

---

[1] बालकृष्ण पोखेल (नि) **नेपाली बृहत् शब्दकोश,** काठमाण्डौं : ने.रा प्र.प्र. २०४० पुन : मुद्रण २०५५) पृ. १२४५ ।
[2] शोधकर्ताको अवलोकनबाट प्राप्त जानकारी अनुसार ।

अरुसँग कुराकानी गर्दा ध्यानपूर्वक सुन्ने र त्यसलाई कुनै पनि ठाउँमा उपयोग गरी हाल्ने उनको स्वभाव देखिन्छ । सादा जीवन उच्च विचार राख्ने 'पाल्पाली' मुसुमुसु हाँस्ने उज्ज्यालो चेहराका देखिन्छन् । कसैको पनि कुभलो नचिताउने भलाद्मी, शिष्ट सरल निष्कपट चारित्रिक विशेषताले उनको बाह्य व्यक्तित्वमा थप प्रशंसनीय देखिन्छ ।

## ३.३ आन्तरिक व्यक्तित्व

व्यक्तिभित्र रहेका गुण, प्रतिभा, क्षमता र विशेषतालाई व्यक्तित्व भनिन्छ । जीवन र जगत्प्रति सकारात्मक, कर्मयोगी, परिश्रमी, मनका धनी, संस्थाप्रति आबद्ध रहने, परोपकारको भावना राख्ने आदि आन्तरिक व्यक्तित्वका पाटाहरू हुन् । जीवनमा भए-गरेका र देखेका विविध पाटाहरूलाई यथार्थको धरातलमा उभिएर रचना गर्ने र आफ्ना विचारलाई विभिन्न विधाको माध्यमबाट लेखन गर्ने उनको आन्तरिक व्यक्तित्व अन्तर्गत पर्दछ । उनको आन्तरिक व्यक्तित्वलाई यसप्रकार देखाउन सकिन्छ ।

३.३.१ साहित्यिक व्यक्तित्व

३.३.१.१ गजलकार व्यक्तित्व

३.३.१.२ गीतकार व्यक्तित्व

## ३.३.१ साहित्यिक व्यक्तित्व

व्यक्तिको मनमा उर्लिने भावनाका तरङ्गहरूलाई लिपिबद्ध रूपमा उतार्नु साहित्य हो । समाजमा भेटिएका असमानता, व्यभिचार, अत्याचार आदिलाई समाजबाट अलग्याउन पर्छ भन्ने विचार युसुफदिन मियाँ 'पाल्पाली' मा पाइन्छ । नेपाली साहित्यको क्षेत्रमा 'पाल्पाली' सामाजिक यथार्थवादी साहित्यकारका रूपमा देखिन्छन् ।[३] साहित्य लेखनको क्षेत्रमा रुचि राख्ने साथै साहित्य रसास्वादनमा रमाइरहने उनको साहित्यिक विशेषता हो । भौतिक ऐसआराम र विलासिताका वस्तुहरूमा समय खर्च गर्नुभन्दा सरल सामान्य रहन-सहनमा रम्नु नै जीवनको सार्थकता हो भन्छन् । 'पाल्पाली'ले नेपाली साहित्यको क्षेत्रलाई अगाडि बढाएर साहित्यकारहरूको मनोबल उच्च राख्नु आफ्नो कर्तव्य ठान्दछन् । 'पाल्पाली'को साहित्यिक व्यक्तित्वलाई यसरी हेर्न सकिन्छ ।

---

[३] शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

### ३.३.१.१ गजलकार व्यक्तित्व

उर्दु, फारसी र अरबी साहित्यको उपज नै गजल हो । माध्यामिककालीन नेपाली साहित्यका प्रणेता मोतिराम भट्ट (वि.सं १९२३-५२) बाट वि.सं १९४० देखि प्रारम्भ भएको नेपाली कविताको शृङ्गारिक काल अर्न्तगत नवप्रयोगका रूपमा भित्रिएको गजल कविता विद्याकै एक उपाधिको रूपमा स्थापित र प्रचलित भइसकेको तथ्य विद्वान् समीक्षकहरूबाट स्पष्ट भइसकेको छ । गजल लेखनमा सक्रिय रहेको मोतिराम भट्ट, नारायणप्रसाद खनाल, नजाकत हुसेन, गोर्खे साइँलो, कपिल अज्ञात, धर्मराज थापा, अलिमियाँ, गोविन्दराज विनोदी आदिबाट युसुफदिन मियाँ 'पाल्पाली' प्रेरित छन् । युसुफदिन मियाँ गजललाई रसास्वादनको प्रथम वस्तु ठान्दछन् । मतला, मक्ता काफिया र बहरले गजललाई सार्थक, आकर्षक तथा रोमाञ्चक बनाउँछ भन्ने उनको धारणा छ । गजललाई नै आफ्नो भावाभिव्यक्तिको मुख्य माध्यम मान्दै आएका 'पाल्पाली'का हालसम्म चारवटा गजलसङ्ग्रहहरू प्रकाशित हुनुका साथै थुप्रै फुटकर रचनाहरू पनि प्रकाशित भएका छन् ।

यिनका गजलमा समाज, राष्ट्र, ईश्वर, प्रकृति, संस्कृतिका सन्दर्भहरू समेटिएका छन् साथै यिनले गजल रचनाको मूल विषय प्रेम-प्रणयलाई बनाएका छन् ।[४] 'पाल्पाली'का गजलले नेपाली माटो, नेपाली मन, नेपाली परिवेशलाई प्रतिनिधित्व गर्दछन् । उनले थुप्रै गजलहरू लेखेर नेपाली पाठकमा चमत्कारपूर्ण प्रभाव जमाएका छन् ।

### ३.३.१.२ गीतकार व्यक्तित्व

अनौपचारिक रूपमा घरमा नै बसी-बसी थुप्रै गीत, फुटकर रचना, उपन्यास, विविध लेख-रचनाहरू लेखी युसुफदिन मियाँ 'पाल्पाली'ले आफ्नो लेखनयात्रालाई द्रुत गतिमा अगाडि बढाएका छन् । उनले साहित्यलाई नै जीवनको महŒवपूर्ण अङ्ग ठानेका छन् । धर्मराज थापा, अली मियाँ आदिसँग उनी प्रभावित छन् । उनीहरूको सहयोगले नै आफ्ना गीत रचनाहरूलाई अगाडि बढाउने प्रेरणा मिलेको कुरा युसुफदिन मियाँ 'पाल्पाली'ले व्यक्त गरेका छन् ।

[४] गोविन्दराज विनोदी, *पाल्पालीका गजलमाथि एक दृष्टि,* **पाल्पालीका गजल,** २०६६, पृ. ६ ।

## ३.३.२ साहित्येतर व्यक्तित्व

कुनै पनि व्यक्तिभित्र धेरै प्रकारका अभिरुचि, क्षमता, प्रतिभा, सीप र कौशल रहेका हुन्छन्, जसका कारण समाजमा अनेक कार्यक्षेत्रमा उसले आफूलाई संलग्न गराउन सक्छ । युसुफदिन मियाँ 'पाल्पाली'ले पनि साहित्यिक व्यक्तित्वका साथै साहित्येतर व्यक्तित्वको निर्माण गर्न सफल भएका छन् । यिनका साहित्यिक व्यक्तित्वलाई निम्नरूपमा हेर्न सकिन्छः-

### ३.३.२.१ राजनैतिक व्यक्तित्व

समाजमा कुनै पनि व्यक्ति राजनीतिबाट टाढा रहन सक्दैन । प्रत्यक्ष रूपमा वा परोक्ष रूपमा जो-कसैलाई पनि राजनीतिले प्रभाव पारेकै हुन्छ । युसुफदिन मियाँ 'पाल्पाली' यसबाट कहिल्यै पनि टाढा रहेनन् । उनी वि.पी. कोइरालाबाट प्रभावित भएर २०६३ सालदेखि नेपाली काङग्रेसमा आवद्ध भएका थिए ।[५] उनले सधैं एउटै पार्टी र एउटै सिद्धान्तप्रति निष्ठापूर्वक लागेर कार्य गरिरहेका छन् ।

### ३.३.२.२ सामाजिक व्यक्तित्व

समाजसेवा युसुफदिन मियाँ 'पाल्पाली'का सानैदेखिको रुचिको विषय हो । केही गरौं भन्ने भावना भएका अरुको सुख-दुःखमा साथ दिने स्वभाव भएका 'पाल्पाली' अत्यन्तै मिलनसार व्यक्तित्वका धनी छन् । कतै कुनै संस्थाको आजीवन सदस्य, कतै सदस्यमात्रै, कतै अध्यक्ष, कतै पूर्व अध्यक्ष, कुनै संस्थाको उपाध्यक्षका रूपमा उनले आफ्नो कार्य भूमिका निर्वाह गर्दै आएको पाइन्छ । यसरी आफ्नो घरको व्यक्तिगत काम छाडेर पनि समाज र समुदायको काममा हरहमेशा कटिवद्ध भएका छन् ।

समाजमा आफ्नो कीर्ति राखेर सदा जीवित रहन चाहने मियाँ सामाजिक विचारले ओतप्रोत भएका व्यक्ति हुन् ।[६] जुनसुकै संस्थासँग आवद्ध भए पनि उनले आफ्नो लामो समय भने समाजसेवाप्रति नै खर्च गरिरहेका छन् । यसरी आफ्नो पूरा समय दिएर 'पाल्पाली'ले समाजमा ठूलो देन पुर्‍याएका छन् ।

---

[५] शोधनायकबाट प्राप्त जानकारी ।
[६] शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

## ३.४ निष्कर्ष

कुनै पनि व्यक्तिको परिचय नै उसको व्यक्तित्व हो । कुनै पनि व्यक्तिको व्यक्तित्वलाई अध्ययन गर्नुपर्दा उसको बाह्य र आन्तरिक व्यक्तित्वलाई अध्ययन गर्नु पर्ने हुन्छ । युसुफदिन मियाँ 'पाल्पाली'को बाह्य व्यक्तित्वको बारेमा हेर्दा अग्लो कदका गोलो अनुहार ठिक्कको मोटाइ, आफ्नो जातीय पहिचान अनुसार लामा दाह्री पालेका देखिन्छन् भने आन्तरिक व्यक्तित्वमा मृदुभाषी, अत्यन्त मिलनसार व्यक्तित्वका रूपमा परिचित छन् । अन्याय र अत्याचारलाई पटक्कै नसहने असाध्यै कोमल, सहृदयी, एकदमै संवेदनशील र भावुक व्यक्तिका रूपमा पनि उनको आन्तरिक व्यक्तित्व देखा पर्दछ । आधुनिक नेपाली साहित्यको समसामयिक लेखनकालमा नेपाली साहित्यका विविध विधा, उप-विधामा कलम चलाएर वर्तमान प्रौढ साहित्यिक यात्रातिर गतिशील पाइला लम्काउँदै गरेका 'पाल्पाली'का गीत, गजल आदिले उनको साहित्यिक व्यक्तित्वलाई अग्रता प्रदान गर्न सक्षम बनेका हुन् । उनी आधुनिक साहित्यका पुनःजागृत नेपाली प्रतिनिधि गजलकारहरूमध्ये एक सफल गजलकारका रूपमा प्रतिष्ठित छन् । उनको साहित्येतर व्यक्तित्व अन्तर्गत सामाजिक, राजनैतिक व्यक्तित्व नै प्रमुख परिचायक ठहरिन्छ ।

युसुफदिन मियाँ 'पाल्पाली'का जम्मा चारवटा कृतिहरू प्रकाशित भएका छन् । यसका अतिरिक्त कविता, गीत, गजल आदि लेखी पत्रपत्रिका र पुस्तकहरूमा प्रकाशित भएका पाइन्छन् । युसुफदिन मियाँ 'पाल्पाली' बहुआयमिक व्यक्तित्वका धनी भएपनि मूलतः गजलकारका रूपमा देखिएका छन् । युसुफदिन मियाँ 'पाल्पाली' का कृतिहरू राष्ट्रप्रेमी समाज सुधारक, प्रेम-प्रणय आदिमा केन्द्रित रहेको पाइन्छ । यिनका कृतिहरू जे-जति प्राप्त छन् ती सबै भाव, शैली र सौन्दर्यका दृष्टिले उच्चकोटिका छन् । आफ्ना जीवनका अनुभव, भावना र विचारहरूलाई साहित्य र साहित्येतर दुवै क्षेत्रबाट प्रस्तुतीकरण गरी समाजका निम्ति योगदान दिने युसुफदिन मियाँ 'पाल्पाली'को व्यक्तित्व सफल, प्रतिष्ठित, उदाहरणीय र अनुकरणीय देखिन्छ । सामाजिक दायित्वले उनको व्यक्तित्वलाई अगाडि बढाइरहेको छ ।

## परिच्छेद : चार

# युसुफदिन मियाँ ‘पाल्पाली’को साहित्यिकयात्रा र पुस्तकाकार कृतिहरूको अध्ययन

### ४.१ पृष्ठभूमि

‘गजल’ अरबी भाषामा जन्मिएर फारसी र उर्दू भाषामा ज्यादै विकसित, लोकप्रिय र चर्चाको शिखरमा पुगेको विधाका रूपमा बिस्तार भएको पाइन्छ । गजल साहित्यको आकर्षक, लोकप्रिय र स्वतन्त्र काव्य विधा हो । थोरै शब्दमा हृदयका सुकोमल भावहरूलाई लाक्षणिक र कलात्मक अभिव्यञ्जना गरिने सशक्त र उन्मुक्त विधाका रूपमा गजलको अस्तित्व विद्यमान रहेको छ । भावना र विचारका तरङ्ग तरेलीहरूको सरल, सुललित र हार्दिक अभिव्यक्ति नै गजल हो । सङ्गीततात्मकता, गीतात्मकता, सङ्क्षिप्तता र गहनता[1]का कारण गजलले अन्य विधाभन्दा पृथक विधाका रूपमा प्रतिष्ठा आर्जन गरेको छ । गजल जनजीवनको विविधरङ्गी अनुभव, अनुभूतिहरूको समष्टि रूप हो । आज गजल लेखनले परम्परागत घेरालाई नाघेर व्यापक विषय र परिवेश ग्रहण गरिसकेको छ । गजल अरबी भाषाको शब्द[2] हो र यसले साहित्यिक विधाको स्वरूप भने फारसी भाषामा पाएको हो ।[3] फारसीपछि हिन्दी, उर्दू, नेपाली लगायतका भाषामा प्रविष्ट भएर गजलले व्यापक धरातल ओगटिसकेको छ । मराठी, गुजराती, सिन्धी, पन्जाबी, अङ्ग्रेजी लगायत भोजपुरी, मैथली, अबधी र नेवारी[4] जस्ता नेपाली राष्ट्रिय भाषामा गजलको प्रवेश भइसकेको छ । समय परिवर्तन हुँदै जाँदा यस विधाले आफ्ना केही संरचक घटक वा तŒवहरू अगाडिदेखि अहिलेसम्म कायमै राखेको छ । साहित्यलाई समाजको ऐना मानिन्छ । साहित्य समग्रमा समाजकै देन हो भन्दा पनि फरक पर्दैन । समाज र व्यक्तिमा हुने परिवर्तनसँगै

---

१ अमर त्यागी, ***नेपाली गजलको विकासमा सगर पत्रिकाको योगदान,* सगर,** वर्ष : ८, अङ्क : ३-४, बिरगञ्ज : बि.सा.प., २०६०, पृ. १ ।

२ मनु ब्राजाकी, ***गजल गाथा,* समकालीन साहित्य,** वर्ष : २, पूर्णाङ्क १०, बैसाख-जेठ-असार, काठमाडौँ: ने.रा.प्र.प्र. २०५०, पृ. ४९ ।

३ घनश्याम न्यौपाने, ***गजलको सैद्धान्तिक चिनारी,* सगर,** वर्ष : ८, अङ्क : १, बिरगञ्ज : बि.सा.प., २०६०, पृ. ९६ ।

४ ऐजन, पृ. ९८ ।

साहित्यमा पनि परिवर्तन आउँछ । यो प्रक्रिया मानव समाजमा निरन्तर चलिरहने भएकाले साहित्यको क्षेत्रमा तलमाथि आउनु स्वभाविकै हो । आफ्नो छुट्टै लय, स्वरूप, संरचना र प्रभावका कारण यसले अन्य विधासरह समाज र व्यक्तिमा हुने परिवर्तनसँगै साहित्यमा पनि परिवर्तन आउँछ । यो प्रक्रिया मानव समाजमा निरन्तर चलिरहने भएकाले साहित्यको क्षेत्रमा तल-माथि आउनु स्वभाविक हो । आफ्नो छुट्टै लय स्वरूप, संरचना र प्रभावका कारण यसले अन्य विधासरह विशिष्ट पहिचान स्थापित गरिसकेको छ । यसले दक्षिण एशियाका अधिकांश भागमा रैथाने[५] भएर छुट्टै मूल्य र महŒव बनिसकेको छ । भाषा र भावका कलात्मक र सम्प्रेषणगत मर्मस्पर्शिता गजलको रूपगत चिनारी हो । भनिन्छ पनि भाव कुनै पनि काव्यको आत्मा हो, भाषा वस्त्र हो र रूप वा ढाँचा शरीर हो ।[६] गजललाई ललित भाषा र कोमल शब्दका रूपमा प्रस्तुत गरिन्छ । गजलका सेरैपिच्छे छुट्टा-छुट्टै भाव अन्तनिर्हित हुन्छ ।[७] यसरी गजल सिद्धान्त र संरचनामा सबैभन्दा पहिले पृष्ठभूमिलाई प्राथमिकता दिइएको हुन्छ । त्यसपछि मात्र गजलका अरु शीर्षकहरू राख्नु उपयुक्त हुन्छ । यस शोध प्रस्तावमा गजल सिद्धान्त र संरचना पक्षको बारेमा सबैका भनाइहरूले सजिलैसँग स्विकार गर्न सकिन्छ ।

## ४.२ गजलको व्युत्पत्ति

कुनै पनि शब्दको व्युत्पत्ति भाषागत रूपमा हुन्छ । भाषिक संरचनागत रूपमा हुन्छ । अरबी भाषामा जन्मिएर फारसी, उर्दू हुँदै हिन्दी र नेपाली साहित्यमा भित्रिएको गजल शब्दको व्युत्पत्तिमूलक अर्थलाई विभिन्न विद्वान्हरूले विभिन्न किसिमले विश्लेषण गर्ने प्रयास गरेका छन् । अरबी भाषाको 'गिजाला' शब्दबाट गजल बन्दछ । यसको शाब्दिक अर्थ मृगको शावक वा हरिण शिशु भन्ने हुन्छ ।[८] गजल शब्दको व्युत्पत्ति अरबी भाषाबाट भएको हो ।[९] गजल एउटै शब्द नभएर तीनवटा अरबी शब्दहरू मिलेर बनेको संयुक्त शब्द हो । अरबी भाषामा 'ग' को अर्थ वाणी 'ज' को अर्थ स्त्री 'रै अल' को अर्थ 'साथ' भन्ने हुन्छ । यसप्रकार संयुक्त रूपमा गजलको शाब्दिक अर्थ स्त्रीका साथ प्रयुक्त वाणी अथवा स्वास्नी मानिससित

५ मनु ब्राजाकी, *आधुनिक नेपाली गजलको विषय र स्वरूप,* **मिमिरे**, वर्ष : २४ अङ्क ११, फागुन, काठमाडौं (न.रा. बैं.क.का) २०५२, पृ. ११ ।

६ सरदार मुजावर, **हिन्दी गजल के विविध आयाम्,** नई दिल्ली : भूमिका प्रकाशन, सन् १९३० पृ. १३ ।

७ ऐजन, पृ. १३ ।

८ मुहम्मद मुस्तफा खाँ (सम्पा.), **उर्दु शब्दकोश,** लखनउ : उत्तर प्रदेश हिन्दी संस्था, सन् १९९२), पृ. १७८ ।

९ मुहम्मद मुस्तफा खाँ (सम्पा.), **उर्दु शब्दकोश,** पूर्ववत्. पृ. १७७ ।

गरिने वार्तालाप हुन्छ ।[१०] गजल शब्द 'ग', 'ज' र 'अल'को व्युत्पादन प्रक्रियाबाट निर्मित भएको हो ।[११] यसको शब्दार्थ बोली, नारीको वा नारीसँग भन्ने हुन्छ भने लक्ष्यार्थ नारीको बोली वा नारीसँगको कुराकानी भन्ने हुन्छ ।[१२] गजल शब्द फारसी गजलाबाट बनेको हो[१३] भन्ने पनि छन् । गजल प्रेमिकासँग प्रेमको पीडावाहेक कुनै पनि प्रकारको पीडा व्यक्त गर्ने शब्द हो ।[१४] एक थरीको भनाइ के छ भने अरबमा एकजना गजल नामका शायर थिए । उनले आफ्नो सम्पूर्ण जीवन मद्यपान र प्रेममा बिताए र उनी सधैं प्रेम र सुन्दरताको तारिफ गर्थे । पछि गएर प्रेम र सौन्दर्यमूलक काव्यविधालाई उनको सम्झनामा गजल भन्न थालिएको हो ।[१५] गजल अत्यन्त संवेदनशील र तीक्ष्ण विधा हो । यसमा सूक्ष्म र तिख्खर अभिव्यक्ति रहेको हुन्छ ।[१६] गीत र कविता आ-आफ्नै नाम विशेषता भएका दुई नदी हुन् भने गजल तिनीहरूको सङ्गम हो भन्न सकिन्छ ।[१७] गजललाई गीत वा कविता मात्रै बनाउनु वा भन्नु अनभिज्ञता सिवाय अरु केही होइन । गजल गयात्मक र सङ्गीतात्मक विधा हो । गजल मात्रिक लय हो, गजल भनेको प्रणय कामना र आन्तरिक पीडाका हार्दिक भावहरूको सुललित अभिव्यक्ति हो । गजल अर्कैको दृष्टिले एकतामा अनेकता र संरचनागत दृष्टिले अनेकतामा एकता हुने सुललित भाषिक अभिव्यक्ति हो । यसरी गजलको व्युत्पत्तिका बारेमा यस शोध ग्रन्थमा विभिन्न शोधनायकहरूले आ-आफ्ना भनाइहरू दिएका हुन् र त्यसलाई सबैले स्विकार योग्य ठानेका छन् ।

## ४.३ गजलको अर्थ र परिभाषा

साहित्यिक विधाको अर्थ र परिभाषा त्यस विधाको उत्पत्ति, भाषिक बनोट क्षेत्र र व्यापक परम्परागत पृष्ठभूमि एवम् त्यसको स्वरूपमा अन्तर्निर्हित हुन्छ । त्यसको स्वमूल्य र मान्यतामा विधागत अर्थ र परिभाषाको गहनता झल्कन्छ र त्यसले उच्चतम् गरिमा कायम गरेको हुन्छ । गजल विधाको अर्थ र परिभाषा पनि यसको उत्पत्ति, भाषिक बनोट क्षेत्र र

---

१० मनु ब्राजाकी, *गजलगाथा,* **समयकालिन साहित्य**, वर्ष ३, अङ्क २, २०५०, पृ. ४९ ।

११ मनु ब्राजाकी, *गजलगाथा,* पूर्ववत्, पृ. ४९ ।

१२ ऐजन, पृ. ७९ ।

१३ सरेदार मुजाबार, **हिन्दी गजलका विविध आभा ।**

१४ मनु ब्राजाकी, *गजलगाथा,* **समकालिन साहित्य,** पूर्ववत्, पृ. ४९ ।

१५ कुँवर बेचैन, **सामियाने काँच के,** गाजियावाद, प्रगति प्रकाशन, सन् १९८३, पृ. १० ।

१६ ज्ञानुवाकर पौडेल, **गजल परिचय गजल सिद्धान्त समालोचना**, सम्पा. देवी पन्थी, विराटनगर : विविध वाङ्मय प्रकाशन, २०५९, पृ. ५ ।

१७ घनश्याम न्यौपाने परिश्रमी, **गजल परिचय, गजल सिद्धान्त र समालोचना**, सम्पा. देवी पन्थी, विराटनगरः विविध वाङ्मय प्रकाशन, २०५९, पृ.२ ।

परम्परागत मान्यतामा आधारित रहेको देखिन्छ । गजलको शाब्दिक अर्थ नारीको वाणी अथवा नारीसँगको वार्तालाप भन्ने हुन्छ ।[१८] भने लाक्षणिक अर्थ प्रेयसीसँगको प्रेम निवेदन, जवानीको हाल बयान, प्रणयसङ्गतिको याचना [१९] र साहित्यिक अर्थ प्रणय विषयक काव्यको एक प्रभावकारी विधा वा भेद भन्ने हुन्छ ।[२०] गजललाई अर्थगत रूपमा कसैले गजल अर्थात हरिणको सानो बच्चा सिकारीको तीर लागेर घाइते भई जब करुण चित्कार गर्छ त्यही चित्कार गजल हो ।[२१] भनेका छन् । यही पीडाको स्वर मात्र गजल होइन, यसमा हर्ष र आनन्दको स्वर पनि हुन्छ । कसैले गजललाई धागोको तान पनि भनेका छन् ।[२२] विलक्षण शैलीमा भावको तीव्र विन्यास विषयको केन्द्रीयता भएको सरल, सुकोमल, सङ्क्षिप्त र प्रभावकारी पङ्क्तिद्वारा बनेको एक किसिमको गेयात्मक, लयात्मक पद्य रचनालाई गजल भन्न सकिन्छ ।

गजलको उत्पत्तिगत, शब्दगत र कोशगत परिभाषामा विभिन्न विद्वान्हरूले विभिन्न तरिकाले आ-आफ्ना धारणाहरू प्रस्तुत गरको छन् सबैका विचारहरू भिन्न-भिन्न खालका रहेका छन् । कसैले गजललाई करिव आठसय वर्ष पहिला उत्पत्ति भएको हो भन्छन् त्यस्तै गजललाई यो अरबी शब्द भएर पनि यसको साहित्यिक विकास र उद्भव अरबी भाषा नभएको भनेका छन् त कसैले अरबीमा गजल नै प्राप्त नभएको विचारलाई अगाडि सारेका छन् । तर पनि अरबी भाषामा जन्मिएको यस विधाले फारसी, उर्दू साहित्यमा केही पाइला सारेको र हिँड्ने तरखरमा लागेको देखिन्छ । यस शोधग्रन्थमा गजलको अर्थ र परिभाषालाई सबैका माझ स्विकार गरिएको छ ।

## ४.४ गजलको उद्भव र विकास

गजल अरबी भाषाको 'ग', 'ज' र 'अल'को समास प्रक्रियाको निर्मित स्त्रीको बोली वा स्त्रीसँगको वार्तालापको रूपमा प्रयुक्त हुने यौगिक शब्द हो । भन्ने कुरा स्पष्ट भइसकेको छ । मूलतः शृङ्गारिक भाव प्रस्तुतिको अभिव्यक्तिमा जन्मिएको गजलको स्थायी भाव प्रेम मानिए पनि युगानुरूपको समयसँगै आफूलाई अनुकूलित गर्दै आएको वर्तमानसम्मको

---

१८ रामनरेश त्रिपाठी, **कविता कौमुदी, रहरदोईः सरस्वती सान,** सन् १९६६ पृ. ३७ ।

१९ ऐजन, पृ. २७ ।

२० घनश्याम न्यौपाने परिश्रमी, **गजलको स्वरूप चिनारी,** पूर्ववत् , पृ. ३ ।

२१ ऐजन (भूमिका) **बाँकीमा गोपाल अङ्क**, बीरगञ्ज : रेखा प्रकाशन, पृ ३ ।

२२ ऐजन, पृ. ११ ।

गजलयुग परिवर्तनका समसामयिक विषय मानव अर्न्तमनको पीडा अभिव्यक्त गर्ने प्रभावकारी माध्यम बनेको हुँदा आज गजल सबैको मुखमा कविता बनेर बसेको छ । विभिन्न विद्वान्हरूले विभिन्न विचारहरूलाई आ-आफ्ना तरिकाले मत-अभिमतहरू व्यक्त गरेका छन् ।

हिन्दीको 'काजल' शब्दबाट 'गजल' भएजस्तै गजल शब्द संस्कृतको 'कज्जल' शब्दको तद्भव रूपमा नेपालीमा आएको हो ।[२३] गजल शब्दको प्रथम प्रयोग अरबी भाषामा भएको मानिए पनि यसको विकास र लोकप्रियता भने फारसी उर्दू साहित्यमा पुगेर भएको मानिन्छ । [२४] अरबीबाट गजल, फारसी, हिन्दी, उर्दू हुँदै विश्वका विभिन्न भाषाहरूमा विस्तार र विकास भएको देखिन्छ । टर्की भाषामा गजललाई गजलका रूपमा नेकातीले उद्भव गरे भने फुजुलीले विकसित तुल्याए । त्यसरी नै अङ्ग्रेजी भाषामा अष्ट्रेलियाली कवि फ्रान्सिस बाबोजनले गजलको उद्भव गरेको हुन भने ध्यासर, एड्रिन टिच, डब्लु.एस. भर्विन विलियम म्याथ्युज आदिले विकसित बनाएका हुन् । हिन्दी र उर्दू भाषामा मौलाएर फैलिएपछि नेपाली भाषामा गजलको उद्भव भएको हो । नेपाली भाषामा गजलको शुरुवात गर्ने व्यक्ति माध्यमिककालीन शृङ्गारिक कवि मोतीराम भट्ट हुन् । उनले बनारस प्रवास कालमा हिन्दी र उर्दू भाषाको गजलको प्रभावबाट नेपाली भाषामा विक्रमाब्द १९४० तिर गजल विधा अविमूर्त गरेका हुन् ।[२५] बनारसमा रहेको भारतेन्दु हरिश्चन्द्रको गजल मण्डलीबाट प्रभावित भएर उनले मोती मण्डली स्थापना गरी समकालीन कविहरूलाई समेत गजल सृजनामा प्रवृत्त गराएका थिए । मोतीराम भट्ट (वि.सं. १९२३-१९५३) पछि मोती मण्डलीका अन्य गजलकारहरू लक्ष्मीदत्त पन्त 'इन्दु' (वि.सं. १९२२-१९६२), नरदेव पाण्डे 'सुधा' (वि.सं. १९२९-२००१), गोपीनाथ लोहनी (वि.सं. १९३०-१९७४), रत्नलाल 'रत्न' मिचा, अमजत हुसेन, अन्जान गजव हुन् ।[२६] मोती मण्डलीका गजलहरू, गोपीनाथ लोहनीद्वारा सम्पादित सङ्गृहित **चन्द्रोदय** (वि.सं. १९६३ मा) प्रकाशित छन् ।[२७] मोती मण्डलीपछिका प्रमुख गजलकारहरूमा शम्भुप्रसाद ढुङ्गेल (वि.सं. १९४६-१९८६) भीमनिधि तिवारी (वि.सं. १९६८-२०३०) र उपेन्द्रबहादुर जिगर (वि.सं १९६०-२०३०) प्रसिद्ध छन् ।[२८]

---

२३ तोयानाथ सापकोटा, **गजलकार शम्भुप्रसाद ढुङ्गेल,** अप्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली केन्द्रिय विभाग, कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय, २०५४, पृ.७ ।

२४ दामोदर रिजाल, **गजलकार भीमनिधि तिवारी,** अप्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली केन्द्रिय विभाग, कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय, २०४५, पृ. २२ ।

२५ अमर त्यागी, *नेपाली गजलको परम्परा र प्रवृत्ति*, **मधुपर्क**, वर्ष : ३१ अङ्क : ४, काठमाण्डौं: गोरखापत्र संस्थान, २०५५, पृ. २४ ।

२६ टीकाराम उदासी, **गजल सिद्धान्त र नेपाली गजलको इतिहास**, नेपाल : अतिरिक्त प्रकाशन, २०५९, पृ. ४२-४३ ।

२७ कृष्णहरि बराल, **गजल सिद्धान्त र परम्परा,** पूर्ववत्, पृ. ५० ।

२८ ऐजन, पृ. २९८ ।

जिगरपछि करिब चार दशकसम्म सुषुप्त रहेको गजल विधालाई विक्रमाब्द २०३६ असोजको **रूपरेखा**मा *मुक्तक* शीर्षकमा तीन सेरको गजल प्रकाशन गरेर ज्ञानुवाकर पौडेलले पुनर्जागृत गरेपछि गजल लेखनमा बाढी नै आएको छ ।[२९] नेपाली गजलको उद्भवपछि विकासको लहरसँगै नेपालभित्रका राष्ट्रिय भाषामा पनि गजल लेखनको लहर चलेको देखिन्छ ।

'गजल' शब्दको शाब्दिक अर्थ 'मृगको शावक' वा 'हरिण शिशु' भन्ने हुन्छ ।[३०] हरिण शिशुको आर्तनाद वा पीडाकै अभिव्यक्तिका रूपमा गजललाई लिइएको पाइन्छ तापनि गजलको कोमल हृदय वा संवेदनशील मनभित्र कुनै किसिमको चोट पुग्दा त्यसबाट प्रकट हुने कारुणिक तरल एवम् आन्तरिक पीडा बाहेक अनुभूतिको भावुक प्रस्तुतिलाई नै गजल मान्न सकिने आधार प्रस्तुत हुन्छ । यसरी गजल अर्थका दृष्टिले एकतामा अनेकता र संरचनागत दृष्टिले अनेकतामा एकता हुने सुललित भाषिक अभिव्यक्ति हो । सबै गजल प्रेमीहरूले आ-आफ्नै तर्क र विचारहरूलाई परिभाषित गरी यस गजलको उद्भव र विकास अगाडि बढाइरहेको छन् ।

## ४.५ गजल निर्माण प्रक्रिया

गजल शास्त्रीय काव्य विधा हो । यसको रचना विशेष नियममा आवद्ध भएर गरिन्छ । गजल गेयात्मक एवम् गीतात्मक विधासमेत भएको हुँदा लय र स्वरलाई पनि गजल रचना गर्दा विशेष ख्याल गरिन्छ । कविता पिङ्गल छन्दशास्त्र भएजस्तै गजल रचनाका लागि इस्लामिक छन्दशास्त्र रहेको छ जसलाई बहर भनिन्छ ।[३१] शास्त्रीय कविता रचनाका लागि छन्दवद्धता नै सर्वोपरी नियम हो बहरको निश्चित नियमको परिधिभित्र रहेर भाव वैविध्यको कलात्मक अभिव्यक्तिका साथ गजल रचना गरिन्छ । शास्त्रीय छन्दका लागि निर्धारित आठ प्रकारका गणव्यवस्था भएझै इस्लामिक काव्यशास्त्रमा बहरको लागि पनि आठ किसिमका रुक्नहरू, निर्धारित गरिएका छन् ।[३२] नारीको बोली वा नारीसँग वार्तालापका रूपमा प्रयुक्त गजल अरबी भाषाको स्त्रीलिङ्गी शब्द हो र यसको अर्थ 'केश वा कपाल' हुन्छ ।[३३] गजल रचना प्रक्रियामा मिसरा, सेर, रदिफ, काफिया, हमकाफिया, मक्ता, मतला

---

२९ टीकाराम उदासी, **गजल सिद्धान्त र नेपाली गजलको इतिहास**, पूर्ववत्, पृ. ५० ।

३० महम्मद मूस्तफा खाँ (सम्पा), **उर्दु शब्दकोष,** पूर्ववत्, पृ. १८ ।

३१ जगन्नाथ, **गजल के शिल्प विधान घटना,** पुस्कर प्रकाशन, सन् १९९७, पृ. २३ ।

३२ घनश्याम न्यौपाने परिश्रमी, **गजल सौन्दर्य मीमांसा,** पूर्ववत् पृ. ४५ ।

३३ ऐजन पृ. २९ ।

मुसिकियत, तखल्लुस र अन्दाजेबयाँजस्ता आधारभूत तत्वहरूको प्रमुख भूमिका रहेको हुन्छ। गजल सेरहरूको समष्टि रूप हो। सेर दुई पङ्क्ति मिलेर बन्छ। सेरको पहिलो पङ्क्तिलाई मिसरा-ए-उला र दोस्रो पङ्क्तिलाई मिसरा-ए-सानी भनिन्छ।[३४] हरेक सेर समान रुक्न वा वजनमा रचना गरिन्छ। गजलको रुक्न वा वजन भनेको गणसङ्केत हो। रुक्न एववचन हो भने रुक्नन बहुवचन हो। गजल विजोर सेरको हुनुपर्छ भन्ने मान्यता रहे तापनि यो मान्यता पूर्ण पालना गरिएको पाइँदैन।[३५] सामान्यतया तीनदेखि तेह्र सेरसम्म गजल रचना गरेको पाइएको छ।[३६] गजलको सुरुको सेरलाई मल्ला र अग्रिम सेटलाई मक्ता भनिन्छ। मल्लाको अर्थ उठान वा सुरुवात र मक्ताको अर्थ समाप्ति भन्ने हुन्छ।[३७] मतलाको दुवै मिसराको अन्तिममा रदिफ र यसपूर्व अनुप्रासयुक्त तुकवन्दी काफिया गजल निर्माणमा आवश्यक मानिन्छ। मत्लापछिका हरेक सेरका दोस्रो पङ्क्ति वा मिसरा-ए-सानीमा मत्लाको काफियासँग मेल खाने समान स्वर र मात्राको तुकबन्दी वा काफिया सेरैपिच्छे हामकाफिया हुँदै वा दोहोरिँदै जानुपर्छ भने काफियापछि मत्लाको रदिफ पुनरावृत्ति हुँदै जानुपर्छ। रदिफविहीन गजल हुनसक्छ तर काफियाहीन गजल हुन सक्दैन भन्ने मान्यता रहेको छ। यसर्थ काफिया गजलको अनिवार्य र महत्वपूर्ण तत्व हो भने रदिफ ऐच्छिक तत्व हो। रदिफयुक्त गजललाई मुरद्दफ गजल र रदिफहीन गजललाई गैरमुरद्दफ गजल भनिन्छ।[३८]

गजलको अन्तिम सेर अर्थात् मक्तामा गजलकारले आफ्नो सङ्क्षिप्त नाम वा उपनाम प्रयोग गर्ने प्रचलन रहेको छ। जसलाई तखल्लुस भनिन्छ। तखल्लुस प्रयोग गर्न चाहे गरे पनि हुन्छ र गर्न नचाहे नगरे पनि हुन्छ।[३९] एउटै गजलमा दुई सेरका मतला पनि हुन सक्छन्। यदि गजलको दोस्रो सेर पनि हमकाफियाको छ भने त्यसलाई हुस्ने मतला वा मतला ए सानी भनिन्छ दुईवटा मतला भएका गजल अत्यन्त न्यून सङ्ख्यामा भेटिन्छन्। गजल निर्माणमा मिसरा-ए-उलामा कौतुहलता र मिसरा-ए-सानीमा त्यसको उद्घाटन प्रक्रियाले गजललाई सवल, प्रभावकारी र ओजस्वी बनाउँछ। यस बाहेक गजलमा विश्वासनीय भावभिव्यक्तिको लालित्यपूर्ण सम्प्रेषण पनि आवश्यक मानिन्छ। गजल निर्माणमा विविध रूप, छटा र भावहरूको अभिव्यक्ति क्षमतालाई अन्दाजेबयाँ भनिन्छ।

---

३४ ऐजन पृ. २९।

३५ ऐजन, पृ. २९।

३६ ऐजन, पृ. २९।

३७ ऐजन, पृ. २९।

३८ सरदार मुजारक, **हिन्दी गजलका विविध आयाम**, पूर्ववत्, पृ. १९।

३९ ऐजन, पृ. २०।

गजलमा इबारत, इसारत, अदा अर्थात् कलात्मक गेय शैली, प्रभावोत्पादक मुख्य प्रतीक एवम् मर्मस्पर्शी भावच्छाया अनिवार्य मानिन्छ ।[४०] गजल निर्माण शास्त्रीय विधानमा गरिने भए तापनि केही शास्त्रीय अङ्गहरू ग्रहण स्वनिर्मित बहर वा लयविधानमा गजल रचना गर्ने परम्परा दिनानुदिन बढ्दै गइरहेको छ । यद्यपि अन्त्यमा रदिफ र यस पूर्व काफियाको अर्थपूर्ण योगले मिसरा बन्छ । दुई मिसराको भावपूर्ण योगले सेर बन्छ । सेरहरूको योगले गजल बन्छ । माथिका परिभाषालाई सर्वसम्मानित गरी यस शोधग्रन्थमा गजल निर्माण प्रक्रियालाई स्पष्ट पारिएको छ ।

## ४.६ गजलका तŒवहरू

साहित्यका विभिन्न विधाहरू हुन्छन् । विधाहरूको स्वतन्त्र पहिचानका लागि आ-आफ्ना आधारभूत तŒवहरू रहेका हुन्छन् । गजल पनि एउटा साहित्यिक स्वतन्त्र विधा हो र यसका पनि आफ्नै संरचनागत तŒवहरूको विधमानताले गजललाई गीत र कवितामा छुट्याएको छ र स्वतन्त्र विधाको मान्यता प्रदान गरेको छ । गजल मुख्यतयाः भाषाका माध्यमद्वारा सङ्गीतको सहयोगमा अभिव्यक्त हुने कलाविशेष हो । गजल उर्दू वा फारसी भाषामा लेखिएको कविताविशेष भएकोले अन्य विधाझैं यसका आफ्नै शास्त्रीय आधार तथा तŒवहरू छन् ।[४१] गजल सेरको समष्टि रूप हो जुन एउटै रचनाबद्ध भई परम्परा लघुगुरु वर्ण क्रम एवम् मात्रात्मक संयोजनका साथ दुई पङ्क्तिमा भएका हुन्छन् र सेरलाई गजलको आधिकारिक एकाई पनि भनिन्छ ।[४२] गजलका हरेक सेरहरू अर्थका दृष्टिले आफूमा पूर्ण भई आएका हुन्छन् ।[४३] काव्यशास्त्रमा यसका बारे किटानी सङ्ख्याको विधान उल्लेख नहुनाले पनि गजल ३/५/११/१७ र यसभन्दा बढी सेर सङ्ख्यामा निर्माण गरिँदै आएको देखिन्छ । यद्यपि पाँचदेखि सातसम्मको गजल लेखनलाई उत्कृष्ट मानिन्छ ।[४४] गजलको रचनाका आधारभूत तŒवहरू यस प्रकार छन् :-

४० ऐजन, पृ. २१ ।

४१ मनु ब्राजाकी, **गजल गाथा**, पूर्ववत्, पृ. ९१ ।

४२ जगन्नाथ, **गजलको शिल्प विधान,** पूर्ववत्, पृ. ५४ ।

४३ ईश्वर बराल र अन्य (सम्पा.), **नेपाली साहित्य कोश**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, पृ. २५ ।

४४ जगन्नाथ, पूर्ववत्, पृ. ५४ ।

### ४.६.१ सेर

सेर अरबी भाषाको शब्द हो । विषय वस्तुका दृष्टिले परस्पर सम्बन्धित एउटै लघु गुरु क्रममा दुई पङ्क्तिको स्वरूपलाई सेर भनिन्छ । सेर गजलको आधारभूत तŒव हो । गजल भनेको नै सेरहरूको समष्टि रूप हो ।[४५] गजल माला हो भने सेरहरू त्यसमा उनिएका विविध रङ्गी-बिरङ्गी फूलहरू हुन् । त्यसैले मिसरा वा पङ्क्तिहरूको मिलनबाट सेरको निर्माण हुन्छ । गजलका प्रत्येक दुई मिसरालाई सेर भनिन्छ । सेरको माथिल्लो मिसरालाई मिसरा-ए-उला र तल्लो मिसरालाई मिसरा-ए-सानी भनिन्छ । मिसरा-ए-उलाले भाषाको उठान गर्छ भने मिसरा-ए-सानीले त्यसको पुष्टि गर्छ ।[४६] एउटा गजलमा जतिवटा सेरहरू हुन्छन् त्यति नै पृथक-पृथक विषयवस्तु, भाव र विचार हुन्छन् । प्रत्येक सेरका कथ्य विषयमा पार्थक्य हुनु गजलको मौलिक विशेषता एवम् मान्यता पनि हो । एउटै गजलभित्रका अलग-अलग सेरहरूमा प्रेम, विरह, वेदना, प्रकृति-चित्रण, चिन्तन-मनन, सामाजिक एवम् राजनैतिक व्यङ्ग्य, विद्रोही भाव तथा विकृति-विसङ्गतिको उद्घाटनजस्ता विविध पक्षहरूको प्रतिबिम्बन गर्न गजलकारले पूर्ण रूपमा छुट पाएको हुन्छ[४७] । यसर्थ गीत र कविताहरूमा जस्तै एउटै कथ्य वा विषयवस्तुको शृङ्खलाबद्ध प्रस्तुति गजलमा अपरिहार्य मानिँदैन । एउटै कथ्य भएपनि गजलका प्रत्येक सेर स्वायत्त हुन्छन् । संस्कृतमा चार पङ्क्ति वा पाउको श्लोक हुने सामान्य परम्परा अनुसार भन्दा चाहिँ यो अर्थ श्लोक हो तर विषयगत तथा अर्थगत आधारमा पूर्ण हुने भएकाले यसलाई अर्थ श्लोक भन्नु त्यति उपयुक्त देखिँदैन । गजलकार निरजले यसलाई 'द्विपदिका' भनेका छन् ।[४८] एउटा सेरमा एउटा अनुभव वा अनुभूतिको सम्पूर्ण अभिव्यक्ति हुन नसकेर त्यसको बाँकी अंश अर्को सेरमा व्यक्त गरिन्छ भने त्यो रचना गजल हुन सक्दैन गजलका तŒवहरूमध्ये सेर एउटा महŒवपूर्ण तŒव हो । सेर नभइकन गजल निर्माण हुन सक्दैन ।

### ४.६.२ काफिया

---

४५ घनश्याम न्यौपाने 'परिश्रमी', **गजलको स्वरूप र बहरहरूको चिनारी तथा नेपाली गजल परम्पराको सङ्क्षिप्त रेखाङ्कन,** ने.रा.प्र.प्र. तथा मेरी साहित्य समाज, नेपालगञ्जको संयुक्त तत्वविधानमा आयोजित कार्यक्रममा प्रस्तुत अप्रकाशित कार्यपत्र, २०६२, पृ. २१ ।

४६ गोर्खे साइँलो, **गजल दर्शन**, चितवन : पल्लव साहित्य प्रतिष्ठान, २०६९, पृ. ८ ।

४७ घनश्याम न्यौपाने 'परिश्रमी', *गजल सौन्दर्य* : **मीमांसा,** सनसाईन आवासीय उच्च मा.वि., २०६४, पृ. २९ ।

४८ सरदार मुजावर, **हिन्दी गजलको विविध आयाम**, पूर्ववत्, पृ. ५३ ।

काफिया शब्द फारसीको फकुबाट बनेको हो । यसको अर्थ पटक-पटक वा बारम्बार विना परिवर्तन रदिफभन्दा पूर्व सेरमा प्रयोगमा ल्याउनु हो ।[४९] काफियालाई गजलरूपी शरीरको मुटुको रूपमा लिइन्छ, तर काफिया मिल्दैमा सबै रचना गजल बन्न सक्दैनन् । सेर जस्तै काफिया पनि गजलका तत्वहरूको महत्वपूर्ण तत्व हो । काफिया अरबी भाषाको शब्द हो ।[५०] काफियाको शाब्दिक अर्थचाहिँ अन्त्यानुप्रास, अनुप्रास वा तुक भन्ने हुन्छ । गजलमा काफियाको अत्यन्तै महत्व रहेको हुन्छ । काफियाबिना गजल बन्नै सक्दैन ।[५१] जर्वजस्ती खोजेर प्रयोग गरिएका काफियाले सेरहरूको सौन्दर्य नै नष्ट गर्दछन् । गजलकारका अन्तःस्करणबाट स्वतःस्फूर्त रूपमा निःसृत काफियाको शुद्ध र समुचित प्रयोगले नै गजललाई जीवन्त बनाएको हुन्छ । काफियामा स्वरमात्राको समता हुनुपर्छ । काफिया मतलाको दुवै मिसरामा र बाँकी सेरहरूको तल्लो मिसरामा रदिफको अगाडि वा रदिफविहिन गजलमा अन्तिममा प्रयोग हुने गर्दछ ।[५२] समालोचकहरू काफियालाई गजलको प्राण मान्दछन् । काफियाको प्रयोगबिना गजल रचना हुनै सक्दैन तसर्थ यसलाई गजलरूपी शरीरको मुटुका रूपमा समालोचकहरू विश्लेषण गर्दछन् । रदिफभन्दा पूर्व प्रयोग हुने अनुप्रासयुक्त पद, पदावली अक्षर वा अक्षर समूहलाई काफिया भनिन्छ ।

### ४.६.३ रदिफ

रदिफ अरबी भाषाको स्त्रीलिङ्गी शब्द हो । यसको शाब्दिक अर्थ पछि-पछि हिँड्ने हुन्छ ।[५३] काफिया-रदिफ दुवैको मञ्जुल समन्वितिले गजललाई आकर्षक र सुमधुर तुल्याएको हुन्छ ।[५४] मतलका दुवै मिसरा र अन्य सेरहरूका मिसरा ए सानीको अन्तमा प्रयोग हुने उही पद वा पदावलीलाई रदिफ भनिन्छ । यो प्रायः एक शब्ददेखि तीन शब्दसम्म भएको राम्रो मानिन्छ । एक शब्द प्रयोग भएको रदिफलाई एकल रदिफ र एकभन्दा बढी शब्द प्रयोग भएको रदिफलाई बहुल रदिफ भनिन्छ । रदिफलाई गजलको अनिवार्य तत्व मानिँदैन तापनि यसको प्रयोगले गजलको सौन्दर्य प्रसाधनमा महत्वपूर्ण भूमिका खेल्ने र गायनमा श्रुतिमधुरता समेत थपिने हुनाले गजलकारहरू यसलाई त्याग्न सक्दैनन् । सिकारु र नवोदित

---

४९ मनु ब्राजाकी, **गजल गाथा**, पूर्ववत्, पृ. ९१ ।

५० घनश्याम न्यौपाने 'परिश्रमी', **गजलको स्वरूप र बहरहरूको चिनारी**, पूर्ववत्, पृ. ६ ।

५१ गोर्खे साइँलो, पूर्ववत्, पृ. ८ ।

५२ केशवराज आमोदी, *गजलमा काफियाको प्रयोग र मूल्याङ्कन*, **सम्प्रेषण-१५,** चितवन : वाल्मीकि साहित्य सदन, पृ. २४ ।

५३ **गजल सिद्धान्त र परम्परा,** पूर्ववत्, पृ. ३८ ।

५४ घनश्याम न्यौपाने 'परिश्रमी', **गजलको स्वरूप, बहरहरूको चिनारी तथा नेपाली गजल परम्पराको सङ्क्षिप्त अभिरेखाङ्कन,** पूर्ववत्, पृ. ७ ।

गजलकारहरू मध्ये कतिपयले त रदिफलाई नै अनिवार्य तत्व मान्दछन् । रदिफको प्रयोगले गजललाई गायनमा श्रुतिमधुरता बनाउँछ जसका कारण अधिकांश गजलकारहरूले यसलाई त्यागेका हुँदैनन् । कसै-कसैले रदिफलाई अनिवार्य माने तापनि यो ऐच्छिक हो । रदिफ विना गजल निर्माण प्रक्रिया बन्न सक्दैन । गजलका तŒवहरू मध्ये यो पनि महŒवपूर्ण तŒव अन्तर्गत पर्दछ ।

### ४.६.४ मतला

गजलको माथिल्लो सेरलाई मतला भनिन्छ । गजलमा दुई-दुई पङ्क्तिको श्लोक हुन्छ । प्रत्येक श्लोकलाई सेर भनिन्छ । कुनै पनि गजलको प्रथम सेरलाई नै मतला भनिन्छ ।[५५] मतला अरबी भाषाको पुलिङ्गी शब्द हो । यसको अर्थ उदय वा सुरु भन्ने हुन्छ ।[५६] मतला गजलको प्रस्तावना वा पहिलो सेर हो । जुन गजल रचनामा मतलालाई अनिवार्य नियम नभनिए पनि गजललाई प्रभावपूर्ण, प्रवाहपूर्ण, माधुर्यपूर्ण र गाम्भीर्ययुक्त बनाउन मतला अनिवार्य नै मानिन्छ । मतलाका दुवै मिसरामा काफिया र रदिफको प्रयोग हुन्छ । यदि गजलमा एउटामात्र मतला नभई यसको दोस्रो सेर पनि दुवै मतलायुक्त छ भने दोस्रो सेरको दुवै पङ्क्तिमा काफिया र रदिफको प्रयोग हुन्छ । यदि गजलमा एउटा मात्र मतला नभई यसको दोस्रो सेर पनि मतलायुक्त छ भने अर्थात् दोस्रो सेरको पनि दुवै पङ्क्तिमा काफिया र रदिफको प्रयोग गरिएको छ भने त्यस्तो अवस्थाको मतलायुक्त प्रथम सेरलाई मतला-ए-उला र दोस्रो सेरलाई मतला-ए-सानी भनिन्छ ।[५७] मतलालाई गजलको टाउको मान्न सकिन्छ । मतलाको समायोजनले गजललाई श्रुतिमधुर बनाउनका लागि महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।[५८] गायकले गजल गाउँदाखेरि प्रत्येक सेरहरूपछि मतलाको पुनरावृत्ति गर्दछन् । यसबाट गजल राम्रो सुनिन्छ । काफिया र रदिफ मिसरामा सन्तुलित रूपमा प्रयोग भएको मतला हुनु गजलका लागि आवश्यक नै ठान्नु उपयुक्त हुन्छ ।[५९]

### ४.६.५ मक्ता

---

५५ देवी पन्थी, **गजल सिद्धान्त र समालोचना,** विराटनगर : विविध वाङ्मय प्रकाशन, २०५९, पृ. १० ।

५६ रमा सिंह, **हिन्दी गजल : नवम दशक,** नईदिल्ली : अमन प्रकाशन, सन् १९९६, पृ. ५८ ।

५७ कृष्णहरि बराल, **गजल सिद्धान्त र परम्परा,** पूर्ववत्, पृ. २२ ।

५८ घनश्याम न्यौपाने 'परिश्रमी', **गजलको स्वरूप र बहरहरूको चिनारी तथा नेपाली गजलपरम्पराको सङ्क्षिप्त अभिरेखाङ्कन,** पूर्ववत्, पृ. ७ ।

५९ पूर्ववत्, पृ. ७ ।

अरबी भाषाको मक्तुअबाट बनेको मक्ता पुलिङ्गी शब्द हो । मक्ता कुनै पनि गजलको अन्तिम सेर, समापन अर्थात् समाप्ति हो ।[६०] यस शब्दले समाप्ति र टुङ्गिएको भन्ने अर्थलाई बुझाउँछ । मक्ताको कुनै मिसरामा गजलकारले आफ्नो छोटो उपनामको प्रयोग अर्थपूर्ण हिसाबले गरेका हुन्छन् । यस्तो उपनामलाई तखल्लुस भनिन्छ । तर तखल्लुसको प्रयोग भने अनिवार्य मानिँदैन ।[६१] मक्तामा व्यक्त भाव-सङ्कुलताले गजललाई प्रभावकारी बनाउँछ । निष्कर्षात्मक भावसम्प्रेषण मक्तामा हुने हुँदा यसको प्रभावकारिताले पाठक वा स्रोताका हृदयमा गहिरो छाप छोड्ने गर्छ ।

### ४.६.६ तखल्लुस

तखल्लुस अरबी भाषाको नामवाची पुलिङ्गी शब्द हो । यसको अर्थ सायर वा कविले आफ्नो कवितामा लेख्ने नाम वा उपनाम भन्ने हुन्छ । गजल सिद्धान्तका केही व्याख्यताहरूले तखल्लुस प्रयोग नभएको सेरलाई मक्ता भन्न मिल्दैन पनि भनेको छन् । वस्तुतः यो भनाइ युक्तिसङ्गत छैन । यदि अन्तिम सेरभन्दा पूर्ववर्ती सेरहरूमा गजलकारले तखल्लुस प्रयोग गरेमा त्यो सेर नै मक्ता बन्दैन । मक्ता भनेको गजललाई टुङ्ग्याउने अन्तिम सेर हो । जसमा गजलकारले तखल्लुस प्रयोग गर्न पनि सक्छ, नगर्न पनि सक्छ । तखल्लुस गजल संरचनाको अनिवार्य तत्व नभएर एउटा प्रचलन तŒव मात्र हो । तखल्लुस गजलमा मात्र प्रयोग नगरेर अन्य कविता-गीतमा पनि प्रयोग गर्ने गरेको पाइन्छ । नेपाली गजल लेखनका प्रवर्तक मोतीराम भट्टले पनि आफ्ना अधिकांश गजलमा तखल्लुसको प्रयोग गरेको पाइन्छ । गजलमा तखल्लुसको प्रयोगले यसको अर्थमा उत्कृष्टता ल्याउन सकिन्छ । खासगरी मुसायराहरूमा गजल सुनाउने क्रममा कतिपय गजलकारहरूले यदाकदा अर्कै गजलकारका गजलहरू सुनाउने गरेको अवस्थामा त्यसलाई रोक्नका निमित्त तखल्लुसको प्रयोग गर्ने परम्पराको सुरुवात भएको हो भन्ने भनाइ पनि रहेको छ । उत्तरवर्ती गजलकारहरूले भने यो परम्परालाई नियमितता दिएनन् ।[६२] कविता वा गजलमा तखल्लुस प्रयोग गर्नुको कारण कविले आफ्नो परिचय दिनु पनि हो । गजलका तŒवहरूमा तखल्लुसको प्रयोग प्रभावकारी र महŒवपूर्ण हुन जान्छ ।

---

६० देवी पन्थी, **गजल सिद्धान्त र समालोचना,** पूर्ववत्, पृ. १० ।

६१ गोर्खे साइँलो, **गजल दर्शन,** चितवन : पल्लव साहित्य प्रतिष्ठान, पृ. ८ ।

६२ घनश्याम न्यौपाने 'परिश्रमी', **गजल सौन्दर्य,** पूर्ववत्, पृ. ५८ ।

### ४.६.७ बहर

बहर उर्दू शब्द हो । यसको अर्थ छन्द हुन्छ । पद्यसाहित्यमा छन्द अर्थात् बहरहरूको ठूलो महŒव रहेको हुन्छ । गजल रचना गर्दा बहरलाई अनिवार्य तŒवकै रूपमा स्विकार गर्नुपर्ने देखिन्छ । यदि गजलमा बहरहरूको सही प्रयोग हुन सकेन भने त्यो गजल बन्न सक्दैन । गजल छन्दोबद्ध हुनुपर्छ ।[६३] छन्दले भावलाई गतिशील र तीब्रतर बनाउने हुँदा यसलाई गजलको आन्तरिक तŒव मानिन्छ ।[६४] कुनै नियममा बाँधिएका सेरहरूको वजनलाई बहर भनिन्छ । बहर अर्थात् छन्दको प्राचीन इतिहासलाई केलाएर हेर्ने हो भने यो अङ्ग्रेजी, जर्मनी भाषाबाट बिस्तार भएको देखिन आउँछ ।[६५]

कुनै न कुनै छन्दमा आवद्ध हुनु गजलको शास्त्रीय मान्यता हो । संस्कृत वाङ्मयमा अनेकानेक वार्णिक र मात्रिक छन्दहरू भएझैं इस्लामिक काव्यशास्त्रमा पनि वर्णमात्रामा आधारित अनेक शास्त्रीय बहरहरू छन् जुन बहरहरूमध्ये कतिपय बहरहरू संस्कृतका छन्दहरूसँग मिल्दो हुन्छन् भने कतिपय निकै सन्निकट देखिन्छन् ।[६६] बहर रुक्न र अर्कानको सहयोगबाट बन्दछ । मात्राहरको मेललाई रुक्न भनिन्छ । बहरको निर्माणमा रुक्नको ठूलो भूमिका हुन्छ । पिङ्लले संस्कृत छन्दका लागि ह्रस्व वा दीर्घ तीनवटा स्वर अथवा स्वरयुक्त व्यञ्जन वर्णको क्रमिक एवम् काल्पनिक समूहलाई गण मानेका छन् । तीनवटा स्वरका संयोजन हुनाले गणलाई त्रिक पनि भनिन्छ । यसरी नै रुक्नहरूको मेल वा रुक्नको बहुवचनलाई अर्कान भनिन्छ । गजलमा प्रयुक्त मात्रा रूप, अक्षरलाई अर्कानले चिनाउँछ । जसरी संस्कृत छन्दमा भगणादिलाई गणहरू भनिन्छ । अर्कानको सुललित तथा व्यवस्थित संयोजनबाट बहरको निर्माण हुन्छ । बहरबद्ध गजल सिर्जनाका लागि वर्ण, मात्रा, सङ्ख्या, तुक, लघु र गुरु आदिका विषयमा जानकारी राख्नुपर्छ ।

#### क) वर्ण

वर्णको अर्को अर्थ अक्षर हो । वार्णिक छन्दमा चाहे लघु (ह्रस्व) वर्ण होस् वा गुरु (दीर्घ) वर्ण होस् एउटै वर्ण मान्ने परम्परा छ । जस्तैः पद, शीत, आशा, माली यी चारवटै शब्दमा २/२ वर्ण रहेका छन् ।

#### ख) मात्रा

---

६३ मनु ब्राजाकी, *गजलगाथा*, **समकालिन साहित्य,** पूर्ववत्, पृ. २६ ।

६४ पूर्ववत्, पृ. २६ ।

६५ गोर्खे साइँलो, **गजल दर्शन,** पूर्ववत्, पृ. ९ ।

६६ घनश्याम न्यौपाने 'परिश्रमी', **गजल सौन्दर्य,** पूर्ववत, पृ. ६१ ।

वर्णको उच्चारणमा लाग्ने समयलाई मात्रा भनिन्छ । व्याकरणमा लघुमात्राको उच्चारणमा भन्दा गुरु मात्राको उच्चारणमा दोब्बर समय लाग्छ ।

**ग) सङ्ख्या**

अक्षर वा मात्राको गणनालाई सङ्ख्या भनिन्छ । छन्द (बहर) मा वर्णहरूको सङ्ख्या नियत रहँदैन ।

**घ) तुक**

मत्ला वा सेरको हरेक मिसराको अथवा कविताको पङ्तिको अन्तिम शब्दमा समान स्वरयुक्त वर्णको स्थापनालाई तुक भनिन्छ । यसमा गति र यतिको पनि ख्याल पुर्‍याउनु पर्दछ ।

**ङ) लघु (साकिन)**

फारसीमा लघु आवाजलाई 'साकिन' भनिन्छ । सबै ह्रस्व स्वर, ह्रस्व स्वर भएका व्यञ्जन तथा चन्द्रविन्दु (लघु) मानिन्छन् । जस्तै :- अ, इ, उ, ऋ......, अँ, क, कि, कु, कँ, कृ आदि । यी वर्णहरूमा एउटै मात्र 'मात्रा' भएकोले लघु भनिएको हो ।

**च) गुरु (मुतहरिक)**

फारसीमा गुरुको आवाजलाई 'मुतहरिक' भनिन्छ । गुरु मानिने वर्णहरू निम्नानुसार छन् :-

अ) आ, ई, ऊ, ॠ, ए, ऐ, ओ, औ, अं, अः ।

आ) का, की, कू, के, कै, को, कौ, कं, कः ।

गजलका बहरलाई तीन भागमा विभाजन गरिएको छ :-

क) मूल छन्द (मुफरद बहर)

ख) मिश्रित छन्द (मुरक्कफ बहर)

ग) परिवर्तित छन्द (मुजाहिफ बहर)

**क)     मूल छन्द (मुफरद बहर)**

एकै प्रकारका रुक्नको योगबाट बनेको बहरलाई मुफरद बहर भनिन्छ । मुफरद बहर सालिम रुक्नको पुनरावृत्तिबाट निर्मित हुन्छ । मुफरद बहर सात प्रकारका छन् भने तिनका भेदहरूको आधारमा एक्काईसवटा बहरहरू रहेका छन् । सातवटा बहरहरू :- हज्ज, रज्ज, रमल, मुतकारिव, मुतदारिक, कामिल र बाफिर हुन् । यसका पनि तीनवटा वर्गहरू छन् ।[६७]

**अ) मुसम्मन सालिम**

एकै प्रकारका चार रुक्नको समायोजनबाट मिसराको रचना गरिन्छ भने त्यसलाई मुसम्मन सालिम भनिन्छ ।

**आ)     मुसद्दस सालिम**

मूल रुक्न मध्येबाट कुनै एक रुक्न एकल रूपमा तीनपटक दोहोरियो भने त्यसलाई मुसद्दस सालिम भनिन्छ ।

**इ) मुरब्बा सालिम**

मूल रुक्नमध्येबाट कुनै एक रुक्नलाई एकल रूपमा दुईपटकसम्म आवृत्ति गरिएमा बहरे सालिम नै रहे पनि 'फाइलुन' को दुईपटकको आवृत्ति गरिएमा त्यसलाई मुरब्बा सालिम भनिन्छ ।

सातप्रकारका मुफरद बहर र तिनका सालिम रुक्न यसप्रकारका छन्[६८] :-

| क.सं. | मुफरद बहर | सालिम रुक्न |
|---|---|---|
| १ | बहरे हजज | मफाईलुन् |
| २ | बहरे रजज | मुस्तफ्इलुन् |
| ३ | बहरे रमल | फाइलातुन् |
| ४ | बहरे मुतकारिब | फऊलुन् |
| ५ | बहरे मुतदारिक | फाइलुन् |
| ६ | बहरे कामिल | मुतफाइलुन् |

६७ घनश्याम न्यौपाने 'परिश्रमी', **गजल सौन्दर्य मीमांसा,** पूर्ववत्, पृ. ७१ ।

६८ जगन्नाथ, **गजलको शिल्प विधान,** पूर्ववत्, पृ. ३५ ।

| | | |
|---|---|---|
| ७ | बहरे बाफिर | मुफाइलतुन् |

सात प्रकारका मुफरद बहरका तीन वर्गका तीन-तीनवटा भेदबाट निर्मित एक्काइसवटा बहरहरू यसप्रकार रहेका छन्[६९] :-

| क्र.सं. | बहर | रुक्न | आवृत्ति |
|---|---|---|---|
| १ | बहरे हजज मुसम्मन सालिम | मफाईलुन् | चार |
| २ | बहरे हजज मुसद्दस सालिम | मफाईलुन् | तीन |
| ३ | बहरे हजज मुरब्बा सालिम | मफाईलुन् | दुई |
| ४ | बहरे रजज मुसम्मन सालिम | मुस्तफ्इलुन् | चार |
| ५ | बहरे रजज मुसद्दस सालिम | मुस्तफ्इलुन् | तीन |
| ६ | बहरे रजज मुरब्बा सालिम | मुस्तफ्इलुन् | दुई |
| ७ | बहरे रमल मुसम्मन सालिम | फाइलातुन् | तीन |
| ८ | बहरे रमल मुसद्दस सालिम | फाइलातुन् | तीन |
| ९ | बहरे रमल मुरब्बा सालिम | फाइलातुन् | दुई |
| १० | बहरे मुतकारिव मुसम्मन सालिम | फऊलुन् | चार |
| ११ | बहरे मुतकारिव मुसद्दससालिम | फऊलुन् | तीन |
| १२ | बहरे मुतकारिव मुरब्बा सालिम | फऊलुन् | दुई |
| १३ | बहरे मुतदारिक मुसम्मन सालिम | फाइलुन् | चार |
| १४ | बहरे मुतदारिक मुसद्दस सालिम | फाइलुन् | तीन |
| १५ | बहरे मुतदारिक मुरब्बा सालिम | फाइलुन् | दुई |
| १६ | बहरे कामिल मुसम्मन सालिम | मुतफाइलुन् | चार |
| १७ | बहरे कामिल मुसद्दस सालिम | मुतफाइलुन् | तीन |
| १८ | बहरे कामिल मुरब्बा सालिम | मुतफाइलुन् | दुई |
| १९ | बहरे बाफिर मुसम्मन सालिम | मुफाइलतुन् | चार |
| २० | बहरे बाफिर मुसद्दस सालिम | मुफाइलतुन् | तीन |
| २१ | बहरे बाफिर मुरब्बा सालिम | मुफाइलतुन् | दुई |

६९ घनश्याम न्यौपाने 'परिश्रमी', **गजल सौन्दर्य मीमांसा,** पूर्ववत्, पृ. ७२ ।

### ४.६.८ मुरक्कब (मिश्रित छन्द)

भिन्न-भिन्न रुक्नको संयोजनबाट निर्मित बहरलाई मुरक्कब बहर भनिन्छ । यो रुक्नको मिश्रण प्रक्रियाबाट बन्ने बहर हो । त्यसैले यसलाई मिश्रित बहर पनि भन्ने गरिन्छ ।[७०] मुरक्कब बहर बाह्र प्रकारका छन् । ती हुन् :- मुन्सरेह, मुक्तनिव, मुजारे, खाफिफ, बासित, मुजतस, सरिअ, मुसाकिल, जदिद, मदिद र तबिल हुन् । यस बहरको प्रचलन फारसी, उर्दू गजललेखनमा पनि कम हुँदै गएको छ । यस बहरको संरचना प्रक्रिया यसप्रकारका छन्[७१] :-

| क्र.सं. | मुरक्कब बहर | मिश्रित रुक्न |
|---|---|---|
| १ | बहरे मुन्सरेह | मुस्तफ्इलुन्+मफुऊलातु |
| २ | बहरे मुक्तजिब | मफ्उलातु+मुस्तफ्इलुन्+ मफ्उलातु+मुस्तफ्इलुन् |
| ३ | बहरे मुजारे | मफाईलुन्+फाइतालुन्+ मफाईलुन्+फाइतालुन् |
| ४ | बहरे खफिफ | फाइलातुन्+मुस्तफ्इलुन्+फाइलातुन् |
| ५ | बहरे बसित | मुस्तफ्इलुन्+फाइलुन् |
| ६ | बहरे मुजास | मुस्तफ्इलुन्+फाइलातुन् |
| ७ | बहरे सरिअ | मुस्तफइलुन्+मुतफइलुन्+मफुउलातु |
| ८ | बहरे मुशाकिल | फाइलातुन्+मफाईलुन्+मफाईलुन् |
| ९ | बहरे जदिर | फाइलातुन्+फाइलातुन्+मुस्तफ्इलुन् |
| १० | बहरे करीब | मफाईलुन्+मफाईलुन्+फाइलातुन् |
| ११ | बहरे मदीद | फाइलातुन्+फाइलुन्+ फाइलातुन्+फाइलुन् |
| १२ | बहरे तबील | फऊलुन्+मफाईलुन्+ फऊलुन्+मफाईलुन् |

### ४.६.९ मुजाहिफ बहर

सालिम रुक्नलाई टुक्र्याएर बनाएको रुक्नलाई जिहाफ र जिहाफको संयोजनबाट बनेको बहरलाई मुजाहिफ वा परिवर्तित बहर भनिन्छ ।[७२] सालिम वा मूल रुक्नलाई टुक्र्याउँदा अनेक नयाँ रुक्नन वा जिहाफ बन्न सक्दछन् । त्यस्ता रुक्नन वा जिहाफको मिश्रण

७० घनश्याम न्यौपाने 'परिश्रमी', **गजल सौन्दर्य मीमांसा,** पूर्ववत्, पृ. ८९ ।

७१ जगन्नाथ, **गजल के शिल्प विधान,** पूर्ववत्, पृ. ४१ ।

७२ नरेश, **गजल शिल्प और संरचना,** पूर्ववत्, पृ. ५२ ।

प्रक्रियाबाट अनेक नयाँ-नयाँ मुजाहिफ बहरहरू बन्छन् । मुजाहिफ बहरको सङ्ख्या बाइसवटा रहेको उल्लेख भएको पाइए तापनि[७३] सालिम रुक्न टुक्र्याउँदा अनेक जिहाफ बन्दछन् । ति जिहाफको योग प्रक्रियाबाट अनेक मुजाहिफ बहर बन्न सक्ने सम्भावना रहेको पाइन्छ ।[७४] यस्ता बहरहरूको प्रयोग परम्परा हटाउँदै गएको पाइन्छ । केही प्रचलनमा रहेका मुजाहिफ बहर र त्यसका परिवर्तित रुक्न वा जिहफ यसप्रकार रहेका छन् :-

| **क्र.सं.** | **मुजाहिफ बहर** | **परिवर्तित रुक्न** |
|---|---|---|
| १ | बहरे खफिफमुसद्दस मख्बुन | फाइलातुन्+मुफाइलुन्+फाइलातुन् |
| २ | बहरे खफिफ मुसद्दस मख्बुन मख्तुअ | फाइलुन+फाइलुन+मकाइलुन् |
| ३ | बहरे खदिफ मुसद्दस मख्बुन मसङ्कुल | फिइलातुन्+मुफाइलुन्+फिइतालुन् |
| ४ | बहरे खफिफ मुसद्दस मुतब्बी मख्तुअ | फाइलातुन्+मुफ्तइलुन्+फैलुन् |
| ५ | बहरे खफिफ मुसद्दस मक्तुअ मक्फुफमबुन | फैलुन+मुस्तइलुन+फिइलातुन |
| ६ | बहरे मुन्सरेह मसम्मन् मुतब्बी | मुफ्तइलुन्+फाइलातुन्+मुफ्तइलुन् |
| ७ | बहरे मुन्सरेह मुसम्मन मुतब्बी मनुहुर | मुफ्तइलुन्+मुफ्ऊलातु+मुफ्हइलुन् |
| ८ | बहरे मुन्सरहे मुसम्मन मुतब्बी मनहुर | मुफ्तइलातुन+मुफ्तइलातुन् |
| ९ | बहरे मुन्सरेह मुसम्मन् मुतब्बी मनहुर मुदाइफ | मुफ्तइलातुन्+मुफ्तइलातुन्+मुफ्तइलातुन् + मुफ्तइलातुन् |
| १० | बहरे मजारे मुसम्मन् मुख्बुन् | मफाईलुन्+फाईलातुन्+मफाईलु+फाइलातु |
| ११ | बहरे मुजारे मुसम्मन मुख्बुन् | मफाईलुन्+फिइलातुन्+मफाईलुन्+फिइलातुन् |
| १२ | बहरे मुजारे मुसम्मन् अखरब | मफल्+फाइलतुन्+मक्ऊल्+फाइलातुन् |
| १३ | बहरे मुजारे मुसम्मन् अख मक्फुफ महजुफ | मफ्उल्+फाइलातुन्+मफाईलुन्+फाइलातुन् |
| १४ | बहरे मुजारे मुसम्मन् अख मक्फुज महजुफ | मुफाइलुन्+फिइलातुन्+मुफाइलुन्+फैलुन् |
| १५ | बहरे मुजारे मुसम्मन अख मक्तुअ मफफुफ | मुस्तफैलुन्+फाइलातुन्+मुफइलुन्+फैउलुन् |
| १६ | बहरे मुजारे मुसम्मन् अखब् | मुस्तफ्इलुन्+अफलात+फैलुन् |
| १७ | बहरे मुज्तस मुसम्मन् | मुफाइलुन्+फिइलातुन्+मुफाइलुन्+फिइलातुन् |
| १८ | बहरे मुज्तस मुसम्मन् मख्बुन् मख्तुअ | मुफाइलुन+फिइलातुन+मुफाइलुन्+फिइलातुन् |

७३ कृष्णहरि बराल, **गजल सिद्धान्त र परम्परा,** पूर्ववत्, पृ. ८९ ।

७४ गोर्खे साइँलो, **हुसैन खाँको डायरीभित्र लल्लिँदा,** ***पल्लव,*** वर्ष : ४, पूर्णाङ्क : १३, चितवन : भरतप्रसाद लामिछाने, २०६४, पृ. ४५ ।

| | | |
|---|---|---|
| १९ | बहरे मुज्तस मुसम्मन् मक्सुर | मुफाइलन्+फिइलातुन्+मुफाइलुन्+फैलुन् |
| २० | बहरे मुज्तस मुसम्मन् मुख्बा मक्तुअ | मुफ्तइलुन्+फैलुन्+मुफ्तइलुन्+फिइलातुन् |
| २१ | बहरे असम मुसद्दस महजुफ मक्फुफ | फाइलुन्+मफा+फाइलुन्+मफा |
| २२ | बहरे असम मुसद्धस् मसकुल अख्ख महजुफ | फिइलातुन+मफउलु+फाइलुन् |
| २३ | बहरे असम मुसद्दस मक्तुज महजुफ | फाइलातुन्+मुफाइलुन्+फाइलुन् |
| २४ | बहरे करिव मुसद्दस मक्फुफ | मफाईलु+मफाईलु+फाइलातुन् |
| २५ | बहरे करिब मुसद्दस मख्बुन् | मफाईलुन्+फाइलुन्+फाइलातुन् |
| २६ | बहरे करिब मुसद्दस महजुफ | मफाईलुन्+फाउलुन्+फाइलातुन् |
| २७ | बहरे मुक्तजिब मुसम्मन् मुतब्बी | फाइलातुन्+मुक्तईलुन्+फाइलातुन्+मुफ्तईलुन् |
| २८ | बहरे मुसादिल मुसद्दस मक्फुफ | फाइलातुन्+मुफाइलुन्+मर्फाईलुन् |
| २९ | बहरे मुासिफल मुसद्दस महजुफ मक्बुज | फाइलातुन्+मुफाईलुन् |
| ३० | बहरे सरिअ मुखद्धस मुतब्बी | मुफाइलुन्+मुफतईलुन्+फाइलातुन् |
| ३१ | बहरे सरिअ मुसद्दसमुतब्बी मारफो | मुफ्तइलुन्+मुफ्तइलुन्+फाइलुन् |
| ३२ | बहरे तबिल मुसम्मन् मक्बुज | फऊलुन्+मुफाइलुन्+फऊलुन्+मुफाईलुन् |
| ३३ | बहरे तबिल मुसम्मन मक्बुज अख्ख महजुफ | मुफाइलुन्+मुफतइलुन्+फऊलुन् |
| ३४ | बहरे कबिल मुसम्मन् असलम अख्ख महजुफ | मुस्त्फफैलुन्+फिइलातुन+फऊलुन् |
| ३५ | बहरे बुलिब मुसद्दस मक्फुफ अबतर महजुफ | फाइलातु+फिइलातु+फऊलुन् |
| ३६ | बहरे कलिब मुसद्दस मस्कुल मम्फुफ अबतर | फिइलातु+फाइलातु+फऊलुन् |
| ३७ | बहरे सरिम मुसद्दस अख्ख महजुफ मुतब्बी | मफ्ऊलातु+मुफाइलुन्+मफा |
| ३८ | बहरे बसित मुसम्मन् मुख्बन् | मुस्तफ्इलुन्+फाइलातु+फाइलातुन्+मफा |
| ३९ | बहरे सगिर मुसद्दस मक्फुफ मक्तुअ मुतब्बी | मुस्तफ्इलु+मफऊलातुन+मफा |
| ४० | बहरे जदिफ मुसद्दस मख्बुन् | फिइलातुन+फिइलातुन+मुफाइलुन् |
| ४१ | बहरे जदिद मुसद्दस मक्फुफ | फाइलातु+मुस्तफाइलु |
| ४२ | बहरे सलिम मुसद्दस मुतब्बी | मफ्तइलुन्+फाइलातु+फाइलातु |
| ४३ | बहरे सलिम मुसद्दस मक्फफु मारफो | मुस्तफइतु+फाइलुन्+फाइलुन् |
| ४४ | बहरे मदिद मुसम्म मख्बुन् | फिइलातुन्+फइलुन्+फिइलातुन्+फइलुन् |
| ४५ | बहरे मदिद मुसम्मन् मफ्फुफ | फाइलातु+फाइलुन्+फइलुजतु+फाइलुन् |

| | | |
|---|---|---|
| ४६ | बहरे मदिद मुसम्मन् मसफुल मक्तुअ | फिइलातु +फैलुन+फिइलातु+फैलुन् |
| ४७ | बहरे हमिद मुसद्दसमुतब्बी | फाइलातु+फाइलातुन्+फाइलातु |
| ४८ | बहरे हमिद मुसद्दस मख्बुन् | फिइलातुन्+मुफाइलुन्+मुफाइलुन् |
| ४९ | बहरे हमिद मुसद्दस मारफो | फाइलुन्+फाइलातुन्+फाइलुन् |
| ५० | बहरे हमिम मुसद्दस समुतब्बी | फाइलातुन्+मुफ्तइतुन्+मुफ्तइलुन् |
| ५१ | बहरे हमिम मुसद्दस महजुफ मुतब्बी | फाइलातुन्+फिइलातुन्+फाइलुन् |
| ५२ | बहरे कबिर मुसद्दस मुतब्बी | फाइलातुन्+फिइलातु+मुफतइलुन् |
| ५३ | बहरे कबिर मुसद्दस मारफो | फाइलातुन्+मुफाइलुन्+मफा |

## ४.७ नेपाली गजल लेखनको काल विभाजन

नेपाली साहित्यको अत्यन्त लोकप्रिय विधाका रूपमा स्थापित गजलको सङ्गीतसँग घनिष्ट सम्बन्ध रहेको छ । गजल नेपाली भाषाको आफ्नै काव्यविधा नभएर फारसीबाट आयातित लघुकाव्य विधा भएको हुँदा यसको प्रादुर्भाव, विकास, विस्तार र विभिन्न चरणगत प्रवृत्तिको अध्ययन, विश्लेषण हुनु आवश्यक देखिन्छ । नेपाली गजलको प्रादुर्भाव नेपाली कविताको शृङ्गारिक धारा अन्तर्गत हिन्दी, उर्दू शृङ्गारिक प्रभाव तथा राणाकालिन शृङ्गारिक प्रवृत्तिको प्रभावबाट भएको हो । शृङ्गारिक काव्यप्रवृत्तिका रूपमा नेपाली गजल लेखनको प्रारम्भ हिन्दी गजल लेखनसँग जोडिएको छ । १९४० सालतिर मोतीराम भट्ट बनारसमा अध्ययनरत रहँदा त्यहाँ उनले हिन्दी शायरहरूसँग परिचित हुने अवसर पाए र वर्तमानसम्मको विकास यात्रालाई विभिन्न अद्धेताहरूबाट कालक्रमिक रूपमा अध्ययन गरिएको पाइए पनि यसले अझै पूर्णता पाउन सकेको छैन । गजल साहित्यको विकासक्रमको बारेमा चर्चा गर्दै घनश्याम न्यौपाने ‘परिश्रमी’ले मोतीराम भट्टपूर्वका कुनै पनि कवि, साहित्यकारहरूले नेपाली भाषामा गजलको रचना गरेको भरपर्दो प्रमाण फेला नपरेको कुरा उल्लेख गरेका छन् ।[७५] यसबाट परिश्रमीले पनि अन्य अध्यताले जस्तै मोतीरामद्वारा नै नेपाली गजल लेखनको सुरुवात भएको कुरालाई स्विकार गरेको देखिन्छ ।[७६] मोतीराम भट्टले प्रारम्भ गरेको नेपाली गजल रचनाको यात्रालाई निरन्तरता दिने क्रममा

७५ घनश्याम न्यौपाने ‘परिश्रमी’, **घामको छहारीमा,** काठमाडौं : पम्फा नेपाल, २०५९, पृ. ४ ।

७६ ऐजन ।

महŒवपूर्ण योगदान आसुकवि शम्भुप्रसाद ढुङ्गेलको पनि देखिन्छ । यसैगरी गजल लेखनको विकासमा भीमनिधि तिवारी, उपेन्द्रबहादुर जिगरले ठूलो योगदान पुर्‍याए । मोतीरामद्वारा सूत्रपात भएको यस विधाले उपेन्द्रबहादुर जिगरसम्म वि.सं. १९६६ सालदेखि विश्राम लिएको प्रतीत हुन्छ । मोतीरामदेखि जिगरसम्मको गजलहरू विशेषतः प्रेमविषय र शास्त्रीय बहरले युक्त देखिन्छन् । यसरी जिगरसम्मको गजलको विकासक्रमलाई प्राथमिक कालको रूपमा मान्नु उपयुक्त हुन्छ । नेपाली भाषामा गजल लेखन परम्पराको इतिहास र यस सम्बन्धी कृतिको खोजी गर्दा **सङ्गीत चन्द्रोदय** नेपाली भाषाको पहिलो गजलसङ्ग्रहका रूपमा रहेको पाइन्छ । यसपछि **सङ्गीत चन्द्रोदय** विभिन्न गजलकारका गजलहरू थपेर विभिन्न संस्करणहरूमा छापिएको पाइन्छ । यस अवधिमा नेपाली गजलको विकास मोतीराम भट्टकै नेतृत्व र सम्पादनमा निरन्तर अगाडि बढेको पाइन्छ । उपेन्द्रबहादुर जिगरको **एक सय एक गजलसङ्ग्रह** (१९९६ साल) पछिका करिब चार दशक नेपाली गजल अन्धकारमै रहेको थियो । यस समयमा नेपाली साहित्यमा केही गजलहरू लेखिएका छन् तर गजल लेखनमा नै समर्पित रहेर गजल लेखेको भने पाइँदैन । जिगरपछि चार दसकसम्म प्रायः सुषुप्त रहेको गजललाई २०३६ सालमा गजलकार ज्ञानुवाकार पौडेलले ब्युउँताउने कार्य गरे । पौडेलपछि ललिजन रावल, मनु ब्राजाकी, धर्मागत शर्मा 'तुफान' जस्ता गजलकारले यसलाई अगाडि बढाउने कार्य गरे । घनश्याम न्यौपाने 'परिश्रमी', अमर त्यागी लगायतका गजलकारहरू पर्छन् । गजलले यसरी एकपछि अर्को फड्को मारेको छ । यस प्रकारको गजल यात्रालाई विभिन्न विद्वान्हरूले विभिन्न तरिकाले काल विभाजन गरेको देखिन्छ । तीमध्ये केही स्रष्टाका विचारलाई यहाँ उल्लेख गरिएको छ :-

नेपाली गजललाई ललिजन रावलले समकालीन नेपाली गजल (२०४७) को भूमिकामा दुई कालमा विभाजन गरेका छन् :

**क) प्राथमिक काल (वि.सं. १९४१-१९९६)**

**ख) पुनःर्जागरण काल (वि.सं. १९४० देखि हालसम्म)**[७७]

रावलले १९९६ देखि २०४० साल बिचको अवधिलाई कुनै पनि कालमा समेटेका छैनन् ।

दुवसु क्षेत्रीले **समसामयिक नेपाली गजल**[७८] को भूमिकामा नेपाली गजलको काल विभाजन यसरी गरेका छन् :

---

७७ ललिजन रावल (सम्पा.), **समकालीन नेपाली गजल,** काठमाडौं : बगर प्रकाशन, २०४७, पृ. ६ ।

१)	प्राथमिक काल (वि.सं. १९४०-१९९४) मोतीराम युग

२)	माध्यमिक काल (वि.सं. १९४०-२०३५) भीमनिधि युग

३)	आधुनिक काल (वि.सं. २०३६ देखि हालसम्म) ज्ञानुवाकर युग

अर्का अध्येता रोशन थापा नीरवले **नेपाली विकास : एक चर्चा**[७९]मा यसरी काल विभाजन गरेका छन् :-

१)	प्राथमिक काल : मोतीराम र उनको मित्रमण्डली काल

२)	माध्यमिक काल : भीमनिधि र उपेन्द्रबहादुर जिगरको काल

३)	आधुनिक काल : ज्ञानुवाकर पौडेलदेखि हालसम्म

अर्का अध्येता गोवर्द्धन पूजाले **आकाश गजल** अङ्कको भूमिका[८०]मा यसरी काल विभाजन गरेका छन् :-

१)	प्राथमिक काल (वि.सं. १९४०-१९९२)

२)	माध्यमिक काल (वि.सं. १९९३-२०३५)

३)	पूनर्जागरण काल (वि.सं. २०३६-२०४५)

४)	आधुनिक काल (वि.सं. २०४६ देखि हालसम्म)

अर्का अध्येता देवी पन्थीले **गजल सिद्धान्त र समालोचना**[८१] पुस्तकमा नेपाली गजलको काल विभाजन यसरी गरेका छन् :

१)	प्राथमिक काल (वि.सं. १९४०-१९९२)

२)	माध्यमिक काल (वि.सं. १९९३-२०३५)

३)	आधुनिक काल (वि.सं. २०३६ देखि हालसम्म)

अर्का अध्येता प्रभाती किरणले **नेपाली गजल : विगत र वर्तमान**[८२] पुस्तकमा नेपाली गजलको काल विभाजन यसरी गरेका छन् :

१)	पहिलो चरण (वि.सं. १९४०-२००२) : प्राथमिक काल

२)	दोस्रो चरण (वि.सं. २००३-२०३५) : सुषुप्त काल

३)	तेस्रो चरण (वि.सं. २०३६ देखि हालसम्म) : आधुनिक काल

---

७८ दुवसु क्षेत्री (सम्पा.), **समकालीन नेपाली गजल,** काठमाडौँ : बसुन्धरा प्रकाशन, २०५०, पृ. १३५ ।

७९ रोशन थापा निरव, **नेपाली गजलको विकास : एक चर्चा,** गजल, वर्ष १, अङ्क २, काठमाडौँ : प्रवाह परिवार, २०५३, पृ. १८ ।

८० गोवर्द्धन पूजा, **आकाश गजल,** *भूमिका,* वर्ष ४, अङ्क १, काठमाडौँ : आकाश परिवार, २०५३, पृ. क-ज्ञ ।

८१ देवी पन्थी, **गजल सिद्धान्त र समालोचना,** विराटनगर : विराटनगर वाङ्मय प्रकाशन, २०५९, पृ. २७ ।

८२ प्रभाती किरण, **नेपाली गजल : विगत र वर्तमान,** काठमाडौँ : अनाम मण्डली, २०६४, पृ. ८४ ।

नेपाली गजलको कालविभाजन सम्बन्धमा परम्परागत सोच र मान्यताका आधारमा प्रस्तुत दुवसु क्षेत्री, रोशन थापा, गोवर्द्धन पूजा, देवी पन्थी र प्रभाती किरणका अवधारणालाई तथ्यगत रूपमा युक्तिसङ्गत मान्न सकिन्न । मोतीरामदेखि उपेन्द्रबहादुर जिगरपछिका म.वि.वि. शाह (१९४०-२०३५) सम्मका गजलको विषयगत, भावगत र प्रवृत्तिगत मान्यतामा कुनै भिन्नता पाइँदैन । शृङ्गारिक भावमा संरचित भक्ति र प्रेमकै गजलहरूकै बहुलता यस अवधिमा रहेको पाइन्छ । यसर्थ यस अवधिलाई दुई कालमा विभाजन गर्नुको कुनै औचित्य रहँदैन भने कुनै व्यक्तिविशेषको नाममा सिङ्गै युग नामकरण गर्नु पनि औचित्यपूर्ण मान्न सकिन्न । विक्रमाब्द १९४० देखि २०३४ सम्मका गजलको प्रवृत्तिगत मान्यता रहेको पाइन्छ र विक्रमाब्द २०३५ देखि मात्र गजलको विषय र प्रवृत्तिमा नवीनता आएको हो ।

ललिजन रावल, घनश्याम न्यौपाने, मनु ब्राजाकी, सनतकुमार, अमर त्यागी, टीकाराम उदासी र कृष्णहरि बरालले नेपाली गजलको काल विभाजन यसप्रकार गरेका छन् :

**क) ललिजन रावल**

१) प्राथमिक काल (वि.सं. १९४०-१९९६) मोतीरामदेखि उपेन्द्रबहादुरसम्म ।

२) पुनर्जागरण काल (वि.सं. २०४० देखि हालसम्म) ज्ञानुवाकरदेखि हालसम्म ।[८३]

**ख) घनश्याम न्यौपाने 'परिश्रमी'**

१) प्राथमिक काल (वि.सं. १९४०-१९९६) मोतीरामदेखि उपेन्द्रबहादुरसम्म ।

२) पुनर्जागरण काल (वि.सं. २०३६ देखि हालसम्म) ज्ञानुवाकरदेखि हालसम्म ।[८४]

**ग) सनतकुमार वस्ती**

१) पहिलो चरण (मोतीरामदेखि म.वि.वि. शाहसम्म) ।

२) दोस्रो चरण (ज्ञानुवाकरदेखि हालसम्म) ।[८५]

**घ) अमर त्यागी**

१) प्राथमिक काल (वि.सं. १९४४-१९९६) मोतीरामदेखि जिगरसम्म ।

२) पुनर्जागरण काल (वि.सं. २०६२ देखि हालसम्म) ज्ञानुवाकरदेखि वर्तमानसम्म ।[८६]

---

८३ ललिजन रावल (सम्पा.), *समकालीन नेपाली गजल,* **भूमिका,** काठमाडौँ : बगर प्रकाशन, २०४७, पृ. ६ ।

८४ घनश्याम न्यौपाने, *नेपाली गजलको विकास प्रक्रिया,* **मधुपर्क,** वर्ष २९, अङ्क ३, काठमाडौँ : गोरखापत्र संस्थान, २०५२, पृ. ४ ।

८५ सनतकुमार, **सबेरै आएँ,** कीर्तिपुर : अप्रकाशित स्नातकोत्तर सिर्जनापत्र, त्रिभुवन विश्वविद्यालय, केन्द्रिय क्याम्पस २०५२, पृ. ३ ।

**ङ) टीकाराम उदासी**

१) पहिलो चरण (वि.सं. १९४०-२०३५) ।

२) दोस्रो चरण (वि.सं. २०३६ देखि हालसम्म) ।[८७]

**च) कृष्णहरि बराल**

१) पहिलो चरण (वि.सं. १९४०-२००२ सम्म) ।

क) पूर्वार्द्ध (वि.सं. १९४०-२००२ सम्म)

ख) उत्तरार्द्ध (वि.सं. २००३-२०३५ सम्म)

२) दोस्रो चरण (वि.सं. २०३६ देखि हालसम्म) ।[८८]

नेपाली गजलको विकासक्रमलाई विभिन्न अध्येताहरूले विभिन्न काल निर्धारण गर्ने प्रयास गरे पनि यहाँ ललिजन रावल, घनश्याम न्यौपाने, मनु ब्राजाकी, सनतकुमार, अमर त्यागी, टीकाराम उदासी र कृष्णहरि बरालका काल निर्धारण केही हदसम्म युक्तिसङ्गत रहेको मान्न सकिन्छ । त्यसमा सनतकुमार, टीकाराम उदासी र कृष्णहरि बरालको काल निर्धारणलाई केही परिमार्जित गरेर नेपाली गजलको काल विभाजनलाई यस शोधग्रन्थमा यसरी गर्न सकिन्छ :-

**१. पहिलो चरण (वि.सं. १९४० देखि २०३४ सम्म)**

क) सक्रिय काल : वि.सं. १९४० देखि १९६६ सम्म

ख) निष्क्रिय काल : वि.सं. १९९७ देखि २०३४ सम्म

**२. दोस्रो चरण (वि.सं. २०३५ देखि हालसम्म)**

क) पूनर्जागरण काल : वि.सं. २०३५ देखि २०५० सम्म

ख) उर्वर काल : वि.सं. २०५१ देखि हालसम्म

### ४.७.१ नेपाली गजलको प्रथम चरण

नेपाली गजलको प्रथम चरण वि.सं. १९४० देखि २०३४ सम्मलाई मान्नु युक्तिपूर्ण देखिन्छ । किनकि यस अवधिका नेपाली गजलको विषय, भाव, शिल्प र प्रस्तुतिमा समानता रहेको छ । मोतीराम भट्टबाट प्रादुर्भाव नेपाली गजलको यस चरणलाई पनि सक्रियकाल र

---

८६ अमर त्यागी, **नेपाली गजलको परम्परा र प्रवृत्ति,** पूर्ववत्, पृ. १४० ।

८७ टीकाराम उदासी, **गजल सिद्धान्त र नेपाली गजलको इतिहास,** कीर्तिपुर : अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली विभाग, त्रि.वि, केन्द्रिय क्याम्पस, २०५९, पृ. ४१ ।

८८ कृष्णहरि बराल, **गजल सिद्धान्त र परम्परा,** काठमाडौं : साझा प्रकाशन, २०६४, पृ. २६४ ।

निष्क्रिय काल गरी दुई कालखण्डमा विभाजन गर्नु समुचित देखिन्छ । मोतीराम भट्टदेखि उपेन्द्रबहादुर जिगरसम्म अर्थात् वि.सं. १९४० देखि १९९६ सम्मलाई सक्रिय काल र वि.सं. १९९७ देखि २०३४ सम्मलाई निष्क्रियकाल मान्नुपर्ने हुन्छ । सक्रियकालमा गजलको उद्‌भव् शृङ्गारिक भावधारामा भयो र यस कालमा गजलको मूल प्रवृत्ति पनि शृङ्गारिक नै रह्यो ।[८९] नेपाली साहित्यमा गजललाई भित्र्याएर स्थापित गराई प्रतिष्ठित र विकसित तुल्याउनमा प्रमुख भूमिका खेल्ने र आफ्नो समयलाई गजलसिर्जनामा नै व्यतित गर्ने यस चरणका उल्लेख्य गजलकारहरूमा मोतीराम भट्ट र उनका समकालीन कवि शम्भुप्रसाद ढुङ्गेल, भीमनिधि तिवारी एवम् उपेन्द्रबहादुर जिगर नै प्रमुख हस्तीका रूपमा देखा पर्दछन् ।

वि.सं. १९४० देखि वि.सं. २०३४ सम्मको प्रथम चरणको समयावधि गजलयात्रामा निकै लामो देखिए पनि त्यस बिचमा भएका गजल लेखनमा प्रवृत्तिगत परिवर्तनका सामान्य सङ्केत बाहेक चरणलाई नै पल्टाउने खालका परिवर्तनहरू भएनन् तर जब ज्ञानुवाकर पौडेलको आगमन भयो तब नेपाली गजल स्पष्टतः आफ्नो परिवर्तिन स्वरूप र प्रवृत्तिहरू लिएर अहिलेसम्मको आफ्नो यात्रामा क्रियाशील रहेको छ ।

मोतीराम भट्टले रचना गरेका गजलहरू **सङ्गीत चन्द्रोदय** (१९६३)[९०] का अतिरिक्त **मोती ग्रन्थावली** (२०४५ भाद्र)[९१] मा सङ्कलित छन् । यसै गरी प्रयोगकालीन गजलकारहरू नरदेव पाण्डे 'सुधा', लक्ष्मीदत्त पन्त 'इन्दु', गोपीनाथ लोहनी 'नाथ गजब", रत्नलाल 'रत्न' र मियाँ अन्जान हुसेनका गजलसँगै नेपाली गजलका उत्थापक शम्भुप्रसाद ढुङ्गेलका प्रारम्भिक दुई गजलहरू पनि **सङ्गीत चन्द्रोदय** (१९६३) मा सङ्कलित रहेको देखिन्छन् ।[९२] मोतीराम भट्टपछि नेपाली गजललाई महत्वपूर्ण गतिशीलता प्रदान गर्न शम्भुप्रसाद ढुङ्गेलको देन उल्लेखनीय रहेकाले उनलाई नेपाली गजलको उत्थानका रूपमा लिइएको छ ।[९३] शम्भुप्रसाद ढुङ्गेलबाट रचना भएका असङ्ख्य गजलहरू उनकै विभिन्न नाटक, काव्य र गद्यख्यानहरूका कृतिहरूमा प्रसङ्ग अनुकूल भएर आएका देखिन्छन्[९४] भने एकसय भन्दा बढी गजलहरू **शम्भु भजनमाला** (१९८३) मा सङ्गृहीत भएको पाइन्छ ।[९५] ढुङ्गेलपछि नेपाली गजलमा आफ्नो सबल उपस्थिति लिएर आएका यस चरणका उल्लेख्य

८९ टीकाराम उदासी, **गजल सिद्धान्त र नेपाली गजलको इतिहास,** पूर्ववत्, पृ. ४८ ।

९० दामोदर रिजाल, **गजलकार भीमनिधि तिवारी,** पूर्ववत्, पृ. ३४ ।

९१ रमा शर्मा (सम्पा.), **मोती ग्रन्थावली,** काठमाडौं : राष्ट्रिय युवा सेवा केन्द्र, पृ. १० ।

९२ दामोदर रिजाल, **गजलकार भीमनिधि तिवारी,** पूर्ववत्, पृ. ३४ ।

९३ ऐजन ।

९४ ऐजन ।

९५ तोयनाथ सापकोटा, **गजलकार शम्भुप्रसाद ढुङ्गल,** पूर्ववत्, पृ. ३५ ।

गजलकारहरूमा भीमनिधि तिवारी र उपेन्द्रबहादुर 'जिगर' देखिन्छन् । नेपाली गजलको विकासमा भीमनिधिले आफ्नो किशोरावस्था र युवावस्थाका प्रशस्त समय खर्च गरेको देखिन्छ ।[९६] तर भीमनिधिका गजलभन्दा सौन्दर्य र लयात्मकताका दृष्टिले उपेन्द्रबहादुर जिगरका गजललाई स्तरयुक्त मानिएको पाइन्छ ।[९७] यी दुवै गजलहरू क्रमशः **बयासी र बीस गजल मेरी** (१९९३) एवम् **एक सय एक गजलसङ्ग्रह** (१९९६) मा सङ्कलित छन् ।[९८]

यसरी पहिलो चरणमा देखा पर्ने अन्तिम प्रभावकारी गजलकार उपेन्द्रबहादुर 'जिगर' नै हुन् तर पनि उनीपछि पनि कतै-कतै फाट्ट-फुट्ट गजलहरू देखा परेका हुनाले उनीसँगै नेपाली गजलको पहिलो चरण समाप्त नभएको स्पष्ट हुन्छ । मोतीराम भट्टबाट बीजारोपण भएको नेपाली गजलको २०३५ सालमा ज्ञानुवाकर पौडेलको आगमन भएपछि मात्र नयाँ आयाम वा चरण प्राप्त गर्न सफल भएको हो भन्न सकिन्छ । गजल लेख्न थालिएको वि.सं. १९४० देखि २०३४ सम्मको नेपाली गजलयात्राको समय ठूलो देखिए तापनि त्यस बिचमा गजललेखनको सामान्य प्रवृत्तिगत परिवर्तन वा सङ्केतहरू बाहेक कुनै ठूलो मूलभूत परिवर्तन भएको देखिँदैन । ज्ञानुवाकरको आगमनपछिको नेपाली गजलले स्पष्टतः परिवर्तित स्वरूप र प्रकृति लिई अगाडि बढेर अहिलेसम्म पनि क्रियाशील देखिन्छ । यसरी मोतीराम भट्टदेखि ज्ञानुवाकरको आगमनपूर्वको समग्र नेपाली गजललाई पहिलो चरणमा राख्नु सान्दर्भिक हुने देखिन्छ । प्रथम चरणमा प्रयोगावस्थाको रूपमा विभिन्न मोडहरू पार गर्दै अगाडि बढेको नेपाली गजलमा उर्दू र संरचना पद्धतिको प्रभाव परेपनि नेपाली परिवेश सुहाउँदो भावना प्रस्फुटन हुनु यस कालको मुख्य विशेषता हो । यस चरणका रामप्रसाद सत्याल, प्रभुनाथ अधिकारी, लेखनाथ पौड्याल, बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, गुरूप्रसाद मैनाली, पारसमणि प्रधान, म.वि.वि. शाह, तुलसीमेहर श्रेष्ठ र देव शमसेर, मोतीराम भट्ट, लक्ष्मीदत्त पन्त, नरदेव पाण्डे, गोपीनाथ लोहनी, रत्नलाल, मिया अमजद हुसैन गजब, शम्भुप्रसाद ढुङ्गेल, भीमनिधि तिवारी, उपेन्द्रबहादुर 'जिगर' आदि उल्लेख्य गजलकारहरू हुन् ।

## ४.७.२ नेपाली गजलको दोस्रो चरण

९६ दामोदर रिजाल, **गजलकार भीमनिधि तिवारी,** पूर्ववत्, पृ. ३४ ।

९७ ललिजन रावल (सम्पा.), **समकालीन नेपाली गजल,** पूर्ववत्, पृ. ८ ।

९८ ऐजन ।

नेपाली गजलको विकासक्रमको दोस्रो चरण वि.सं. २०३६ बाट सुरु हुन्छ । पहिलो चरणको निष्क्रिय कालको अन्त्य गरी ज्ञानुवाकर पौडेलको उदयपछि नेपाली गजललेखन पुनःजागृत भई दोस्रो चरणको सुरुवात हुन पुग्दछ । यसलाई पनि पुनः दुई भागमा विभाजित गर्न सकिन्छ :–

क) पूर्वार्द्ध - पुनःजागरण काल

ख) उत्तरार्द्ध - उर्वरकाल

यस समयमा गजललाई स्तरीयता प्रदान गरी अगाडि बढाउनेमा मनु ब्राजाकी, धर्मागत शर्मा 'तुफान', रवि प्राञ्जल एवम् घनश्याम न्यौपाने 'परिश्रमी' जस्ता व्यक्तित्वहरू नेपाली गजलको पुनःजागरण कालका आधार स्तम्भका रूपमा रहेका छन् । त्यस्तै नेपाली गजललाई अगाडि बढाउने वियोगी, बुढाथोकी, बूँद राना, कृष्णहरि बराल, मुना पौडेल, यज्ञबिक्रम शाही, खगेन्द्रबिक्रम बस्याल जस्ता उल्लेखनीय गजलकारहरूको सक्रियताले गजल क्षेत्रलाई थप उर्जा प्रदान गरेको छ ।

ज्ञानुवाकर पौडेलको आगमन र ललिजन रावलको सबल उपस्थितिले नेपाली गजल विभिन्न प्रवृत्तिबाट उम्केर मानवीय अन्तरपीडाका विविध भावहरू पोख्न स्वतन्त्र हुन सकेको छ । आजको गजल विभिन्न शैल्पिक चमत्कार, नयाँ मूल्य र मान्यता तथा उन्नतिका पक्षहरू लिएर उर्वर बन्दै गइरहेको छ । ज्ञानुवाकर पौडेलका गजलहरूमा संरचनाका पक्षभन्दा भावपक्ष नै गाढो देखिन्छ ।[९९] पौडेलका अनुसार गजलले युगको वास्तविकता र मानिसको मनस्थितिको उतार-चढावलाई केलाउने काम गरेको पाइन्छ । यसैगरी ललिजन रावलका गजलमा संरचना र भाव दुवै पक्षको कलात्मक मिश्रण पाइन्छ । उनका गजलले समग्र जीवनको उतारचढावलाई प्रतीकात्मक प्रस्तुतिद्वारा अभिव्यञ्जित गर्दै कलात्मक सौन्दर्य प्राप्त गरेको छ ।[१००] यसरी नै मनु ब्राजाकीका गजलमा शिल्प, सौन्दर्य र भावको मञ्जुल सामञ्जस्यता देखिन्छ । मानवीय जीवनका यथार्थता र अन्तर्द्वन्द्व, सामाजिक र सांस्कृतिक मूल्य एवम् मान्यतामा देखिएका विचलन र विकलङ्गता अभिव्यक्ति, अन्तर्मनका हृदयस्पर्सी भावहरूलाई अति मार्मिकतापूर्ण तरिकाले प्रस्तुत गर्ने ब्राजाकीका गजलहरू कलात्मक देखिन्छन् ।[१०१] यसैगरी धर्मागत शर्मा 'तुफान'का गजलमा भावशिल्प र छटाको नवीनता भेटिन्छन् । यही नवीन विशेषता अन्तर्गत उनका गजलले मानवीय

९९ अर्जुनप्रसाद पौडेल, **घनश्याम न्यौपाने 'परिश्रमी' को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, २०५७, पृ. ८ ।

१०० अमर त्यागी, *नेपाली गजलको परम्परा र प्रवृत्ति,* **मधुपर्क,** वर्ष ३१, पूर्णाङ्क ४, २०५५, भाद्र, पृ. १४३ ।

१०१ मनु ब्राजाकी, **गजलगङ्गा,** ललितपुर, साझा प्रकाशन, २०५१, पृ. क-ठ ।

अन्तर्वेदना र मूल्यलाई सुम्सुम्याउँदै समताबोधको अपेक्षा गरेको देखिन्छ ।[१०२] यसरी नै घनश्याम न्यौपानेका गजलमा संरचनात्मक सतर्कता, भाव पक्षको कलात्मक परिश्रम र शैल्पिक मोहकता भेटिन्छ । मानवीय समाजमा बिभिएर बसेका ह्रासोन्मुख मूल्य, सांस्कृतिक-सामाजिक विचलनका छेस्काहरू केलाउँदै उनका गजलहरू समतामुखी र मानवतामुखी सद्भाव एवम् राष्ट्रप्रेमका आस्थाहरू प्रतिस्थापनातर्फ बढी ढल्किएका देखिन्छन् ।[१०३]

यसरी आ-आफ्नो पक्षबाट नेपाली गजलको विकासमा आफ्नो सक्रिय सहभागिता प्रदर्शित गरी नीजि वैशिष्ट्य कायम गर्न प्रयासरत गजलकारहरूमध्ये वियोगी, बुढाथोकी युगीन चेतनाको प्रतिबिम्ब लिएर बुँद राना प्रगतिवादी चेत लिएर, कृष्णहरि बराल मनका हार्दिक भावहरू लिएर, मनु पौडेल युगीन चेतनाको प्रतिबिम्बमा मानवीय संवेदनालाई लिएर हार्दिकता प्रदान गर्दै सरल, तरल, लयात्मक्ता एवम् कलात्मक गजल लिएर र यज्ञबिक्रम शाही समसामयिकताको वस्तुतथ्यलाई हृदयङ्गम गर्दै प्रेमभावलाई आफ्ना गजलद्वारा सान्त्वनाको सन्देश लिएर वर्तमान नेपाली गजलमा दृढ विश्वासका साथ देखापरेका छन् ।[१०४] यसरी विभिन्न गजलका सङ्ग्रहहरू लिएर देखापरेका गजलकार गोविन्दराज विनोदी संरचनात्मक सतर्कता, भावगत सघनता, प्रभावेत्पादक क्षमता, शिल्पगत विशेषता र लयात्मक एवम् गेयात्मक गुणसम्पन्न क्षमतायुक्त गजल लिएर अगाडि बढेका छन् । विनोदीका गजलको अध्ययन गर्दा उनी एक स्थापित गजलकारका रूपमा देखापरेका छन् भन्न सजिलै सकिन्छ ।[१०५] यसै गरी उपयुक्त गजलकारहरूसँग गजलसङ्ग्रह लिएर अगाडि बढेका दोस्रा चरणदेखि अहिलेसम्मका गजलकारहरूमा ज्ञानुवाकर पौडेल, दिव्य गिरी, ललिजन रावल, धर्मोगत शर्मा 'तुफान', मनु ब्राजाकी, बद्रीलाल 'निराश', रवि प्राञ्जल, बासुदेव अधिकारी, खगेन्द्रप्रसाद बस्याल, घनश्याम न्यौपाने 'परिश्रमी', बूँद राना, विजय सुब्बा, मनु पौडेल, वियोगी बुढाथोकी, चन्द्र पोखरेल, प्रभातबिक्रम शाही, पूर्ण भण्डारी, पंकजकुमार शिशिर, टीकाराम उदासी, रोशनकुमार राजभण्डारी, प्रिया पत्थर, राममान तृषित, के.बी. उदय, निमेश नेबो, प्रेमप्रकाश मल्ल, मधुकर, गोवर्द्धन पूजा, खड्गसेन ओली, विजयभक्त उपाध्याय, जगत नवोदित, गोविन्द नेपाल, कालीप्रसाद रिजाल, जैनेन्द्र जीवन, धर्म प्रधान 'अविञ्चन', गोविन्दराज विनोदी, आर.बी. फ्लेम आदि प्रमुख छन् ।

---

१०२ घनश्याम न्यौपाने 'परिश्रमी', **घामको छहारीमा,** पूर्ववत्, पृ. ४-८ ।

१०३ घनश्याम न्यौपाने 'परिश्रमी', **घामको छहारीमा,** पूर्ववत्, पृ. ४-८ ।

१०४ अर्जुनप्रसाद पौडेल, **घनश्याम न्यौपाने 'परिश्रमी'को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** पूर्ववत्, पृ. ८१ ।

१०५ गोविन्दराज विनोदी, **निमेन घडीहरू,** चितवन : चितवन साहित्य परिषद्, २०५६, पृ. १४४ ।

त्यसै गरेर नेपाली गजलको दोस्रो चरणमा पुस्तकाकार गजलकृति प्रकाशित गर्ने गजलकारहरूका अतिरिक्त विभिन्न पत्रपत्रिकाका गजलसङ्कलन र गजल विशेषाङ्कहरूमा आफ्ना फुटकर गजल प्रकाशित गर्ने गजलकारहरूको सङ्ख्या अत्यधिक छ । नेपाली गजलको यस नवीन यात्रामा ती फुटकर गजल लेख्ने गजलकारहरूले पुर्‍याएको योगदान अत्यन्त महत्वपूर्ण छ । तिनीहरूमा प्रमुख गरेर ध्रुव मधुकर्मी, हरि अधिकारी, रत्न प्रजापति, सानुराजा श्रेष्ठ 'अञ्जान', उज्ज्वल जि.सी., विवश पोखरेल, प्रमोद स्नेही, अमीर निशाचर, व्याकुल पाठक, पदम गौतम, सुदिप गुरागाइँ, प्रकाश बस्नेत 'गफाडी', प्रकट पँगेनी 'शिव' गुलाव खेतान, हरिशरण थापा, ध्रुवचन्द्र गौतम, पुष्पहरि क्याम्पा राई, रमेश खकुरेल, राकृति सुनील पुरी, शान्तिप्रिय, सविना मिश्र, रमेशप्रसाद सागर, नरेन्द्रप्रसाद प्रसाइँ, रामकृष्ण काफ्ले, वागिमान शर्मा, सनतकुमार आचार्य, रामकृष्ण शर्मा, भीमविराग, वसन्त खनाल, ईशाहक हुसेन, सञ्जय शाह, शीतल गिरी, अच्युत खनाल, रामप्रसाद खनाल आदि प्रमुख रहेका छन् ।

यसरी नै नेपाली साहित्यमा गजललाई स्थापित गराउनमा केही पत्र-पत्रिका वा संस्थाहरूले पनि धेरै ठूलो सहयोग गरेका छन् । **मधुपर्क, गरिमा, मिर्मिरे, आरोहण, विजय गजल, वसुन्धरा, कविता, नरप्रज्ञापन, झरना, वन्दना** र द्वैमासिक गोजी पत्रिका **मुर्च्छना**ले पनि नेपाली गजलको वास्तविकतालाई अगाडि ल्याउन सहयोग गरेका छन् । त्यस्तै दुवसु क्षेत्री र ललिजन रावलबाट सम्पादित पुस्तकहरू **समकालीन नेपाली गजल** (२०४७) र **समसामयिक नेपाली गजल** (२०५०) यस कालका महŒवपूर्ण उपलब्धि मानिन्छन् ।[१०६]

यसै गरी मुलुकका विभिन्न स्थानहरूमा रहेका स्थानीय रेडियो (एफ.एम.) हरूले गजलमञ्च श्री कार्यक्रम सञ्चालन गरेर गजलको प्रचार-प्रसारमा महŒवपूर्ण सहयोग पुर्‍याएका छन् । त्यस्तै गजलमञ्च नेपाल, गजल सन्ध्या (पोखरा), गजल गुड (कलैया), गजलगृह (काठमाडौँ), गजलसागर (बुटवल), सुदुर पश्चिमाञ्चल गजलमञ्च (धनगढी) जस्ता संस्थाहरू स्थापित भई क्रियाशील हुनाले यस विधाको विकासमा महŒवपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ ।[१०७] नेपाली गजल एकातिर आज निकै ठूलो सङ्घर्ष गर्दै अगाडि बढेको छ र यस सम्बन्धी विभिन्न खोज, अनुसन्धान र शोधकार्यहरू पनि हुँदैछन् । एम.ए. नेपाली विषयमा कतिपय विद्यार्थीले नेपाली गजल तथा गजलकारहरूलाई विषय बनाएर

---

१०६ अमर त्यागी, **नेपाली गजलको परम्परा र प्रवृत्ति,** पूर्ववत, पृ. १४५ ।

१०७ घनश्याम न्यौपाने 'परिश्रमी', **गजलको स्वरूप र बहरहरूको चिनारी तथा नेपाली गजल परम्पराको सङ्क्षिप्त अभिरेखाङ्कन,** पूर्ववत, पृ. २० ।

शोपत्रहरू लेखेको छन् र कतिपयले लेख्दै गरेका छन् । यसरी यस विधामा बिस्तारै शोध, अनुसन्धानका ढोका खोलिनुले यसको भविष्यबारे ठूलो टेवा दिन्छ ।

## ४.८ युसुफदिन मियाँ 'पाल्पाली'का कृतिगत विश्लेषण

### ४.८.१ 'पाल्पालीका गजल' गजलसङ्ग्रहको विश्लेषण

#### ४.८.१.१ पृष्ठभूमि

गजल आफ्नै संरचनात्मक सिद्धान्त भएको स्वतन्त्र विधा हो । २०६६ सालमा पल्लव साहित्य प्रतिष्ठानबाट प्रकाशित **पाल्पालीका गजल** गजलसङ्ग्रह गजलकार युसुफदिन मियाँ 'पाल्पाली'को पहिलो पुस्तकाकार कृति हो । अत्यन्तै मार्मिक र हृदयस्पर्शी खालको रचना तयार गरी आफ्नो बहुमुखी प्रतिभाको स्पष्ट पहिचान दिन सफल भएका छन् । युसुफदिन मियाँ 'पाल्पाली'को अत्यन्त रुचिको विषय गजल रहेको पाइन्छ । गजल पढ्दा अत्यन्त रमाइलो अनुभूति हुने भएकाले 'पाल्पाली' गजल क्षेत्रमा लागेका हुन सक्छन् ।

प्रस्तुत **पाल्पालीका गजल** गजलसङ्ग्रहमा एक सय दुई वटा गजलहरू सङ्गृहित छन् । दुई-दुई पङ्क्तिसम्मका गजलहरू यस सङ्ग्रहमा परेका छन् । यस गजल सङ्ग्रहभित्रका गजलहरूमा समसामयिक जीवन, प्रेमप्रणय, जीवनका खण्डित मूल्य एवम् मान्यताहरू केन्द्रीय तत्वका रूपमा आएका छन् ।

#### ४.८.१.२ संरचना

एक सय दुई पृष्ठको प्रस्तुत गजलसङ्ग्रह **पाल्पालीका गजलसङ्ग्रह**भित्र विभिन्न शीर्षकमा एक सय दुई ओटा गजलहरू रहेका छन् । एकदेखि एक सय दुई नम्बर दिइएका गजलहरूलाई भिन्दा-भिन्दै शीर्षक दिइएको छ । पाँच सेर भएको गजलहरू पन्चान्नब्बेओटा, छ सेर भएका छओटा र सात सेर भएका एकओटा गरी जम्मा १०२ ओटा गजलहरू रहेका छन् । मतला, मक्ता, काफिया, रदिफ सबै गजलहरूमा पाइन्छन् भन्ने तखल्लुस यस गजलमा पाइँदैन । लयका आधारमा हेर्दा सबै गजलहरू गीति लयमा तयार पारिएका छन् । गजलहरूको पङ्क्ति सङ्ख्या र गजलभित्रका विभिन्न तत्वलाई यस तालिकाद्वारा स्पष्ट पार्न सकिन्छ :-

| क्र. | गजल | पङ्क्ति | सेर | मतला | मक्ता | काफिया | रदिफ | तखल्लुस | लय |
|---|---|---|---|---|---|---|---|---|---|

| सं. | नं. | सङ्ख्या | सङ्ख्या | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | १. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| २. | २. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ३. | ३. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ४. | ४. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ५. | ५. | १४ | ७ | √ | √ | √ | √ | × | गीतिलय |
| ६. | ६. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ७. | ७. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ८. | ८. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ९. | ९. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| १०. | १०. | १२ | ६ | √ | √ | √ | √ | × | गीतिलय |
| ११. | ११. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| १२. | १२. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| १३. | १३. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| १४. | १४. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| १५. | १५. | १२ | ६ | √ | √ | √ | √ | × | गीतिलय |
| १६. | १६. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| १७. | १७. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| १८. | १८. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| १९. | १९. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| २०. | २०. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| २१. | २१. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| २२. | २२. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| २३. | २३. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| २४. | २४. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| २५. | २५. | १२ | ६ | √ | √ | √ | √ | × | गीतिलय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २६. | २६. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| २७. | २७. | १२ | ६ | √ | √ | √ | √ | × | गीतिलय |
| २८. | २८. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| २९. | २९. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ३०. | ३०. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ३१. | ३१. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ३२. | ३२. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ३३. | ३३. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ३४. | ३४. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ३५. | ३५. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ३६. | ३६. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ३७. | ३७. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ३८. | ३८. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ३९. | ३९. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ४०. | ४०. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ४१. | ४१. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ४२. | ४२. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ४३. | ४३. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ४४. | ४४. | १४ | ७ | √ | √ | √ | √ | × | गीतिलय |
| ४५. | ४५. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ४६. | ४६. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ४७. | ४७. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ४८. | ४८. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ४९. | ४९. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ५०. | ५०. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ५१. | ५१. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५२. | ५२. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ५३. | ५३. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ५४. | ५४. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ५५. | ५५. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ५६. | ५६. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ५७. | ५७. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ५८. | ५८. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ५९. | ५९. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ६०. | ६०. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ६१. | ६१. | १४ | ७ | √ | √ | √ | √ | × | गीतिलय |
| ६२. | ६२. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ६३. | ६३. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ६४. | ६४. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ६५. | ६५. | १२ | ६ | √ | √ | √ | √ | × | गीतिलय |
| ६६. | ६६. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ६७. | ६७. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ६८. | ६८. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ६९. | ६९. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ७०. | ७०. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ७१. | ७१. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ७२. | ७२. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ७३. | ७३. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ७४. | ७४. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ७५. | ७५. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ७६. | ७६. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ७७. | ७७. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७८. | ७८. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ७९. | ७९. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ८०. | ८०. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ८१. | ८१. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ८२. | ८२. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ८३. | ८३. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ८४. | ८४. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ८५. | ८५. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ८६. | ८६. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ८७. | ८७. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ८८. | ८८. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ८९. | ८९. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ९०. | ९०. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ९१. | ९१. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ९२. | ९२. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ९३. | ९३. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ९४. | ९४. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ९५. | ९५. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ९६. | ९६. | १४ | ७ | √ | √ | √ | √ | × | गीतिलय |
| ९७. | ९७. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ९८. | ९८. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ९९. | ९९. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| १००. | १००. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| १०१. | १०१. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| १०२. | १०२. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |

**४.८.१.३ केन्द्रीय कथ्य**

कुनै पनि लेख रचना, गजल, कथा, नाटक आदि रचना गर्दा विषयवस्तु अनिवार्य अङ्गको रूपमा रहेको हुन्छ । स्रष्टाले समाजबाट लिएका दुःखद क्षणका निजी अनुभूति एवम् सामाजिक विकृति, विसङ्गति, विवशता, बिडम्बना, व्यङ्य, विद्रोही भावना आदि विषयवस्तुको रूपमा रहेका हुन्छन् । गजलकार युसुफदिन मियाँ 'पाल्पाली'ले जीवन र जगत्का विविध पक्षलाई आफ्नो गजलहरूमा प्रस्तुत गर्ने प्रयास गरेका छन् । 'पाल्पाली'का गजलसङ्ग्रहमा सङ्कलित गजलहरूका केन्द्रिय कथ्य यसप्रकार छन् :

**गजल १ मुस्किल मुस्किल**

प्रस्तुत गजलमा विकृति र विसङ्गतिले जोगिएर हिँड्न गाह्रो भएको, महङ्गीले चरमचुली नाघेको र राजनैतिक परिवेशहरूका कुराहरूलाई व्यक्त गरिएको छ ।

**गजल २ बरु मारे मार**

प्रस्तुत गजलमा प्रियले प्रियसीलाई मलाई जे गर्छौ गर मेरो यति मीठो मायालाई अन्त कतै सार्ने काम नगर, मान्छेहरू धेरै थरिका हुन्छन् तर राम्रो मान्छे थोरै हुन्छन् त्येसैले यसलाई जोगाउने काम गर भन्ने भाव व्यक्त गरिएको छ ।

**गजल ३ फुर्सद मिलेन**

प्रस्तुत गजलमा मायामा रुँदा-रुँदै जीवन बित्न लाग्यो धन-सम्पत्ति, खुशी लुटाएर मरेसरह बाँचिरहेको कुरा व्यक्त गरिएको छ ।

**गजल नं. ४ हुन्छ मात्र भन**

प्रस्तुत गजलमा प्रियले प्रियसीलाई आफ्ना सारा खुशी दिलाइदिने र आफ्ना क्षमताले भ्याएसम्म संसारभरका चीजहरू दिन सक्ने जति सबै दिई लक्ष्य पूरा गरिदिनेछु भनी अन्तर्मनका भावनाहरूलाई व्यक्त गरिएको छ ।

**गजल नं. ५ बाँधे मायाको डोरी**

प्रस्तुत गजलमा आत्मिक प्रेमको कुरा गरिएको छ । माया भन्ने कुरा मुटुभित्र हुन्छ । यसलाई दुनियाँले चाहेर पनि छुटाउन सक्दैनन्, लाठी र तरवारले जोड गरे पनि फुटाउन सक्दैनन् भनी अर्न्तमनका भावनाहरू अभिव्यक्त गरिएको छ ।

**गजल नं. ६ कैले हुने हो भेट**

प्रस्तुत गजलमा प्रेम-प्रणयका कुराहरू गर्दै प्रेमिकासँग छिटो-छिटो भेट गर्ने र खाली रहेको दिललाई मायाले भर्ने भावना व्यक्त गरिएको छ ।

**गजल नं. ७ पिरती नै सम्पत्ति**

यस गजलमा वास्तविक सम्पत्तिको रूपमा रहेको प्रेमलाई छाडेर भौतिक सम्पत्तिको पछि लाग्ने आफ्नी प्रियसीको विछोडजन्य पीडालाई आफूले केही गरी भुलाउन नसकेको व्यथालाई विभिन्न माध्यमबाट व्यक्त गरेका छन् ।

**गजल नं. ८ जून हैन**

प्रस्तुत गजलमा प्रियसीले प्रेमीलाई संबोधन गर्दै आराध्यदेव ईश्वर सम्झिएको भाव अभिव्यक्त गरी मिल्ने जीवनसाथीका रूपमा उसकै आत्मिक नाम जप्दै आवश्यक परे जति माया मिल्छ भन्ने ठान्दै यस गजलमा भावहरू व्यक्त गरिएको छ ।

**गजल नं. ९ जति भिज्न लागे**

प्रस्तुत गजलमा अज्ञानताका कारण आएको अहङ्कार ज्ञानका कारण बुझ्दै गएपछिको भाव अभिव्यक्त गरिएको छ ।

**गजल नं. १० मीठा ती नजर**

यस गजलमा प्रेमीले प्रेमिकालाई मेरो प्रेम आत्मिक हो कसी लगाएर जाँच्ने कुरा छ भने जाँची हेर भन्ने भाव व्यक्त गरिएको छ ।

**गजल नं. ११ मायालु ती आशा**

प्रस्तुत गजलमा प्रियले प्रियसीलाई जति बिर्सन खोजे पनि बिर्सन नसकेको मायालुको फोटो दिलमा सजाएको भावहरू व्यक्त गरिएको छ ।

**गजल नं. १२ दैवको वरदान**

प्रस्तुत गजलमा ईश्वरको लीला अपरम्पार छ भन्ने कुरालाई अभिव्यक्त गरिएको छ, सबैको रूप एउटै हुन्छ तर व्यवहार कसैको एउटै हुँदैन, जीवनमा लेखेको कुरालाई नभोगी हुन्न भन्ने भावलाई अभिव्यक्त गरिएको छ ।

**गजल नं. १३ सानो छ घाँटी**

यस गजलमा प्रेमी प्रियसीका क्रियाकलापबाट डराएको छ अथवा प्रेमीले प्रियसीको क्रुरताको कुरा गरेको देखिन्छ भने अर्कोतिर विकृति र विसङ्गतिमाथि गरेको राजनैतिक व्यङ्गलाई प्रस्तुत गरिएको छ ।

**गजल नं. १४ भत्किँदैछ गारो**

यस गजलमा जुन चाहना, जुन सपनाहरू कल्पना थियो, मनका आशाहरू चुल्याएको थिएँ ती सबै खस्कँदै गए, सारा चाहनाहरू सबै अधुरै, अपुरै रहन लागेको कुरालाई अभिव्यक्त गरिएको छ ।

**गजल नं. १५ निर्मोहीको मुहार**

यस गजलमा प्रेमीले प्रेमिकालाई संबोधन गरेर भनिएको छ । मनभित्रका प्रेममय भावनाहरूलाई बिर्सिनसकेको, सबै पीर-वाधाहरू सहन सक्ने जति सहेर बसेको र ती रसिला ओँठहरूलाई सान्तवना दिन नसकेको कुराहरू अभिव्यक्त गरिएको छ ।

**गजल नं. १६ सुख शान्ति दिने**

प्रस्तुत गजलमा राजनीतिक खेललाई व्यङ्ग्य गरिएको छ । समाजमा रहेको उँचनिच, जातिगत विकृति, विसङ्गतिका कुराहरू र देशमा उन्नति कहिले होला भन्ने कुरालाई व्यक्त गरिएको छ ।

**गजल नं. १७ शीत हुन सकिँन**

प्रस्तुत गजलमा आँफूचाहि अरुको निमित्त राम्रो हुन नसकेको, प्रियसीको निमित्त अनुकुल हुन नसके तापनि जीवन जीउने क्रममा पाएका दुःख-पीडाहरू पचाई सकेको हुनाले यस भन्दा बढी पीडा आइपरे पनि जीवन जीउन गाह्रो नभएको भाव अभिव्यक्त गरिएको छ ।

**गजल नं. १८ अछुत होइन म**

प्रस्तुत गजलमा प्रियले प्रियसीलाई आफू कुनै नराम्रो मान्छे होइन, मलाई चिन्ने कोसिस गरी मनका पीर-व्यथाहरूलाई साथ दिएर जाऊ र मनको बगैंचामा आएर बासना छरेर जाऊ भनी अन्तमर्नका भावनाहरूलाई व्यक्त गरिएको छ ।

**गजल नं. १९ ती आँखाको सगरमा**

प्रस्तुत गजलमा प्रियले प्रियसीलाई आँखाको सागरमा आफूलाई भुलाइरहेको र ध्यान अन्त जान नसकेको, रूपवतिका रूपले आकर्षित भएको भाव व्यक्त गरिएको छ ।

**गजल नं. २० फूलै फक्रिएको**

प्रस्तुत गजलमा प्रेमीले प्रेमिकालाई मनको बगैंचामा आएर बासना छर्ने हो की, आफूलाई जीवनभरी साथदिनका निम्ति तिमी यस धर्तीमा ओर्लिएकी हो की भन्ने कुरा अभिव्यक्त गरिएको छ ।

**गजल नं. २१ बाली त मारिएन**

प्रस्तुत गजलमा माया पाउनका निमित्त नायिकालाई कोसिस गरिरहेको तर जति फकाए पनि नायिका नरिभिएको, जीवनलाई उज्यालो पार्न खोजे तर अगाडि बढ्न नसकेको भाव व्यक्त गरिएको छ ।

**गजल नं. २२ महङ्गीले**

प्रस्तुत गजलमा विभिन्न विकृति, महङ्गी, गलत फेसन आदि कुराहरूले व्यवहार चलाउन गाह्रो भएको, राष्ट्रको विकासको निमित्त योजनाहरू नबनेको, गरीब-निमुखाहरूले विकास कहिले होला भनेर आस गरेर बसिरहेको र क्यान्सर जस्तै रोगहरू बढ्दै गएको कुराहरू व्यक्त भएको छ ।

**गजल नं. २३ दिएका चोटहरू**

प्रस्तुत गजलमा प्रेमीले प्रेमिकालाई जति चोट, खोट दिए पनि सहेर बसेको, आफ्ना मनभित्र राख्नका लागि हजारौं दुःख-कष्ट पाए पनि पछि नहटेको र छातिभित्र तस्वीर राखी बसेका कुराहरू अभिव्यक्त गरिएको छ ।

**गजल नं. २४ सबैसँग**

प्रस्तुत गजलमा प्रेम र सद्भावका कुराहरूमा जोड दिइएको छ । दुनियाँमा जति मानिस छन्, सबैसँग राम्रो व्यवहार गर्ने, सबैजना हाँसीरहने, बोलिरहने र सबैलाई हात जोडुँ-जोडुँ लाग्ने भाव यस गजलमा अभिव्यक्त गरिएको छ ।

**गजल नं. २६ थोपा हाम्रो हित**

प्रस्तुत गजलमा राष्ट्रप्रेमका भावनाहरू झल्किएका छन् । आफूलाई हित हुने, देशलाई शान्ति हुने र नेपाल आमालाई सधैं हँसाइराख्ने कुराहरूको भाव अभिव्यक्त गरिएको छ ।

**गजल नं. २५ थोपाथोपा पसिनाको**

प्रस्तुत गजलमा जातिसुकै परिश्रम गरे तापनि जनताको जीवन माथि उठ्न नसकेको कुरा अभिव्यक्त गर्दै राजनैतिक झण्डामात्रै बोकेर हिँडदा राज्यको प्रगति हुन नसकेको र जनताले सुख पाउन नसकेको भाव अभिव्यक्त गरिएको छ ।

**गजल नं. २७ सजाएर राख**

प्रस्तुत गजलमा प्रेमीले प्रेमिकालाई संबोधन गरिएको छ । आफ्ना सारा खुशीहरू सुम्पेको छु त्यसलाई कसरी सदुपयोग गर्ने हो गर, तिम्रो लागि म जे गर्न पनि तयार छु भन्ने अर्न्तमनका प्रेम भावहरू पोखिएको छ ।

**गजल नं. २८ प्रकृतिको यस्तो रीत**

प्रस्तुत गजलमा प्रेमीले प्रेमिकालाई भनेको कुरा व्यक्त गरिएको छ । यदी प्रकृतिको रीत नहुने हो भने माया-प्रीतिका कुराहरू पनि हुने थिएनन् र जिन्दगीमा मिल्ने हितैषी पनि हुने थिएनन् भन्ने भावहरू व्यक्त गरिएको छ ।

**गजल नं. २९ निर्मोहीले**

यस गजलमा प्रियले प्रियसीलाई सम्बोधन गरी भनिएको छ । माया प्रेममा स्वार्थका भावनाहरू लुकेको हुँदोरहेछ । आशा अधुरो दिएर सधैं सताइरहने र मायाचाहिँ नदिने मायालुलाई दुःखात्मक ढङ्गले प्रस्तुत गरिएको छ ।

**गजल नं. ३० जति गाह्रो**

प्रस्तुत गजलमा वास्तविक हितैषीलाई चिन्न गाह्रो हुने कुरा झल्काइएको छ । असल कुराहरू चिन्नलाई धेरै नै गाह्रो हुँदोरहेछ भनी वास्तविक प्रेमलाई व्यक्त गरिएको छ ।

**गजल नं. ३१ सक्रिय उहाँलाई**

यस गजलमा प्रियसीले प्रेमिकालाई सक्रिय बनाउनको लागि अनेक रचनाहरू रचिएको तर अनेक रचनाहरू रच्दा पनि सक्रिय बनाउन नसेको प्रेममय अर्न्तमनका भावहरू यस गजलमा प्रस्तुत गरिएका छन् ।

**गजल नं. ३२ छातीको डहन यो**

प्रस्तुत गजलमा प्रेमीले प्रेमिकालाई संबोधन गरिएको छ । मायाका सिँढीहरूलाई पार गरी सानै भएपनि ठूलो साहस बोकी शत्रुलाई छेक्न सक्नुपर्छ । कसैले होच्याएर अथवा हेपेर बोलेपनि डर नमानीकन बाँच्नुपर्दछ भन्ने भावहरू यस गजलमा व्यक्त भएका छन् ।

**गजल नं. ३३ हुनु पर्ने**

प्रस्तुत गजलमा प्रेमीले प्रेमिकालाई वैंशले झकमक्क भरिपूर्ण भएर हिँडेकी छौ, तिम्रो रूप-रङ्ग सबै देखेर आकर्षित भएको छु तर तिम्रो माया भने अन्तैतिर सरेको हो कि भन्ने भाव व्यक्त गरिएको छ ।

**गजल नं. ३४ दिन काट्नलाई**

प्रस्तुत गजलमा आफू जतिसुकै प्रयत्न गरेपनि फल प्राप्त हुन सकेको छैन । उनलाई प्रभावमा पार्न सकेको छैन । अझ पनि आशा मरेको छैन भन्ने भावहरू यस गजलमा व्यक्त भएका छन् ।

**गजल नं. ३५ जाँदाजाँदा**

यस गजलमा प्रेमीले प्रेमिकालाई माया नदिए पनि मुसुमुसु हाँसेर बोलिदिए धेरै नै शान्ति र आनन्दको अनुभव हुने र थोरै भएपनि माया गाँसेर जाने कुरा व्यक्त गरिएको छ ।

**गजल नं. - ३६ सानधरी आँखाभरि**

प्रस्तुत गजलमा प्रेमीले प्रेमिकालाई नजरले हिर्काई चोट दिन सक्ने तर माया चाहिँ दिन गाह्रो मान्ने र घाउमा मलम दल्न आउँदा गोरेटोमा काँडा बेरी बार लगाएका भावहरू व्यक्त गरिएको छ ।

**गजल नं. ३७ पिरतीको आश**

प्रस्तुत गजलमा प्रेमीले प्रेमिकालाई जहाँ पुगे पनि आश गर्न नछोडेको कुरा र मायालुसँग नजर जुधेपछि अन्त कहीँ नगई देवतासँग मागेको भाव व्यक्त गरिएको छ ।

**गजल नं. ३८ मायालुको मनभित्र**

प्रस्तुत गजलमा प्रियले प्रियसीलाई मनभित्रका कुराहरू केही बुझ्न नसकेको, जति चाडपर्व आए पनि आफ्नो मायालुसँग कहीँ घुम्ने फिर्ने दिन नआइपुगेको भनि मनभित्रका भावहरू व्यक्त गरिएको छ ।

**गजल नं. ३९ खुसीलाई उक्काएर**

प्रस्तुत गजलमा प्रेमी प्रेमिकाले यस दुनियाँमा जन्मेर फेरि आउने हो कि होइन त्यसैले माया प्रीति गरी बाचौँ र दुःख-कष्ट काटी जोडेको सम्पत्ति प्राण रहँदासम्म खाइने हो कि होइन, पाएको जिन्दगीलाई खेर नफाली सदुपयोग गरौं भन्ने भाव व्यक्त गरिएको छ ।

**गजल नं. ४० डराएर बसूँ भने**

प्रस्तुत गजलमा मानिस हुन नसकि पिशाच भएको कुरा अभिव्यक्त गर्दै जतिसुकै आश्वासनका कुराहरू गरेपनि, विकासका कुराहरू गरेपनि उनीहरूले कुनै किसिमको प्रगति नगरेको र जनताले कुनै पनि हक, हित पाउन नसकेको भाव अभिव्यक्त गरिएको छ ।

**गजल नं. ४१ छातीको भित्र**

प्रस्तुत गजलमा प्रियले प्रियसीलाई प्रेममा धोका दिँदा धेरै दुःख कष्ट हुँदोरहेछ । मीठा बाचा, बन्धनलाई फुकाएर चटक्क छोडेर जाने जीवनसाथी देख्दा भक्कानो छुटी आउँछ । प्रेम भनेको एउटा धन हो, यसलाई साँचेर राख्नु हुँदैन, कसैले दाग लगाइदिन सक्छ भन्ने भाव अभिव्यक्त गरिएको छ ।

**गजल नं. ४२ के हुने हो**

प्रस्तुत गजलमा दुई दिनको जिन्दगीमा एकदिन अवश्य मरेर जानुपर्छ त्यसैले राम्रो काम गर्नुपर्दछ । संसारका सबै चीजहरूलाई छोडेर रित्तै जानुपर्दो रहेछ भन्ने भाव व्यक्त गरिएको छ ।

**गजल नं. ४३ मोहनी रूपको**

यस गजलमा प्रियले प्रियसीलाई बन्धनमा परिसकेपछि त्यसलाई फुकाउन र सम्हाल्न गाह्रो हुँदोरहेछ । जीवनलाई मायाको रमाइलो खालमा नचाएँ भन्ने भाव प्रस्तुत गरिएको छ ।

**गजलन नं. ४४ गल्ति भयो**

प्रस्तुत गजलमा प्रियले प्रियसीलाई पिरतीमा गल्ति पनि हुन सक्छ, माया पनि हुन सक्छ । मानिस आखिरमा मानिस न हो भन्ने भाव प्रस्तुत गरिएको छ ।

**गजल नं. ४५ घुमेर सिद्धिदैन**

प्रस्तुत गजलमा आफ्नो प्यारो देश भनेको जन्म दिने आमा भन्दा पनि बढी हुन्छ । हामीले आफ्नो देशलाई सधैं माया गरिरहनु पर्दछ । सधैँ देशको रक्षा गर्नु पर्दछ, आफ्नी ममतामयी आमाको जिऊ नरहे पनि माया सधैँ रहिरहन्छ भन्ने अर्न्तमनका भावनाहरू व्यक्त गरिएको छ ।

**गजल नं. ४६ जता जहाँ जाऊँ**

प्रस्तुत गजलमा राम्रो चीजको जुनसुकै ठाउँमा पनि कदर हुन्छ सानादेखि ठूलासम्म राम्रा कुराहरू हुन्छन् । राजा-रङ्कहरूले पनि राम्रा मान्छेको मात्रै चर्चा-परिचर्चा गर्छन् भन्ने भाव प्रस्तुत गरिएको छ ।

**गजल नं. ४७ अमृतसरी बोली**

यस गजलमा सबैसँग मीठो बोली बोल्नु पर्दछ । सबैसँग मिलीजुली, हाँसीखुसी जिन्दगी बिताउनु पर्दछ । मानिसबाट गल्ती हुन्छन्, ती गल्तीलाई बिर्सिदिनु पर्दछ । सबैसँग

आखिर जिउँदो हुँदा सबै जन्ती बनेर जान्छन् र मरेपछि तिनै मानिस मलामी जान्छन् । जन्मिँदा रित्तो हात लिएर जन्मिएको र जाँदा रित्तै हात लिएर जाने कुराको अभिव्यक्त गरिएको छ ।

**गजल नं. ४८ दुखियाको जिन्दगीमा**

प्रस्तुत गजलमा गरीब, निमुखा र दिन दुःखीहरूमाथि भएको पीडालाई पोखिएको छ, त्यसै सिलसिलामा माया-प्रेमका कुराहरू पनि गरिएको छ । जिन्दगीमा खुशी कहिल्यै आएन, खाली रहेको दिललाई भरिपूर्ण गराइदेऊ भन्ने अन्तर्मनका भावहरूलाई व्यक्त गरिएको छ ।

**गजल नं. ४९ कलम समाती**

यस गजलमा भगवान्ले चाहे जसलाई जे पनि गरिदिन सक्थे र जीवनमा सुधार आई कुदिन फेरिएर सुदिन आउँथ्यो भनी अर्न्तमनका भावहरू व्यक्त गरिएका छन् ।

**गजल नं. ५० यो मनको गोरेटोमा**

प्रस्तुत गजलमा गरीब भएर हो कि किन हो, मायालुले चाहने कोसिस गरिनन् त्यसैले सधैं दुःख खेपिरहन परेको छ भनी भावहरू व्यक्त गरिएको छ ।

**गजल नं. ५१ हरबार हार खाएँ**

प्रस्तुत गजलमा प्रियले प्रियसीलाई सधैं भरि खोजी हिँडिरहेको तर माया-प्रेम कतै पनि भेटाउन नसकेको र प्रेमरोग लागेको र उपचार खोजी हिँडिरहेको भाव व्यक्त गरिएको छ ।

**गजल नं. ५२ आशा खेर नजाओस्**

यस गजलमा प्रिय र प्रियासीको प्रेमभावको कुराहरूलाई आधार बनाइएको छ । जुन माया, प्रेमको आधार खडा गरेका छौँ, त्यो भत्किएर खेर नजाओस्, कसैले लुटेर नलगोस्, दुई आत्माको मिलनबाट अमूल्य कमाई हुने कुराहरूलाई प्रस्तुत गरिएको छ ।

**गजल नं ५३ दुःख, दर्द खाई**

प्रस्तुत गजलमा प्रेमीले प्रेमिकाको नमित्त धेरै नै दुःख, कष्ट गरी पिरती लगाउनको लागि काखीमुनी च्यापेर राखी सबै सम्पत्ति मायालुकै लागि खर्च गरिदिएको र आफ्नो सारा ध्यानजति सबै उत्तैतिर लागेको भाव व्यक्त गरिएको छ ।

**गजल नं. ५४ यो दिमाग**

यस गजलमा मान्छेको दिमाग एकैठाउँमा राखेर नरहने, भएकाले हरहमेशा चञ्चल भइरहने र जति नरमाइलो दिन आएपनि कोहीसँग साट्न नमिल्ने कुरा व्यक्त गरिएको छ ।

**गजल नं. ५५ पहाड मानेर**

यस गजलमा प्रियले प्रियासीलाई गरेको व्यङ्ग्यात्मक कुराहरूलाई अगाडि बढाइएको छ । मानिस जति ठूलो भए पनि जति धन भए पनि आखिर ऊसँग मन ठूलो छैन भने मानिस भएर जन्मिएको केही अस्तित्व हुँदैन । दुःख, कष्ट परेको बेलामा साथ दिन नसकेको कुरालाई प्रस्तुत गरिएको छ ।

**गजल नं. ५६ दुःख दिएर**

यस गजलमा प्रियले प्रियसीलाई दुःख, कष्ट दिईै लालचा देखाई हरहमेशा सताइरहने विभिन्न किसिमका वाचा-कसमहरू खाई बेहोस बनी मीठा कुरा गर्ने पापी मनले सारा संसारलाई नै भुली मायालुकै याद आउने भाव व्यक्त गरिएको छ ।

**गजल नं ५७ एक दुई गर्दागर्दै**

यस गजलमा कुरा गदागर्दै बातहरू बढे तर काम कुरो केही भएन । मित्र पनि शत्रु बनी आफै माथि जाइलाग्न थाले । अरुको सीप चोरेर आफूले इज्जत लुट्न थालेको कुरा व्यक्त गरिएको छ ।

**गजल नं. ५८ उनी यता आउँदा**

प्रस्तुत गजलमा प्रियले प्रियसीलाई देख्दा सारा चीजहरू पाएजस्तो भयो, उनको मुस्कान देख्दा दिलभित्र लागेको रोग घटेको जस्तो भयो भनी अर्न्तमनका भावहरूलाई व्यक्त गरिएको छ ।

**गजल नं. ५९ पिउन देऊ मलाई**

यस गजलमा प्रियले प्रियसीलाई आफ्नै सुरमा जिन्दगी विताउन दिए हुन्थ्यो । मायाको वरीपरी झुल्न दिए हुन्थ्यो, घुम्न दिए हुन्थ्यो, डुल्न दिए हुन्थ्यो, दिलभित्र खुल्न दिए हुन्थ्यो भनी अन्तर्मनका भावहरू व्यक्त गरिएका छन् ।

**गजल नं. ६० ऋतुले**

यस गजलमा विछोड्जन्य पीडामा उनकै याद आइरहन्छ । प्रियसीसँग विताएका विस्मृतिका सुखद क्षणहरूको सम्झना आइदिन्छ र आफू झन्-झन् व्यथित बन्दै जुनसुकै ठाउँमा पनि उनको झझल्कोले सताइरहेको भाव व्यक्त गरिएको छ ।

**गजल नं. ६१ लोभ्याएर मलाई**

यस गजलमा प्रियसीका क्रियाकलापका कारण आफूलाई सताइरहेको, गलत व्यवहार गरेको हुनाले गजल व्यवहार नगर्न र दुःख दिने सारा औजारहरू जुटाउन छोडीदेऊ भन्ने भाव व्यक्त गरिएको छ ।

**गजल नं. ६२ दुःख दिन्छु**

यस गजलमा मायाले सुःख पनि दिन्छ, दुःख पनि दिन्छ, हाँसो पनि दिन्छ, रुवाई पनि दिन्छ, बाँच्दा पनि नाँच्दा पनि माया नै चाहिन्छ, जति टाढा गएपनि माया भन्ने चीज कहिल्यै टाढा हुँदैन भनी प्रस्तुत गरिएको छ ।

**गजल नं. ६३ दौडिएर जाँदा**

यस गजलमा मायाको अन्धोपनले गर्दा कतै ठोक्किन पुगेछु, कतै लड्न पुगेछु, कतै रोक्किन पुगेछु, आखिरमा राम्रा काम गर्छु भन्दा-भन्दै मरिजाने मान्छे तोकिएछ भन्ने प्रसङ्गलाई प्रस्तुत गरिएको छ ।

**गजल नं. ६४ सधैं गुन्गुनाउन**

यस गजलमा प्रियले प्रियसीलाई जिन्दगी बिताउनको लागि एउटा हितैषीको खाँचो भएको, असल हितैषी पाउनको लागि खोज्दै हिँडिरहेको भावहरूलाई व्यक्त गरिएको छ ।

**गजल नं. ६५ ज्यानै डुबाउने**

यस गजलमा प्रेम भन्ने कुरो बनावटी होइन आन्तरिकसँग हुन्छ । तिमीलाई अरुले वेवास्ता गरेपनि मैले तिमीलाई वेवास्ता गरेको छैन, तिमिलाई मैले जस्तो प्रेम, मान-सम्मान अरुले गर्दैनन् भन्ने अर्न्तमनका भावहरू व्यक्त गरिएका छन् ।

**गजल नं. ६६ आँखा मिलेर जुझ्दा**

यस गजलमा माया र प्रेम दुई मिल्दा खेरी दुनियाँले कुरा काट्ने, हल्ला गर्ने चर्चा गर्ने ठाउँ पाउँदारहेछन् भन्ने कुरा व्यक्त गरिएको छ ।

**गजल नं. ६७ प्रकृतिको रस**

प्रस्तुत गजलमा आफ्नो मन परेको मान्छे यस्तो लाग्छ की सम्पूर्ण दुनियाँको प्रकृतिले भरिएको जस्तो लाग्छ र उनैमा तन, मन, धन लुटाउन मन लाग्छ भनी भावहरू व्यक्त गरिएका छन् ।

**गजल नं. ६८ रातरानी फूलसरी**

यस गजलनमा प्रियले प्रियसीलाई त्यसै पनि बास आउने सास जस्तो लाग्ने सम्पूर्ण कुरा माया नै रहेछ । माया विना केही कुरा अगाडि बढाउन नसकिने रहेछ, भनी अन्तर्मनका भावनाहरू व्यक्त गरिएको छ ।

**गजल नं. ६९ माछा हैन**

प्रस्तुत गजलमा आफूले नायिकालाई प्रेम गरेका छन् । आफूले जति प्रेम गरे पनि नायिकामा आफ्नो प्रभाव पार्न सकेका छैनन् तैपनि आफ्नो प्रेमरोग सबै मायालुलाई नै सार्न मन भएको भाव अभिव्यक्त गरिएको छ ।

**गजल नं. ७० विचित्रको मेल**

प्रस्तुत गजलमा माया भन्ने चीज जसलाई पनि लाग्न सक्छ । मायाले रुवाउन पनि सक्छ, हँसाउन पनि सक्छ, माया विचित्रको चीज रहेछ भन्ने भाव यस गजलमा प्रस्तुत गरिएको छु ।

**गजल नं. ७१ मन टुक्रा पारी**

प्रस्तुत गजलमा प्रियले प्रियसीलई आफ्नो सम्पूर्ण दिल दिँदा पनि नजिकिन डराएको, धेरै धोका दिँदा दुःख पाइँदोरहेछ भन्ने जस्ता धारणाहरू व्यक्त गरिएको छ ।

**गजल नं. ७२ गीत नमीठो भो**

प्रस्तुत गजलमा प्रियले प्रियसीलाई माया विना सधैं अध्यारो लाग्ने, सधैं नरमाइलो लाग्ने, प्रेमी भनेको चीजै कस्तो हुँदो रहेछ भन्ने भावहरू यस गजलमा प्रस्तुत गरिएको छ ।

**गजल नं. ७३ सम्पत्तिमा आगो**

प्रस्तुत गजलमा धुम्रपान र मध्यपानले जिन्दगीलाई सधैं सताउँछ । यो मानिसका लागि शत्रु हो । धुम्रपान र मध्यपानलाई छोड्नु नै वेश हुनेछ भन्ने भाव यस गजलमा प्रस्तुत गरिएको छ ।

**गजल नं. ७४ कर्मले चिम्लिदिँदा**

प्रस्तुत गजलमा प्रियसीलाई सम्बोधन गरेर भनेका हुन् । आफूले जीवनलाई सुखले रङ्गयाउने सोच्दा उनीले बेवास्ता गरेका कुरा अभिव्यक्त गरिएको छ ।

**गजल नं. ७५ आकाशको जुनलाई**

यस गजलमा प्रियले प्रियसीलाई अभिव्यक्त गर्दै भित्र-भित्र गुम्सिएका माया र प्रितीका कुराहरू लुकाउँदा-लुकाउँदै पनि कहिले-काहीँ फुस्किएर जाने रहेछन् भन्दै माया प्रितीका वचनलाई चुकाउन नसकेको भाव व्यक्त गरिएको छ ।

**गजल नं. ७६ मर्न बाँच्न**

यस गजलमा प्रियले प्रियासीलाई प्रेमपूर्वक आनन्दित मनले दुवै एकसाथ बस्न पाए स्वर्गको सम्पत्ति भनेको नै यही हो ।। भौतिक प्रेमको सम्पत्ति भन्दा आत्मिक प्रेमको सम्पत्ति नै वढी हुन्छ भन्ने धारणा व्यक्त गरिएको छ ।

**गजल नं. ७७ छैन केही रहर**

प्रस्तुत गजलमा दुनियाँसँग विरक्त भएको हुनाले कुनै पनि रहर नलागेको र ठूला -ठूलाहरूले सानामाथि गरेको अन्याय र अत्याचारको विवरण यस गजलमा प्रस्तुत गरिएको छ ।

**गजल नं. ७८ आँखाबाट**

प्रस्तुत गजलमा प्रियले प्रियसीलाई नयनबाट चाहिँ टाढा होइन नजिक-नजिक आएको तर अगाडि साथ दिन भने हिच्किचाएको, आश मात्र देखाएर छाडेकोले गर्दा विरक्त भएको कुरा यस गजलमा व्यक्त गरिएको छ ।

**गजल नं. ७९ उनको सवारी**

प्रस्तुत गजलमा प्रियले प्रियसीलाई मायामा अत्यन्त पीडा हुँदोरहेछ, छट्पटी हुँदो रहेछ, जति-जति नजिक हुन्छ उति-उति नशा चढेर आउँछु र चञ्चल मनलाई थाम्न नसकी मन फुलेर आउने कुरा अभिव्यक्त गरिएको छ ।

**गजल नं. ८० सुकाएँ शरिर**

प्रस्तुत गजलमा प्रेमीले प्रेमिकालाई पाउनको लागि अत्यन्त दुःख र कष्टहरू गरेको तर अनेक रूप र रङ्गहरू फेरी सताइरहेकोले जिन्दगीमा हार खाई सफल हुन नसकेको कुरालाई अभिव्यक्त गरिएको छ ।

**गजल नं. ८१ रातदिन मिलाएर**

प्रस्तुत गजलमा प्रियले प्रियसीलाई संबोधन गर्दै दुई आत्मालाई एकै ठाउँमा मिलाई जिन्दगी विताउन मन लागेका कुरा व्यक्त गर्दै अरु केही चीज नचाहिएको केवल माया मात्र भए पुग्ने र छरिएर रहेका मायालाई एकै ठाउँमा बटुलेर राख्न मन लागेका भावनाहरू व्यक्त गरिएका हुन् ।

**गजल नं. ८२ गाउँ घटे पनि**

प्रस्तुत गजलमा मानिस बूढो भएपनि मन कहिले बुढो हुँदैन, त्यस्तै सगरको पानी घटे पनि त्यसको लहर कहिल्यै घट्दैन । मान्छेको दिल भन्ने चीज घटाएर घट्दैन, न माया घट्छ, न मन घट्छ भनी धारणाहरू व्यक्त गरिएको छ ।

**गजल नं. ८३ बिग्रेको पगरी**

प्रस्तुत गजलमा प्रियले प्रियसीलाई अनेक तरह गरी फकाउँदा पनि उनी नरिझिएको, उनको रहरलाई पूरा गर्न नसकेको कुरा अभिव्यक्त गर्दै सानैदेखि लगाएको पिरती टुटेर जान लागेकोले अथक भई त्यसलाई बिचैमा छोडिदिएको भाव व्यक्त गरिएको छ ।

**गजल नं. ८४ स्वर्गको बाटो**

प्रस्तुत गजलमा प्रियले प्रियसीलाई यस संसारमा छोड्दा पनि उनकै तिर्सनाले सताइरहने, अर्को जुनी जिएर फर्किदा पनि मायालुलाई नै सम्झिरहने अति नै प्रेममय भावनाहरू यस गजलमा अभिव्यक्त गरिएको छ ।

**गजल नं. ८५ माया लिन्छु**

प्रस्तुत गजलमा प्रियले प्रियसीलाई संबोधन गर्दै आज-भोलि माया पनि धन-पैसामा दाँजिन गएकाले माया पाउन अति गाह्रो भएको र उनको लागि भनेर आफ्ना सारा खुसी र इज्जतहरू दिएको तर स्वार्थ लुटी अन्तैतिर लागी यो मनलाई तड्पाई गएको भाव व्यक्त गरिएको छ ।

**गजल नं. ८६ चिप्लो रहेछ माया**

प्रस्तुत गजलमा प्रियले प्रियसीलाई माया भन्ने चीज एकै ठाउँमा नबस्ने रहेछ । जतातती लर्किएर जाने रहेछ । मोहनी बोली सुन्दा मुटु नै हल्लिए जस्तो आभास भएको थियो तर माया अन्तैतिर गइसकेछ भन्ने भाव व्यक्त गरिएको छ ।

**गजल नं. ८७ पिरतीको ऋण**

प्रस्तुत गजलमा प्रियले प्रियसीलाई आफूले मात्र एकोहोरो माया गरेको तर उनले आफूलाई बेवास्ता गरेको भाव व्यक्त गर्दै थारै भएपनि दया-माया देखाएर जाने, कसैले नदेख्ने गरी चोखो पिरती लुकाएर जाने भाव व्यक्त गरिएको छ ।

**गजल नं. ८८ मारेर मेरो माया**

प्रस्तुत गजलमा प्रियले प्रियसीलाई मायामा ललचाएर राख्नु, निराश गराएर राख्नु भन्दा माया मारेर गए राम्रो हुन्थ्यो । मायाप्रीति लगाउन खोज्ने तर त्यसलाई राम्रोसँग वास्ता नगर्ने भाव अभिव्यक्त गरिएको छ ।

**गजल नं. ८९ थुङ्गैथुङ्गा**

प्रस्तुत गजलमा प्रियले प्रियसीलाई जिन्दगी माया नै मायाले भरिएको छ । जिन्दगी हाम्रो स्वर्गजस्तो छ । बादलमा, सागरमा, वनपाखामा, देश-विदेशमा जतासुकै पनि जिन्दगी थुङगैथुङ्गा जस्तो भएको छ भन्ने मीठा भावहरू व्यक्त गरिएका छन् ।

**गजल नं. ९० पाप-धर्म पसेको छ**

प्रस्तुत गजलमा ईश्वरको भरमा सम्पूणले शीर झुकाई गुहार माग्छन् । सबैका लागि दुःख परे पनि ईश्वरकै नाउँ लिन्छन् । राम्रो काम गर्ने अरुले हेला गरे भने डराउनु पर्दैन, कसैले नहेरे पनि भगवान्ले हेरिदिन्छन् । तर पापी जतिलाई भगवान्ले दुःख दिन्छन् भन्ने भाव व्यक्त गरिएको छ ।

**गजल नं. ९१ साइत परदेशको**

प्रस्तुत गजलमा आफ्नो प्यारो देशको माया लाग्दा-लाग्दै पनि रोजी-रोटीको समस्याले देश छाडेर विदेश विदेशिनु पर्ने बाध्यता भएको र ऋणबाट मुक्त हुनलाई परदेशको साइत गर्नुपर्ने बाध्यता रही आएको भावना व्यक्त गरिएको छ ।

**गजल नं. ९२ मुटुमा बिझाउने**

प्रस्तुत गजलमा प्रियले प्रियसीलाई माया-प्रीतिमा धोका खाएर दिक्क भई बस्दा माया गर्न पनि डर लाग्न थालेको छ र माया चिन्नु पनि अति गाह्रो भएको भाव व्यक्त गरिएको छ ।

**गजल नं. ९३ धमिलो हावाको**

प्रस्तुत गजलमा अहिले मानिसमा इमान-जमान भन्ने केही छैन, धर्म भनेको केहो केही थाहा छैन त्यसैले मनमन्दिरमा जानुभन्दा कुमार्गतिर धकेलिँदै गएका छन् । मान्छेले मान्छेको सिकार गर्न थालको छन् । ठूला भनाउँदाहरू बिग्रिरहेका छन् र सानाको ओत लाग्नु पर्ने बाध्यता भएको छ भन्ने भाव व्यक्त गरिएको छ ।

**गजल नं. ९४ आफ्नो भनी बोल्दा**

प्रस्तुत गजलमा प्रियले प्रियसीलाई आफ्नो भन्ने सम्झी माया-प्रीति लगाउँदा अन्याय र अत्याचार गरिन् । नराम्रा तीता वचन-वाणहरू प्रहार गरिन् । भित्रभित्र रोइरहँदा झन् त्यसमा पीडा थपिदिइन् भाव प्रस्तुत गरिएको छ ।

**गजल नं. ९५ गुमाउनु गुमाएँ**

प्रस्तुत गजलमा बैगुनीलाई आफ्नो बनाउँछु भनेर तन, मन, धन सबै गुमाएँ तर जति जोड बल गरेपनि उसलाई आफ्नो बनाउन नसकेको धारणा व्यक्त गरिएको छ ।

**गजल नं. ९६ मनका खाल्टाहरू**

प्रस्तुत गजलमा प्रियले प्रियसीलाई पिरहरू एकत्र भई बस्दा पन्छाउने कोसिस गरेको छु तर पन्छाउन नसक्दा कठिन भइरहेको र चार दिनको जिन्दगीलाई सप्तरङ्गी रङ्गले रङ्ग्याइदिन मन लागेका धारणाहरू व्यक्त गरिएको छ ।

**गजल नं. ९७ रुखदेखि पात टुटेर**

प्रस्तुत गजलमा मानिस वृद्ध भएपछि कालको मुख ताकेर बस्नु पर्नेरहेछ । एक पटक फुटेर गएको कुरा जोड्छु भन्दा नजोडिने रहेछ भन्ने भावहरू व्यक्त गरिएका छन् ।

**गजल नं. ९८ नशालु नजर**

यस गजलमा प्रियले प्रियसीलाई मायाको अत्यन्त खाँचो भएको कुरा व्यक्त गर्दै माया-पिरती लाउन हतार नगरीकन अमूल्य समयलाई खेर जान नदिई टुक्रा-टुक्रा भएको हृदयलाई एकै ठाउँमा राखिदेऊ भन्ने धारणा व्यक्त गरिएको छ ।

**गजल नं. ९९ सङ्गीत हजुरको**

प्रस्तुत गजलमा प्रियसीले प्रियलाई अति नै मिठो भावमा सम्बोधन गर्दै जहाँसुकै पनि उनकै सराहना गर्ने, अचेत अवस्थामा रहँदा पनि हजुरकै याद आइरहने र माया-प्रीतिका लागि एक्लै भन्दा दुवैको सहमतिमा राम्रो हुने भाव व्यक्त गरिएको छ ।

**गजल नं. १०० पिएर पनि हेरौं**

प्रस्तुत गजलमा प्रियले प्रियसीसँग धेरै सहयोग गरेँ तर अरुको प्रिय हुन धेरै दुःख-कष्ट गरेँ, दया-माया पनि देखाएँ तर अरुबाट माया पाउन धेरै गाह्रो भएको भाव व्यक्त गरिएको छ ।

**गजल नं. १०१ उकालीमा कुलो**

प्रस्तुत गजलमा प्रियले प्रियसीलाई गर्नुसम्म कोशिस गरिनै रहेछु तर जति कोसिस गरेपनि सफल हुन नसकेको, निर्मोहिप्रति अति नै थकित भएको भाव अभिव्यक्त गरिएको छ ।

**गजल नं. १०२ रुखदेखि टुटिजाने**

प्रस्तुत गजलमा यो संसारबाट एकदिन अवस्य पनि मरेर जानुपर्छ । त्यसैले हामीले जिउँदासम्म राम्रो काम गरेर बाँच्नुपर्दछ, कसैलाई पनि झुटो आश्वासन दिलाउनु हुँदैन भन्ने भावहरू व्यक्त गरिएका छन् ।

**५.८.१.१४ मूलभाव**

गजलकारले जीवनमा भोगेका मीठा-नमीठा अनुभव, प्रेमप्रणय, भाव तथा विचार, अनुभूति विशेषको तीव्र अभिव्यक्ति नै गजल हो । जीवनका विभिन्न भोगाइहरूमा गजलकारलाई के-कस्ता विचार र भावहरूले प्रभाव पार्दछन् त्यसैको प्रभावबाट भावनाहरू प्रस्फुटन हुने गर्दछन् । आफ्ना जीवनका भोगाइहरूमा प्राप्त अनुभूतिहरूलाई मियाँले मूलभाव बनाएका छन् । यस गजलसङ्ग्रहमा मियाँले प्रेमप्रणय, वर्तमान विसङ्गतिहरू, आत्मपीडा, सामाजिक विसङ्गति जस्ता भावहरू प्रस्तुत गरेका छन् ।

**४.८.१.५ 'पाल्पालीका गजल'' का भावगत वर्गीकरण**

| क.सं. | मूलभाव | गजल सङ्ख्या |
|---|---|---|
| १ | सामाजिक विकृति र विसङ्गति | १, २२, ७३ |
| २ | प्रेम प्रणय | २, ४, ५, ६, ७, १०, ११, १३, १५, १८, १९, २०, २१, २३, २७, २८, २९, ३०, ३१, ३२, ३३, ३५, ३६, ३७, ३८, ३९, ४१, ४४, ५२, ५३, ५६, ५८, ५९, ६०, ६५, ६७, ६९, ८०, ८१, ८६, ८७, ८८, ८९, ९२, ९४, ९६, ९८, ९९, १००, १०१ |
| ३ | प्रेम सद्भाव | २४, ४६ |
| ४ | आत्मपीडा | ३, १७ |
| ५ | राजनैतिक व्यङ्ग्य | १६, २५ |
| ६ | राष्ट्रिय चेतना | २६, ४५, ९१ |
| ७ | वर्तमान विसङ्गति | ९३ |

### ५.८.१.६ सामाजिक विकृति र विसङ्गतिहरू

समाजका भएका विकृति र विसङ्गतिहरूको यथार्थ घटनाले कविलाई प्रभाव पारिरहेको हुन्छ । महङ्गी र गलत फेसनले गर्दा व्यवहार चलाउन अत्यन्त गाह्रो हुन्छ । त्यसैले रचनामा समाजसँग मिल्ने खालको र युगबोध झल्कने खालको हुनु पर्दछ भन्ने धारणा राखिन्छ । समाजमा नै जन्मेर हुर्केर बसेका स्रष्टाहरूले समाजकै चित्रण रचना भरेका हुन्छन् । समाजमा भएका विकृति र विसङ्गति पूर्ण बेदना र भावलाई मियाले यसरी प्रस्तुत गरेका छन्

क्यान्सरझै यहाँ फेसन हुलेर
घरघर रोग बढाइरहेछ । (गजल २२, पृ. २२)

### ५.८.१.७ प्रेम प्रणय

प्रेमपूर्ण भावले भरिएको तथा प्रेमी र प्रेमिका बिचको भावना साटासाट गर्ने कार्यलाई प्रेमप्रणयमूलक भाव भनिन्छ । यस्ता भावहरू सृष्टिकालदेखि नै प्रभावकारी जैविक अनुभूतिको रूपमा लिइएको छ । विश्वप्रसिद्ध साहित्यकारहरूका अमर कृतिहरूमा पनि प्रेमप्रणय प्रसङ्गले स्थान पाएको देखिन्छ । मियाँले आफ्नो कृतिमा प्रणयचेतनालाई यसरी प्रस्तुत गरेका छन् :-

यो मेरो दिलैको उघारेर ढोका
मायाको सहर बनाएर जाऊ ।

(गजल १०, पृ.१०)

### ५.८.१.८ प्रेम सद्भाव

प्रेममा विकृति र विसङ्गति मात्र नभई सद्भाव पूर्वक प्रेम नै अति उत्तम हुन्छ । विकृति र विसङ्गति पूर्वक गरेको प्रेमले राष्ट्रलाई नराम्रो बनाइदिन्छ र देशको उन्नति कहिल्यै हुँदैन, सद्भावपूर्वक गरेका प्रेममा अति नै मिठास झल्किएको हुन्छ । त्यसैले सबैसँग राम्रो व्यवहार गर्नुपर्दछ भन्ने कुरा मियाँले प्रस्तुत गरेका छन् :-

यो जगतभरि छाया दिन सक्ने
यही मीठो माया ओढूँओढूँ लाग्छ ।

(गजल २४, पृ.२४)

### ५.८.१.९ आत्मपीडा

वर्तमानमा भएका समस्या, पीडा र छटपटीले आक्रान्त बनेको आजको मानव एक प्रकारको निराशा, कुण्ठा, दुःख र पीडाले पिरोलिरहेको अवस्थामा आफ्नो आत्मपीडा यसरी प्रस्तुत गरेका छन् :-

कसरी सहजै यो मुटुमा दाग लाग्यो
दन्किरहेछ आगो, जिउको बुँदाबुँदामा ।

(गजल ३, पृ. ३)

### ५.८.१.१० राजनैतिक व्यङ्गय

राजनैतिक झण्डा मात्रै बोकेर हिँड्दा राज्यको प्रगति हुन नसकेको, राजनीतिका नाममा नेपाली जनताहरूलाई ठग्ने गरेका घटना र त्यसबाट पीडित भएका नेपाली जनताहरूको मनोदशालाई व्यङ्ग्यात्मक ढङ्गबाट मियाँले आफ्नो गजलमा व्यक्त गरेका छन्:-

झन्डा बोक्न प्रगतिको पछि परिएन
ज्यान दिँदा दुखियाको नाम आइदिएन ।

(गजल २५, पृ. २५)

### ५.८.१.११ राष्ट्रिय चेतना

कुनै पनि निश्चित भूगोल र क्षेत्रफलमा बाँधिएर बस्ने मानवको यथार्थता र अनुराग नै राष्ट्रियता हो । राष्ट्र र राष्ट्रियतालाई प्रकाश र दीपसँग तुलना गर्न सकिन्छ । राष्ट्र नरहे राष्ट्रियता रहने कुरै आउँदैन र राष्ट्रियता विनाको राष्ट्र कल्पनासम्म पनि गर्न सकिँदैन । त्यसैले स्रष्टा राष्ट्रियताको ओजपूर्ण भावनाले ओतप्रोत भएको हुनुपर्छ । देशलाई शान्ति हुने र नेपाल आमालाई सधैं हँसाइराख्नु पर्दछ । त्यसैले 'पाल्पाली'ले राष्ट्र र राष्ट्रियताको अभिव्यक्ति यसरी गरेका छन् :-

धन पैसा हैन शान मार्गदैन
आमा हँसाउने मीत माग्दैछु ।

(गजल २६, पृ.२६)

### ५.८.१.१२ वर्तमान विसङ्गति

वर्तमान परिवेशमा जे हुनुपर्ने थियो त्यो भएको छैन र जे नहुनु पर्ने हो त्यो भइरहेको छ । मानिसहरू झुटको खेती गरिरहेका छन् र आफ्नो अस्तित्व बेचिरहेका छन् । मन्दिरमा जानुभन्दा कुमार्गतिर लागिरहेका छन् । मानिस-मानिसमा सिकार गरिरहेका छन् । त्यसैले मियाँले यस्ता विसङ्गतिहरूलाई गजलको माध्यमबाट यसरी व्यक्त गरेका छन् :-

मन्दिर छोडेर लागे रक्सीघर
कुमतीतिर नै नर लाग्दैछ ।

(गजल ९३, पृ. ९३)

### ५.८.१.१३ शिल्पशैली

शैलीले लेखकीय कुशलतालाई जनाउने हुँदा लेखनको विशिष्टता प्राप्तिमा शैलीको महत्वपूर्ण भूमिका रहन्छ । त्यसकारण शैली र शिल्पको ज्ञान लेखक तथा कविमा हुनु अति नै आवश्यक हुन्छ । यसर्थ गजललाई सम्प्रेषणयुक्त, प्रभावोत्पादक र रहस्योद्घाटक गुणले सजाउन कोमल भाव, सरल सहज र स्पष्ट अभिव्यक्ति दिन सक्ने सुकोमल गुणयुक्त शव्दहरूको स्भाविक र सान्दर्भिक प्रयोगयुक्त शैलीलाई महत्वपूर्ण मानिएको छ ।

### ५.८.१.१४ भाषा शैली

गजलमा भावाभिव्यक्तका लागि सुकोमल, सुसष्ट सरल र सहज भाषाशैली अपेक्षित मानिएको छ । गजल बौद्धिक र विचारोत्तेजक हुने भएकाले स्वभाविक रूपमा विचार तत्वमा सघनता हुन्छ । त्यस्तै वौदिकतत्वलाई सम्प्रेषणीय तुल्याउन गजलमा प्रयोग गरिने भाषा सहज, सरल र सरस हुन आवश्यक छ । गजलकार युसुफदिन मियाँ 'पाल्पाली'ले आफ्नो गजलसङ्ग्रहमा विषय सुहाउँदो भाषा प्रयोग गरेको पाइन्छ । जुन सरल, सरस र बोधगम्य खालका छन् ।

### **५.८.१.१५ अलङ्कारको प्रयोग**

गजल एक कलात्मक र सौन्दर्य प्रधान विधा भएकोले गजलमा भावगत प्रखरताको लागि स्रष्टाद्वारा गरिने शैल्पिक चमत्कार स्वाभाविक रूपमा आएको हुन्छ । यसर्थ गजलको भाषिक र भावगत सौन्दर्यमा अलङ्कारको महŒवपूर्ण भूमिका रहन्छ । अलङ्कारलाई गजलको गहना मानिन्छ र सफल र सुन्दर रचनाको लागि अलङ्कारको आवश्यकता पर्दछ ।

### **५.८.१.१६ छन्द प्रयोग**

गजललाई लयबद्ध बनाउने काम छन्दले गर्दछ । युसुफदिन मियाँ 'पाल्पाली'का **पाल्पालीका गजलसङ्ग्रह** गीतिलयमा लेखिएका छन् । छन्दको प्रयोगले गजलमा मिठास ल्याइदिएको छ ।

### **५.८.१.१७ निष्कर्ष**

गजलकार युसुफदिन मियाँ 'पाल्पाली'को **पाल्पालीका गजलसङ्ग्रह** २०६६ सालमा प्रकाशित गर्न पुग्छन् । मोतीराम भट्टदेखि गोविन्दराज विनोदी, डा. नारायणप्रसाद खनाल, हुसैन खाँ आदिको प्रभावले यो गजलसङ्ग्रह लेखनमा तल्लीन हुन पुग्दछन् । विभिन्न भाषाशैली, छन्द, अलङ्कारहरूले ओजपूर्ण बन्न पुगेको यो गजलसङ्ग्रह काफिया, मक्ता, मतला, रदिफ, सेर आदिको संयोजनबाट भावपूर्ण बन्न पुगेको छ । राष्ट्रिय चेतना, सामाजिक विसङ्गतिप्रति व्यङ्ग्य, प्रेम-प्रणय, प्रेम, सद्भाव, राजनैतिक व्यङ्ग्य, आत्मपीडा आदि मूलभाव रहेको गजलसङ्ग्रह एवम् सन्देशमूलक र उपदेशात्मक हुनुका साथै परिष्कृत र परिमार्जन हुँदै गएको छ । यस गजलसङ्ग्रहले गजलकार युसुफदिन मियाँ पाल्पालीलाई

नेपाल गजल परम्परामा एक सफल गजलकारका रूपमा स्थापित गराउनुका साथै गजल लेखन परम्परामा ठूलो योगदान पुऱ्याएको छ ।

## ४.८.२ 'मनको व्यथा' गजलसङ्ग्रहको विश्लेषण

### ४.८.२.१ परिचय

२०६८ सालमा प्रकाशित **मनको व्यथा** गजलकार युसुफदिन मियाँ 'पाल्पाली'को दोस्रो कृति हो । पहिलो कृतिभन्दा छुट्टै रूपमा प्रकाशित गजलसङ्ग्रहको बाह्य आवरणमा मुटुको चित्र बनाइएको छ । पछिल्लो आवरण पृष्ठको पछिल्लो भागमा गजलकार मियाँको परिचय दिइएको छ ।

प्रस्तुत गजलसङ्ग्रहमा जम्मा एक सय एघारवटा गजलहरू सङ्गृहीत छन् । थोरैमा दश पङ्क्तिदेखि धेरैमा चौध पङ्क्तिसम्मका गजलहरू यसमा रहेका छन् ।

### ४.८.२.२ संरचना

प्रस्तुत **मनको व्यथा** गजलसङ्ग्रहमा एक सय एघार पृष्ठ रहेका छन् र ती पृष्ठमा शीर्षक सहित राखेर एक सय एघारवटा गजलहरू सङ्कलित छन् । गजलहरूको पङ्क्ति सङख्या र गजलभित्रका विभिन्न तत्वहरूलाई यस तालिकाद्वारा स्पष्ट पार्न सकिन्छ ।

### ४.८.२.३ संरचना

**युसुफदिन मियाँ 'पाल्पाली'को 'मनको व्यथा' गजलसङ्ग्रहको विश्लेषण**

| क्र. सं. | गजल नं. | पङ्क्ति सङ्ख्या | सेर सङ्ख्या | मतला | मक्ता | काफिया | रदिफ | तखल्लुस | लय |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | १. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मदीद मुसम्मन् मसकुल मकतुअ |
| २. | २. | १४ | ७ | √ | √ | √ | √ | × | बहरे मुतकारिब मुसम्मन सालिम |
| ३. | ३. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतकारिव मुसम्मन सालिम |
| ४. | ४. | १० | ५ | √ | √ | √ | √ | × | बहरे कामिल मुसम्मन सालिम |
| ५. | ५. | १४ | ७ | √ | √ | √ | √ | × | बहरे रमल मुसद्दस सालिम |
| ६. | ६. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुजारे मुसम्मन् अखरब |
| ७. | ७. | १० | ५ | √ | √ | √ | √ | × | बहरे हजज मुसद्दस् सालिम |
| ८. | ८. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतकारिब मुसम्मन् |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | सालिम |
| ९. | ९. | १० | ५ | √ | √ | √ | √ | × | बहरे खफीफ |
| १०. | १०. | १२ | ६ | √ | √ | √ | √ | × | बहरे मुतकारिब मुसम्मन् सालिम |
| ११. | ११. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतकारिब मुसम्मन् सालिम |
| १२. | १२. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतकारिब मुसम्मन सालिम |
| १३. | १३. | १० | ५ | √ | √ | √ | √ | × | बहरे कबीर |
| १४. | १४. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतकारिब मुसम्मन् सालिम |
| १५. | १५. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मदीद |
| १६. | १६. | १० | ५ | √ | √ | √ | √ | × | बहरे रमल मुसम्मन् मक्फूफ मक्तुअ |
| १७. | १७. | १० | ५ | √ | √ | √ | √ | × | बहरे बसीत मुसम्मन् मुखबन् |
| १८. | १८. | १० | ५ | √ | √ | √ | √ | × | बहरे कामिल मुसम्मन् सालिम |
| १९. | १९. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतकारिब मुसम्मन् सालिम |
| २०. | २०. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतकारिब मुसम्मन सालिम |
| २१. | २१. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मदीद मुसम्मन् मसकूल मक्तुअ |
| २२. | २२. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतदारिक मुसम्मन् मक्बूज |
| २३. | २३. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतदारिक मुसम्मन् सालिम |
| २४. | २४. | १० | ५ | √ | √ | √ | √ | × | बहरे रजज मुसद्दस् सालिम |
| २५. | २५. | १२ | ६ | √ | √ | √ | √ | × | बहरे मुतदारिब मुसम्मन सालिम |
| २६. | २६. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुजारे मुसम्मन अखरब |
| २७. | २७. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतकारिब मुसम्मन् सालिम |
| २८. | २८. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुजारे सम्मन अखरब |
| २९. | २९. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतकारिब मुसम्मन् सालिम |
| ३०. | ३०. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतकारिब मुसम्मन् सालिम |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३१. | ३१. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतकारिब मुसम्मन् सालिम |
| ३२. | ३२. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतकारिव मुसम्मन् मक्बूज |
| ३३. | ३३. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतकारिब मुसम्मन् सालिम |
| ३४. | ३४. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतकारिब मुसम्मन् मक्बूज |
| ३५. | ३५. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतकारिब मुसम्मन् सालिम |
| ३६. | ३६. | १० | ५ | √ | √ | √ | √ | × | बहरे हजज मुसम्मन् सालिम |
| ३७. | ३७. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतकारिब मुसम्मन् सालिम |
| ३८. | ३८. | १० | ५ | √ | √ | √ | √ | × | बहरे हजज मुसम्मन् सालिम |
| ३९. | ३९. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतकारिब मुसम्मन् मक्बूज |
| ४०. | ४०. | १० | ५ | √ | √ | √ | √ | × | बहरे रमल मसकूल मुन्सरेह |
| ४१. | ४१. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतकारिब मुसम्मन् सालिम |
| ४२. | ४२. | १० | ५ | √ | √ | √ | √ | × | बहरे रमल मुसम्मन मुसकूल |
| ४३. | ४३. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतकारिब मुसम्मन् सालिम |
| ४४. | ४४. | १० | ५ | √ | √ | √ | √ | × | बहरे रमल मुसम्मन् सालिम |
| ४५. | ४५. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतकारिब मुसम्मन् सालिम |
| ४६. | ४६. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुजारे मुसम्मन् अखरब |
| ४७. | ४७. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतकारिब मुसम्मन् सालिम |
| ४८. | ४८. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतकारिब मुसद्दस मक्तु अमुदारिफ |
| ४९. | ४९. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुजारे मुसम्मन् अखरब |
| ५०. | ५०. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतकारिब मुसम्मन् सालिम |
| ५१. | ५१. | १० | ५ | √ | √ | √ | √ | × | बहरे हजज मुसम्मन् सालिम |
| ५२. | ५२. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतकारिव मुसम्मन् सालिम |
| ५३. | ५३. | १० | ५ | √ | √ | √ | √ | × | बहरे रमल मुसम्मन् मख्बून मक्तूअ |
| ५४. | ५४. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतकारिब मुसम्मन् सालिम |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५५. | ५५. | १० | ५ | √ | √ | √ | √ | × | बहरे हजज मुसम्मन् अखरब |
| ५६. | ५६. | १० | ५ | √ | √ | √ | √ | × | बहरे रमल मुसम्मन् मसकूल |
| ५७. | ५७. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतकारिब मुसम्मन् सालिम |
| ५८. | ५८. | १० | ५ | √ | √ | √ | √ | × | बहरे कामिल मुसद्दस् सालिम |
| ५९. | ५९. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतकारिब मुसम्मन सालिम |
| ६०. | ६०. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुजारे मुसम्मन् अखरब |
| ६१. | ६१. | १४ | ७ | √ | √ | √ | √ | × | बहरे मुतकारिब मुसम्मन् सालिम |
| ६२. | ६२. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतकारिब मुसम्मन् सालिम |
| ६३. | ६३. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतकारिब मुसम्मन् सालिम |
| ६४. | ६४. | १० | ५ | √ | √ | √ | √ | × | बहरे रमल मुसद्दस सालिम |
| ६५. | ६५. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतदारिक मुसम्मन् सालिम |
| ६६. | ६६. | १४ | ७ | √ | √ | √ | √ | × | बहरे मुतदारिक मुसम्मन् मख्बून |
| ६७. | ६७. | १० | ५ | √ | √ | √ | √ | × | बहरे सलीम |
| ६८. | ६८. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतकारिब मुसम्मन् सालिम |
| ६९. | ६९. | १० | ५ | √ | √ | √ | √ | × | बहरे सरीफ मुसद्दस अखरब मक्तुअ मुदाइफ |
| ७०. | ७०. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतकारिब मुसम्मन् सालिम |
| ७१. | ७१. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतदारिक मुसद्दम् मक्तुअ मुदाइफ |
| ७२. | ७२. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतकारिब मुसम्मन् सालिम |
| ७३. | ७३. | १० | ५ | √ | √ | √ | √ | × | बहरे बसीत |
| ७४. | ७४. | १० | ५ | √ | √ | √ | √ | × | बहरे हमीम |
| ७५. | ७५. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतकारिब मुसम्मन् सालिम |
| ७६. | ७६. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुजारे मुसम्मन् अखरब |
| ७७. | ७७. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुजारे मुसम्मन् सालिम |
| ७८. | ७८. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मदीद मुसम्मन् मसकूल मक्तुअ |
| ७९. | ७९. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतकारिब मुसम्मन् |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | सालिम |
| ८०. | ८०. | १० | ५ | √ | √ | √ | √ | × | बहरे रमल मुसद्दस सालिम |
| ८१. | ८१. | १० | ५ | √ | √ | √ | √ | × | बहरे सगीर |
| ८२. | ८२. | १० | ५ | √ | √ | √ | √ | × | बहरे रमल मुसद्दस् सालिम |
| ८३. | ८३. | १० | ५ | √ | √ | √ | √ | × | बहरे रमल मुसद्दस् सालिम |
| ८४. | ८४. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुजारे मुसम्मन् अखरब |
| ८५. | ८५. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतकारिब मुसम्मन् अस्लम |
| ८६. | ८६. | १० | ५ | √ | √ | √ | √ | × | बहरे हजज मुसम्मन् अखरम मक्फुफ महजुफ |
| ८७. | ८७. | १० | ५ | √ | √ | √ | √ | × | बहरे सरीम मुसद्दस् अखरब मक्तुअ मुदाइफ |
| ८८. | ८८. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुजारे मुसम्मन् अखरब |
| ८९. | ८९. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतकारिब मुसम्मन् सालिम |
| ९०. | ९०. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतदारिक मुसम्मन् मख्बून |
| ९१. | ९१. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतकारिब मुसम्मन् सालिम |
| ९२. | ९२. | १० | ५ | √ | √ | √ | √ | × | बहरे रमल मुसद्दस सालिम |
| ९३. | ९३. | १० | ५ | √ | √ | √ | √ | × | बहरे सरीज |
| ९४. | ९४. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतकारिब मुसम्मन् सालिम |
| ९५. | ९५. | १० | ५ | √ | √ | √ | √ | × | बहरे तबील |
| ९६. | ९६. | १० | ५ | √ | √ | √ | √ | × | बहरे रमल मुसम्मन् मक्फूफ मक्तुअ |
| ९७. | ९७. | १० | ५ | √ | √ | √ | √ | × | बहरे रमल मुसद्दस सालिम |
| ९८. | ९८. | १० | ५ | √ | √ | √ | √ | × | बहरे सलिम |
| ९९. | ९९. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतदारिक मुसम्मन् मक्बूज |
| १००. | १००. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतदारिक मुसम्मन् सालिम |
| १०१. | १०१. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतदारिक मुसम्मन् मख्बून |
| १०२. | १०२. | १० | ५ | √ | √ | √ | √ | × | बहरे रमल मुसद्दस सालिम |
| १०३. | १०३. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतकारिब मुसम्मन् सालिम |
| १०४. | १०४. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतकारिब मुसम्मन् सालिम |
| १०५. | १०५. | १० | ५ | √ | √ | √ | √ | × | बहरे हजज मुसम्मन् सालिम |
| १०६. | १०६. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतकारिब मुसम्मन् |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | सालिम |
| १०७. | १०७. | १२ | ६ | √ | √ | √ | √ | × | बहरे रमल मुसम्मन् मसकूल |
| १०८. | १०८. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतकारिब मुसम्मन् सालिम |
| १०९. | १०९. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतदारिक मुसद्दस मक्तुअ मुदाइफ |
| ११०. | ११०. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुजारे मुसम्मन् अख्ख |
| १११. | १११. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतकारिब मुसम्मन् सालिम |

### ४.८.२.४ केन्द्रीय कथ्य

कुनै पनि रचनामा विषयवस्तु अनिवार्य अङ्गका रूपमा रहेको हुन्छ । स्रष्टाले समाजबाट लिएका दुःखद् र सुखद क्षणका अनुभूति एवम् सामाजिक विकृति र विसङ्गतिलाई केन्द्रिय कथ्यको रूपमा लिन सकिन्छ ।

**१. अति छट्पटाएँ**

प्रस्तुत गजलमा गजलकारले आफ्नो मन मिल्ने व्यक्ति (प्रिय) प्राप्त गर्न नसकेको र मेल भइसकेपछिको विछोडका कारण मनभित्रको पीडालाई व्यक्त गरेका छन् । यो संसारमा मन मिल्ने जीवनसाथी मिल्न नसक्दा आफू अत्यन्त दुःखी भएको भाव व्यक्त गरेका छन् ।

**२. मन रैछ पापी**

प्रस्तुत गजलमा गजलकारले मन भन्ने चीज चञ्चल भइरहने रहेछ । यो कहिले कता, कहिले कता पुग्दोरहेछ । मनले कहिले राम्रो पनि सोच्छ, कहिले नराम्रो पनि सोच्छ भन्ने भाव प्रस्तुत गरेका छन् ।

**३. म छोरा हुँ**

यस गजलमा आमामाथिको भावना व्यक्त गरिएको छ । देशलाई पनि आमा नै सम्भिएको छ । छोरा भएर आमामाथि गनुपर्ने सम्पूर्ण कर्तव्यहरूलाई मीठा शैलीमा व्यक्त गरिएको छ ।

**४. मधुमासको वरसातमा**

प्रस्तुत गजलमा गजलकारले मधुमासको वर्षातको बेलामा पनि रात नभनीकन मनको व्यथा बुझ्न चाहेको त्यसलाई समाधान गर्न चाहेको तर उहाँले वास्ता नगरिदिएको कुराको मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ ।

## ५. आउ दिलमा

यस गजलमा मियाँले जति दुःख दिए पनि देऊ, दिलमा आऊ, माया दिएर जाऊ, प्रेम भन्ने रोग सल्काएर जाऊ जे पर्छ म बेर्होर्न चाहन्छु भन्ने जस्ता कुराहरू पोखेका छन् ।

## ६. जानेर हो दिएको

प्रस्तुत गजलमा गजलकारले तिमीलाई मैले जानेर बुझेर माया दिएको छु, तिमी नै मेरी भनेर मैले मेरो माया छानेर दिएको छु भन्ने जस्ता भाव व्यक्त गरेका छन् ।

## ७. मलाई चोट मीठो

प्रस्तुत गजलमा गजलकारले प्रियको माया दिन खोजेजस्तो लागेको हुनाले मलाई चोट मीठो लागेको हो भन्ने भावहरू प्रस्तुत गरेका छन् ।

## ८. दिलैभित्र माया

प्रस्तुत गजलमा गजलकारले प्रिय छुटेर गए पनि ति बितेका कुराहरू ती भएका कुराहरू आजसम्म मनमै राखेर पालिरहेको छु भनी प्रस्तुत गरेका छन् ।

## ९. अग्नि जस्तो पोलने

यस गजलमा गजलकारले प्रियले माया नगर्दा खेरी त्यो मायाको चोटका बहहरू पोखिएका कुराहरू व्यक्त गरिएको छ ।

## १०. हजुरमा हरायो

प्रस्तुत गजलमा गजलकारले प्रियको रूपरेखा र उहाँको चालढालमा वा आवाजमा सधैं भरी पागल भै सम्झिरहने छु भन्ने जस्ता भावहरू व्यक्त गरिएको छ ।

## ११. म आफैं कता हो

प्रस्तुत गजलमा म आफूलाई नै थाहा नहुने गरी मायाको सम्झनाले पागल जस्तो भइरहेको छु भनी गजलकारले प्रस्तुत गरेका छन् ।

## १२. सलाई लगायौं

यस गजलमा मलाई भित्र-भित्र जलाइरहेको हुँदा मेरो मन खरानी जस्तो भएको छ । तपाईंको चालढालबाट म मोहित भएँ तर माया पाइएन भनी गजलकारले आफ्ना धारणा व्यक्त गरेका छन् ।

## १३. दिलको तानलाई

यस गजलमा मायाको डोरी मुटुभरी जेलिइरहेको छ । त्यसलाई न तोड्नु, न छोड्नु भयो । सम्झिँदा-सम्झिँदा डल्लो पर्‍यो त्यसलाई फुटाउन गाह्रो भयो भनी गजलकारले भावहरू प्रस्तुत गरेका छन् ।

**१४. दयाको खजाना**

प्रस्तुत गजलमा गजलकारले उसले माया लगाइदियो, म खुशी भएँ । कसैले नहेरे पनि प्रियले हेरिदिएको हुनाले मलाई अत्यन्त खुशी लाग्यो र आफूलाई भाग्यशाली सम्झिएँ भनी भावहरू प्रस्तुत गरेका छन् ।

**१५. अल्झिराख्यो झेलमा**

यस गजलमा गजलकारले दुई दिन दुःखमा बित्ने र दुई दिन सुखमा बित्ने जिन्दगी भनेको यस्तै रहेछ । यसरी नै हाम्रो जिन्दगी बितिरहेको छ भनी भावहरू प्रस्तुत गरेका छन् ।

**१६. प्रेमको भिकारी**

प्रस्तुत गजलमा गजलकारले प्रेमको आशले प्रेम माग्दै हिँडिराखेको छु भन्ने जस्ता भाव व्यक्त गरेका छन् ।

**१७. नाममा मायालुले**

यस गजलमा गजलकारले मैले आश गर्दा-गर्दै पनि प्रियले आश तोडेर जाँदाको पीडा व्यक्त गरेका छन् ।

**१८. हर काममा**

प्रस्तुत गजलमा गजलकारले जिन्दगीमा माया नभई नहुनाले हरसमय मायाको दरकार महसुस गरेको छु भन्ने भाव व्यक्त गरेका छन् ।

**१९. नामको लोभमा**

प्रस्तुत गजलमा यो गर्छु, ऊ गर्छु भन्दा-भन्दै हरेक मोडमा जिन्दगी मोडिएर हिँड्नु पर्ने देखिएको छ भनी गजलकारले भाव प्रस्तुत गरेका छन् ।

**२०. रहर जिन्दगीको**

प्रस्तुत गजलमा गजलकारले मायाको रहरले माया खोज्दा-खोज्दै मेरो आफ्नो जवानी आजसम्म लुटाइरहेको छ भनी धारणा व्यक्त गरेका छन् ।

**२१. न सरेर जाने**

प्रस्तुत गजलमा गजलकारले न सरेर जाने, न झरेर जाने, न भरेर जाने माया सधैं मुटुभित्र बसिराख्ने भएकोले यसरी नै अल्झिराखेको छु भनी भाव व्यक्त गरेका छन् ।

## २२. अनेक नदी

प्रस्तुत गजलमा गजलकारले जति नदी तरेर भएपनि जति वसन्त पार गरेर भएपनि मायालाई डटेर कुरेर बसिरहेको छु भन्ने भाव व्यक्त गरेका छन् ।

## २३. के गरैं के भएँ

प्रस्तुत गजलमा गजलकारले सपनामा पनि सम्झिन्छु, विपनामा पनि सम्झिन्छु, मायालु सम्झेर पागलसरी हुन्छु, भन्ने जस्ता भाव व्यक्त गरेका छन् ।

## २४. इन्द्रै धनूषजस्तै

यस गजलमा गजलकारले माया गर्दा-गर्दै पनि मसँग डराउँदै गइन मसँग दिलबाट हराउँदै गइन् तर पीडा चाहिँ मलाई दिइराखेकी छन् भन्ने जस्ता धारणाहरू प्रस्तुत गरेका छन् ।

## २५. न राख्यौं दिलैमा

प्रस्तुत गजलमा गजलकारले न आफ्नो भन्न सकियो, न विरानो भन्न सकियो । यसरी दोधारमा अल्झाई राखेको हुनाले पागलजस्तो बनाइदियो भन्ने जस्ता भावहरू व्यक्त गरेका छन् ।

## २६. जञ्जाल मुक्त गर्दै

प्रस्तुत गजलमा त्यताको माइती गाउँ छोडेर यता आइदिए हुन्थ्यो, मसँग साइनो गाँसिदिए हुन्थ्यो, मलाइँ आफ्नो बनाइदिए हुन्थ्यो, जसरी भए पनि आइदिए हुन्थ्यो भन्ने भाव गजलकारले व्यक्त गरेका छन् ।

## २७. सतायौ मलाई

प्रस्तुत गजलमा गजलकारले तिम्रो चेहराले सताउनु सतायो तर मायाले पनि सतायो । दिलभित्र त्यो माया लाग्दा न पखालेर जाने, न चुँडालेर जाने यस्तो गरायो मायाले भन्ने जस्ता अभिव्यक्तिहरू पोखेका छन् ।

## २८. बेहोसमा

प्रस्तुत गजलमा मियाँले कसैको माया लाग्दा खेरी यस्तो पनि हुँदोरहेछ, न होसमा छु, न भोकमा छु, न सोचमा छु । मायाले गराउँदा यस्ता सारा कुराहरू हुन पुगेको हो भन्ने जस्ता अभिव्यक्तिहरू प्रस्तुत गरेका छन् ।

**२९. कसैका पियारा**

प्रस्तुत गजलमा गजलकारले कसैका पियारा बनौला भनेर दुःख-दर्द सहेको छु, पसिना बगाई बगैंचा बनाएको छु भन्ने जस्ता भावहरू व्यक्त गरेका छन् ।

**३०. पेटको रोगमा**

प्रस्तुत गजलमा गजलकारले दुःख पाइरहेको बेलामा कसैले कुरामात्र दिएर पेट नभरिने रहेछ । हात हल्लाई दिँदा पनि पेट नभरिँदो रहेछ । न रातले भर्ने, न बातले भर्ने, न जातले भर्ने भन्ने जस्ता कुराहरू व्यक्त गरेका छन् ।

**३१ अँधेरो गरायौ**

यस गजलमा गजलकारले पर्खेर बसिरहेको थिएँ, उनी आइनन्, उनी नआउँदा झन अबेला भयो, झमेला भयो, दर्दले छट्पटिएका जस्ता कुराहरू प्रस्तुत गरेका छन् ।

**३२. तिमी नभए**

प्रस्तुत गजलमा गजलकारले उनको मुहार देखेर गजल लेख्न बाध्य भएको हुँदा मैले गजल लेखौं भनी आफ्ना भावनाहरू व्यक्त गरेका छन् ।

**३३. अँधेरो निशा**

प्रस्तुत गजलमा गजलकारले मेरो यो दिलचाहिँ अँध्यारो भइरहेछ तपाई आए उज्यालो हुने थियो र जिन्दगी हाम्रो रमाइलो बित्ने थियो भन्ने जस्ता भावनाहरू व्यक्त भएका छन् ।

**३४. लुटेर बहार**

यस गजलमा मियाँले म सधैं माया दिइराख्छु, सम्हाल या बिगार जे-जे गर्छौं गर तर मैले मेरो खुवीले भ्याएसम्म माया दिइरहन्छु भन्ने जस्ता अभिव्यक्तिहरू प्रस्तुत गरेका छन् ।

**३५. कसैको नजरमा**

प्रस्तुत गजलमा गजलकारले कसैको हेराइमा नराम्रा कुराहरू पनि हुन सक्छन् त्यसैले मैले जानी नजानी गजल लेख्न लागेको छु भन्ने भावना व्यक्त गरेका छन् ।

### ३६. नखाएको नशालाई

यस गजलमा मियाँले मैले माया दिएर दर्द पनि लिएँ, नशा पनि लिएँ, भोक पनि लिएँ यसरी मैले आफैंले दशा कमाएको छु भन्ने जस्ता धारणहरू व्यक्त भएका छन् ।

### ३७. उमारे दिलैमा

प्रस्तुत गजलमा गजलकारले दिलैमा माया उमारेको छु न त्यो उमारेर उनलाई दिन सक्छु, मैले जे-जति गरे पनि मायालुलाई आफ्नो बनाउन सक्दिन भन्ने भावहरू व्यक्त गरेका छन् ।

### ३८. दिलै मेरो

प्रस्तुत गजलमा मैले मेरो दिलको ढोका खोलेर भएको सम्पत्ति लुटाएको छु तिमीलाई मैले यसरी नै चाहेको छु भन्ने जस्ता प्रेम प्रणयका कुरालाई गजलकारले प्रस्तुत गरेका छन् ।

### ३९. म आज झरेछु

यस गजलमा गजलकारले जीवनमा न रवाफ रह्यो, न सवालको जवाफ पाएँ, न लगाव पाएँ, बाँकी दवावै-दवाव पाएको छु भनी यथार्थ चित्रण गरेका छन् ।

### ४०. आकाशको घुम्टोबाट

प्रस्तुत गजलमा मियाँले जे-जस्तो भए पनि त्यतातिर सबै छोडेर मलाई मात्र चहिने आश गर भन्ने जस्ता पीडाका भाव व्यक्त गरेका छन् ।

### ४१. म मेरो जवानी सुकाई

यस गजलमा जे-जस्तो भएपनि मायालुलाई सधैं साथ दिने र जस्तोसुकै दुःख, कष्ट र दर्दमा पनि काम लाग्ने छु भन्ने धारणा गजलकारले प्रस्तुत गरेका छन् ।

### ४२. चिप्लो थिएन बाटो

यस गजलमा गजलकारले मायाको बाटो चिप्लो नहुँदा पनि लर्किने र सकिने रहेछ भनी प्रेम प्रणयकै भाव व्यक्त गरेका छन् ।

### ४३. उचाली मलाई

यस गजलमा गजलकारले मायाले नै उचालेर ढलाउने, जलाउने, चराउने साथै छलकपट गर्ने जस्ता कुराहरूको भाव व्यङ्ग्यात्मक ढङ्गले व्यक्त गरेका छन् ।

**४४. बात गर्ने सार भेटैं**

यस गजलमा गजलकारले चाल पनि गर्ने, जाल पनि हान्ने, प्रेमको जिन्दगीमा यस्ता हरेक चीज झेल्न बाध्य भएको कुरा व्यक्त गरेका छन् ।

**४५. घडेरी खनायौ दिलैमा**

प्रस्तुत गजलमा गजलकार मियाँले प्रियले माया गर्दाखेरी त्यो मायाको डेरा दिलभित्र बन्यो, घर बन्यो, बास बन्यो, सबै चीज बन्यो र रोगी पनि बन्यो भन्ने धारणा व्यक्त गरेका छन् ।

**४६. चाहेर तेजलाई**

प्रस्तुत गजलमा घामलाई कसैले छेकेर छेकिँदैन । मान्छेको आफ्नो प्रतिभालाई अरुले डाह गरेर बिगार्छु भनेर सत्य कहिले पनि बिग्रिँदैन भन्ने भाव गजलकारले व्यक्त गरेका छन् ।

**४७. हुरी जिन्दगीमा**

प्रस्तुत गजलमा गजलकारले प्रियले सधैं झुक्याइ राख्दाखेरी दिल जलाइराखेकी छिन्, सताइराखेकी छिन्, रुवाई राखेकी छिन् भन्ने धारणा प्रस्तुत गरेका छन् ।

**४८. यो माटोमा जन्मी**

प्रस्तुत गजलमा गजलकारले यही माटोमा नै जन्मे, यही माटोमा नै हुर्के यही माटोको नै आफ्नो ज्यान भन्दा पनि बढी माया लाग्ने भाव व्यक्त गरेका छन् ।

**४९. बेमौसमी झरीले**

प्रस्तुत गजलमा मियाँले विना मौसममा पनि मायाको फूल फूल्दाखेरी मन पनि चर्किने, दुख्ने, यताउता हुने हुँदोरहेछ भन्ने धारणा प्रस्तुत गरेका छन् ।

**५०. कहाँ बाँकी राखे**

प्रस्तुत गजलमा जसलाई साथीभाइ सम्झिन्छु उनैले नै कुरा काट्ने, नराम्रो ठान्ने, कुविचार राख्ने, आजभोलिका मानिसहरूमा यस्तो चलन आउँदा खेरी देखिन आएका भावहरू व्यक्त गरिएको छ ।

**५१. तितो खाएँ पिरो खाएँ**

यस गजलमा गजलकारले दुःख, कष्ट गर्दा पनि खुशी भनेको चीज निकै गाह्रो हुँदोरहेछ त्यसैले खुशी पनि पाएको छैन भन्ने जस्ता धारणाहरू व्यक्त गरेका छन् ।

**५२. लुकाएर जाऊ**

प्रस्तुत गजलमा मियाँले तिमीलाई माया दिइरहेको छु सजाऊ, तताऊ, जे-जे गर्ने इच्छा भएपनि मैले माया दिइरहनेछु भन्ने धारणा प्रस्तुत गरेका छन् ।

**५३. नाकको फूलसरी**

यस गजलमा सधैंभरि प्रियसीको नयनमा टल्किन पाए हुन्थ्यो, झल्किन पाए हुन्थ्यो, प्रियसीले सधैंभरि सम्झिएर माया गरे हुन्थ्यो भनी गजलकारले प्रस्तुत गरेका छन् ।

**५४. लुकाई नलुक्ने**

यस गजलमा गजलकारले जवानी भनेको न लुकाएर लुक्ने, न झुकाएर झुक्ने सबैले देख्ने चीज रहेछ भन्ने जस्ता भाव व्यक्त गरेका छन् ।

**५५. बेकार लाग्दैछ**

प्रस्तुत गजलमा गजलकारले अरुले जे-जे भनेपनि म बेकार रहेछु बेहाल रहेछु, बरवाद रहेछु, बेताल रहेछु, मैले आफूलाई ठूलो ठानेर के हुने रहेछ भन्ने भाव व्यक्त गरेका छन् ।

**५६. मनका हजार गन्थन**

प्रस्तुत गजलमा आफ्ना मनभित्र भएका सम्पूर्ण कुराहरूको यथार्थ चित्रण गरिएको छ । आफ्ना मनमा कुराहरू लेख्न सकिन्छ, देख्न सकिन्छ, रेट्न सकिन्छ, फ्याँक्न सकिन्छ साथै आफ्नो मनलाई बाध्न पनि सकिन्छ, खोल्न पनि सकिन्छ भन्ने कुराहरूको चित्रण गरिएको छ ।

**५७. डराएँ म सारै**

प्रस्तुत गजलमा मियाँले कसैले मलाई बिहान-बिहानै सताउँदा खेरी आगो पनि लाग्यो, आश्चर्य पनि लाग्यो, अचम्म पनि लाग्यो मायामा यस्तो पनि हुँदोरहेछ भन्ने भाव व्यक्त गरेका छन् ।

**५८. तकदिरमा डुलियो**

प्रस्तुत गजलमा मायालाई सम्झिएर कहिले तस्वीरमा भुल्ने, कहिले तगदीरमा भुल्ने जिन्दगी यस्तै रहेछ । जिन्दगीमा अझै पनि यसरी नै भुमरिरहेको हुनेछु भन्ने जस्ता भाव व्यक्त गरिएको छ ।

**५९. नपाएर केही**

प्रस्तुत गजलमा गजलकारले यस्तो गर्छु, उस्तो गर्छु भन्दा-भन्दै जिन्दगी खेर जाने रहेछ भन्ने जस्ता भाव व्यक्त गरेका छन् ।

**६०. आवाद हुन्छु भन्दा**

प्रस्तुत गजलमा गजलकारले राम्रो गर्छु भन्दा-भन्दै नराम्रो पनि हुने रहेछ, बेहाल भएछु, कङ्गाल भएछु, बेताल भएछु, हुँदाहुँदै आजभोलि हर्ताल भएछु भन्ने जस्ता भावहरू व्यक्त गरेका छन् ।

**६१. निकै भित्र छायौ**

प्रस्तुत गजलमा गजलकारले यसरी मेरो दिलमा बस्न पुग्यौ की म अचम्मित भएँ, तिम्रो माया कहिले पनि भुल्न सक्दिन भन्ने जस्ता भाव व्यक्त गरेका छन् ।

**६२. बैसको तेजले**

प्रस्तुत गजलमा प्रियसीको बैंशको रूपले जुलुम बनाउँदा खेरी दिन, रात, साँझमा सधैँ सम्झिराख्ने बनाएकी छौ भन्ने जस्ता प्रेम-प्रणयका भाव व्यक्त भएका छन् ।

**६३. सतायो उहाँको नजरले**

प्रस्तुत गजलमा प्रियको नजर यस्तो नजर रहेछ की जहर जस्तो पनि लाग्यो, नहर जस्तो पनि लाग्यो, रहर जस्तो पनि लाग्यो । सबै चीज त्यो नयनभित्र देखेँ भन्ने जस्ता धारणा व्यक्त गरिएको छ ।

**६४. हात पारेको छु**

प्रस्तुत गजलमा गजलकारले मोडेर नजाने, छोडेर नजाने, धोएर नजाने, गोडेर नजाने यस्तो चीज हात पारेको छु भन्ने भाव व्यक्त गरेका छन् ।

**६५. तिमीले भनेको**

प्रस्तुत गजलमा गजलकारले प्रियको आवाज सुनेको हुनाले रूप देखेको हुनाले मैले चुनेको छु, दिलमा बुनेको छ, सधैं गुनेको छु, दिलभित्र यसरी उनेको छु भन्ने भाव व्यक्त गरेका छन् ।

**६६. गतिला मनका सपना**

यस गजलमा गजलकारले प्रियसीलाई सपना दिएँ, गहना दिएँ, लगना दिए, झरना दिएँ, धर्ना दिएँ यसरी सबै चिज दिएँ भनी गजलकारले प्रेम प्रणयका कुराहरू प्रस्तुत गरेका छन् ।

**६७. तिम्रो दयाको रोगी**

यस गजलमा गजलकारले प्रियको दया, माया, हया, गया, बयाँ सबै चीजहरू मगेको कुरा व्यक्त गरिएको छ ।

**६८. कती खोट लाई**

प्रस्तुत गजलमा गजलकारले मलाई खोट लगाएर नचल्ने बनायौँ, नहिँड्ने बनायौँ, यसरी मलाई अपाङ्ग बनायौ भनी व्यङ्ग्यात्मक धारणहरू व्यक्त गरेका छन् ।

**६९. बिर्सू कसोरी**

प्रस्तुत गजलमा गजलकारले प्रियसीले वाचा गर्ने आशा दिने तर सबै भुलेर जाने, चुँडेर जाने, रुलेर जाने, चुलेर जाने, हुलेर जाने, यसरी जानेलाई रोक्न केही गरेपनि सकिँदैन भन्ने जस्ता धारणा व्यक्त गरेका छन् ।

**७०. कलेजो र दिल्मा**

प्रस्तुत गजलमा माया, प्रेम भन्ने चीज खुशी भन्दा धेरै दर्द, दुःख र कष्ट दिने रहेछ भन्ने भावहरू व्यक्त गरिएको छ ।

**७१. रोगी जाँन्दाजाँन्दा**

प्रस्तुत गजलमा प्रेम गर्दागर्दै प्रेमले दिएका रोगहरू, भोकहरू, बासहरू, आगोहरू सबै दिलभित्र बस्ने देखियो भन्ने जस्ता भावहरू व्यक्त गरिएको छ ।

**७२. कसैले**

प्रस्तुत गजलमा प्रेमीले प्रेमिकालाई सम्बोधन गर्दै आफूले प्रेम प्रणयको विषय वस्तुलाई अगाडि बढाएका छन् । प्रियासीले माया दिन्छु भन्दा-भन्दै पनि ललचाउने र फसाउने धेरै रहेछन् भन्ने जस्ता कुराहरूलाई अभिव्यक्त गरेका छन् ।

**७३. कहाँ रहे होसमा**

प्रस्तुत गजलमा गजलकारले माया, प्रेम गर्दा कहिले-काहीँ होस, जोस खोज सबै कुरा हराउने रहेछ भन्ने भाव व्यक्त गरेका छन् ।

**७४. दर्द फर्की आयो**

यस गजलमा गजलकारले दिनभर भए-गरेका चीजहरूले रातीमा सुल दिँदैन, सधैं प्रियसीकै याद आइराख्छ भन्ने जस्ता भावहरू व्यक्त गरेका छन् ।

**७५. उठाऊ दबेको नजर**

यस गजलमा गजलकारले माया भनेको एकोहोरो हुँदैन, दुवैपक्षले बराबर माया दिनुपर्छ । त्यसैले मैले मात्रै होइन तपाईंले पनि माया छर्दै जानुस्, भर्दै जानुस, पुनः भर्दै जानुस् भन्ने भावहरू व्यक्त गरेका छन् ।

**७६. तोडेर बार बन्धक**

यस गजलमा गजलकारले मायाको बार बन्धनहरू तोडेर सबै मायाहरू यतैतिर झार्दिए हुन्थ्यो भनी माया प्रेमका धारणाहरू व्यक्त गरेका छन् ।

**७७. मलाई कसैको इशारा मिलेन**

प्रस्तुत गजलमा गजलकार मियाँले जिन्दगीमा कसैको सहारा, इशारा, पियारा केही पनि नमिलेको र माया गर्ने विचारहरू पनि केही नमिलेका प्रसङ्गहरूलाई चित्रण गरिएको छ ।

**७८. धुर छाइ राख्ने रवर छैन**

प्रस्तुत गजलमा गजलकार मियाँले घर पनि छैन, डर पनि छैन र भर पनि छैन, जिन्दगी यसरी पनि काट्नु पर्ने रहेछ भन्ने प्रसङ्गलाई प्रस्तुत गरेका छन् ।

**७९. मोहनी भेषमा**

प्रस्तुत गजलमा गजलकार मियाँले जिन्दगी हरेक रङ्गमा रङ्ग्याएर बिताउनु पर्दोरहेछ भन्ने कुराहरूको चित्रण गरेका छन् ।

**८०. भेटवार्ता**

प्रस्तुत गजलमा प्रेम भन्ने चीजको कुनै समय पनि हुँदैन, कुनै बेला पनि हुँदैन, जुन बेला पनि प्रेम भन्ने चीज हुन सक्छ भन्ने जस्ता परिवेशहरूलाई लिएर गजलकार मियाँले चित्रण गरेका छन् ।

**८१. भेटे जती चोट**

प्रस्तुत गजलमा प्रियसीले दिएका सबै चोटहरूलाई सम्हालेर राखिदिएको भावहरू व्यक्त गरिएको छ ।

**८२. जिन्दगीको दाग**

प्रस्तुत गजलमा गजलकारले जिन्दगीको दागहरू मेटाउन आएँ, प्रियसीलाई भेट्टाउन आएँ, आफ्ना हृदयका कुराहरू सबै प्रियसीलाई खोलेर देखाउन चाहेको भावहरू व्यक्त गरेका छन् ।

**८३. वेदना तिम्ले पखाली**

प्रस्तुत गजलमा गजलकारले प्रियसीलाई मलिनो भएर बसेको देख्दा के-के सोचौं, के-के भनौं यस्तै कुराहरू मनमा खेलिरहेको छ भन्ने जस्ता भावहरू व्यक्त गरेका छन् ।

**८४. तप्केर खेर जाने**

प्रस्तुत गजलमा गजलकार मियाँले प्रियसीलाई कहिले पनि धोका दिने छैन र मेरो माया पानीको फोका जस्तो फुटेर जाने पनि होइन भन्ने धारणा व्यक्त गरेका छन् ।

**८५. हाँसेर के भो**

प्रस्तुत गजलमा गजलकार मियाँले जहिले पनि प्रियसीको यादमा रुन मन लाग्छ, भेट्न मन लाग्छ, यस्तै अनेक रहरहरू आउँछन् भन्ने वास्तविक प्रेमलाई छर्लङ्ग पारिदिएका छन् ।

**८६. आँखाले रोपेर**

प्रस्तुत गजलमा गजलकार मियाँले आँखाले डसेर साह्रै सताइरहने तर माया चाहिँ नदिने मायालुदेखि साह्रै दुःख लागेका कुरा व्यक्त गरेका छन् ।

**८७. केही कुरा**

प्रस्तुत गजलमा मनमा सँगालेर राखेका कुराहरू भुल्न साह्रै गाह्रो हुने र ती कुराहरू न निकालेर जाने, न पखालेर जाने भन्ने जस्ता भावहरू गजलकार मियाँले व्यक्त गरिदिएका छन् ।

**८८. आवाद गर्छ माया**

प्रस्तुत गजलमा गजलकार मियाँले जिन्दगीमा माया नभई कसैको केही चल्दैन, मायाले आनन्द पनि दिन्छ, मायाले कङ्गाल पनि बनाउँछ, मायाले बद्नाम पनि गर्छ, मायाले नै सञ्जाल पनि बनाउँछ भन्ने भावहरूलाई व्यक्त गरेका छन् ।

### ८९. अझै लेख्न पर्ने

प्रस्तुत गजलमा गजलकार मियाँले के-के गर्छु, के-के गर्नुपर्ने थियो, यो सोच्दा-सोच्दै आफूलाई नै बिर्सिएर सबै कुरा छुटेको छ भन्ने जस्ता सान्दर्भिक प्रसङ्गहरूलाई उल्लेख गरिदिएका छन् ।

### ९०. जलमा दुनियाँ

प्रस्तुत गजलमा गजलकार मियाँले दुनियाँ आजभोलि धनमा, वनमा, जलमा जहाँसुकै पनि अगाडि बढिरहेका कुराहरूलाई व्यक्त गरेका छन् ।

### ९१. अँधेरो हटाई

प्रस्तुत गजलमा मियाँले आफै-आफैँ एक्लै फुलेजस्तो लाग्छ, भुलेजस्तो लाग्छ । मायाले यस्तो बनाउँदो रहेछ भन्ने प्रसङ्गका कुराहरूलाई उल्लेख गरिदिएका छन् ।

### ९२. हीनताको बात

प्रस्तुत गजलमा गजलकार मियाँले मलाई मात्र यस्तो हुन्छ कि प्रियसीलाई पनि हुँदोहोला ? यो कुरा सोध्न मन लागिरहेको छ भन्ने भावहरू व्यक्त गरेका छन् ।

### ९३. बाटो दिने ढोका

प्रस्तुत गजलमा मियाँले जिन्दगीको ढोका उघ्रेको छैन, माया दिने बानी सुध्रेको छैन, यस्तै-यस्तै झमेलामा दिन बितिरहेको छ भन्ने जस्ता भावहरू प्रस्तुत गरेका छन् ।

### ९४. औँसीको रातमा

प्रस्तुत गजलमा गजलकार मियाँले जस्तै दुःख-सुखमा, साँझ, दिउँसो, बिहान सधैं यसरी प्रियसीलाई सम्झिरहन्छु भन्ने जस्ता प्रेम प्रसङ्गका कुराहरू प्रस्तुत गरेका छन् ।

### ९५. नमीठो हुँदा

प्रस्तुत गजलमा मियाँले दिलमा आगोले पोल्दा वरवाद भएको छु सम्हालेर राख भन्ने जस्ता कुराहरू व्यक्त गरेका छन् ।

### ९६. ज्यान खेर जाला

प्रस्तुत गजलमा गजलकार मियाँले वास्तविक प्रेमका कुराहरूको वारेमा उल्लेख गरेका छन् । जेसुकै परेपनि जस्तोसुकै परिस्थितिमा पनि माया, प्रेम गर्न नछोड्ने कुराहरूको उल्लेख गरिएको छ ।

### ९७. ज्यान सारै जाग्छ

प्रस्तुत गजलमा गजलकार मियाँले खुदाको कसम खाएर साँचो कुराहरू मात्र भनेको हो भन्ने जस्ता भावहरू व्यक्त गरेका छन् ।

**९८. पेसाहरू**

प्रस्तुत गजलमा माया पिरतीले गर्दा रोग पनि पालेको छु, पैसा पनि खेरफालेको छु, यस्ता-यस्ता कामहरू जिन्दगीमा थालेको कुराहरूको उल्लेख गरिएको छ ।

**९९. पुकार गरेछु**

प्रस्तुत गजलमा गजलकार मियाँले प्रियसी लजालु हुनाले हेरेर मात्र चित्त बुझाएको कुराहरूको उल्लेख गरेका छन् ।

**१००. जिन्दगीमा मिले**

प्रस्तुत गजलहरूमा मियाँले जिन्दगीमा मानिसहरू थरि-थरिका भेटिँदा रहेछन् । यसले गर्दा मीठा-नमीठा पलहरू बिताइरहेको कुरा व्यक्त गरेका छन् ।

**१०१. नरुचाइ यहाँ**

प्रस्तुत गजलमा मियाँले नरुचे पनि यहाँ विष खानुपर्ने रहेछ, नचाहेको चीज पनि आइलाग्दो रहेछ जिन्दगी र माया कस्तो अचम्म रहेछ भन्ने जस्ता भावहरू व्यक्त गरेका छन् ।

**१०२. प्यून चाहेको छु**

यस गजलमा गजलकार मियाँले माया-प्रीतिमा जे पनि गर्न तयार छु, मात पनि, घात पनि, बात पनि लिन चाहेको छु भन्ने भावहरू व्यक्त गरेका छन् ।

**१०३. बढेको कहरले**

यस गजलमा गजलकार मियाँले कसैले ललचाएर जाँदा उनको रूप हेरेर गजल लेख्न लागेको कुरा व्यक्त गरेका छन् ।

**१०४. बढी प्यार गर्दै**

प्रस्तुत गजलमा गजलकार मियाँले माया, प्रेम गर्दा भए भरको माया छ्याल-ब्याल गरी बगाएको कुराहरू व्यक्त गरेका छन् ।

**१०५. मनै मेरो धुजा पार्‍यो**

प्रस्तुत गजलमा गजलकार मियाँले दुनियाँको झमेलाले मान्छेलाई सताइरहेको कुराहरू व्यक्त गरेका छन् ।

**१०६. पुगे माथि धेरै**

प्रस्तुत गजलमा गजलकार मियाँले म यहाँ कराए पनि हराए जस्तो हुने भइरहेको छु भन्ने धारणा व्यक्त गरेका छन् ।

**१०७. मुटु नै निकाली**

प्रस्तुत गजलमा मियाँले आफूलाई नै हराएको जस्तो लाग्छ, मुटु नै साथमा नभए जस्तो लाग्छ यसरी पागलसरी भइरहेको कुरा उल्लेख गरेका छन् ।

**१०८. नदी पारि**

प्रस्तुत गजलमा मियाँले प्रियसीलाई तिमी जहाँ गए पनि पिर तथा बाधाहरू सबै मलाई नै सुम्पिएर जाऊ भन्ने जस्ता प्रसङ्गहरू उल्लेख गरेका छन् ।

**१०९. ठूलै पैरो जाँदा**

प्रस्तुत गजलमा गजलकार मियाँले ठूलो पैरो जाँदा काम पाइएन, दाम पाइएन, ठाँउ पाइएन भन्ने जस्ता भाव व्यक्त गरेका छन् ।

**११०. छायाँमा न आएरै**

प्रस्तुत गजलमा गजलकार मियाँले कसैको माया, छायाँ नपाएर गजबले चर्किएँ, अड्किँए, थर्किएँ, झस्किएँ, झुक्किएँ, भत्किएँ भनी आफ्ना धारणाहरू व्यक्त गरेका छन् ।

**१११. यही जिन्दगीमा**

प्रस्तुत गजलमा गजलकार मियाँले जिन्दगीमा ढलायो, कसैले बढी आग झोसी जलायो, कसैले यसरी दिलमा छुरी चलायो, कसैले सतायो, कसैले थलायो भन्ने जस्ता भावहरू व्यक्त गरेका छन् ।

**४.८.२.५ शिल्पशैली**

शैलीले लेखकीय कुशलतालाई जनाउने हुँदा लेखनविशिष्टता प्राप्तिमा शैलीको महत्वपूर्ण भूमिका रहेको हुन्छ । यसैले शैल्पिक विशेषताको चाहना र ज्ञान लेख्न कलाका लागि अपेक्षित मानिन्छ । यसर्थ गजललाई सम्प्रेषणयुक्त, प्रभावोत्पादकपूर्ण र रहस्योद्घाटक गुणले सजाउन कोमल भाव, सरल सहज र स्पष्ट अभिव्यक्ति दिन सक्ने सुकोमल गुणयुक्त शब्दहरूको स्वभाविक र सान्दर्भिक प्रयोगयुक्त शैलीलाई महत्वपूर्ण मानिएको छ ।

**अ) भाषाशैली**

गजल उर्दू र फारसी साहित्यबाट आयतित विधा भएकाले वर्तमानमा पनि उर्दू, हिन्दी भाषाको आंशिक प्रभाव नेपाली गजल लेखनमा परिरहेको देखिन्छ । यस्तो अवस्थामा युसुफदिन मियाँ 'पाल्पाली'मा त्यो प्रभाव नभेटिने होइन तापनि गजलमा भावाभिव्यक्तिका लागि सुकोमल, सुस्पष्ट, सरल र सहज भाषाशैली अपेक्षित मानिएको छ । गजल बौद्धिक र विचारोत्तेजक हुने भएकोले स्वाभाविक रूपमा विचार तत्वमा सघनता हुन्छ । यस्तै बौद्धिक तत्वलाई सम्प्रेषणीय तुल्याउन गजलमा प्रयोग गरिने भाषा सहज र सरल हुनु आवश्यक छ । गजलकार युसुफदिन मियाँ 'पाल्पाली'ले आफ्नो गजलसङ्ग्रहमा विषयसँग मेलखाने खालको भाववहन गर्न सक्षम भाषाको प्रयोग गरेका छन् । यिनको भाषा सरल, सहज र सामान्य पाठक तथा श्रोताहरूले बुझ्ने खालको छ । युसुफदिन मियाँ 'पाल्पाली'ले देशलाई एउटा छोरा भएर आमामाथि गर्नुपर्ने माया जत्तिकै सम्झिएका छन् ।

म छोरा हुँ आमा दुखारी हजुर्को
म पार्ने छु सञ्चो विमारी हजुर्को ।

(गजल ३, पृ. ३)

जिन्दगी भनेको चार दिनको रहेछ त्यसैले, कहिले दुःख कहिले सुख हुने रहेछ गजलकार युसुफदिन मियाँ 'पाल्पाली' यसरी लेख्छन् :-

अल्झिराख्यो झेलमा चार दिन्को जिन्दगी
जान लाग्यो खेलमा चार दिनको जिन्दगी ।

**आ) अलङ्कार प्रयोग**

गजल विधा एउटा कलात्मक विधा हो । सौन्दर्यताले भरिपूर्ण भएका भावगत प्रखरताको लागि स्रष्टाद्वारा गरिने शैल्पिक चमत्कार अन्तर्गत अलङ्कार पनि स्वाभाविक रूपमा आएको हुन्छ । त्यसैले गजलको भाषिक र भावगत सौन्दर्यमा अलङ्कारको महत्वपूर्ण भूमिका रहन्छ । अलङ्कारलाई काव्यको गहना मानिएको हुँदा गजलको सफलता नै

अलङ्कारको प्रभावकारितामाथि निर्भर हुन्छ । यस गजलसङ्ग्रहका विभिन्न ठाउँहरूमा अनुप्रास, उपमा, उत्प्रेक्षा आदि अलङ्कारहरूको प्रयोग भएको छ ।

**इ) छन्द प्रयोग**

गजलमा छन्दहरूको पनि प्रमुख भूमिका हुन्छ । गजललाई लयवद्ध बनाउने काम छन्दले गर्दछ । गजलमा छन्दलाई बहर भनिन्छ । गजलकार युसुफदिन मियाँ 'पाल्पाली'ले मदीद मुसकूल मकतुअ बहरे मुसम्मन्, भुजङ्गप्रयात, प्रमदानन, पिङ्गल, दिक्पाल, प्रभात, स्रग्विणी आदि छन्दमा गजल लेखेका छन् ।

### ४.८.२.६ निष्कर्ष

गजलकार युसुफदिन मियाँ 'पाल्पाली'ले २०६८ सालमा **मनको व्यथा** गजलसङ्ग्रह प्रकाशित गरेपछि नेपाली साहित्यको क्षेत्रमा एउटा छुट्टै पहिचान स्थापित गर्न सफल भएका छन् । मोतीराम भट्टबाट प्रेरणा लिँदै हुसैन खाँ, डा. नारायणप्रसाद खनाल, गोविन्दराज विनोदी, गोर्खे साइँलो जस्ता गजलकारहरूको प्रेरणाले **मनको व्यथा** गजलसङ्ग्रह प्रकाशित गरेका हुन् । गजल विभिन्न भाषाशैली, लोकलय, छन्द, अलङ्कार, विम्ब र प्रतीकले भरिपूर्ण बन्न पुगेको छ ।

प्रस्तुत **मनको व्यथा** गजलसङ्ग्रहले नेपाली गजलको इतिहासमा सकारात्मक योगदान गरेको पाइन्छ ।

## ४.८.३ 'एक बहर एक गजल' गजलसङ्ग्रहको विश्लेषण

### ४.८.३.१ परिचय

२०६९ सालमा पल्लव साहित्य प्रतिष्ठानबाट प्रकाशित **एक बहर एक गजल** गजलसङ्ग्रह गजलकार युसुफदिन मियाँ 'पाल्पाली'को तेस्रो कृति हो । **एक बहर एक गजल**को बाहिरी आवरणमा एउटा गुलाफको फूल देखाइएको छ । पुस्तकको पछिल्लो पानामा युसुफदिन मियाँ 'पाल्पाली'को तस्विर र उनको साहित्यिक परिचय दिइएको छ । गजल पढ्दा रमाइलो अनुभूति भएकोले उनी त्यसतर्फ बढी आकर्षित भएका हुन सक्छन् ।

प्रस्तुत गजलसङ्ग्रहमा एक सय एक ओटा गजलहरू सङ्गृहित छन् । थोरैमा दस पङ्क्तिदेखि धेरैमा चौध पङ्क्तिसम्मका गजलहरू रहेका छन् । यस सङ्ग्रहभित्रका

गजलहरूमा माया-प्रेमका कुराहरू, सामाजिक विसङ्गतिप्रति व्यङ्ग्य आदि केन्द्रीय कथ्यका रूपमा आएका छन् । प्रस्तुत गजलसङ्ग्रहलाई यसरी अध्ययन गर्न सकिन्छ ।

### ४.८.३.२ संरचना

एक सय एक पृष्ठको प्रस्तुत गजलसङ्ग्रह **एक बहर एक गजल**भित्र विभिन्न शीर्षकमा एक सय एक ओटा गजलहरू रहेका छन् । एकदेखि एक सय एकओटा नम्बर दिइएका गजलहरूलाई निश्चित शीर्षक दिइएको छैन । पाँच सेर भएका गजलहरू सन्तानब्बे ओटा, छओटा सेर भएका एकओटा र सात सेर भएका तीनओटा गरी जम्मा जम्मा एक सय एक ओटा गजलहरू रहेका छन् । मतला, मक्ता, काफिया, रदिफ सबै गजलहरूमा पाइन्छन् भने तखल्लुस यस गजलमा पाइँदैन । प्रत्येक गजलहरूको पङ्क्ति सङ्ख्या र गजलभित्रका विभिन्न तत्वहरू यस तालिकाबाट सपष्ट पार्न सकिन्छ ।

**युसुफदिन मियाँ 'पाल्पाली'को "एक बहर एक गजल" गजलसङ्ग्रहको विश्लेषण**

| क्र. सं. | गजल नं. | पङ्क्ति सङ्ख्या | सेर सङ्ख्या | मतला | मक्ता | काफिया | रदिफ | दखल्लुस | लय |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | १. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतकारिब मुसम्मन् सालिम |
| २. | २. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतकारिब मुसद्दस् सालिम |
| ३. | ३. | १० | ५ | √ | √ | √ | √ | × | बहरे, मुतकारिव मुरब्बा सालिम |
| ४. | ४. | १० | ५ | √ | √ | √ | √ | × | बहरे, मुतदारिक मुसम्मन सालिम |
| ५. | ५. | १४ | ७ | √ | √ | √ | √ | × | बहरे, मुतदारिक मुसद्दस सालिम |
| ६. | ६. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतदारिक मुरब्ब सालिम |
| ७. | ७. | १० | ५ | √ | √ | √ | √ | × | बहरे हजज मुसम्मन् सालिम |
| ८. | ८. | १० | ५ | √ | √ | √ | √ | × | बहरे हजज मुसद्दस् सालिम |
| ९. | ९. | १० | ५ | √ | √ | √ | √ | × | बहरे हजज मुरब्बा सालिम |
| १०. | १०. | १० | ५ | √ | √ | √ | √ | × | बहरे रज्ज मुसम्मन् सालिम |
| ११. | ११. | १० | ५ | √ | √ | √ | √ | × | बहरे रज्ज मुसद्दस् सालिम |
| १२. | १२. | १० | ५ | √ | √ | √ | √ | × | बहरे रजज मुरब्बा सालिम |
| १३. | १३. | १० | ५ | √ | √ | √ | √ | × | बहरे रमल मुसम्मन् सालिम |
| १४. | १४. | १० | ५ | √ | √ | √ | √ | × | बहरे रमल मुसद्दस सालिम |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १५. | १५. | १० | ५ | √ | √ | √ | √ | × | बहरे रमल मुरब्बा सालिम |
| १६. | १६. | १० | ५ | √ | √ | √ | √ | × | बहरे कामिल मुसम्मन् सालिम |
| १७. | १७. | १० | ५ | √ | √ | √ | √ | × | बहरे कामिल मुसद्दस सालिम |
| १८. | १८. | १० | ५ | √ | √ | √ | √ | × | बहरे कामिल मुरब्बा सालिम |
| १९. | १९. | १० | ५ | √ | √ | √ | √ | × | बहरे वाफिर मुसम्मन् सालिम |
| २०. | २०. | १० | ५ | √ | √ | √ | √ | × | बहरे वाफिर मुसद्दस सालिम |
| २१. | २१. | १० | ५ | √ | √ | √ | √ | × | बहरे बाफिर मुख्बा सालिम |
| २२. | २२. | १० | ५ | √ | √ | √ | √ | × | बहरे हजज मुसम्मन् मक्बूज |
| २३. | २३. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतदारिक मुसद्दस् मक्तुअ मुदाइफ |
| २४. | २४. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतदारिक मुसद्दस् मक्तुअ मुदाइफ महजूफ |
| २५. | २५. | १२ | ६ | √ | √ | √ | √ | × | बहरे मुतदारिक, मुख्वा मक्तुअ मुदाइफ |
| २६. | २६. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतदारिक मुख्वा, मक्तुअ मुदाइप महफूज |
| २७. | २७. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतकारिब्, मुसम्मन् मक्बूज |
| २८. | २८. | १० | ५ | √ | √ | √ | √ | × | बहरे हजज मुसम्मन महफूज |
| २९. | २९. | १० | ५ | √ | √ | √ | √ | × | बहरे रजज मुसम्मन् मख्बून, मुतब्बी |
| ३०. | ३०. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतकारिब, मुसम्मन् महजूफ |
| ३१. | ३१. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुन्सरेह, मुतब्वी मन्हूर |
| ३२. | ३२. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतकारिव, मुसद्दस सालिम मुदाइफ |
| ३३. | ३३. | १० | ५ | √ | √ | √ | √ | × | बहरे हजज मुसम्मन, महफूज मक्फूफ |
| ३४. | ३४. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतकारिब मुसम्मन् अवतर |
| ३५. | ३५. | १० | ५ | √ | √ | √ | √ | × | बहरे कवीर |
| ३६. | ३६. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतकारिब, मुसम्मन् अस्लम |
| ३७. | ३७. | १० | ५ | √ | √ | √ | √ | × | बहरे हजज मुसम्मन्, मक्बूज अखरम अखरव |
| ३८. | ३८. | १० | ५ | √ | √ | √ | √ | × | बहरे कलीब, मुसद्दस मशकूल, मक्फूफ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | अबतर |
| ३९. | ३९. | १० | ५ | √ | √ | √ | √ | × | बहरे रमल मुसम्मन् मक्फूक, मक्तुअ |
| ४०. | ४०. | १० | ५ | √ | √ | √ | √ | × | बहरे कलीब मुसद्दस्, मक्तुअ, मशकूल मक्बूज |
| ४१. | ४१. | १० | ५ | √ | √ | √ | √ | × | बहरे कवीर मुसद्दस मुतब्बी |
| ४२. | ४२. | १० | ५ | √ | √ | √ | √ | × | बहरे कबीर मुसदद्स मारफो |
| ४३. | ४३. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुजारे मुसम्मन, अखरब |
| ४४. | ४४. | १० | ५ | √ | √ | √ | √ | × | बहरे रमल मुसम्मन् मक्तुअ मशकूल |
| ४५. | ४५. | १० | ५ | √ | √ | √ | √ | × | बहरे रमल मुसम्मन् मक्तुअ |
| ४६. | ४६. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुजास वा मुज्तस |
| ४७. | ४७. | १० | ५ | √ | √ | √ | √ | × | बहरे हजज मुसम्मन् अखरब महजूफ |
| ४८. | ४८. | १० | ५ | √ | √ | √ | √ | × | बहरे हमीम मुसद्दस् मख्बून |
| ४९. | ४९. | १० | ५ | √ | √ | √ | √ | × | बहरे सरीम |
| ५०. | ५०. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतकारिब मुसम्मन् मक्बूज |
| ५१. | ५१. | १० | ५ | √ | √ | √ | √ | × | बहरे हजज मुख्वा अखरम मक्बूज |
| ५२. | ५२. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतकारिव मुसम्मन् अस्लम |
| ५३. | ५३. | १० | ५ | √ | √ | √ | √ | × | अन्य मुजाहिफ बहर |
| ५४. | ५४. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुन्सरेहे मुसम्मन्, मुतब्बी मन्हूर |
| ५५. | ५५. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतकारिब मुसम्मन् महफूज |
| ५६. | ५६. | १० | ५ | √ | √ | √ | √ | × | बहरे बसीत मुसम्मन् मक्बून |
| ५७. | ५७. | १० | ५ | √ | √ | √ | √ | × | बहरे सगीर मुसद्दस् मक्फूफ, मक्तुअ मुतब्बी |
| ५८. | ५८. | १० | ५ | √ | √ | √ | √ | × | बहरे सरीम मुसद्दस् अख्रब, मक्तुअ मुदाइफ |
| ५९. | ५९. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुज्तस मुसम्मन् मुतब्बी, मक्तुअ |
| ६०. | ६०. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतकारिब मुसम्मन् मक्बूज, महजूफ |
| ६१. | ६१. | १४ | ७ | √ | √ | √ | √ | × | बहरे मुतकारिब मुसम्मन् मक्बूज अस्लम |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६२. | ६२. | १० | ५ | √ | √ | √ | √ | × | बहरे हजज मुसद्दस् अखरम, अस्तर महजूफ |
| ६३. | ६३. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतदारिक मुसम्मन् मख्बून |
| ६४. | ६४. | १० | ५ | √ | √ | √ | √ | × | बहरे हजज मुसम्मन् महजूफ |
| ६५. | ६५. | १० | ५ | √ | √ | √ | √ | × | बहरे करीब मुसद्दस् मख्बून |
| ६६. | ६६. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतकारिब मुसद्दस् अस्लम, मुदाइफ |
| ६७. | ६७. | १० | ५ | √ | √ | √ | √ | × | बहरे रमल मुसम्मन्, महजूफ |
| ६८. | ६८. | १० | ५ | √ | √ | √ | √ | × | बहरे रमल मुसम्मन्, मक्तुअ |
| ६९. | ६९. | १० | ५ | √ | √ | √ | √ | × | बहरे हजज मुसम्मन्, अखरम महफूज |
| ७०. | ७०. | १० | ५ | √ | √ | √ | √ | × | बहरे हजज मुसम्मन् अखरब |
| ७१. | ७१. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुजारे मुसम्मन् अखरब मख्बून अस्तर |
| ७२. | ७२. | १० | ५ | √ | √ | √ | √ | × | बहरे हजज मुसम्मन् अखरब मक्फूफ महजूफ |
| ७३. | ७३. | १० | ५ | √ | √ | √ | √ | × | बहरे हजज मुसम्मन् अस्तर मक्बूज |
| ७४. | ७४. | १० | ५ | √ | √ | √ | √ | × | बहरे हजज मुसम्मन् अस्तर |
| ७५. | ७५. | १० | ५ | √ | √ | √ | √ | × | बहरे सगीर मुसद्दस् मुतब्बी मकतुस मख्बून |
| ७६. | ७६. | १० | ५ | √ | √ | √ | √ | × | बहरे हजज मुसद्दस अस्तर अखरम मक्बूज |
| ७७. | ७७. | १० | ५ | √ | √ | √ | √ | × | बहरे करीब |
| ७८. | ७८. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुजारे |
| ७९. | ७९. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतकरिब मुसम्मन् अस्लम मक्बूज |
| ८०. | ८०. | १० | ५ | √ | √ | √ | √ | × | बहरे तबील मुसम्मन् मक्बूज |
| ८१. | ८१. | १० | ५ | √ | √ | √ | √ | × | बहरे रजज मुख्बा मुतब्बी |
| ८२. | ८२. | १० | ५ | √ | √ | √ | √ | × | बहरे रमल मुसम्मन् मशकूल |
| ८३. | ८३. | १० | ५ | √ | √ | √ | √ | × | बहरे करीब मुसद्दस् मक्फूज |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८४. | ८४. | १० | ५ | √ | √ | √ | √ | × | बहरे खफीफ |
| ८५. | ८५. | १० | ५ | √ | √ | √ | √ | × | बहरे सरीअ |
| ८६. | ८६. | १० | ५ | √ | √ | √ | √ | × | बहरे सलीम |
| ८७. | ८७. | १० | ५ | √ | √ | √ | √ | × | बहरे तबील |
| ८८. | ८८. | १० | ५ | √ | √ | √ | √ | × | बहरे बतीस |
| ८९. | ८९. | १० | ५ | √ | √ | √ | √ | × | बहरे हजज मुसम्मन् महजूफ |
| ९०. | ९०. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुन्सरेह |
| ९१. | ९१. | १० | ५ | √ | √ | √ | √ | × | बहरे हजज मुसम्मन् अखरम, महजूफ |
| ९२. | ९२. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुजारे अखरम् मख्बून |
| ९३. | ९३. | १० | ५ | √ | √ | √ | √ | × | बहरे हजज मुसम्मन् मक्फूफ |
| ९४. | ९४. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतदारिक मुसम्मन् मक्तुअ मख्बून |
| ९५. | ९५. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुक्तजिब |
| ९६. | ९६. | १४ | ७ | | | | | | बहरे रमल मुख्बा मक्फूफ |
| ९७. | ९७. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मुतकारिब मुसम्मन् अस्लम |
| ९८. | ९८. | १० | ५ | √ | √ | √ | √ | × | बहरे रमल मुसम्मन् मक्फूफ |
| ९९. | ९९. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मतकारिब मुसम्मन् महजूफ |
| १००. | १००. | १० | ५ | √ | √ | √ | √ | × | बहरे असम मुसद्दस मशकूल अखरब महजूफ |
| १०१. | १०१. | १० | ५ | √ | √ | √ | √ | × | बहरे मदीद मुसम्मन् मशकूल मक्तुअ |

**४.८.३.३ केन्द्रीय कथ्य**

कुनै पनि रचनामा विषयवस्तुको अपरिहार्यता हुन्छ । विषयवस्तु विना रचना बन्न नै सक्दैन । समाजमा र देशमा भएका दुःखद् र सुखद अनुभूति एवम् विकृति, विसङ्गति, बिडम्बना, विवशता, व्यङ्ग्य आदि विषयवस्तुहरू रचनामा अभिव्यक्त भएका हुन्छन् । गजलकार युसुफदिन मियाँ 'पाल्पाली'ले जीवन र जगत्का यिनै विविध पक्षहरूलाई आफ्ना गजलहरूमा प्रस्तुत गर्ने प्रयास गरेका छन् । यस गजलसङ्ग्रहमा सङ्गृहित गजलहरूको केन्द्रीय कथ्य यसप्रकार रहेको देखिन्छ :-

**गजल १**

प्रस्तुत गजलमा यस पापी जमानामा राम्रो बनेको काम बिगार्ने मानिस धेरै हुन्छन् । प्रेम गर्दा नराम्रो परिणाम पनि निस्कन सक्छ । गाउँबाट बसाइँ सरी मानिस सहरतर्फ लम्कन थालेका छन् भनी यस गजलमा भावहरू व्यक्त भएका छन् ।

**गजल २**

प्रस्तुत गजलमा प्रियले आफ्नी प्रियतामा प्रतिको भावहरू पोखिएका कुराहरू व्यक्त गरिएका छन् । प्रियसीलाई सम्झेर आफ्ना मनमा भएका इच्छाहरूलाई हार्दिक प्रकट गर्दै आफूप्रति आकर्षित नभएका भावहरू अभिव्यक्त गरिएका छन् ।

**गजल ३**

यस गजलमा जिन्दगीमा रुनु परेका अवस्थाहरूको चित्रण गरिएको छ । जिन्दगीमा भोग्नु परेका हरेक कठिनाइ, उमेर, शरीर, जय-विजयसँग अपेक्षा पूरा नहुँदाका अवस्थामा रुनु परेका वास्तविक क्षणहरूको बारेमा स्पष्ट पारिएको कुरालाई अभिव्यक्त गरिएको छ ।

**गजल ४**

प्रस्तुत गजलमा प्रियले प्रियसीलाई आस मारिसकेको थिए तर तिमी फर्की आयौ तिम्रो लागि गीत लेखिदिएको थिएँ मीठो स्वरमा गाइ दियौ । मायालुको यादमा छट्पटिरहेको बेलामा नजिक आइ सोधिदिँदा आनन्द भएको र माया-प्रेम गर्नका लागि धेरै दुःख, कष्ट हुने कुरा व्यक्त गरिएको छ ।

**गजल ५**

प्रस्तुत गजलमा प्रियले प्रेमीसँग धोका पाएका कुराहरूको बारेमा चित्रण गर्दै जिन्दगी बिग्रिएको, भत्किएको, मायालुको याद आउँदा तहस-नहस भएको र इज्ज्तपूर्वक बाचौँला भन्दा झन् भार आइलागेको भावनाहरू व्यक्त गरिएको छ ।

**गजल ६**

प्रस्तुत गजलमा प्रियले प्रियसीको बढी याद आइदिँदा दिलमा आगो सल्कियो, दर्द बढ्यो, बत्ती बल्यो, मायाँ-प्रेम भन्ने चीज अचम्मको रहेछ भन्ने भाव व्यक्त गरिएको छ ।

**गजल ७**

यस गजलमा प्रियले प्रियसीलाई औंल्याउँदै छातीमा किला ठोकी जता मन लाग्छ त्यतै भौंतारिँदै हराएको जिन्दगी खोज्दै हिँडेको र पापी जमानामा दीलै दुख्ने गरी पीडा दिएको भाव व्यक्त गर्दै आफ्नो कोही छन् कि भनेर बगैंचामा मौरीझैँ हिँडे तर कसैलाई भेटाउन नसकि मायाविनाको निरर्थक जिन्दगी बिताउनु परेको भाव व्यक्त गरिएको छ ।

**गजल ८**

यस गजलमा प्रियले प्रियसीलाई राम्रो, हँसिलो देखिरहन पाए धेरै आनन्द आउने र जीवनमा मायालुकै लागि कमाइदिने कुरा गर्दै मायालुलाई सधैं दिलमा सजाउने छु भन्ने भाव व्यक्त गरिएको छ ।

**गजल ९**

प्रस्तुत गजलमा प्रियले प्रियसीलाई संबोधन गर्दै जीवनमा उनीजस्तो कोही छैन, रित्तिएको दिललाई सजाउने, सारा खुशी दिलाउने, हीरा-मोती, सुन-चाँदी सारा चीज भनेको मायालु नै रहेछ भन्ने भाव व्यक्त गरिएको छ ।

**गजल १०**

यस गजलमा जस्तै नराम्रो पलमा पनि मायाँ-प्रेमले मीठो र राम्रो बनाउँदोरहेछ, प्यारले नै अचेतबाट चेत अवस्थामा ल्याइदिँदोरहेछ, आँखा जुधाई मायालुले बोलीदिँदा स्वर्गै पुगेको जस्तो लाग्दछ भन्ने भाव प्रस्तुत गरिएको छ ।

**गजल ११**

यस गजलमा प्रियले प्रियसीलाई मायामा गल्ती पनि हुन सक्छ तर पनि प्रियसीलाई कहिले पनि धोका नदिने र जति पीडा र छट्पटी भए पनि सधैं माया गरिरहने भाव अभिव्यक्त गरिएको छ ।

**गजल १२**

यस गजलमा प्रियले प्रियसीलाई जति घेरा हालेर घुमिरहे पनि मायाविना छाया नपाए पनि धेरै पीडा भोगिरहेको र ती पीडाहरूलाई बुझिदिने कोही नभएको, नयाँ जिन्दगी लिएर हिँडे पनि इन्साफ पाउन नसकेको भाव अभिव्यक्त गरिएको छ ।

**गजल १३**

यस गजलमा चार दिनको जिन्दगीमा पनि मानिसले अनेकौं दुःख, कठिनाइहरू झेल्नु पर्ने रहेछ, विभिन्न बाधा, अड्चनहरू सहनु पर्ने रहेछ, जीतभन्दा हार खाइ बस्नु पर्ने रहेछ, मायालुलाई प्यार गर्दा धेरै दुःख पाएको र आनन्दको अनुभव पनि भएको भाव व्यक्त गरिएको छ ।

**गजल १४**

यस गजलमा जिन्दगीमा हार, मार, प्यार सबै कुराहरू झेल्नु पर्नेरहेछ । मायामाथि धेरै दुःख, पीडाहरू पर्दा पनि जिन्दगीले छोड्नु पर्ने पार्‍यो र महङ्गीसँग लड्दा-लड्दै जिन्दगीमा हार खाइ बस्नु पर्‍यो भन्ने भाव अभिव्यक्त गरिएको छ ।

**गजल १५**

यस गजलमा जिन्दगी धेरै छोटो छ, त्यसैले धेरै पीर पाल्नु हुँदैन । साथ दिने कोही छन् की भनेर दृष्टि लाएर हेरे चार दिनको जिन्दगीमा मिल्न गाह्रो भएको र छिद्रहरू टाल्न पनि मैन नभएको भाव व्यक्त गर्दै मर्ने बेलामा पनि प्रियसीको साथ पाउन नसकेको भावहरू अभिव्यक्त गरिएको छ ।

**गजल १६**

यस गजलमा प्रियले प्रियसीलाई घात गर्दा अथवा बिछोड हुँदा मदिरा पिउन मन लाग्ने, विरक्त हुन मन लाग्ने, मायालुको तड्पाइमा यस्तो पनि हुँदोरहेछ भनी भावहरू अभिव्यक्त गरिएको छ ।

**गजल १७**

यस गजलमा धनको होइन मनको सम्पत्ति ठूलो हुन्छ । यहाँ सुनको होइन गुनको खाँचो रहेको छ । माया नै सबैभन्दा ठूलो सम्पत्ति हो भन्ने भाव यस गजलमा व्यक्त गरिएको छ ।

**गजल १८**

यस गजलमा कसैको भर पर्दाखेरी छलमा परियो, थलमा परियो । तिमीले वास्ता नगरे पनि तिम्रै आँखाका जलमा डुबे, तिम्रै दिलभित्र बसें, तिम्रै लागि मीठा पलहरू कुरेर बसें भन्ने भाव अभिव्यक्त गरिएको छ ।

**गजल १९**

यस गजलमा प्रियले प्रियसीलाई मसँग रिसाएर कुबाटो समायौ, खोजी पनि गरिनौ, मलाई फसाएर नहुने कुराको हल्ला पिटायौ, मायालु कुराहरू दिँदा पनि वास्ता नगरिदिँदा बेहाल बनी मूढो जसरी ढलाइदिइ अझै मनलाई भित्रभित्रै जलाइदियौ । अनुहार राम्रो तर व्यवहार धमिलो भएको कुरा व्यक्त गरिएको छ ।

**गजल २०**

यस गजलमा दिलैदिलको निवास बनाएर बसौं, मिलेका गाउँहरूको बस्ती बनाएर बसौं, धरतीलाई पहाडै-पहाडको रमणीय स्थान बनाइदिऔं । मान्छेसँग तिर्खा छ, भोक छ, त्यसलाई मेटाई साना-साना मान्छेको मनलाई ठूलो सहर बनाइदिनु पर्छ । यो धरतीलाई रमणीय बनाएर छोडिदिनु पर्छ भन्ने भाव व्यक्त गरिएको छ ।

**गजल २१**

प्रस्तुत गजलमा प्रियले प्रियसीलाई चिन्तन, विचारहरूलाई अगाडि बढाउनु पर्छ, दयाहीन पिरतीलाई हटाइदिनु पर्छ, नयाँ प्रेमरूपी झुपडीलाई बतास आइ उडाइदिनु पर्छ र गाढा प्रेमलाई अगाडि बढाउनु पर्छ । दुई दिनको पिरतीलाई हटाइ कृत्रिम पिरतीलाई अँगाल्नु पर्छ भनी प्रेममा धोका पाइरहेको भाव व्यक्त गरिएको छ ।

**गजल २२**

यस गजलमा जिन्दगी अनौठो छ । यसले रुवाउने, हसाँउने, लडाउने, उठाउने गर्छ । यो कुमालेको माटो बनाउने भाँडोजस्तो अचम्मको छ । हराउँदै, डराउँदै आई मलाई नै सताउने जिन्दगी अनौठोको छ भन्ने भाव यस गजलमा अभिव्यक्त गरिएको छ ।

**गजल २३**

यस गजलमा छोटो यो जिन्दगीमा मायाको खाँचो पर्दोरहेछ । एउटा जीवनसाथी नभई नहुने रहेछ । चर्केको छातीमा मलहम-पट्टी लगाउने आत्मसङ्गिनीको खाँचो भएको भाव व्यक्त गरिएको छ ।

**गजल २४**

यस गजलमा प्रियले प्रियसीलाई प्रेमपीडाले धोका दिएको कुरा व्यक्त गरिएको छ । मनमा वर्षिरहने प्रेमरूपी पीडाले मर्का पारेको, मायालुलाई भेट्न बस्तीमा पुग्दा आँखा छोपिदिएको र झन् धेरै डाह र पीडाले तहस-नहस बनाइदिएको भाव व्यक्त गरिएको छ ।

**गजल २५**

यस गजलमा जिन्दगीभरी भाग्य खोज्दा-खोज्दै धेरै थाकेको तै पनि भाग्य पाउन नसकेको भाव व्यक्त गर्दै दिलमा धेरै मर्काहरू थपिई मौलाकालिकालाई मायालुको छायाँ माया पाउनु पर्‍यो भनेर भाकल गरी आफ्ना मनका भावहरू व्यक्त गरिएको छ ।

**गजल २६**

यस गजलमा हरेक मान्छेको सोच आफ्नै हुन्छ । हरेक मान्छेको पखाई आफ्नै हुन्छ, रोजाइमा सेतो, कालो जे भेटे पनि रोजाइ आफ्नै हुन्छ । दिललाई राम्रो बनाएँ भन्दै तिता-मीठा भाव देखाउँदै हिँड्छन् भन्ने भाव प्रस्तुत गरिएको छ ।

**गजल २७**

यस गजलमा प्रेमीले प्रेमिकालाई अति नै पीडा व्यक्त गर्दै म कहाँ, कसरी बसेको छु नसोध, नखोज, जहाँ, जसरी बसेपनि आनन्दसँग बसेको छु । मेरो कुनै चिन्ता लिनु पर्दैन । प्रेम दिएर व्यर्थै म तिम्रो बनेछु भन्ने भावहरू व्यक्त गरिएको छ ।

**गजल २८**

यस गजलमा माया-प्रेमप्रति गरिएका दर्दका चोटहरूलाई पोखिएको छ । तिमीले जति चोटहरू मलाई दियौ, कसैले कुन बेला आएर सम्झना दिलायो, यिनै कुराहरूलाई दिलमा जमाएँ भन्ने भावहरू व्यक्त गरिएको छ ।

**गजल २९**

यस गजलमा प्रियले प्रियसीतर्फ औंल्याउँदै कुराहरू गर्दागर्दै रात बित्यो, भावना उडे, जहाँ गए पनि पीरहरू गएनन्, घरीघरी प्यार दिएँ, माया दिएँ तर स्पर्श गर्न सकिन, यसरी सबै आसहरू ढले, बासहरू ढले भन्ने भावहरू अभिव्यक्त गरिएको छ ।

**गजल ३०**

यस गजलमा प्रियसीको आसामा बस्ता-बस्दै सितारा टुट्यो, बितारा परेँ, प्रियसीलाई सम्झिँदा हृदय सुक्यो, प्रेमको हावा नराम्रो चल्यो र बस्ने ठाउँ गुम्यो भन्ने भावहरू व्यक्त गरिएको छ ।

**गजल ३१**

यस गजलमा कविले चन्द्रमालाई जून र चाँद भनेर बयान गरेका छन् । दर्शन ढुङ्गाजस्तो शक्ति पाएँ, त्यहीँ चाहिँ चूनजस्तो पग्लेर गयो, पर्वतलाई ढालेर समतल जमिन बनाएँ, सबैले स्वाद छैन भन्थे तर पत्थरलाई नून बनाएँ, गाउनको निमित्त नमीठो भए पनि गीत बनाएँ भन्ने भावहरू व्यक्त गरिएको छ ।

**गजल ३२**

यस गजलमा प्रियले प्रियसीलाई आफ्नो दिलमा राखेको भाव दर्शाएका छन् । नटुट्ने, नफुट्ने गरी दिलमा बसेकी प्रियसीलाई देख्न पाउँदा आँखा रसाएका छन्, मन डराएको छ । खाली रहेको दिलमा प्रियसी आई भरिदिए राम्रो हुने थियो भन्ने भाव प्रस्तुत गरिएको छ ।

**गजल ३३**

यस गजलमा यो दुष्ट जमानामा कसैले मलाई फसाइरहेको छ र प्रियसीको नजरले दिलभित्र आगो बलेको छ । दिलबाट हटाउँभन्दा रुन मन लाग्छ, कता जानु पर्ने मान्छे कता

पुगेँ । जगतले जताततै नचाइरहेको छ, प्रेमरोग कसले लगाइदियो, यसबाट छुटकारा नपाउने भएँ भन्ने भाव प्रस्तुत गरिएको छ ।

**गजल ३४**

यस गजलमा प्रियसीले प्रेमीलाई धोका दिएको कुरा व्यक्त गरिएको छ । मायालुको नयनका तीरले भित्रभित्रै चोट लागी प्रेमरोगले थला पारेको छ । यस संसारमा केही गर्न नसकी बस्नु परेको भाव व्यक्त गरिएको छ ।

**गजल ३५**

यस गजलमा जिन्दगीमा भौंतारिएर काम, माम, खाम, दाम, लाम, नाम सबै चीज खोज्दै हिँडिरहें, मायालुलाई पत्र लेख्दैरहें । चार दिनको यो छोटो जिन्दगीमा माया-प्रेम गर्ने बाटो खोज्दै हिँडें भन्ने भावहरू यस गजलमा व्यक्त गरिएको छ ।

**गजल ३६**

यस गजलमा लेखकले अङ्कित गरेको पात्र लुप्त छ । नरम दिललाई अस्तव्यस्त बनाई ठूलो पैरो चलाएर बास हटाइदिएको छ । दिलमा अनेकौं चोटहरू दिएको हुनाले प्रेम गर्नु पनि बेकार भयो र सुख्खा वनका पखेराहरू पनि हराए भन्ने भावहरू पोखिएका छन् ।

**गजल ३७**

यस गजलमा देश प्रेमको कुरा गरिएको छ । हाम्रो देश "जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी" (जन्मदिने आमा प्राण भन्दा पनि प्यारो हुन्छ), टलक्क टल्कने हिमाल, कलकल बग्ने नदी र झरना, भीर-पहरामा फुल्ने ती लालीगुराँसहरूले हाम्रो देशलाई साँच्चै नै स्वर्ग तुल्याएको छ भन्ने भावहरू अभिव्यक्त गरिएको छ ।

**गजल ३८**

यस गजलमा जिन्दगीमा मात्तिएर नलडौं, बातमा बात र होसमा होस राखौं, प्रेम-पिरती एक-आपसमा बाडौं, आपत-विपत परेको बेलामा साथ दिऔं, घात नगरौं, देश बनाउनका लागि जातपातमा नभुली अँध्यारोलाई पन्छाइ उज्यालो बत्ती बाल्नुपर्छ भन्ने अन्तर्मनका भावहरू प्रस्तुत गरिएका छन् ।

**गजल ३९**

यस गजलमा जुन थलो बैगुनी छ, त्यहाँ बास लिनु मिल्दैन, गाँस लिनु मिल्दैन, आफै मर्माहत छ, कसैको आस लिन मिल्दैन, जिन्दगीले माथि लैजान्छु भन्दा तँ झन् मार खाई बस्नु पर्ने भयो भन्ने अन्तर्मनका भावहरूलाई प्रस्तुत गरिएको छ ।

**गजल ४०**

यस गजलमा प्यार दिई सधैं यहीँ बसी जिन्दगी बिताउने र संसार छुटेर गए पनि राम्रो मावल, प्यार, राम्रो बहार यी सबै सम्झेर सधैं रुनेछु भन्ने अन्तर्मनका भावनाहरूलाई प्रस्तुत गरिएको छ ।

**गजल ४१**

यस गजलमा देशभक्तिका कुराहरू उठाइएको छ । देशको शान राखी अगाडि बढ्नु पर्छ । भोलिका भावी सन्ततिका निमित्त राम्रो काम गरी सबैलाई शिक्षाको ज्योति फैलाउनुपर्छ र शत्रुसँग लड्नलाई हातमा हात र काँधमा काँध मिलाएर अघि बढ्नुपर्छ भन्ने भाव प्रस्तुत गरिएको छ ।

**गजल ४२**

यस गजलमा प्रेमिकाप्रति गुनासो छ । जिन्दगीमा एक्लै बस्नको लागि गाह्रो भएकोले रात काट्ने सहाराको लागि प्रेमीकालाई बोलाउँदा दिल टुक्रा-टुक्रा पारीदिएको र निष्ठुरीलाई खोज्दा-खोज्दै आँखामा आँसु भरिएको भाव व्यक्त गरिएको छ ।

**गजल ४३**

यस गजलमा प्रेमीले प्रेमिकालाई छायाँ, माया नपाउनाले दिल चर्किएको धारणा व्यक्त गर्दै छिया-छिया भएको मनमा आधार बन्छ भन्दै माया र प्रेम खोज्दै हिँड्छ तर धोका खाएकोले मायालुदेखि बेहाल भई तल-तल झर्न लागेको भावना व्यक्त गरिएको छ ।

**गजल ४४**

यस गजलमा ठूलादेखि सानासम्म सबैले माया-प्रेमको नै चर्चा गर्ने, प्रेमीको रूप देखेर भेटौं-भेटौं लाग्ने, संसारमा माया-प्रेम भन्ने चीज नभइनहुने अनौठो र रमाइलो रहेछ भन्ने भाव प्रस्तुत गरिएको छ ।

**गजल ४५**

प्रस्तुत गजलमा आफ्नो दिलभित्र राख्ने प्रेमिकालाई भेटाउनका लागि धेरै प्रयास गरेँ तर भेट्न साह्रै गाह्रो हुँदोरहेछ, सानैदेखि प्रेम गरेको तर अर्कैले छल गरी लगिदिएको र आफूलाई दिलमा राख्न योग्य मायालुलाई खोज्दै हिँडेको भाव व्यक्त गरिएको छ ।

**गजल ४६**

यस गजलमा यो छोटो जिन्दगीमा केही राम्रो काम गरी मर्नुपर्छ । गल्ती सबैबाट हुन्छ, आखिर मान्छेले मान्छेसँग नै माफी माग्नुपर्छ, आफ्नो स्वार्थ पूरा हुने काम मात्र नगरी देशको उन्नति र प्रगतिका कामहरू पनि गर्नुपर्दछ भन्ने भावाभिव्यक्ति प्रस्तुत गरिएको छ ।

**गजल ४७**

यस गजलमा प्रियले प्रियसीलाई धोका दिएका कुरा गरिएको छ । मायालुले आँखा जोडेर हराउँदा साह्रै पिर लागेको छ । संसारमा सबैभन्दा ठूलो मायालुलाई सम्झेको तर मायालुले धोका दिई अन्तै लागेको भाव प्रस्तुत गरिएको छ ।

**गजल ४८**

यस गजलमा विकृति र विसङ्गति बढ्दै गइरहेको छ । दुनियाँमा जति नयाँ-नयाँ कुराहरू चल्छन् उति-उति दिल दुख्दै जान्छ । ठूला-बडा नेताहरू जति बढेपनि जनताको समस्या झन् बढ्दै गइरहेको छ । त्यस्तै बालअवस्थाबाट यौवनावस्था हुँदै बुढ्यौली वा वृद्धावस्थामा लाग्दा धेरै परिवर्तन भइरहेको अवस्थालाई चित्रण गरिएको छ ।

**गजल ४९**

प्रस्तुत गजलमा मायालुलाई भेट्नका लागि धेरै दुःख, कष्ट गरी आउँदा आउँदै बेला बितिसक्यो । यस धर्तीमा नेपाली भई जन्म लिएपछि रगत र पसिना बगाउनु पर्छ । मायालुलाई खोज्न आफै धाउँदा-धाउँदै धेरै धोका पाएको भाव व्यक्त गरिएको छ ।

**गजल ५०**

यस गजलमा प्रियले प्रियसीलाई मेरो नजिक नआई नराम्रो काम गरेर लोप भयो । मायालुलाई भेट्नको लागि समुद्र तरी जाँदा टाढा गई सकेको र कति मीठा भविष्यको रचना गरेको थिएँ तर दिलदेखि नै हराई अनौठो गराएको भाव व्यक्त गरिएको छ ।

**गजल ५१**

यस गजलमा दुई दिनको जिन्दगीमा कहिले हाँस्नु पर्छ, कहिले रुनु पर्छ, कहिले माया-प्रेम पनि गर्नु पर्छ । दिनको घाम र रातको जूनझैं जिन्दगी घुमिरहन्छ । जिन्दगी एकै ठाउँमा नबसी हाँसी-खुसी यताउती बगिरहन्छ भनी भावहरू व्यक्त गरिएका छन् ।

**गजल ५२**

यस गजलमा मायालुलाई प्रेम गर्दा ज्यादै गाह्रो भएको भाव व्यक्त गरिएको छ । आफूले राम्रो काम गरेको तर त्यसलाई कसैले वास्ता नगरी तहस-नहस पारिदिएको र दिलमा भएका पीडा र छट्पटीलाई भित्रै सम्हालिएर राखिदिएको भाव व्यक्त गरिएको छ ।

**गजल ५३**

यस गजलमा प्रेमीले प्रेमिकालाई यो अवयवमा जतातते प्रियसीकै बास छ । सम्पूर्ण जिन्दगी नै मायालुको हो, जे मन लाग्छ त्यही गर, असाध्यै राम्रो मायालुको रूप देखेर दङ्ग परें, सपनामा पनि मायालुकै याद आउँदा आँसु झरी सिरानी भिजेछन् । प्रेमीकै सम्झनाले दिलभित्र आगो लागेको छ राख वा फाल, यो प्राण तिम्रै हो भन्ने भाव व्यक्त गरिएको छ ।

**गजल ५४**

यस गजलमा जसलाई जति चित्त बुझाए पनि झन् बढी शत्रु बनेको छ । तन, मन, ध्यान सबै मायालुलाई नै दिएको छु । प्रेमविना बाँच्न धेरै गाह्रो हुँदोरहेछ तर प्रेम गरेको सबै व्यर्थ भइरहेछ भन्ने भाव प्रस्तुत गरिएको छ ।

**गजल ५५**

यस गजलमा प्रियले प्रियसीलाई धोका दिएका कुराहरूको चित्रण गरिएको छ । मायालुलाई भरोसा गरेको थिएँ तर त्यसलाई हावासरी उडाइदिएको, जसलाई भरोसा गरेको थियो त्यसलाई त्यागी अरुलाई नै इसार दिलाइदिएको, बाचा-कसमहरू खाएको थियो त्यसलाई बिचैमा चटक्कै छाडिदिएको र पुराना-पुराना मायाका कुराहरूले दिलमा ठूलो घाउ लागेको भाव व्यक्त गरिएको छ ।

**गजल ५६**

यस गजलमा पीडाहरू साटासाट गर्नुको लागि हितैषीलाई दिएँ । पानी खानको लागि गएको थिएँ तर कुवा नै सुकिदियो । भोज खानको लागि निम्तो दिएको थियो तर मार खाई फर्कनु पर्‍यो । एक्लै हुँदा साथ दिने कोही भएन, पीडा र छट्पटीका प्रेमगीतहरू गाइदिए । माया र दयाहरू मिल्छन् भन्दा दुःख र दर्दहरू भेट्टाउन पुगेछु भन्ने अन्तर्मनका भावहरू व्यक्त गरिएको छ ।

**गजल ५७**

यस गजलमा प्रियले प्रियसीलाई संसारमा सबैभन्दा ठूलो कुरा नै माया, प्रेम रहेछ । दिलका कुना-काप्चामा, नयनमा जहाँ सुकै पनि मायालुकै याद आइरहने भाव अभिव्यक्त गरिएको छ ।

**गजल ५८**

यस गजलमा प्रियले प्रियसीलाई दुःख, दर्द पनि आधा-आधा बाँडौ, प्यार पनि आधा-आधा गरौं । राम्रो-नराम्रो जुनसुकै बेला वर्षेर आउँदा पनि त्यो मार हामी आफैले बाँडौ । डाहा र पापी पीडाले बेहोर्न परे पनि लाचार भई हासौँ । यो संसार तिम्रो र मेरो आधा-आधा हो भन्ने भावहरू व्यक्त गरिएको छ ।

**गजल ५९**

यस गजलमा प्रियले प्रेयसीलाई तास सम्झे, राज सम्झे, दुनियाँ सम्झे । जिन्दगीमा माया, प्रेम विना कोही पनि बाँच्न सक्दैनन् । सबैभन्दा ठूलो चीज नै माया, प्रेम रहेछ त्यसैले प्रियसीलाई नै सबैकुरा सम्झेको भावहरू अभिव्यक्त गरिएको छ ।

**गजल ६०**

यस गजलमा प्रेममा विचार नपुर्‍याउँदा दुःख पाइँदो रहेछ । मायालुलाई सर्वस्व सुम्पेको थिएँ तर बेहाल बनाई हाँसेर गयौ, सुटुक्क चियो-चर्चा गरेर गयौ । इज्जत, मान, सम्मान सबै विनाश गरी बेहाल बनाएर गयौ भन्ने भाव प्रस्तुत गरिएको छ ।

**गजल ६१**

प्रस्तुत गजलमा यो संसार दैवले नै बनाएको हो र दैवले नै रचना गरेको हो । कहिले हसाउँने, कहिले रुवाउने बुझ्न नसक्ने मायालुको बोली छ । मान्छेले अनेक पीडा सहेर पनि धेरै अगाडि बढ्नु परेको छ भन्ने भावहरू प्रस्तुत गरिएको छ ।

**गजल ६२**

प्रस्तुत गजलमा कलिलो जवानी कसैको प्यारमा झर्ला जस्तो भयो । रुँदा-रुँदा आँसुले सिरानी भिज्ने भयो । साँझको अँध्यारोलाई टारी प्रातःको बिहानी कुर्नु पर्दछ । तिरले दिलमा हिर्काएपछि यादको निसानी बल्ल पर्ने भयो भन्ने भाव प्रस्तुत गरिएको छ ।

**गजल ६३**

प्रस्तुत गजलमा धेरै माथि-माथि नजाऊ, दिलभित्र प्यार भर, कसैको डर-भर नमानी प्यार छर, कतै पनि नभुली अगाडि बढी प्यार गर । तिमीलाई भनेर कुरिबसें मन लगाएर प्यार देऊ भन्ने अन्तर्मनका भावहरूलाई प्रस्तुत गरिएको छ ।

**गजल ६४**

प्रस्तुत गजलमा प्रियले प्रियसीलाई बितेका पलहरू सम्झेर आफ्नो बनाउन चाहेको छु । ती पाखा-पखेरामा लुकामारी खेल्दै डुलेका यादहरू आउँछन् । नजाती कुराहरूलाई बिर्सी दिलमा प्यार छर्न लागेको र माथि चढ्ने इच्छा गर्दा-गर्दै दया, माया गरी तलै झर्न लागेँ भन्ने भाव प्रस्तुत गरिएको छ ।

**गजल ६५**

प्रस्तुत गजलमा सधैं हिँड्ने बाटोमा प्रियसी पनि हिँड्दी रहिछिन् तर भेट्न पनि सकिएन, चिन्न पनि सकिएन । यहाँ चोर, डाँका, फटाहाले पूरा धन, सम्पत्ति लुटे तर पिछा गर्दा पनि चिन्न सकिएन भनी अर्न्तमनका भावहरूलाई प्रस्तुत गरिएको छ ।

**गजल ६६**

प्रस्तुत गजलमा वृद्धावस्थामा सन्तानको आड, भरोसा हुन्छ भन्थे तर व्यर्थ रहेछ । पैसा र बलमा धेरै माया पाएको जिन्दगी अहिले गिर्दै गएको छ । जिउँदो हुँदा पनि धेरै दुःख, कष्ट गरी पाएको जिन्दगी साथी बनी आखिर कात्रोमात्रै सँगै जाने रहेछ भन्ने भाव प्रस्तुत गरिएको छ ।

**गजल ६७**

प्रस्तुत गजलमा प्रियले प्रियसीलाई भोक नलाग्ने, निद्रा नलाग्ने, तिर्खा नलाग्ने, के भएको होला भन्थे तर सबै कुरा माया-प्रेमले नै गराउँदो रहेछ । मायालुको रूप देखेर जोश र होस गुम्न लाग्यो । मायाले गर्दा अचेत अवस्थामा पुगेछु । नशाको लतमा पुगिसकेको थिएँ मायालुको याद आएर सारा कुराहरू बिर्सिएको भन्ने भाव प्रस्तुत गरिएको छ ।

**गजल ६८**

प्रस्तुत गजलमा प्रेमीले प्रेमिकालाई सुस्त-सुस्त याद आउँदा प्यार जाग्न थाल्यो । माया-प्रेम गर्दा अप्ठ्यारो नमानिकन दिलका सबै कुरा खोल्नु पर्छ । प्रेम गर्दा शत्रु लागे पनि बिस्तारै काम बनाउनु पर्छ । ओंठ खोली मुस्कुराउँदा प्रियसीको झन्-झन् बढी याद आएको भाव प्रस्तुत गरिएको छ ।

**गजल ६९**

प्रस्तुत गजलमा प्रेमीले प्रेमिकालाई डाह, पीडा भइरहने बेलामा पनि दिलमा माया लुकाएर रोएँ, बोली चाहिँ आफूतिर माया चाहिँ अन्तै सजाएर गएको हुनाले रुन मन लागेको छ । धोका दिई अन्तै सर्दा दिलमा आगो लागेको छ भन्ने अन्तर्मनका पीडाहरूलाई प्रस्तुत गरिएको छ ।

**गजल ७०**

प्रस्तुत गजलमा प्रेमीले प्रेमिकालाई साँचो माया-प्रेम दिने कुरा गरेका छन् । धेरै मानिसहरू रोजें तर मेरो दिलले तिमी बाहेक कोही हराएको कोही भेटिएको छैन । ति बितेका व्यथाहरूलाई सम्झिँदा दिल रुन्छ । त्यसैले यो दुई प्राण र मुटुलाई एउटैमा बाँधेर राख्न चाहेको छु भन्ने भाव प्रस्तुत गरिएको छ ।

**गजल ७१**

प्रस्तुत गजलमा दुनियाँमा झोक्रिएर बस्ने होइन, हार खाएर बस्ने पनि होइन । मान्छेले आँट गर्न सके जे पनि हुन्छ । आकाश छुन र तारा झार्न सक्ने खुबी मानिसमा छ भन्ने भाव प्रस्तुत गरिएको छ ।

**गजल ७२**

प्रस्तुत गजलमा मानिसहरूले मानिसलाई अति पीडा र छट्पटी दिन्छन्, आँटेर गर्न लागेका कामहरू सबै खेर मात्रै गए । दया, माया कहिँबाट नमिली हिँड्ने मार्ग पनि सबै ढले, केही बन्छु भन्दै हिँड्दा दर्दवाहेक केही भेटिँदैन । दुनियाँले जतन गरी राख्दैन भने आनन्द दिने ठाउँ नपाए पनि केही हुँदैन भन्ने भाव व्यक्त गरिएको छ ।

**गजल ७३**

प्रस्तुत गजलमा प्रेमप्रसङ्गका धारणाहरूलाई चित्रण गरिएको छ । प्रेमीले प्रेमिकालाई आफ्नो साथमा नपाउँदा अति नै जलन भएको र डर, त्रास सबै भइरहेको छ । मायालुको आसमा बस्दा-बस्दै खुसी सबै हराइसक्यो, जीउहरू सबै सेलाएर गइसके, मायालुको यादले सताउँदा दिल सबै जलिसक्यो भनी अन्तर्मनका भावहरू व्यक्त गरिएका छन् ।

**गजल ७४**

प्रस्तुत गजलमा मानिसहरूले स्वार्थको कुरा गर्नुभन्दा आफ्नो देशको माया गर्दा धेरै राम्रो हुन्थ्यो । आफ्नै भेषभूषा, रहनसहन, लवाइखवाइका कुरा गरे हुन्थ्यो । आफ्नै सान र पहिचानमा हिँड्नु पर्छ । अरुको कुरा गर्नु भन्दा आफ्नै ममतामयी आमाको औषधीमुलो गरे

हुन्थ्यो । जातभातको कुरा छाडी आफ्नो भूमिलाई राम्रो बनाउने काम गरौं भन्ने भाव प्रस्तुत गरिएको छ ।

**गजल ७५**

प्रस्तुत गजलमा दुई दिनको जिन्दगीमा प्रेम र माया गरेर बाँच्न सिकौं । क्षणिक माया नभई जिन्दगी बिताउने माया गर्नुपर्छ । आँट गरी आफूसँग प्यार दिन आए परेका पीर-मर्काहरू सबै साथ दिनेछु भनी प्रेम-प्रसङ्गका कुराहरू गर्दै अन्तर्मनका भावहरू व्यक्त गरिएको छ ।

**गजल ७६**

प्रस्तुत गजलमा प्रेयसीले अन्तै मायाँ जोड्दाखेरि यहाँ दर्द, पीडा छोडेर गइन्, आफ्नो भनी मान्दा अन्तै माया लाउन पुगेको र सहारा पाउँदा केही आधार होला भन्दा धोका दिई गएको भाव व्यक्त गरिएको छ ।

**गजल ७७**

प्रस्तुत गजलमा प्रेमीले प्रेमिकालाई जतातती उनकै रूप देखेको र मायालुमा माया भेट्न लाग्दा बेहोसी भएको भाव व्यक्त गरेका छन् ।

**गजल ७८**

प्रस्तुत गजलमा जहाँ दिल दिएँ त्यहाँ दर्द पनि लिएँ । दुई दिनको जिन्दगीमा कहिले सुख पनि हुन्छ कहिले दुःख पनि हुन्छ । आखिर जति प्यार गरी हात जोडे पनि संसार छोडी जानुपर्छ भन्ने भाव प्रस्तुत गरिएको छ ।

**गजल ७९**

प्रस्तुत गजलमा माया भन्ने चीज कहिले पनि पुरानो हुँदैन । त्यस्तै छायाँ पनि कसैको विरानो बन्दैन । मुखले ठिक्क पार्ने मानिसको कहिल्यै भर पर्नु हुँदैन, त्यहाँ कलङ्क पनि हुन सक्छ । हेराइ नराम्रो भएपनि दिलभित्र राखिराख्न मन लाग्छ । कसैले वास्ता नगर्दा पीडा र मर्का भएको भाव व्यक्त गरिएको छ ।

**गजल ८०**

प्रस्तुत गजलमा मायालुले जहाँ जाँदा पनि केही भनेर गए हुन्थ्यो । त्यसै जाँदा मनभित्र दर्द र पीडा बढ्दछन् । साँझमा अनिद्रा हुँदा मायालुकै कहानी पढ्न मन लाग्छ ।

नयाँ प्रेमलाई अगाडि नबढाइ पुरानै माया र प्रेमलाई अगाडि बढाउनु पर्छ भन्ने भाव व्यक्त गरिएको छ ।

**गजल ८१**

प्रस्तुत गजलमा प्रियसीलाई रात पनि दिएँ, दिन पनि दिएँ, चैन पनि दिएँ, होस् पनि सबै दिएँ । यदि सबै प्रेमहरू मायालुलाई दिई जिइरहेको छु भन्ने भाव प्रस्तुत गरिएको छ ।

**गजल ८२**

प्रस्तुत गजलमा प्रेमरोग लाग्दा न डाक्टर पाइने, न इलाज पाइने अचम्मको रोग रहेछ, माया-प्रेम गर्दा वरवाद भइ फसेको र सहारा नपाउँदा एक्लो भइ बाँच्नु परेको भावलाई व्यक्त गरिएको छ ।

**गजल ८३**

प्रस्तुत गजलमा नराम्रो काम गर्नको लागि धर्मले दिँदैन । मानिस भएर राम्रो काम गर्नुपर्छ । मागेर हिँड्यो भने लाज हुन्छ, तर नखाई बस्दा भोक मेटिँदैन रहेछ । कसैको धन-सम्पत्ति लुटौं भने मानव हो, मानवताको धर्मले दिँदैन । घात गर्ने मायालुलाई धोका दिउँ भने मानवताले दिँदैन भन्ने भाव झल्किएको छ ।

**गजल ८४**

प्रस्तुत गजलमा मन भने पानीजस्तो रहेछ, जहाँ पनि जहिले पनि बगिराख्छन् । अरुको लाभ र इर्स्यामा फस्दा धेरै धोका खाइयो, उनको कालो रूप देखर असाध्यै पीडा भएको र पापी हावा पनि आफैतिर आउँदा रात काट्न असाध्यै गाह्रो भएको भाव व्यक्त गरिएको छ ।

**गजल ८५**

प्रस्तुत गजलमा सपनीमा पनि मायालुकै छायाँ देख्ने तर मायालुले धोका दिई अन्तै आँखा जुधाएकाले दिलमा डाहा उठी पीडा र छटपटी भएको भाव व्यक्त गरिएको छ ।

**गजल ८६**

प्रस्तुत गजलमा प्रेमीले प्रेमिकालाई धोका दिएका कुराको चित्रण गरिएको छ । आफ्नै भन्नेले धोका दिँदा रहेछन् । माया दिँदा धेरै आनन्द हुने र पीडा जति दिलमा नै लुकाउन लागेको र प्रेमीले प्रेमरोगसँग दया नदेखाउने भाव व्यक्त गरिएको छ ।

**गजल ८७**

प्रस्तुत गजलमा प्रियसीलाई दिलको सारा रोग बताइदिएको र इलाज गरिदिएको भाव व्यक्त गर्दै दिलभित्र पीडा र छट्पटी भएको छ । मानिसहरूले भिखारीसरी मानी अरुलाई कमाइदिएको भाव व्यक्त गरिएको छ ।

**गजल ८८**

यस गजलमा प्रियले प्रियसीलाई माया भन्ने चीज नगोडेर जाने भयो, न छोडेर जाने भयो । भरिभराउ बनाइदिएको जिन्दगीलाई उजाड बनाई गयौ । मायालुले धोका दिई अन्तै माया लगाउन गएको र दिललाई टुक्रा-टुक्रा बनाई दिएको भाव व्यक्त गरिएको छ ।

**गजल ८९**

प्रस्तुत गजलमा प्रियले प्रियसीलाई दिलभित्र सजाई सम्पूर्ण खुशी दिएको कुरा व्यक्त गरिएको छ । प्रियसीलाई पाउनको लागि भगवान्को प्रार्थना गरी आफू बाँच्ने सहाराको लागि भोक, तिर्खा, अनिद्रा नभनी मायालुलाई नै खोजिरहेको भाव व्यक्त गरिएको छ ।

**गजल ९०**

प्रस्तुत गजलमा यो जिन्दगी के हो भनेर खोजिरहेको छु तर पाउन सकेको छैन । दिलजति सबै मायालुलाई नै दिउँ जस्तो लाग्छ । देशको बेहाल स्थिति देखेर नेपाल आमाको मन रुन्छ, सबैतिर माया र प्रेम छरी, मायाको भण्डार भर्नुपर्छ भन्ने भाव झल्किएको छ ।

**गजल ९१**

प्रस्तुत गजलमा प्रियले प्रियसीलाई नजरमा नजर मिलाउँदा दिलमा आगो लगाएर गयौ, नराम्रो बाटोमा हिँडेकी थियौ तर राम्रो बाटोतिर लाग्यौ । हरियाली वसन्तमा नयाँ फूल फुल्दा बगैंचामा लगि घुमाएको कुरा व्यक्त गरिएको छ ।

**गजल ९२**

प्रस्तुत गजलमा मायामा कसैले धोका दिएका कुराहरू व्यक्त गरिएको छ । आफ्नो मायालुलाई अन्तै कसैले बासै उठ्ने गरी सारेको देखेर दिलमा असाध्यै डाह र पीडा संगाली अन्याय र अत्याचार सही बसेको भावलाई अभिव्यक्त गरिएको छ ।

**गजल ९३**

प्रस्तुत गजलमा महङ्गीले गर्दा बासै उठ्नु परेको र धेरै धोका खानु परेको कुरालाई दर्शाएको छ । आफ्ना मायालु जाँदा आँखा रसाएर आएका छन्, त्यसलाई मुटुमा हात राखी सही बसेको र कसैको अपेक्षामा बस्दा झन् फसेको भाव पोख्दै आफू तल-तल गिर्दै गइरहेको कुरा व्यक्त गरिएको छ ।

**गजल ९४**

प्रस्तुत गजलमा दुनियाँका जनतालाई सही पथमा हिँड्को लागि अनुरोध गरेका छन् । समय बदलिँदो छ, अघि बढ्नु पर्ने ठाउँमा झन् तल झरेको छु, दुनियाँ राम्रो ठाउँमा नहिँडी सधैं झगडा गर्दछन् भन्ने भाव यस गजलमा प्रस्तुत गरिएको छ ।

**गजल ९५**

प्रस्तुत गजलमा नेपाली भएर आफ्नो नेपालको असाध्यै माया गर्नु पर्ने कलकल बग्ने ती झरना र ढकमक्क फुल्ने लालीगुराँसले साँच्चै नै नेपालीको मन जित्न सफल भएको कुरा व्यक्त गर्दै वीर गोर्खाली भनी पहिचान दिई डाँडाकाँडा, भीर-पाखा, पहराको ती सौन्दर्यले गर्दा आफूलाई साँच्चै नै नेपाली हुँ भनी शीर ठाडो राख्ने भावना व्यक्त गरिएको छ ।

**गजल ९६**

प्रस्तुत गजलमा आफ्नो मन मिल्ने साथी साथ नहुँदा बडो पीडा र छट्पटी भएको भावलाई देखाइएको छ । जति-जति साँझ पर्दै जान्छ उति नै मायालुको याद बढ्दै जान्छ र जसरी भए पनि आफ्ना प्रेमीलाई घात नगरी साथ आइदेऊ भन्ने अन्तर्मनका भावलाई प्रस्तुत गरिएको छ ।

**गजल ९७**

प्रस्तुत गजलमा प्रेमीले प्रेमीकालाई आँखामा आँखा जुधाएपछि त्यसलाई छुटाउन गाह्रो पर्दोरहेछ, मायामा बेहोस पनि भइँदोरहेछ । बाटो बिराएर अर्कै बाटो गएँथे तर तिमीले मलाई आफैतिर तान्ने कोशिस गरेकी छौ भन्ने भाव अभिव्यक्त गरिएको छ ।

**गजल ९८**

प्रस्तुत गजलमा अन्यायको विरुद्धमा लड्ने जनतालाई आन्दोलनमा गई साथ दिनु पर्छ । म मरे पनि अर्को जन्म लिन पाए तिम्रो साथ हुन आउनेछु, आफ्नो दिन सकिएपछि सबैजनालाई मन नलागे पनि छाडेर जानुपर्छ । यस संसारमा जितवालाकै नाम अगाडि आउँछ भन्ने भाव व्यक्त गरिएको छ ।

**गजल ९९**

प्रस्तुत गजलमा प्रियले प्रियसीलाई राम्रो काम गरी माया, प्रेम छरेर जाऊ, आँखाबाट बगेका आँसुका धारालाई मेटाउने कोसिस गर र खाली रहेको दिलमा माया, प्रेम भरी सबै मेटिदिए हुन्थ्यो भन्ने भावहरू प्रस्तुत गरिएका छन् ।

**गजल १००**

प्रस्तुत गजलमा प्रेमप्रणयका कुराहरूलाई अगाडि बढाइएको छ । जति-जति रात छिप्पिदैं जान्छ त्यति-त्यति प्रेमीको यादले पीडा र छट्पटि बढ्दै जान्छ । आफूभन्दा धेरै टाढा रहेको प्रेमीलाई देख्न नपाउँदा दिलमा आगो दन्किएको छ भन्ने अति दर्दनाक भावहरूलाई यस गजलमा पोखिएको छ ।

**गजल १०१**

प्रस्तुत गजलमा मानिस भौतिक सम्पत्तिको प्रलोभनमा लागि आफ्नो नैतिकतालाई पछाडि धकेल्दै लगेको छ । यहाँ धनी र बलियाको मात्रै चयन हुन्छ । त्यसैले एक्लो जिन्दगीमा घर नभएपनि थर नभए पनि दिलभित्र कोही आइदिए हुन्थ्यो भन्ने भाव यस गजलमा प्रस्तुत गरिएको छ ।

**४.८.३.४ मूलभाव**

आफ्नो जीवनमा भोग्नुपर्ने विभिन्न अनुभूतिहरूलाई गजलकारले मूलभाव बनाएका छन् । यस **एक बहार एक गजल** गजलसङ्ग्रहमा गजलकारले प्रेमप्रणयलाई मुख्य विषय बनाउनुका साथै वर्तमान विसङ्गति, राष्ट्रप्रेम, सामाजिक विसङ्गति जस्ता भावहरूलाई प्रस्तुत गरेका छन् ।

**४.८.३.५ "एक बहर एक गजल" गजलसङ्ग्रहको भावगत वर्गीकरण**

| क.सं. | मूलभाव | गजल सङ्ख्या |
|---|---|---|
| १ | विकृति, विसङ्गति | ४८, ६५, ९०, ९३, १०१ |
| २ | प्रेम प्रणय | ४, ८, ९, १०, ११, २५, २८, २९, ३०, ३१, ३२, ३४, ३५, ३८, ४२, ४४, ४५, ४७, ५०, ५३, ५४, ५७, ५९, ६४, ६७, ६८, ६९, ७०, ७३, ७५, ७७, ८१, ८२, ८८, ८९, ९९, १०० |
| ३ | आत्मपीडा | ३, ६, ७, १२, १६, २७, ५२ |
| ४ | देशप्रेम | ३७, ४१, ४६, ७४, ९५, ९७ |

### ४.८.३.६ विकृति र विसङ्गति

देशमा भएका विकृति र विसङ्गतिहरूको यहाँ यथार्थ घटनाले गजलकारलाई प्रभाव पारिरहेको हुन्छ । नेताहरू जति धेरै बढ्यो उति जनतामा व्यथा बढ्दै जान्छ । नेताहरू कुर्सी तानातान गर्छन् । जनताले केही राहत पाउँदैनन्, त्यसेले मियाँले यस विसङ्गतिहरूलाई यसरी प्रस्तुत गरेका छन् :-

जति नेता बढे यहाँ कुरा लडे
जनतामा व्यथा बढ्यो नयाँ नयाँ ।

(गजल ४८, पृ. ४८)

### ४.८.३.७ प्रेम प्रणय

प्रेमी र प्रेमिकाको बिचमा आत्मा साटासाट अथवा भावना साटासाट गर्नुलाई प्रेम प्रणयात्मक भाव भनिन्छ । यो प्रेम जुनसुकै चिजमा जहाँ पनि हुन्छ । ठूला-ठूला लेखक, कविहरूका लेखहरूमा पनि प्रेम प्रणयले स्थान पाएको हुन्छ । मियाँले आफ्नो कृतिमा प्रेम प्रणयलाई यसरी प्रस्तुत गरेका छन् :-

उनको माया धेरै लाग्दा
मैले आफै डाकेँ साथी ।

(गजल २५, पृ. २५)

अति याद आएर यारको

अझ प्रेम उर्लिन्छ साँझमा ।

(गजल १००, पृ. १००)

### ४.८.३.८ देशप्रेम

देशलाई सधैं शान्ति हुने र नेपाल आमालाई सधैं हसाइराख्नु पर्दछ । देशको सधैं माया गर्नु पर्दछ । आफ्नै देशको माटोमा रगत र पसिना बगाउनु पर्दछ । देशको शान जोगाएर राख्नु पर्दछ । आफ्नै देशको भेसभूषामा रम्नु पर्दछ । वीर गोर्खाली भनी नाम चिनाउनु पर्दछ, त्यसैले मियाँले देशप्रेमको भक्तिलाई यसरी अभिव्यक्त गरेका छन् :-

मिलाउँ साथी हाम्रो यो खून धर्तीमा ।
मरेर हामी मिल्ने यो देश हाम्रै हो ।

(गजल ३७, पृ. ३७)

छेक बार तोड हेर आज बढौं
माथि माथि राष्ट्र शान राखि रहौं ।

(गजल ४१, पृ. ४१)

विश्वोवार लड्दै गएँ छाती खोली भिड्दै रहें ।
मान्छे वीर यो देशको गोर्खाली हुँ नेपालको ।

(गजल ९५, पृ. ९५)

### ४.८.३.९ आत्मपीडा

प्रेमीले प्रेमिकालाई दिइएका पीडा र छट्पटीले आक्रान्त बन्दै छातिमा किला ठोकी भौतारिँदै हिँडिरहेको अवस्थामा आफ्नो आत्मपीडा यसरी प्रस्तुत गरेका छन् :-

हियारोमा किला ठोकी जता पाए डुलें धेरै
हराएको दिलै खोजी यहाँ आफै भुलें धेरै ।

(गजल ७, पृ. ७)

याद उनको बढी
दर्द दिलमा बढ्यो ।

(गजल ६, पृ. ६)

### ४.८.३.१० शिल्पशैली

लेखनको विशिष्टता प्राप्तिमा शैलीको महत्वपूर्ण भूमिका रहेको हुन्छ । शैली तथा शिल्पको ज्ञान लेखक तथा कविमा हुनु अति नै आवश्यक छ । गजलमा प्रयोग गरिने भाषा सरल, सहज र सुबोध्य हुनु आवश्यक छ । गजलको भाषा एकदमै सरल छन् । गजललाई सम्प्रेषणयुक्त, प्रभावोत्पादक र रहस्योद्घाटक गुणले सजाउनको लागि स्वाभाविक र सान्दर्भिक प्रयोगयुक्त शैलीलाई महत्वपूर्ण मानिएको छ । गजललाई सौन्दर्यात्मक बनाउने माध्यम नै शिल्पशैली हो ।

### ४.८.३.११ भाषाशैली

गजलको अर्को महत्वपूर्ण तत्व भाषाशैली हो । गजलमा भाषाले महत्वपूर्ण भूमिका निर्वाह गर्नु पर्ने भएकोले काल्पनिक अनुभूतिले सिर्जना भएको भावतरङ्गलाई मिठास दिने काम भाषाशैलीले गर्दछ । गजलमा माधुर्य, सुकुमारता र लालित्यको अपेक्षा गरिन्छ । सरलता, सुकुमारता, सहजता, प्रवाहशीलता जस्ता तत्वले गर्दा गजलमा सौन्दर्यता थपिन्छ । युसुफदिन मियाँले आफ्नो गजलसङ्ग्रहमा विषय सुहाउँदो भाषा प्रयोग गरेका छन् ।

### ४.८.३.१२ अलङ्कारको प्रयोग

गजललाई पठनीय, आकर्षक, मधुर बनाउन अलङ्कारको ठूलो भूमिका रहेको हुन्छ । अलङ्कारले गजललाई विशेष चमत्कृत तुल्याउँछ । अलङ्कारलाई गजलको गहना मानिन्छ । सफल र सुन्दर रचनाको लागि अलङ्कार अति नै आवश्यकीय तत्व मानिन्छ । 'पाल्पाली' का गजलहरुमा उत्प्रेक्षा, उपमा आदि अलङ्कारहरुको प्रयोग भएको पाइन्छ ।

### ४.८.३.१३ छन्द प्रयोग

गजललाई लयबद्ध बनाउने काम छन्दले गर्दछ । छन्दको प्रयोगले गजलमा मिठास ल्याइदिएको छ । युसुफदिन मियाँ 'पाल्पाली'का **एक बहर एक गजल** गजलसङ्ग्रह भुजङ्ग प्रयात आदि छन्दमा लेखिएका छन् ।

### ४.८.३.१४ निष्कर्ष

गजलकार युसुफदिन मियाँ 'पाल्पाली'को **एक बहर एक गजल** गजलसङ्ग्रह २०६९ सालमा प्रकाशित भएको हो । यस गजलसङ्ग्रहमा विभिन्न किसिमका भाषाशैली, शील्पशैली, अलङ्कार, छन्दजस्ता विषयवस्तुहरू समेटिएका छन् । **एक बहर एक गजल** गजलसङ्ग्रहमा सङ्गृहित गजलहरूमध्ये गजलकारले प्रेमप्रणय चेतनालाई मुख्य विषय बनाएका छन् । यसका अतिरिक्त विकृति, विसङ्गति, आत्मपीडा, देशप्रेम आदि मूलभाव रहेको गजलसङ्गह एवम् सन्देशमूलक र उपदेशात्मक हुनुका साथै परिष्कृत र परिमार्जन हुँदै गएको छ । नेपाली जनजीवनका कष्टपूर्ण भोगाइहरूको यथार्थ चित्रण गर्ने युसुफदिन मियाँ 'पाल्पाली'का कृतिहरू शैलीशिल्पका दृष्टिले सरल र सहज पाइन्छन् । मोतिराम भट्टदेखि गोविन्दराज विनोदी, प्रा.डा. नारायणप्रसाद खनाल, हुसैन खाँ आदिको प्रभावले लेखनकार्यलाई अगाडि बढाएका छन् ।

**एक बहर एक गजल** गजलसङ्ग्रहमा एक सय एकवटा गजलहरू सङ्गृहित रहेका छन् । यस गजलमा पाँच सेर, छ सेर र सात सेरहरूको प्रयोग भएको छ । काफिया, मक्ता, मतला, रदिफ आदिको संयोजनबाट भावपूर्ण बन्न पुगेको छ । गजलकार युसुफदिन मियाँ 'पाल्पाली'लाई नेपाली गजल परम्परामा एक सफल गजलकारको रूपमा स्थापित गराउनुका साथै सुनौलो नवयुगको आगमन हुन्छ भन्ने सन्देश उनका गजलहरूमा पाइन्छ ।

### ४.८.४ 'रोशनी' गजलसङ्ग्रहको विश्लेषण

#### ४.८.४.१ पृष्ठभूमि

२०६९ सालमा पल्लव साहित्य प्रतिष्ठानबाट प्रकाशित **रोशनी** गजलसङ्ग्रह गजलकार युसुफदिन मियाँ 'पाल्पाली'को चौंथो कृति हो । युसुफदिन मियाँ 'पाल्पाली'को **रोशनी** गजलसङ्ग्रहको बाहिरी आवरणमा सूर्यजस्तो आकार भएको चिन्ह दिइएको छ र पुस्तकको पछिल्लो पानामा युसुफदिन मियाँ 'पाल्पाली'को तस्वीर र उनको परिचय उनी संलग्नता रहेको ठाउँहरूको बारेमा वर्णन गरिएको छ । उनीहरू हरेक क्षेत्रमा निपूर्ण छन् तापनि गजल चाहिँ उनको अत्यन्त रुचीको विषय रहेको छ । उनका रचनाहरूमा प्राय:जसो प्रेमपीडाका अनूभूतिहरू मात्र रहेका पाइन्छन् ।

प्रस्तुत गजलसङ्ग्रहमा एक सय बीस वटा गजलहरू सङ्गृहित छन् । थोरैमा दश पङ्क्तिदेखि धेरैमा चौध पङ्क्तिसम्मका गजलहरू यसमा रहेका छन् । यस गजलभित्रका

गजलहरूमा प्रेमप्रणय सामाजिक विसङ्गतिप्रति व्यङ्ग्य जीवनका मूल्य र मान्यताहरू केन्द्रिय तत्वका रूपमा आएका छन् ।

### ४.८.४.२ संरचना

एक सय बीस पृष्ठको प्रस्तुत **रोशनी** गजलसङ्ग्रहमा शीर्षक दिइएको छैन । गजल नं. भनेर दिइएको छ । ती गजलहरूमा पाँच सेर भएका गजलहरू एक सय ओटा र साता सेर भएका तीनवटा गरी जम्मा एकसय बीस वटा गजलहरू रहेका छन् । मतला, मक्ता काफिया, रदिफ सबै गजलहरूमा पाइन्छन् भने तखल्लुस यस गजलमा पाइँदैन ।

### ४.८.४.३ केन्द्रीय कथ्य

जुनसुकै विषयवस्तुको रचना गर्दा विषयवस्तुलाई अनिवार्यता, समाजमा, देशमा भएका दःखद र सुःखद अनुभूति एवम् विकृति, विसङ्गति, विडम्बना, व्यङ्ग्य आदि विषय वस्तुहरू रचनामा अभिव्यक्त भएका हुन्छन् । युसुफदिन मियाँ 'पाल्पाली'ले यस गजलसङ्ग्रहमा सङ्गृहित गजलहरूको केन्द्रिय कथ्यलाई यसरी देखाएका छन् :

**'रोशनी' गजलसङ्ग्रहको विश्लेषण**

| क्र. सं. | गजल नं. | पङ्क्ति सङ्ख्या | सेर सङ्ख्या | मतला | मक्ता | काफिया | रदिफ | तखल्लुस | लय |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | १. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| २. | २. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ३. | ३. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ४. | ४. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ५. | ५. | १४ | ७ | √ | √ | √ | √ | × | गीतिलय |
| ६. | ६. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ७. | ७. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ८. | ८. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ९. | ९. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| १०. | १०. | १२ | ६ | √ | √ | √ | √ | × | गीतिलय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ११. | ११. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| १२. | १२. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| १३. | १३. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| १४. | १४. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| १५. | १५. | १२ | ६ | √ | √ | √ | √ | × | गीतिलय |
| १६. | १६. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| १७. | १७. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| १८. | १८. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| १९. | १९. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| २०. | २०. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| २१. | २१. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| २२. | २२. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| २३. | २३. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| २४. | २४. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| २५. | २५. | १२ | ६ | √ | √ | √ | √ | × | गीतिलय |
| २६. | २६. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| २७. | २७. | १२ | ६ | √ | √ | √ | √ | × | गीतिलय |
| २८. | २८. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| २९. | २९. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ३०. | ३०. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ३१. | ३१. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ३२. | ३२. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ३३. | ३३. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ३४. | ३४. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ३५. | ३५. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ३६. | ३६. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ३७. | ३७. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३८. | ३८. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ३९. | ३९. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ४०. | ४०. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ४१. | ४१. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ४२. | ४२. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ४३. | ४३. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ४४. | ४४. | १४ | ७ | √ | √ | √ | √ | × | गीतिलय |
| ४५. | ४५. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ४६. | ४६. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ४७. | ४७. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ४८. | ४८. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ४९. | ४९. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ५०. | ५०. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ५१. | ५१. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ५२. | ५२. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ५३. | ५३. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ५४. | ५४. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ५५. | ५५. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ५६. | ५६. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ५७. | ५७. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ५८. | ५८. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ५९. | ५९. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ६०. | ६०. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ६१. | ६१. | १४ | ७ | √ | √ | √ | √ | × | गीतिलय |
| ६२. | ६२. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ६३. | ६३. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ६४. | ६४. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६५. | ६५. | १२ | ६ | √ | √ | √ | √ | × | गीतिलय |
| ६६. | ६६. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ६७. | ६७. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ६८. | ६८. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ६९. | ६९. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ७०. | ७०. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ७१. | ७१. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ७२. | ७२. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ७३. | ७३. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ७४. | ७४. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ७५. | ७५. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ७६. | ७६. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ७७. | ७७. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ७८. | ७८. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ७९. | ७९. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ८०. | ८०. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ८१. | ८१. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ८२. | ८२. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ८३. | ८३. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ८४. | ८४. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ८५. | ८५. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ८६. | ८६. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ८७. | ८७. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ८८. | ८८. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ८९. | ८९. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ९०. | ९०. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ९१. | ९१. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९२. | ९२. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ९३. | ९३. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ९४. | ९४. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ९५. | ९५. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ९६. | ९६. | १४ | ७ | √ | √ | √ | √ | × | गीतिलय |
| ९७. | ९७. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ९८. | ९८. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ९९. | ९९. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| १००. | १००. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| १०१. | १०१. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| १०२. | १०२. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| १०३. | १०३. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| १०४. | १०४. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| १०५. | १०५. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| १०६. | १०६. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| १०७. | १०७. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| १०८. | १०८. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| १०९. | १०९. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ११०. | ११०. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| १११. | १११. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ११२. | ११२. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ११३. | ११३. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ११४. | ११४. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ११५. | ११५. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ११६. | ११६. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ११७. | ११७. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| ११८. | ११८. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ११९. | ११९. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |
| १२०. | १२०. | १० | ५ | √ | √ | √ | √ | × | गीतिलय |

**गजल १**

प्रस्तुत गजलमा चेतना नभएको अवस्थालाई चित्रण गरिएको छ । राम्रो चिजलाई चिन्न नसक्दा जीवन जीउन धेरै गाह्रो भएको छ । माया गर्छु भन्नेले माया नदिइ उल्टै पीडा कष्ट थपिदिई जीवनलाई पार पाइनसक्नुको बनाइदिएको छ भन्ने भावहरू प्रस्तुत गरिएको छ ।

**गजल २**

प्रस्तुत गजलमा शिर झुकाई ईश्वरसँग आफूले चाहेको चीज मागेको छ । पाउनु र नपाउनु भाग्यको खेल हो । जीन्दगीभर सँगै बाँच्ने मर्ने बाचा कसम खाएको कुरा बिर्सेर दिलबाट टाढा भइदिएको र कच्चा डोरीलाई बिचैमा चुँडालिदिएको भाव व्यक्त गरिएको छ ।

**गजल ३**

प्रस्तुत गजलमा प्रेमिकाले प्रेमीलाई धोका दिएको कुराहरूको चित्रण गरिएको छ । मीठा वचनहरू दिएका त थियौ तर पीडा र छट्पटी दिएर पर भाग्यौ । मिलेर बुनेका सपनाहरू सबै चकनाचुर पाऱ्यो । तर पीडा र छट्पटी दिएर पर भाग्यौ । आफ्नो गाउँ छाडी आँसुका धारा बहाई अरुका गाउँलाई सम्हाल्न पुग्यौ, सबैतिर लथालिङ्ग पारी केबल पीडा र जलनहरू दिएर दर्दिलो बिरामी पारी हरायौ भन्ने अन्तर्मनका भावहरूलाई व्यक्त गरिएको छ ।

**गजल ४**

प्रस्तुत गजलमा मानिसले जन्मदा भगवान्को नाम लिएर जन्मेका हुन्छन् भने यस धर्तीबाट टाढा हुँदा पनि भगवान्कै नाम लिई विदा हुन्छन् । कोही मानिसहरूको सहारा खोजी रोइरहेका हुन्छन् । त्यस्ता मानिसहरूलाई सहयोग गर्नुपर्छ र सबैलाई न्यानो माया दिनुपर्छ भन्ने भाव प्रस्तुत गरिएको छ ।

**गजल ५**

प्रस्तुत गजलमा प्रेममा असफल हुँदाको पीडा व्यक्त गरिएको छ । दिलमा लागेको चोटलाई हटाउन धेरै मेहेनत गरें । राम्रो काम गर्दा उल्टै रीस, डाह भेट्टाएँ । प्रेममा सफल होला भन्दा त असफल भई फर्कनुपर्ने वाध्यता भयो भन्ने अर्न्तमनका भावहरूलाई यस गजल मार्फत् प्रस्तुत गरिएको छ ।

**गजल ६**

प्रस्तुत गजलमा राजनीतिक र आर्थिक क्षेत्रमा देखिएको विकृति र विसङ्गतिलाई देखाइएको छ । बजारमा जतासुकै फोहोर मैला र दुषित चीजहरू फालिएको छ । नेताहरू भोट खाने उद्देश्यले गाउँ-गाउँमा गई सर्वसाधारण जनताहरूलाई फकाइरहेका छन् । उन्नति केही हुन सकेको छैन । गरिब-निमुखाहरू खान नपाई पेट कसेर हिँडिरहेका छन् । विदेशी फेसनको नक्कल गरेर आफ्नो देशको पोसाकलाई पछाडि धकेलिदिएका छन् । त्यसैले सबैलाई चेतना दिई शत्रुलाई नास गर्नुपर्छ । उनीहरूले हाम्रो देशमा बास माग्न खोजिरहेका छन् । यिनीहरूलाई यहाँबाट हटाइदिनु पर्दछ भन्ने भावहरू गजलमा प्रस्तुत गरिएको छ ।

**गजल ७**

प्रस्तुत गजलमा प्रेमीले प्रेमिकालाई माया-प्रीति लगाउन ढिला भएको धारणा व्यक्त गरेका छन् । बेलैमा गरेको माया-प्रेम जस्तो पछिको माया हुँदैन । समयले धोका दिँदा बसाइ नै सरेर हिँड्नुपर्ने बाध्यता भयो र भाग्य नराम्रो भएको हुँदा समयमै साथ दिन नआएको भन्ने भावहरू यस गजलमा प्रस्तुत गरिएको छ ।

**गजल ८**

प्रस्तुत गजलमा कसैको पनि विश्वास र भरोशा लिएर हिँड्न हुँदो रहेनछ, विश्वासमा विश्वासघात हुँदोरहेछ । जो मानिस चिप्लो र चाप्लुसी छ त्यस्ता मानिसमा केही न केही नराम्रो लक्षण अवश्य देखापर्दछ । इज्जत गुमाइ प्रेम गरेको थिएँ तर त्यसबाट फाइदा भने केही भएन भन्ने अर्न्तमनका भावनाहरूलाई प्रस्तुत गरिएको छ ।

**गजल ९**

प्रस्तुत गजलमा माया प्रेममा साथ दिने कुराको चित्रण गरिएको छ । जिन्दगीमा एक्लै बस्न साह्रै गाह्रो हुँदोरहेछ, त्यसैले मायालुको साथ चाहिएको छ । जिन्दगीमा बाँचुन्जेल आनन्दित भएर बाँच्न दिए हुन्थ्यो । भौतिक सम्पत्तिको लोभ लालचमा नपरौं केवल माया प्रेम मात्र दिएर पुग्छ भन्ने अन्तहृदयका भावहरूलाई प्रस्तुत गरिएको छ ।

**गजल १०**

प्रस्तुत गजलमा मान्छेले पिउनका निमित्त के कति कुराले बाहना गर्दछन् भन्ने कुरा देखाउन खोजिएको छ । मानिसलाई बढी माया प्रेमले सताउँदा र साथमा माया नपाउँदा कादम्बरीलाई सम्झन मन लाग्छ । त्यस्तै गरिबी र पीडाले छट्पटिदा पनि कादम्बरी नै सम्झिन मन लाग्छ र उधारो भए पनि भट्टीभित्र पसी पिई हिँड्छु भन्ने भाव व्यक्त गरिएको छ ।

**गजल ११**

प्रस्तुत गजलमा आफूलाई धोका दिए पनि अरुलाई भने फलोस्-फुलोस् भन्ने भावनालाई व्यक्त गरिएको छ । आफू भित्र-भित्र रोएर भए पनि मायालुलाई सधैं खुशी दिएर राखेको थिएँ तर मायालुले जीवनभर नराम्रो व्यथा हुलेर दिलमा गहिरो चोट पुऱ्याएको भए पनि भगवान्सँग सधैं उनको कार्य सफल होस् फलोस्-फुलोस् भन्ने जस्ता एकोहोरो माया प्रेमको भावलाई प्रस्तुत गरिएको छ ।

**गजल १२**

प्रस्तुत गजलमा प्रेमीले प्रेमिकालाई माया प्रेमका लागि गुनासो गरेका कुरा चित्रण गरिएको छ । प्रियसीले मागेमा यो आफ्नो जवानी सबै सुम्पने छु । जति दान गरेपनि खून कहिले सिद्धिदैन । सधैं मायालुको साथ पाउन पाए यो दिल सधैं खुशी रहने थियो भन्ने अन्तर्मनका भावहरू व्यक्त गरिएको छ ।

**गजल १३**

प्रस्तुत गजलमा प्रेमीले प्रेमिकालाई तसवीरको होइन, मायाको खाँचो परेको छ । हृदयभरीका रचना गरेका गीतलाई मीठो संगीत बनाइ गाइदिए हुन्थ्यो । श्रावणको भेल जस्तो उर्लिएको मनलाई सम्हाल्न कोही आए हुन्थ्यो । प्यार गरी भरिएको जिन्दगीलाई टुक्रा-टुक्रा हुन नदिई सम्हालेर राखिदिए हुन्थ्यो भन्ने अन्तर्मनका भावहरूलाई व्यक्त गरिएको छ ।

**गजल १४**

प्रस्तुत गजलमा प्रेमीले प्रेमिकासँग धोका दिएका कुराहरूको बारेमा चित्रण गरिएको छ । मायालु बिना जिन्दगी जिउन साह्रै गाह्रो भएको छ । मायालुले साथ नदिँदा जिन्दगीका आधारहरू सबै भत्केर गएका छन् र दिलका खुशीहरू सबै जलेका छन् भन्ने भावहरू प्रस्तुत गरिएको छ ।

**गजल १५**

प्रस्तुत गजलमा एउटा असल छोरासँग हुनुपर्ने कर्तव्यको बारेमा चित्रण गरिएको छ । सबै शत्रुलाई हटाई देशको लागि केही काम गरेर मर्नुपर्छ, उच्च ठाडो शिर उठाई अग्लो शिखर चढेर मर्न पाए हुन्थ्यो, आमाको ऋण तिर्नको लागि रगत-पसिना बहाउनु पर्छ । आमाको दूधको भार तिरेर मर्न पाए हुन्थ्यो, छोरा भएर जन्म लिएपछि केही गरेर मर्नुपर्छ र आफ्नो नाम अमर राख्नु पर्छ भन्ने असल भावनाहरूलाई चित्रण गरिएको छ ।

**गजल १६**

प्रस्तुत गजलमा एउटा प्रेमीले आफ्नो जिन्दगीमा प्रेमसाथी खोजेर हिँडिरहेको कुरालाई देखाइएको छ । जिन्दगीमा साथ दिने र खाली रहेको दिललाई भरिभराऊ पारीदिने जीवनसङ्गिनीलाई जति हेरे पनि हेरिरहुँ जस्तो लाग्छ । सँगै हिंडे पनि नभेटेको जस्तो लाग्छ भन्ने अर्न्तमनका भावनाहरूलाई व्यक्त गरिएको छ ।

**गजल १७**

प्रस्तुत गजलमा माया प्रेमले छट्पटिरहेको बेलामा, खाली रहेको दिललाई पिरतीको खाँचो भएको कुरा व्यक्त गरिएको छ । पिरतीको धनी भई गर्व गरेको र हनुमान् भए छाती खोली दिने भन्ने कुराको भाव व्यक्त गरिएको छ ।

**गजल १८**

प्रस्तुत गजलमा तेलविनाको बत्ति जल्दैन र एक आपसमा मेलमिलाप नभई काम पनि अगाडि सर्दैन भन्ने कुरा देखाउन खोजिएको छ । मौसमले रूप फेरिरहे पनि मानिसको बानी भने, कहिल्यै हट्दैन । माया जसलाई जुनसुकै ठाउँमा गरेपनि यो न कहिल्यै बिग्रन्छ न सडेर जान्छ यो सधैं अमर रहिरहन्छ भन्ने भावनालाई चित्रण गरिएको छ ।

**गजल १९**

प्रस्तुत गजलमा प्रेमीले प्रेमिकाको याद आउँदा मुटु भित्र-भित्रै छिया-छिया भएको छ । ओंठ खोली भित्रका ती मोतिका हारजस्ता टलक्क टल्कने ती दन्तलहरले र मायालुको हेराइले त झनै भुतुक्कै पारेको छ । मिलन होला भनेर प्रियसीलाई हेरेर बसिरहँदा बिचैमा अधुरो भएको छ । पिरतीको गहिरो चोट परेपछि न तिर्खा, न भोक, न निद्रा केही पनि लाग्दो रहेनछ भन्ने भावहरूलाई यस गजलमा प्रस्तुत गरिएको छ ।

**गजल २०**

प्रस्तुत गजलमा ईश्वरले दिएका उपहारबाट कसैलाई पनि धोका नदेउ । जसरी सप्तरङ्गी फूललाई सहि तरिकाबाट टिपिन्छ त्यसरी नै जीवनलाई पनि सहि तरिकाबाट सजाउन सकिन्छ । प्रेमलाई सधैं सकारात्मक सोचतर्फ लैजानु पर्छ । अमूल्य आँसुलाई भुइँमा झार्नु हुँदैन । सधैं अडिग भएर रहने माया प्रेमबाट सद्भावको अपेक्षा गरिरहनेछु भन्ने भावलाई अगाडि बढाइएको छ ।

**गजल २१**

प्रस्तुत गजलमा आफूले चाहेको जस्तो मायालु नभेटाउँदा आफैंले आफैंलाई नै बिर्सेको जस्तो लाग्छ । मायालुले आफ्नो दिल तोडि जाँदा दिलै छिया-छिया भइदिन्छ । भाँडाभरि जति फूल भएपनि आफ्नो लागि कसैले उनिदिँदैन र मेरो मुटुलाई कसैले पनि चिनेको छैन भन्ने दुःखात्मक भावनालाई प्रस्तुत गरिएको छ ।

**गजल २२**

प्रस्तुत गजलमा मानिसहरूले तस्वीर हेरेर बसेका छन् भने म चाहिँ भाग्यमा के रहेछ भनी हेरेर बसेको छु । चर्को महङ्गीले गर्दा जताततै मानिसहरूलाई तहस-नहस पारीदिएको छ । भगवान्सँग केही माँगु भनेर मन्दिरमा जाँदा त मूर्तिविनाको मन्दिर देखेँ । माया र धन खोज्दै हिँड्दा आफ्नै टाउको रन्किरहेको थाहा पाएँ भन्ने भाव प्रस्तुत गरिएको छ ।

**गजल २३**

प्रस्तुत गजलमा खुशीले हिँडिरहेको बेलामा बिच बाटामा रोकेर भुलाइदियौ । आनन्दले निदाइरहेको बेलामा बिउँझाइदियौ । औंसीको रातमा पनि उज्यालो दिन्छु भन्यौ तर आधा मात्र उदाइ लुकिदियौ आफ्नो यात्रामा हिँडिरहेको बेलामा बिच बाटामा नै झारिदियौ । दुई आत्मा एउटै हुन खोजेको बेलामा बिचैमा डोरी छुटाइदियौ भन्ने भाव व्यक्त गरिएको छ ।

**गजल २४**

प्रस्तुत गजलमा प्रेमीले प्रेमिकालाई अत्यन्तै गहिरो माया प्रेमका कुराहरूको बारेमा धारणाहरू व्यक्त गरेका छन् । हृदयदेखि नै दिल खोली प्रेम रङ्गमञ्चमा नाच्न देऊ । उर्लेर आएको माया प्रेमलाई दिलभित्र सम्हालेर राखिदेऊ । सजिएर बसेको त्यो यौवनलाई अरुले लैजानुभन्दा अघि मलाई नै सम्हाल्न देऊ । भित्तामा उम्रिएका झ्याउहरूलाई चोखो माया

जोडी मास्न देऊ । छोटो जिन्दगीमा लामो चोट खाई हाँसीखुशी बाँच्न देऊ भन्ने भाव व्यक्त गरिएको छ ।

**गजल २५**

प्रस्तुत गजलमा माया भन्ने चीज अनौठो रहेछ । माया टुट्दा संसारै खाली भएको जस्तो लाग्छ । मायालुले धोका दिँदा सहन साह्रै गाह्रो परेको छ । आफूलाई कर्मले ठगे पनि अरुको चित्त बुझाएर राखेको छु । अन्याय र अत्याचार भई उजुर गर्दा भाग्य लुटेको कानुनले देखेन भन्ने भाव व्यक्त गरिएको छ ।

**गजल २६**

प्रस्तुत गजलमा रमाइलो यो जिन्दगीलाई त्यसै बेहाल बनाइदियौ, मायाको धनीलाई कङ्गाल बनाइदियो । ठूलाको दवावमा पनि नदब्नेलाई जादुटुना गरेर नराम्रो बनाइदियौ । बलियो शरीरलाई कमजोर बनाइदियौ दुनियाँमा रमाइ-रमाइ हिँड्थें तर जीवनलाई पाशोमा पारिदियौ । मायालुले सधैं शरीर शिथिल मात्रै पार्ने काम गरिदियौ भन्ने भाव व्यक्त गरिएको छ ।

**गजल २७**

प्रस्तुत गजलमा लामो समयसम्म बाँचु भन्दा रोगले छोड्दैन र मनमा आनन्द लिइ बसुँ भन्दा शोकले छोड्दैन, दुईदिनको जिन्दगानी हाँसी खुशी बिताउँ भन्दा चोटले दिँदैन । यस सप्तरङ्गी दुनियाँमा रङ्गीन चाहेको थिएँ तर चारैतिरबाट आउने दुःखले छोड्दैन । जस्तोसुकै समयमा बिर्सन गाह्रो भए पनि मोहले कहिल्यै छाड्दैन । पसिनाका धारा धेरै बगाउँदा पनि पापी पेटको भोकले छोड्दैन भन्ने भाव व्यक्त गरिएको छ ।

**गजल २८**

प्रस्तुत गजलमा आफ्नो जीवनमा सुहाउने खालको एउटा जीवन सङ्गिनीको खाँचो भएको कुराको चित्रण गरिएको छ । जसरी बगैंचामा फूलहरू ओइलिएलेर गएका छन् त्यसको सजावटको लागि बगैंचा बचाउने सुन्दर फूलहरूको आवश्यकता पर्दछ त्यस्तै दिलभित्र परेका पीरहरूलाई उखेलेर फालिदिने मायालुको खाँचो परेको छ । मायालुलाई पाउँदा सारा संसार नै आएको महसुस भएको छ भन्ने भाव प्रस्तुत गरिएको छ ।

**गजल २९**

प्रस्तुत गजलमा जसरी नदीको छेउमा नदीले बगर छोड्छ त्यसरी नै रगतले रगतको मूल्य र मान्यता राखेको हुन्छ । संसारसँग लडेर उज्यालो ल्याउँदा रातले भरेको

पहर छुट्यो । अल्लारेसँग आश गर्नु हुँदैन लाचार भई बस्नुपर्छ । दु:ख गरी कमाएको सम्पत्तिलाई विष बनाई छाड्यो । आश्रय लिन जाँदा जुनले नै औंशी छाडेर गयो भन्ने अर्न्तमनका भावनाहरू व्यक्त गरिएको छ ।

**गजल ३०**

प्रस्तुत गजलमा प्रेमीले प्रेमिकालाई पाउनको निमित्त धेरै दु:ख र कठिनाइहरू गरेको भाव व्यक्त गरिएको छ । मायालुलाई हरतरह गर्दा पनि फकाउन सकिएन, मनाउन सकिएन । समय खर्च गरी सप्तरङ्गी डोरी बाटैं तर केही गरे पनि मायालुलाई मनाउन सकिएन । फुलेको फूललाई टिपेर लगाउन सकिएन, चाहेको जस्तो मायालु पाउन पनि भाग्यको खेल रहेछ भन्ने अर्न्तमनका भावहरूलाई व्यक्त गरिएको छ ।

**गजल ३१**

प्रस्तुत गजलमा स्वार्थको लागि मानिस अनेक थरी प्रलोभनमा फस्छन् । मुखले ठिक्क पारी मानिसले मानिसलाई नै भित्र-भित्रै जलाइरहेका हुन्छन् । धन-सम्पत्तिले मानिसको इज्जत, मान, सम्मान सबै गुमाउँछ । यस्तो सम्पत्ति भन्दा झुप्रामा बसी जिन्दगीमा ऐश-आराम लिनु नै वेश हुन्छ । लोभ र पापबाट मुक्त भई आनन्दित जीवन बिताउनु पर्दछ भन्ने भाव अभिव्यक्त गरिएको छ ।

**गजल ३२**

प्रस्तुत गजलमा आफ्ना सम्पूर्ण जिन्दगीहरू मायालुकै नाममा लेखिदिएको छु । दिलका सारा कुराहरू कागजमा कोरी खाममा बन्द गरिदिएको छु । जिन्दगीका बाटाहरू खोली हिँड्दा जाममा पारिदिए । मुटुलाई तातो पार्नलाई जिन्दगानी पोल्ने घाममा सुकाउँछु । माया-पिरती गर्दा मूल्यको ख्याल गरिएन र जिन्दगानी सस्तो दाममा बेचिदिएँ भन्ने भावलाई व्यक्त गरिएको छ ।

**गजल ३३**

प्रस्तुत गजलमा मानिस सर्वश्रेष्ठ प्राणी हो । त्यसैले मान्छेले चाहे जे गर्न पनि सक्छ । साना- तिना कुरामा हरेस नखाईकन जस्तो सुकै परिस्थितिमा पनि नडराइन आँट गरेर मानिस अगाडि बढ्न सक्छ । पाकेको फलको लागि पनि डालि थापेर मात्र त्यहाँ पर्दैन त्यसको लागि कोशिश नै गर्नु पर्दछ त्यस्तै प्यास मेटाउनको लागि आफैं जानु पर्दछ भन्ने भाव व्यक्त गरिएको छ ।

**गजल ३४**

प्रस्तुत गजलमा प्रियले प्रियसीको सम्झना अति नै आएकोले गहिरो प्रेम धारणालाई व्यक्त गरेका छन् । जति बिर्सन्छु भन्यो उति नै बढी मायालुको याद आइदिन्छ । मायालुको यादले दिलमा आगो दन्किन्छ । सपनामा पनि मायालुको याद आइरहन्छ । जति बिर्सुं भन्यो उति नै मायालुको बढी सम्झना आइरहने हुनाले यी यादहरूले बढी पीडाको अनुभव भइरहेको हुँदा सबै कुराहरू बिर्सन पाए हुन्थ्यो भन्ने अर्न्तमनका धारणाहरूलाई अभिव्यक्त गरिएको छ ।

**गजल ३५**

प्रस्तुत गजलमा पानीले दिएको फोकाजस्तै जिन्दगीले सधैं धोका दिएजस्तो लाग्छ । बहुमूल्य चीजहरू पानीभैंm बगिजाँदा छिद्रले भरिएको ढोका जस्तै लाग्छ । पुर्खाले सुम्पिएको आधारहरू ढल्दा आँधीको झोँकाजस्तै लाग्छ । प्रगति खोज्दै हिँड्दा शक्ति सबै निखारी भाग्य खुल्ने ढोका नै बन्द गरिदिएँ भन्ने भावहरूलाई व्यक्त गरिएको छ ।

**गजल ३६**

प्रस्तुत गजलमा मायाँ बन्धनमा बाँधिएपछि फुकाउन साह्रै गाह्रो हुँदोरहेछ । अतितका कुराहरू बितेपनि दिलमा लागेको झझल्को छुटाउन सकिँदो रहेनछ । जिन्दगी नै माया-प्रेममा भिजेपछि ओभानो बनाउन सकेको छैन, इच्छा, आकाङ्क्षा ठूलो थियो तर भाग्यमा जे लेखेको छ त्यही नै पाइन्छ भन्ने अन्तर्मनका भावनाहरूलाई व्यक्त गरिएको छ ।

**गजल ३७**

प्रस्तुत गजलमा सामाजिक विसङ्गतिप्रति व्यङ्ग्य गरिएको छ । साथै राजनीतिक व्यङ्ग्यलाई पनि देखाइएको छ । ठूला-ठूला नेताहरू गाउँको विकास गरिदिन्छौं भन्दै भोट माग्दै हिँड्छन् तर आफू माथि कुर्चीमा बसेपछि गाउँको वास्ता गर्दैनन् । गाउँ जस्ताको तस्तै बनाइदिन्छन् । त्यस्तै असभ्यताले गर्दा समाजमा धेरै विकृति र विसङ्गति फैलिएको छ । सज्जन मानिस भन्दा दुर्जन मानिसको बिगबिगी बढ्न थालेको छ । छोटा मानिसहरूमा केही नैतिकता पाइँदैन । जति ठूला महलहरू बढे पनि माया-प्रेमले भरिपूर्ण भएको ठाउँ पाउन गाह्रो भइरहेको छ । आफ्नै रक्षाको लागि बसेको मानिसको भर छैन भन्ने अर्न्तमनका भावनाहरूलाई व्यक्त गरिएको छ ।

**गजल ३८**

प्रस्तुत गजलमा दिलभित्रका भावनाहरूलाई बिस्तारै प्रस्फुटन गर्दा मन पनि बिस्तारै पलाउँछ, हरियाली वसन्तसँगै आफ्नो पनहरू पनि बिस्तारै बदल्दै जानु पर्छ । सूर्यको किरण लिएर बिस्तारै धर्तीलाई हराभरा बनाउँदै लैजानुपर्छ । माया भनेको जिन्दगी भरीको गहना हो भन्ने अर्न्तमनका भावनाहरूलाई व्यक्त गरिएको छ ।

**गजल ३९**

प्रस्तुत गजलमा मायालुलाई चाहिँ साथ दिएको तर आफूलाई चाहिँ केही वास्ता नगरेको धारणा व्यक्त गरिएको छ । बढेको पीर, व्यथालाई केही कम पार्नको लागि मायालुको साथ खोज्दा साथ पाइएन । प्रियसीलाई दुःख पर्दा सम्पूर्ण कुरा दिएको तर आफूलाई दुःख पर्दा हात पनि पाइएन । आफ्नैले आफ्नैलाई धोका दिन्छन् । शत्रु खोज्न टाढा जानु पर्दैन भन्ने भावनाहरूलाई व्यक्त गरिएको छ ।

**गजल ४०**

प्रस्तुत गजलमा मायालुले धोका दिँदा दिन पनि रात जस्तो भएको छ । हाँसी-खुशी जिन्दगी बिताउँछु भन्दा पागलसरी बनेको छु । पीडा भइरहेको बेलामा रमाइलोको सट्टा बिरक्त भइरहेको छ । मनमा दबेका कुरालाई बोल्दा फोन नै काटिदिने प्रियसीको याद न बिर्सन सक्छु न राख्न नै सकेको छु भन्ने अर्न्तमनका भावनाहरूलाई व्यक्त गरिएको छ ।

**गजल ४१**

प्रस्तुत गजलमा प्रियले प्रियसीलाई माया गर्दा गल्ती भएको भए माफ पाऊँ । प्रियसीको अनुहार राम्रो भएकाले आफ्नो सारा दिलजति सबै मायालुलाई दिन मन्जुर भएको र मन जति सबै मायालुतिरै अल्झिन गएको छ । पिरतीमा कहिले हाँस्ने, कहिले रुवाउने क्रम जारी भइरहन्छ । मदिरामा लठ्ठिएर अचेतन भएर बसेको अवस्थामा पनि मायालुलाई हेर्ने बित्तिकै सारा नशाहरू सबै टाढा भयो भन्ने अर्न्तमनका भावहरूलाई व्यक्त गरिएको छ ।

**गजल ४२**

प्रस्तुत गजलमा अरु मानिस भन्दा आफ्नै मानिस नै शत्रु र बैरी हुन्छन् अरुको लागि खर्च गर्दा आफ्ना भएका सारा ढुकुटी रित्तिइसके । मिहेनत र परिश्रम नगरी अनाज उब्जदैन । भगवान्‌को मन्दिरमा पुगेपछि पण्डितले हातमा प्रसाद राखिदिनु भयो भन्ने भाव व्यक्त गरिएको छ ।

**गजल ४३**

प्रस्तुत गजलमा प्रियले प्रियसीलाई दुई दिनको जिन्दगीमा टाढा नगइकन नजिक आऊ । एक दिन अवश्य छोडेर जानुपर्दछ त्यसैले धन सम्पत्तिमा मात्र अल्झेर नबसौं । मौका भन्ने चीज जति बेला पनि आउँदैन त्यसैले समय हुँदैमा विचार पुर्‍याउनु पर्दछ । हराभरा हुँदैमा माया लगाउनु पर्दछ । माया भन्ने चीज कतिखेर के हुने हो कसैलाई थाहा हुँदैन भन्ने अर्न्तमनका भावहरूलाई व्यक्त गरिएको छ ।

**गजल ४४**

प्रस्तुत गजलमा यहाँ गल्ती गर्ने मानिसको पनि केही कमी छैन र मस्ती गर्ने मान्छेको पनि केही कमी छैन । मित्र भन्दै धोका दिएर स्वार्थ भर्ने मानिसको कमी छैन । केही क्षणको लागि भए पनि रहर अङ्गालेर कोपिलाको फूल झार्नेको कमी छैन, जो जहाँ पुगे तापनि यहाँ माया गर्ने मानिसको केही कमी छैन भन्ने भाव प्रस्तुत गरिएको छ ।

**गजल ४५**

यस गजलमा आफ्नी ममतामयी आमाको लागि दुःख केही नपाउन् भनेर भगवान्सँग वरदान मागेको छु । आफ्नो सन्तानलाई गर्भमा बोक्दा पीडा र छट्पटी नहोस् भनेर महान् शक्ति मागेको छु । आमाको दूधको भारा तिर्न सक्ने बलियो शरीर मागेको छु । आफ्नी ममतामयी आमाले जन्म लिएको जन्मभूमिमा बस्न पाउँदा आफूलाई स्वर्गमा नै बसेको सरी ठानेको भाव व्यक्त गरिएको छ ।

**गजल ४६**

यस गजलमा प्रियले प्रियसीलाई माया प्रेम गर्न आफूसँगै आइदेऊ भन्ने धारणालाई अगाडि बढाइएको छ । माया-प्रेम भन्ने चीज कस्तो हुँदोरहेछ चिन्नको लागि आफ्नो जिन्दगीमा आइदेऊ प्रियसीको लागि भनेर माया जोगाएर राखेको थिएँ, माया गर्ने बाटोमा अवरोध खडा भइदियो । पीडा र छटपटि कति सहेर बसौं । दिलभित्र बस्नको लागि छिटो भन्दा छिटो माया लाउन आइदेऊ भनी प्रियसीलाई आग्रह गरिएको छ ।

**गजल ४७**

प्रस्तुत गजलमा मान्छे भन्दा पनि कर्म अगाडि आउँछ । डाह र पीडा बोकी ठूलो मर्म अगाडि आउँछ । जलेको हृदयलाई शितल पार्न चाहेँथे । आगोको ज्वालाजस्तो गर्मी अगाडि आउँछ । मुर्खको मुर्खताले ढिलो गर्दा सकिन्थ्यो बदला लिन नाम अगाडि आउँछ ।

मानिसको सामना गर्न आँटमा बुद्धि, विचार भन्दा धर्म अगाडि आउँछ भन्ने भाव व्यक्त गरिएको छ ।

**गजल ४८**

प्रस्तुत गजलमा प्रियले प्रियसीलाई आफ्नो दिलभित्र मायालुको याद आइदिएको छ । टाढा गई बस्दा पनि आफ्नो दिलमा आई बसेको जस्तो लाग्छ । माया भन्ने कुरा न त हावाले उडाइ लैजान्छ र न पहिरोले खान्छ । मायालुलाई छोडी अन्त जाने हिम्मत पलाएन । उजाड रहेको दिलमा हराभरा दुबोझैं पलाएर आयो भन्ने अर्न्तमनका भावनाहरूलाई व्यक्त गरिएको छ ।

**गजल ४९**

प्रस्तुत गजलमा दिन प्रतिदन समय परिवर्तन हुँदै गइरहेको छ । मानिसहरूले हरबखत विचार पुऱ्याई हिँड्न पर्छ । समय र परिवर्तनसँगै मानिसको रूपरङ्मा पनि परिवर्तन हुँदै जान्छ । इज्जत, मान, सम्मान पाउनको लागि त्यही अनुसारको काम गर्नु पर्दछ नत्र भोलि पछुताउनु पर्दछ । वन-जङ्गल नै फँडानी गरेमा सिंचाइको स्रोत सुक्छ र खेतीबाली नष्ट हुन्छ । त्यसैले नराम्रो काममा नलागी राम्रो काम गरेर अमर हुनु पर्दछ भन्ने भाव यस गजलमा व्यक्त गरिएको छ ।

**गजल ५०**

प्रस्तुत गजलमा प्रियसीले प्रियलाई धोका दिएको भाव व्यक्त गरिएको छ । मायालुको लागि सारा ज्यान दिएको थिए तर मुटु जलाएर गयौ, साथ दिन्छु भन्थ्यौ एक्लै बनाएर गयौ, मायालुले साथ दिने भनेर सजाएर राखेको थिएँ सबै जलाएर गयौ । आकाश र धर्तीलाई खोज्न लगाउँदा अन्तै माया लगाउन पुग्यौ, मायालुको लागि भनेर कमाएको सम्पत्ति सबै खेर गयो । मायालु प्रेम गर्न डराएर अन्तै गएको भाव व्यक्त गरिएको छ ।

**गजल ५१**

प्रस्तुत गजलमा हलोको टुप्पो पनि तिखो भएकोले फालीको काम गर्छ । रूपकी राम्री भएर के गर्नु जाली फटाहा जस्तो लाग्छ । ज्ञानको खजाना जोडी भनेर हेर्दा भित्र पूरै खाली रहेछ । बाहिर हेर्दा झकमक्क छु भित्र हेर्दा मन धमिलो बुझि नसक्नुको छ । बृद्ध भइसके पनि झकमक भएर हिँड्दा पात झरेर हाँगा मात्र भएको अनुभव हुन्छ ।

**गजल ५२**

प्रस्तुत गजलमा थोरै भएपनि यो शरीरमा मदिरा परेको छ तर हल्ला गर्ने चाहिँ अर्कै परेको छ । आजभोलि मदिरा नपिउने मानिस भेटिँदैनन् । मैले थोरै पिउँदा संसारै खसेको जस्तो भएको छ । जताजतै पसलहरू बोतलै बोतलले भरिएको छ । बोतलमा पनि मायालुकै याद आइरहेको छ । साधु र सन्तलाई यसको स्वाद थाहा छैन । जसले मस्त पिएको छ, उसले यस झमेलाबाट पन्छेको छ भन्ने भाव व्यक्त गरिएको छ ।

**गजल ५३**

प्रस्तुत गजलमा अर्थ नभइकन धाउन र हराएको भाग्य पाउन ज्यादै गाह्रो हुन्छ । वइलिसकेको फूल लगाउन धेरै कठिन हुन्छ । आफ्नै सुरसँग हिँड्ने मनलाई पाउन धेरै गाह्रो हुन्छ । सङ्गीतले भरिएको मञ्चमा गई विरहको गीत गाउन गाह्रो लाग्छ । पहिले-पहिले गरेको रमाइलोको समय आउन धेरै गाह्रो हुन्छ भन्ने अर्न्तमनका भावहरूलाई अगाडि बढाइएको छ ।

**गजल ५४**

प्रस्तुत गजलमा प्रियले प्रियसीलाई मनभित्र बस्नको लागि निम्तो पठाई बोलाएको छु । पिरती लाउनलाई दुःख नमानी आइदेऊ । दिल यौवनको गहनाले भरिपूर्ण भएको हुनाले दिलभित्र छाइदेऊ, माया-प्रेम गर्नको लागि ढिला नगरिदेऊ । मायालुलाई पाउनको लागि अनेक दुःख गरियो, मन्दिरमा पुगी बत्तीहरू बालेँ भन्ने भाव व्यक्त गरिएको छ ।

**गजल ५५**

प्रस्तुत गजलमा मायालुलाई दिलभित्र राख्नको लागि दिल चरर पारेको छु र तासको पत्तासरी दिल फालेको छु । मायालुको पाउमा मुटु चढाइराखेको छु । गुँराससरी रूप झपक्कै फुल्दैमा नझर्दै टिप्न लागेको छु । माया-प्रेममा बलले केही गर्दैन मायाले भन्दा पनि कर्मले नै हारेको छु भन्ने भाव अभिव्यक्त गरिएको छ ।

**गजल ५६**

प्रस्तुत गजलमा प्रियले प्रियसीलाई भएका गल्तीहरू सबै सुधारी अगाडि बढाइदेऊ, मायाको रङ्गमञ्चमा रसिलो गीत गाउने नायक बनाइदेऊ, अन्यायको बाटोलाई तोडेर मनको पायक बनाइदेऊ, बाहिरी चमक होइन हृदयको तेजलाई हेरिदेऊ । जीवनभरिलाई जिउने सुखीयारी बनाइदेऊ भन्ने भावलाई व्यक्त गरिएको छ ।

**गजल ५७**

प्रस्तुत गजलमा भाग्य बिग्रनु र जीवनको अन्त्य हुनुलाई रोकेर रोकिन्न । मनलाई चारैतिर नडुलाऊ । चाहेजति फूल उनेर सकिँदैन । जहाँतहिँ मानिसको भिडैभिड छ, आफूलाई मन खाने मान्छे चाहिँ चुन्न सकिएन । भोलि के हुन्छ भन्ने कुरा कसैलाई केही थाहा हुँदैन, दिमाग लगाएर पनि केही हुने छैन । खराब मान्छेको कुरा सुनेर सकिँदैन भन्ने भाव व्यक्त गरिएको छ ।

**गजल ५८**

प्रस्तुत गजलमा लजालु हेराईलाई झोलिभित्र राख मायालुको मीठो वचनलाई बोलीभित्र राख । यौवनले भरिएको बेला सँगै बाचौं । कलिलो जवानीलाई बटुलेर दिएँ, दिलको चोलिभित्र राख । मायाको खजानालाई खियाले खाँदैन त्यसैले सोलीभित्र सम्हालेर राख । काँडै-काँडाको संसारमा साह्रै दुःख झेलेको छु, फूलले सजाएको डोलीभित्र राख भन्ने अर्न्तमनका भावलाई व्यक्त गरिएको छ ।

**गजल ५९**

प्रस्तुत गजलमा दिलभित्र अत्याचार गर्ने र प्रेममा पनि विष छर्कने मानिसले मारेर गए । मायालुको साथी ममात्रै हुँ भनेको थिएँ तर अर्कैले मारेर गए । सम्पत्तिमा भन्दा पिरतीमा नाता लाग्नेले मारेर गए । मीठो अमृत छोडी शत्रुको पाखा-पखेरा चर्नेले मारे । बस्ती छोडी सदा संसारै साँघुरो भयो । शत्रुले होइन आफूसँगै मर्नेले मारे भन्ने अर्न्तमनका भावहरूलाई व्यक्त गरिएको छ ।

**गजल ६०**

प्रस्तुत गजलमा फूल भनी सम्झिएको सिस्नोको झार भेटेँ । मायालु डोरी भनी छुँदा विद्युतको तार भेटेँ । प्रेमको रङ्गमञ्चमा जाँदा मायाको हातबाट काँडाको हार भेटेँ । साँझ-बिहान तिर्सनाले दौडाउँदा नै डाँडा काँटेपछि शत्रुको द्वार भेटेँ । सपनाको दुनियाँमा मायालुको साथ थिए तर ब्युझँदा समुद्रपार भेटेँ । मायालुलाई खोज्दै हिँडेको थिएँ, पानीको साटो मौरीको घार भेटेँ भन्ने अर्न्तमनका भावहरूलाई व्यक्त गरिएको छ ।

**गजल ६१**

प्रस्तुत गजलमा माया-प्रेममा पीडा र छट्पटीले गर्दा सहन नसक्नु भएर मदिरा सेवन गरिएको छ । कहाँ पुग्नु पर्ने मान्छे कता हराएको छु, आफ्नै मजा र रहरले गर्दा जताजतै पुगेको छु । श्रावणको भेललाई ठूलो लहरले गर्दा तर्न नसक्ने बनाएको छ । धेरै

मानिसका भिडले गर्दा मिलनका आशाहरू सबै हराएर जाने भए भन्ने भाव व्यक्त गरिएको छ ।

**गजल ६२**

प्रस्तुत गजलमा प्रियले प्रियसीलाई माया-प्रेममा स्वार्थ लुटेको र धोका दिएका धारणा व्यक्त गरिएको छ । सर्वत खाई शिशी रित्तो फोडेर छोडिदियौ र मनभित्र पसी पीडा-डाहा भरेर गइदियौ । माया र छाँया दुवै दिने प्यारलाई ढालेर छोडिदियौ । मिहेनत र परिश्रम गरी बनाएको बगैँचालाई गोडेर छोडिदियौं । धोका दिएर कतिन्जेल निर्वाह हुन्छ । ती गरेका वाचा र बन्धन तोडेर छोडिदियौ । सारा खुशीहरू समेटेको थिए । दिलभित्र पीडा र छट्पटी छोडेर गयौ भन्ने अर्न्तमनका भावनाहरूलाई व्यक्त गरिएको छ ।

**गजल ६३**

यस गजलमा वर्तमानका विसङ्गति र विकृतिका कुराहरूलाई अगाडि बढाइएको छ । आजभोलि जुनसुकै चीजहरू मूल्यहीन भइरहेका छन् । मानिसहरूले खेतबारीमा बसेर मिहेनत र परिश्रम गर्न छाडिसके । अर्काको भरमा मानिस बाँचेको छ । मान्छेलाई कसी लगाउन नमिल्नाले असल र खराब कस्तो हो ? केही छुट्याउन सकिँदैन । मानिस आफैले रूप बदलिरहेका हुन्छन् । धर्म भन्दा पाप बढी गर्न थालेका छन् । त्यसैले स्वर्गमा होइन नरकमा पुग्ने हुन् की भन्ने विकृति र विसङ्गतिका भावहरूलाई प्रस्तुत गरिएको छ ।

**गजल ६४**

प्रस्तुत गजलमा बैंशले भरेको जवानीमा वाण चलाउनु भन्दा दिलभित्र आइ बसिदेऊ । तिर्खाएको बेलामा समुद्रले पनि नसक्दा मायालुको नाउले मुटु भिज्यो । बासै खेद्ने पापी धनको आशा छोडिदिएँ । पिरतीको खानीमा सबै कुरा मिल्ने रहेछ । मायालुको सङ्गतले मदिरा सेवन गर्न छोडिदिएँ । माया-प्रेम भन्ने चीजमा सानादेखि ठूलासम्म सबै डुब्ने रहेछन् भन्ने अर्न्तमनका भावनाहरूलाई व्यक्त गरिएको छ ।

**गजल ६५**

प्रस्तुत गजलमा दिलको रस पिएर कालीले छोडिदिए गोरीले पनि छोडिदिए । मायालुले गर्दा नयाँ-नयाँ विरुवाहरू रचेको थिएँ । फूल सुकाई मालीले नै छोडिदिए । जिन्दगी पार गर्ने नाउ खोजेको थिएँ नदी बिच पुग्दा माझीले नै छोडिदिए । कागजीफूल जस्तो ज्यान बनाई राखेको थिएँ । पानीले धुजा-धुजा पारी च्यातिदियो । अरुको भलाई गर्दा

गर्दा रित्तिन पुगेको छु र ममाथि बज्र प्रहार हुँदा साथीले छोडिदिए भन्ने भाव व्यक्त गरिएको छ ।

**गजल ६६**

प्रस्तुत गजलमा मानिस उमेर ढल्कदै गएपछि समयले पनि साथ दिँदैन । घरको गारो थोत्रो हुँदै जाँदा असिना र पानी पसी थिचिदिन्छ । जुन मानिसलाई माया-प्रेम दिन्थे उसकै मुटु भिक्ने चोटले भटारो हानिदिन्छ । आफ्नो प्रसंशा गरी मानिस अर्काको कुरा काट्न पछि पर्दैनन् । नराम्रो समय आई सर्वस्व जाँदा पनि मानिस लाचार भई बसिरहन्छ भन्ने अर्न्तमनका भावनाहरूलाई प्रस्तुत गरिएको छ ।

**गजल ६७**

प्रस्तुत गजलमा प्रियसीले प्रियको साथ चाहिएको धारणा व्यक्त गरिएको छ । जुनसुकै बेलामा पनि आफ्नो प्रियसँगै भएको हेर्न चाहेको छु । बाहिरी रूप हेरेर केही थाहा हुँदैन, भित्री दिल नै चाहिएको छ । व्यथा र वेदनाहरूलाई आफ्नो हातमा नै लिन चाहेको छु । टाढा होइन नजिक आई प्रेमरूपी घर बनाउनु परेको छ । माया रूपी चोट भोग्न तयार भई जुनसुकै बेलामा पनि मायालुको आवश्यकता परेको भाव व्यक्त गरिएको छ ।

**गजल ६८**

प्रस्तुत गजलमा प्रियसीले प्रियको बढी याद आइदिँदा तस्वीर हेरे चित्त बुझाइन् । प्रियको रूप हो की भनेर झझल्को लागि भेट्न खोज्दा वन तथा भीरमा भुलें । सपनामा पनि मायालुकै याद आइदिँदा विपनामा आँसु आइदिएको छ । भगवान्ले साथ दिन्छन् भनेर मन्दिरमा गई शिर निहुराई दर्शन गरेँ भन्ने भाव व्यक्त गरिएको छ ।

**गजल ६९**

प्रस्तुत गजलमा प्रियले प्रियसीलाई अँगाल्दा धेरै आँसु बहाउनु पऱ्यो । मुटुलाई टुक्रा-टुक्रा पारेँ । सम्हाल्नै नसक्ने बनाए । आफूसँग उपहार केही नहुँदा मुटु नै चुँडालेर चढाएँ, जिन्दगीको खुशीयाली जसले बनाए उसैलाई उचालेर मैले छोडेँ भन्ने भाव प्रस्तुत गरिएको छ ।

**गजल ७०**

प्रस्तुत गजलमा मान्छेको खराब बानीले गर्दा पैसा खर्च गरी मादक पदार्थ किन्छन् । पिरतीको प्रस्ताव अगाडि सार्दा अनुहार मलिनो जस्तो लाग्यो । मान्छेको बाहिरी आवरण मात्रै ढाक्ने नचाहिने फेसनले दुनियामा खुबी देखायो । अर्काको भरमा बाँच्ने मानिस असल

मानिँदैन । चर्को बोलीले मात्र केही हुँदैन । कर्तव्य बिना मानिस ठूलो बन्दैन भन्ने भावनाहरू व्यक्त गरिएको छ ।

**गजल ७१**

प्रस्तुत गजलमा मायालुको आँखाको हेराईले दिल जलेको छ, होस हराएको छ । माया दिएका वचनहरूलाई प्रसाद मानेको थिएँ, ठट्टा तुल्याई रमाउने बानी रहेछ । सपना हो कि विपना हो, छुट्याउनै गाह्रो पर्ने रहेछ । इन्द्रेणीसरी हराउने बानी नराम्रो रहेछ । बाटो छली हिँड्दा मन तड्पिन्छ, मिलन हुन डराउने बानी नराम्रो रहेछ भन्ने भावनाहरूलाई व्यक्त गरिएको छ ।

**गजल ७२**

प्रस्तुत गजलमा देशले खोजेजस्तो विजय हाँसिल गर्ने गति कहाँ लुकेछ, जनताले चाहेको जस्तो शान्ति कता लुकेछ, जति मिहेनत र परिश्रम गरे पनि झिना र मसिनाको केही गन्ति हुँदैन । स्वार्थ छोडी निःस्वार्थ भावनाले देशको पूजा गर्ने भक्ति पाउन गाह्रो छ । सानादेखि ठूलासम्म सबै एकजुट भई अगाडि बढ्नु पर्दछ । सारा देशै अँध्यारोले ढाक्न लाग्यो, जताजतै उज्यालो पारिदिने क्षय कता लुकेछ भन्ने भाव व्यक्त गरिएको छ ।

**गजल ७३**

प्रस्तुत गजलमा दरवारका माथिल्ला तहमा खुला हुने गरी बुर्जाहरू टुटेमा अधुरो लाग्छ । मायालुको साथ छुटेमा सबै अन्धकार लाग्छ । सुन्दर तालका बिचमा एक्लै ढुङ्गा चलाई मायालु साथमा नहुँदा अधुरो लाग्छन् । माया-प्रेम भन्ने चीज ठूलो हो । त्यसैले माया-प्रेम घटेमा व्यवहार अधुरो लाग्छ । त्यसैले आकाश छुन  नसक्दा धरती साँघुरो भयो । प्रेम जोडी नमिल्दा संसारै अन्धकार भयो भन्ने भाव व्यक्त गरिएको छ ।

**गजल ७४**

यस गजलमा अनुहार हेर्दा धमिलो लागेपनि मायासँग मिलेपछि साह्रै राम्रो लाग्छ । माया भन्ने चीज मुटुका कुना-काप्चामा पनि लुकेर बसेका हुन्छन् । मायालुले दिएका ताजा फल सारै रसिलो लाग्छ, औंसीको मध्यरातमा पनि मायालुको छाया देख्दा साह्रै खुशी लाग्छ । मायालुले दिएका नशाले गर्दा भट्टीमा जान छोडेको छु भन्ने भाव प्रस्तुत गरिएको छ ।

**गजल ७५**

प्रस्तुत गजलमा बढ्दो महङ्गीले सीमा नाघ्दा साह्रै गाह्रो हुँदोरहेछ भन्ने धारणा व्यक्त गरिएको छ । महङ्गीले गर्दा बिहान-बेलुका छाक टार्न पनि धौधौ परिरहेको छ । वर्षामा पानी

पर्दा बास बस्ने ठाउँले मारिराखेको छ । हिँड्ने बाटाहरूमा जतातत्तै काँडा उम्रिरहेका छन् त्यसैले खुट्टा टेक्ने ठाउँ छैन । खुशी बटुल्छु भन्दा ठूलो चोटले मारिदिन्छ । चोला राम्रो भेट्टाएँ पनि भाग्य अभागी रहेछ भन्ने भाव व्यक्त गरिएको छ ।

**गजल ७६**

यस गजलमा माया-ममता बोकी मान्छेले आफ्नो यात्रा अगाडि बढाइरहन्छन् र मान्छेको भिडमा मान्छे हराइरहेका हुन्छन् । भोलिका सन्ततिका लागि केही चीज छोडेर जानुपर्छ भनेर मिहेनत र पसिनाको धारा बगाइरहेका हुन्छन् । पेटमा केही नखाइ भए पनि पटुकी कसी शत्रुसँग लडिरहेका हुन्छन् । समाजसँग पनि नझुक्ने मानिस आफ्नै परिवारमा डराइरहेका हुन्छन् । भाग्यले धोका दिँदा भगवान्को मन्दिरमा गई ढुङ्गाको मूर्तीसँग रोइ-कराइरहेका हुन्छन् भन्ने भाव प्रस्तुत गरिएको छ ।

**गजल ७७**

यस गजलमा मादक पदार्थ सेवन गर्दा आफ्नो मायालुलाई नजिक नआऊ भनेका छन् । अचेत रहेको अवस्थामा आएर सघाइदेऊ । पीरले सताइ मदिरामा भुलेको अवस्थामा माया चाहिँ नघटाऊ । छाती खोली आफ्ना सारा दिल दिएँ त्यसैले जस्तो सुकै परिस्थितिमा पनि मलाई सम्हाली सजाऊ । अचेत भई बाटामा लडेको बेलामा समाती उठाइदेऊ भन्ने भाव प्रस्तुत गरिएको छ ।

**गजल ७८**

प्रस्तुत गजलमा प्रेमीले प्रेमिकालाई यो दिलमा चोखो माया सल्काएर जाऊ । हृदयको ढोका खुला गरेर राखेको छु प्यार गरेर जाऊ । बेला गइसकेपछि माया लगाएर काम छैन, बेला हुँदैमा माया लगाएर जाऊ । जवानीको फूललाई वैलाएर जान नदेऊ त्यसलाई प्रेमले भरिपूर्ण गराएर जाऊ । माया-प्रेम जति गरे पनि गरुँ-गरुँ लाग्ने अनौठो रहेछ भन्ने भावलाई व्यक्त गरिएको छ ।

**गजल ७९**

प्रस्तुत गजलमा मादक पदार्थ, जुवा, तासको लतले गर्दा आफ्ना सारा इज्जत, मान, सम्मान गुमेको र धन-सम्पत्ति सारा सखाप भएकोले जिन्दगी जिउन साह्रै गाह्रो भएको छ, बाहिर बसी रात बिताउनु परेको छ । सबै जनाले घृणा र अपहेलना मात्र गर्दछन् भन्ने अर्न्तमनका भावनाहरूलाई व्यक्त गरिएको छ ।

**गजल ८०**

प्रस्तुत गजलमा माया भन्ने चीज अनौठो र अचम्मको हुन्छ । यसको धेरै ठूलो महत्व हुन्छ । मायाका तिथि, मिति, बार केही पनि हुँदैनन् । सधैं यसको भीड लागिरहन्छ । यस्तो चीज न किन्न नै पाइन्छ न बेच्न नै पाइन्छ । सधैं हित र कल्याण गर्ने मायाको पूजा पाठ गरौँ । माया-प्रीति भन्ने कुरो कहिँ रोकिन्छ त कहिँ दौडिन्छ भन्ने अर्न्तमनका भावहरूलाई व्यक्त गरिएको छ ।

**गजल ८१**

प्रस्तुत गजलमा माया-प्रेममा चोटै चोट दिने घाती मानिसको ताँती भेटिएको छ । मुटुलाई रित्याएर दिलभित्र पीडा र छट्पटी भरिएको छ । जीवन सुधार्ने बाटो खोजी हिँड्दा सधैं राती मात्रै भेटेको छु । व्यथा र वेदनालाई दबाएर राख्ने ठूलो छाती भरेको छु । दर्दको घाउ सफा गर्नको लागि आफ्नै आँसु असल सम्झिएको भावनालाई व्यक्त गरिएको छ ।

**गजल ८२**

प्रस्तुत गजलमा प्रेमीले प्रेमिकालाई आँखामा आँखा जुधाउँदा विवस बनायो । डालिका कोपिला फक्रिएर जाँदा भिमल बनायो । चोटहरू धेरै दर्किएर आए तर कोशेली अर्कैले लगिदियो । बिरानो डोलीमा बोकिएर जाँदा मलाई तमासा देखाए भन्ने भाव व्यक्त गरिएको छ ।

**गजल ८३**

प्रस्तुत गजलमा आफ्नो दिलभित्र राख्ने मान्छेलाई चिन्न जानिएन । फूल सम्झी दिलभित्र राख्दा काँडा हुन पुगेछ । कसैको भलो गर्छु भन्दा झन् धोका हुन पुगेछ । दिलभित्रको पीडा र छट्पटीलाई शान्त पार्नको लागि कसैलाई केही भन्न सकिएन भन्ने भावनाहरूलाई व्यक्त गरिएको छ ।

**गजल ८४**

प्रस्तुत गजलमा प्रेमीले प्रेमिकालाई धोका दिएका धारणाहरू व्यक्त गरिएको छ । मायालु आउने बाटो हेर्दाहेर्दै रातभरि निद्रा लागेन । मायालुले दिएका चोटहरूले मुटुलाई छिया-छिया बनाइदिएको छ । मुटुलाई गालेर गालिँदैन । जसरी रायो र कोदो एक ठाउँमा मिसाउँदा छानिँदैन त्यसरी नै डाह र पीर मिल्दा धेरै अप्ठेयारो हुन्छ भन्ने भावहरूलाई व्यक्त गरिएको छ ।

**गजल ८५**

प्रस्तुत गजलमा प्रियले प्रियसीलाई माया प्रेम गर्दागर्दै टाढा भयौ । सुनौला सपना देखेको थिएँ सबै हराएर गए । निर्दयीले दुःख दिँदा मन सुक्न थालेको छ । अरुलाई मान राख्दा-राख्दै आफूलाई नै तल पारेको छु । दया-मायाको तेज टाढा भैरहँदा दैव पनि रिसायो भन्ने भावनालाई व्यक्त गरिएको छ ।

**गजल ८६**

प्रस्तुत गजलमा मनमा लागिसकेको दाग धोएर पनि जाँदैन, हाँसेर र रोएर पनि जाँदैन । माया-ममता बसिसकेपछि त्यसलाई छुटाउन ज्यादै गाह्रो हुन्छ । मुटु भित्रभित्रै जलेर जान्छ । ज्यादै दुःख, कष्ट गरी लगाएको माया न तोडेर जान्छ न फोडेर नै जान्छ भन्ने भावहरूलाई प्रस्तुत गरिएको छ ।

**गजल ८७**

प्रस्तुत गजलमा ज्यान गए पनि जाओस् माया पिरतीको साथ छोडिदैन । दुई दिनको छोटो जिन्दगीमा सबैसँग मिल्नुपर्दछ । मादक पदार्थ होइन, माया प्रेमको रोगले छोड्दैन । जहाँसुकै गए पनि साथीभाइसँग मिल्नु पर्दछ । जति कालो बादलले ढाके पनि माया-प्रेम गर्न कहिले पनि छोड्दिन भन्ने अर्न्तमनका भावनाहरूलाई व्यक्त गरिएको छ ।

**गजल ८८**

प्रस्तुत गजलमा निर्दयीहरूको बहानाले रसजति सबै हटाइसक्यो । खुन, पसिना सारा बगाइदिए । माया-पिरतीका गहनाहरू धुँदा हातका छालाहरू सबै भवाएर गए । आँसुको धाराले सपना धुँदा नवीन दिलका दृष्यहरू बिलाउँदै गइरहेछन् भन्ने भावलाई व्यक्त गरिएको छ ।

**गजल ८९**

प्रस्तुत गजलमा माया-प्रेमको घर जमाएर राख, सारा दिल दिएको छु समाएर राख । बगैंचामा लगाएको फूल सुन्दर केशमा सजाएर राख, जवानी त्यसै खेर जाला त्यसलाई फकाइ-फुलाई गरेर राख । रोपेको विरुवा वैलाएर जाला साना बचेरालाई जोगाएर राख्नुपर्छ भन्ने भाव व्यक्त गरिएको छ ।

**गजल ९०**

प्रस्तुत गजलमा मर्म र कर्मलाई म तेरै हुँ भनेर औल्याइएको छ । जाडो भएर बेहाल बनायो म तेरै मान्छे हुँ थोरै तातो दे । लाज बचाउनको लागि मेरो सर्म छोपिदे । धेरै कठोर

नभइ नरम बन्दिनु म तेरै मान्छे हुँ । तँलाई धर्म हुन्छ मलाई धेरै चोट नदे भन्ने अर्न्तमनका भावनालाई व्यक्त गरिएको छ ।

**गजल ९१**

प्रस्तुत गजलमा मायालु आफ्नो हो कि होइन भनेर चिन्नलाई अति नै गाह्रो भयो । पापी समयले धोका दिँदा भनेको ठाउँमा पुग्न गाह्रो भयो । दिलको मुद्दा न्यायलयमा पुग्दा कुरो टुङ्ग्याउन गाह्रो भयो । यस पृथ्वीमा खाली ठाउँ त धेरै छन् जहाँ पायो त्यहीँ दिल दिन गाह्रो भयो भन्ने भावनालाई व्यक्त गरिएको छ ।

**गजल ९२**

प्रस्तुत गजलमा जति बाँचे पनि बाँचु-बाँचु लाग्छ, जिन्दगीमा मजा लिउँ-लिउँ लाग्छ । लथालिङ्ग परेको मुटुलाई माया-पिरतीले सिलाइदिऊँ जस्तो लाग्छ । दर्द, पीडा दिने शत्रुलाई पनि चोखो माया दिन मन लाग्छ । मोटो बुद्धिलाई ताछि झिनो बनाउन मन लाग्छ, माया-प्रीति जति लाए पनि लाउँ-लाउँ लाग्छ भन्ने अर्न्तमनका भावनाहरूलाई व्यक्त गरिएको छ ।

**गजल ९३**

प्रस्तुत गजलमा यो दुई दिनको जिन्दगीमा मायालुलाई दिलभित्र राखेको छु । जिन्दगीभरको कथा र कहानी लेख्ने कलम बनाएको छु, प्रेमका दर्दहरू मेट्नको लागि औषधी बनाएको छु । यो संसार सारा झेल्नेमा सबैभन्दा नरम मायालु भेटाएको छु भन्ने भाव व्यक्त गरिएको छ ।

**गजल ९४**

यस गजलमा प्रेमीले प्रेमिकालाई दिलमा छिया-छिया बनाई आकाशकी इन्द्रेणीझैं लोप हुँदै गएकी छौ । अन्त गई खुशीयाली मनाई मेरो दिलमा पीडा र छट्पटी बनाएकी छौ । शरीरमा घाऊ लगाएर झन् पीडा थपिदिएकी छौ । व्यथा र वेदना थपिदिई आफूचाहिँ रमाउँदै गएकी छौ । नयाँ-नयाँ सपना जुटाउँदै गएको थिएँ त्यसलाई धुजाधुजा पारी जलाउँदै गएकी छौ भन्ने अर्न्तमनका भावनाहरूलाई प्रस्तुत गरिएको छ ।

**गजल ९५**

प्रस्तुत गजलमा प्राण रहेसम्म सबैलाई मान-सम्मान गरिरहन्छु । माया-प्रेम भन्ने कुरो कर गरेर हुने होइन । मायालुले बिर्से पनि सपनीमा रातभरी ननिदाई सम्झेर बसिरहन्छु । मान्छे सबै एकैनासका हुँदैनन् । सबै मान्छेको काम गर्ने आ-आफ्नै तरिका

हुन्छन् । अर्काको नाम लिँदा आफ्नै बदनाम गर्दछन् । जुन मानिस रिसाउँछ, गाली गर्छ त्यसलाई सधैं दुई हात जोडी प्रणाम गर्नुपर्छ भन्ने भाव व्यक्त गरिएको छ ।

**गजल ९६**

प्रस्तुत गजलमा मिठो सपना देखेको थिए पिरतीको झुठो कहानी रहेछ । दुई मुटु गाँस्ने कोशिस गरेको थिए, साह्रै धोका पाइयो । जिन्दगीको साथी मानेको थिएँ तर बिचमा टुटिगयो । दिलमा सजाउँछु भनेको थिएँ कसैले आएर घात गरिदियो । चोटै-चोटले भरिएको मुटुलाई कम्ती गर्न लुकेर आफ्नै सिरानीमा रोएँ भन्ने अति दर्दनाक भावहरूलाई व्यक्त गरिएको छ ।

**गजल ९७**

प्रस्तुत गजलमा स्वर्गले भरिपूर्ण भएको हाम्रो चितवनलाई जति हेरे पनि हेरिरहुँ जस्तो लाग्छ । यहाँ न कोही भोकाएको छ न कोही तिर्खाएको छ । जस्तो सुकै कठिन परिस्थितिलाई पनि सहन गर्छ । यहाँ अनेकौ थरी रङ्गीविरङ्गी फूलहरू फुल्दछन् । प्राकृतिक सौन्दर्यले भरिपूर्ण भएको चितवनमा हजारौं पर्यटनको धुइरो लाग्छ । सबैतिर न्यानो नाता फिँजाएर माया र प्रेम बाँड्ने चितवन सुन्दरताले भरिपूर्ण छ भन्ने अन्तहृदयात्मक भावहरूलाई व्यक्त गरिएको छ ।

**गजल ९८**

प्रस्तुत गजलमा प्रेमीले प्रेमिकालाई ओंठका मुस्कानहरूमा सधैं खुशीयाली हेर्न पाए हुन्थ्यो । रातभर मायालुलाई सम्झदा झन् बढी याद आउँछ । पर्दा हटाइ मस्केर हेरिदिँदा औंसीको रात पनि जुनझैं लाग्छ । मायालुको बयान गर्ने शब्द नै भेट्टाउन सकिँदैन । उनलाई हेर्नको लागि दैव पनि नजिकै आएझैं लाग्छ भन्ने प्रेम प्रशंसाका भावहरूलाई व्यक्त गरिएको छ ।

**गजल ९९**

प्रस्तुत गजलमा विभिन्न किसिमको अङ्गलाई म गन्न सक्दिन, केमा दिल बसेको छ म केही भन्न सक्दिन । हरेक किसिमका पीर आएका छन् म ढाल बन्नु परेको छ, खुशी भएको छैन । जादू गरेर सर्वस्व लुट्यो, यो कुरा म अन्यत्र कसरी भनुँ । तिम्रो आदेश पाएकालाई पनि भेट्न सक्छु तर अरुको लागि बाटो कसरी खनौं । संसारमा भएको सबै काम गर्न सक्छु तर मान्छे हुँ, भगवान् बन्न सक्दिन भन्ने भाव व्यक्त गरिएको छ ।

**गजल १००**

यस गजलमा यहाँ सोझा-सिधा मानिसहरूको केही मूल्य, मान्यता छैन, देशको लागि जिऊ, ज्यान दिन चाहन्छु भन्ने सुनेथें तर देशले बोलाउँदा सुनिदिने यहाँ कोही छैन । जताजतै भाषणको मात्र बिगबिगी छ । जुन मानिस अलि बाठो छ उसको मात्र अधिकार छ, सोझा-निमुखाहरूको यहाँ अधिकार केही छैन भन्ने भावहरूलाई व्यक्त गरिएको छ ।

**गजल १०१**

प्रस्तुत गजलमा रातको बेलामा बोलाइ झन् दर्द र पीडा थपिदियौ । मीठा कुराकानी गरिरहेको बेलामा बितेका कुराहरूको याद आई रुन मन लाग्यो । माया-प्रेम बढिरहेको बेलामा नराम्रा कुराहरू नगर, बिहानीको बेलामा बोली नै बन्द गराइदिने समयले अचम्म गराइदियो भन्ने भाव व्यक्त गरिएको छ ।

**गजल १०२**

प्रस्तुत गजलमा मायासँग रीत नमिल्दा आशाहरू पूरा गर्ने प्रीत मिलेन । दिल खोलीदिँदा माया गर्ने साथी मिलेन । हृदयभित्र आगो जल्दा सीत मिलेन । ठूलो रङ्गमञ्चमाथि गएर बसिदिँदा आफूले खोजेजस्तो गीत मिलेन । मेरो केही कुरामा हार भएको छैन तर कसैलाई प्यार गर्ने आधारहरू मिलेन भन्ने अर्न्तमनका भावहरूलाई भाव व्यक्त गरिएको छ ।

**गजल १०३**

प्रस्तुत गजलमा प्रेमीले प्रेमिकालाई बर्बाद हुनबाट रोकेर राख्न सक्छौं र मायाकै धुनबाट छोपेर ढाक्न सक्छौं । मायालुबाटै छातीभित्र भएका पीडा र जलनहरू निभेर जान सक्छ । प्रेमजडित माला लगाउनुको लागि दिलको ढोका खोल्नलाई अबेर गर्नुहुन्न । रोइरहेको मुटुलाई मायालुले हेरिदिएमा रुनबाट बन्चित हुनेथ्यो । रोगलाई कम गर्नको लागि हिरा र सुनले केही हुने छैन भन्ने भावनालाई व्यक्त गरिएको छ ।

**गजल १०४**

प्रस्तुत गजलमा माया प्रेमका कुराहरूलाई छोपेर छोपिँदैन र रोकेर पनि रोकिँदैन । हावा भन्दा पनि छिटो मन उडिरहन्छ कुनै कानुनले छेकेर छेकिँदैन । आकाश झरे पनि, पाताल गले पनि मायाको तेज मेटेर मेटिँदैन । मानिस जन्मेपछि एकदिन अवश्य मर्नुपर्छ । प्रेम भन्ने चीज रटेर पनि रेटिँदैन । संसार कालो-नीलो अन्धकार हुनसक्छ । प्यारको तेज नभई संसार चम्कँदैन भन्ने भावलाई व्यक्त गरिएको छ ।

**गजल १०५**

प्रस्तुत गजलमा साँधमा राखेको मुटु दाउमा राखेको छु । जितेर लैजाऊ, यो दिल फुलेर भरिपूर्ण भएको छ । राम्रा-राम्रा चाहिँ छानेर लिएर जाऊ । प्यासको खोजीमा तलाउमा डुबेको छु मलाई तानेर लैजाउ । फूलको सुगन्धले भमराहरू आउँदैछन्, बासना हुँदैमा टिपेर लैजाऊ । प्यारमा डाँका लाग्न नपाओस्, छिटो नै तानेर लगिदेऊ भन्ने अर्न्तमनका भावनालाई व्यक्त गरिएको छ ।

**गजल १०६**

प्रस्तुत गजलमा कोही मानिस मानका दिवाना छन् भने कोही मानिस नामका दिवाना छन् । मानिसहरू धेरै थरीका हुन्छन् । कोही मानिस प्यारका दिवाना छन् त कोही दामका दिवाना छन् । सबैको रूप एकै थरीका हुँदैन । रहर पनि थरिथरिका हुन्छन् । कोही धामका दिवाना हुन त कोही जामको दिवाना छन् । कोही भगवान्का केही पाइन्छ भनेर खर्च गरिरहेका छन् । कोही खाएर मोजमस्ती गरेका छन् त कोही खान नपाई विमारी भएका छन् भन्ने अर्न्तमनका भावहरूलाई व्यक्त गरिएको छ ।

**गजल १०७**

प्रस्तुत गजलमा आफ्नै सुरमा मलाई भुल्न देऊ, बाँच्न देऊ । मलाई कसैले छेक्ने थुन्ने नगर, माया र पिरतीमा भुल्न देऊ मलाई, माया र प्रेमको कोपिला हुँ । कक्रक्क परेर बसेको छु, त्यसैले दिलभित्र फक्रिई फुल्न देऊ मलाई । सम्पत्ति केही चाहिँदैन केवल प्रेमको आँगनमा डुल्न दिए पुग्छ । सुरुदेखि नै चोखो माया जोगाई राखेको छु त्यसैले मायाको जिन्दगीमा रम्न दिए पुग्छ भन्ने भाव व्यक्त गरिएको छ ।

**गजल १०८**

प्रस्तुत गजलमा माया प्रेममा धेरै विघ्न-वाधाहरू आइपर्दारहेछन् । ठाउँमा पुग्छु भन्दा चिप्लिएर खाडलमा पुगिँदोरहेछ, मायालुको शत्रु तुयाँलो रहेछ । आकाशलाई छुन्छु भन्दा बिचैमा लडाइदिँदो रहेछ । पत्याउनै नसक्ने घटनाहरू सहेर बसेको छु । देख्नै नसक्ने काँडा बिभ्दा साह्रै पिर पर्दोरहेछ भन्ने भाव व्यक्त गरिएको छ ।

**गजल १०९**

प्रस्तुत गजलमा काल पर्खेर बाँचिरहन परेको छ । विष पनि अमृत मानि पिउन परिरहेको छ । अर्काको भर परिबस्दा साँचेका कामहरू आफैं भ्याउन परिरहेको छ । मौका मिल्दा हातबाट बाहिर गइगयो र खाली याद ल्याउन परिरहेको छ । समयले झट्का दिँदा

शरीर सुकाइ खिउन परिरहेको छ । प्राकृतिक चोटेले मार हान्दा टुक्रेको मुटु सिउन परिरहेको छ भन्ने भावलाई व्यक्त गरिएको छ ।

**गजल ११०**

प्रस्तुत गजलमा काम र नाम बिगारी दया र मायाले छोडेको छ । पहेँला पातहरू झरेका देख्दा पुरानो मित्रलाई नयाँले छाडेको छ । जताजतै चर्को महङ्गीले ठाउँ ओगटेको छ । कसैले झोंका दिएका छन् भने कसैले धोका दिएका छन् । अँध्यारोलाई हटाएर उज्यालोले ठाउँ लिएको छ भन्ने भावनालाई व्यक्त गरिएको छ ।

**गजल १११**

प्रस्तुत गजलमा दिलभित्र पीडा हुँदा त्यसलाई कम गर्ने भनेजस्तो मायालु नभेटिँदो रहेछ । पैसा भए जेपनि मिल्छ तर आफ्नो जीवनमा मिल्ने व्यक्ति भेटाउन गाह्रो पर्दो रहेछ । सहर-बजारमा जे खोजे पनि मिल्छ तर टुक्रेको मुटुलाई जोड्ने केही नमिल्दो रहेछ, बोलीले मात्र मान्छे चिन्न गाह्रो हुँदो रहेछ । मान्छे मिलेपनि हृदय नमिल्दो रहेछ भन्ने भावलाई प्रस्तुत गरिएको छ ।

**गजल ११२**

प्रस्तुत गजलमा ढाका टोपी लगाएको 'पाल्याली'लाई छड्के नजर लगाइ नहेर । मायाको दर्द र पीडा मेट्न नसक्दा 'पाल्पाली' आँसुको धारा बगाउँछ । आफ्नो सौन्दर्यलाई कसैले देखाई हिँडेको छ भने 'पाल्पाली'को पापी मन त्यतै ढल्कन्छ । देशको लागि पसिना बगाउने मानिस देख्दा 'पाल्पाली' खुशी हुन्छ । जनताको रक्षा गरे घटना कम हुन्छ र न्यायको लागि 'पाल्पाली' झुल्किन्छ । आमाको आँसुलाई छातीमा च्यापेर 'पाल्पाली' भित्रभित्रै जलेको छ र त्यसलाई समाधान गर्न चाहन्छ । सबैले राम्रो काम गरेमा कक्रक्क परेको मान्छे पनि फक्रिन्छ भन्ने अर्न्तमनका भावलाई व्यक्त गरिएको छ ।

**गजल ११३**

यस गजलमा उज्यालो नमिल्दा अँध्यारो नै सजाएँ र आँसु बगाई बसें । सपनाको डेरा बनाइ बस्छु भन्दा उज्यालो नभएकोले हार खाई बसें । प्यार फिर्ता होला भन्दै दिएँ तर उज्यालो नमिल्दा खोजेर हराएँ । मुटुमा आगो लगाएर रोशनी नमिल्दा खरानी बनाएँ, माया प्रेमको गाउँ खोजी हिँड्दा उज्यालो नभेटी काँडा मात्र पाएँ भन्ने भाव प्रस्तुत गरिएको छ ।

**गजल ११४**

यस गजलमा बरु गोलीले मार बोलीले चाहिँ मलाई जिउँदै नमार । म जन्मदाँ मेरी जन्म दिने आमा खुशीले गद्गद् भएकी थिइन् । अहिले आएर मलाई यो के रमिता गराइदियौ । आफ्नै साथमा नदी बगिरहँदा पनि प्यासा बनाइदियौ । आज जीवनको तमासा हेरेर बसिराखेको छु, भोलिको दिनमा के हुने हो, कसो हुने हो । सबै चाडपर्वमा धन-सम्पत्ति नै चाहिँदो रहेछ आफूलाई चाहिँ होलीले पनि बेहाल बनायो भन्ने भाव व्यक्त गरिएको छ ।

**गजल ११५**

यस गजलमा मधुरो बोली पनि विष जस्तो र मुस्कान पनि धोका दिने हुँदोरहेछ । हिरा-मोती भनेर छोएको पानीको फोका रहेछ । राम्रो समय बदलियो भाग्य खुल्यो भन्ने सम्झेँ तर यो नखुल्ने ढोका रहेछ जसलाई देखेर आश गरेको थिएँ ऊ मभन्दा भोको रहेछ । अब त भाग्य आयो भन्ने सोचेको थिएँ नोक्सान पार्ने हुरीको झोक्का आएको रहेछ भन्ने भावहरूलाई व्यक्त गरिएको छ ।

**गजल ११६**

प्रस्तुत गजलमा जिन्दगीमा केही पाइन्छ कि भनेर मागेँ तर दाग मात्रै लाग्यो । मनका आकाङ्क्षाहरू बटुलेर ढुङ्गाको विरुवा बनाइदिएँ दुई दिनको जिन्दगानी नसाँचीकन टुक्रा-टुक्रा पारेर मुटुको भाग लगाइदिएँ, पीर-मर्का पालेर बस्नु भन्दा म भगाउने कोशिशमा लागें, विचार नगरी प्यार गर्नु ठीक रहेनछ, दुःख भित्र्याई दिलमा आगो लगाइदिए भन्ने अर्न्तमनका भावनाहरू व्यक्त गरिएको छ ।

**गजल ११७**

प्रस्तुत गजलमा आफू रहेपनि नरहे पनि प्रियसी चाहिँ बाँचिरहोस् । रूप त असाध्यै राम्रो छ तर दिलचाँहि कस्तो छ केही थाहा छैन । केही कुरामा पनि हरेस नखाइकन सधैं हौसला बढाइ नयाँ-नयाँ कामकाज आँटेर गर । शत्रुलाई पनि पन्छाएर दर्दहरू मेटी सधैं हाँसी-खुशी रहिरहुँ । मायालुलाई सधैं रमाइरहुँ, नाचिरहुँ भनेर भगवान्सँग प्रार्थना गरेर बसेको छु भन्ने अर्न्तमनका भावलाई व्यक्त गरिएको छ ।

**गजल ११८**

प्रस्तुत गजलमा कर्ममा जे लेखिएको छ यही भोग्नु पर्नेरहेछ । हुर्केको फूललाई अर्कैले टिपी लगेपछि खाली बगैंचा कुरी बस्नु परेको छ । दिनमै अँधेरो हुँदा के भएको होला भन्थैं । विरक्ति जिन्दगीको कहानी लेख्नको लागि रहेछ । समयले बिग्रेको काम धन्दा किन

दियो भन्दा रोगी जीउभित्र बेरेर राख्नको लागिरहेछ । पापीले निम्तो दिँदा आश्चर्यमा परेको त राम्रो छोडी नराम्रो कपडा लगाउन रहेछ भन्ने भाव प्रस्तुत गरिएको छ ।

**गजल ११९**

प्रस्तुत गजलमा रङ्गले सजाउँदा पनि तस्बिर उस्तै रहिरह्यो । खुन र पसिना सबै दिँदा पनि भाग्य उही रह्यो । आकाश-जमिन उस्तै रहे । मानिस बदलिए तर डिल, भिर भने उस्तै नै रहिरहे । मौसम बदलिएर आउँदा पनि रातो अबीरको रङ्ग उस्तै रहिरह्यो । कामकाज गर्दा इमान फेरिरहन्छन् । घाउ र चोट लागि सधैं पीर र व्यथा थपिरहन्छन् । मानिस सबै स्वार्थतिर लम्किन्छन् । मन्दिरमा पञ्चतत्व कहिल्यै पनि बदलिएन भन्ने भाव प्रस्तुत गरिएको छ ।

**गजल १२०**

प्रस्तुत गजलमा भित्री दिल रोए पनि बाहिर हाँस्नुपरेको छ । धेरै बोझ र पीडा सहेर भएपनि सबैको अगाडि नाँच्नु परेको छ । जगत्ले दिएको घातहरूलाई नचाहँदा-नचाहँदै पनि राख्नुपरेको छ । फूलेका सुन्दर फूलहरूलाई राम्रो लागे तापनि पापी कर्मले छोड्नु परिरहेको छ । आत्म त्याग गरुँ भने पाप लाग्छ, काल पर्खी बसूँ भने प्राण धान्न मुस्किल परिरहेको छ भन्ने भावलाई व्यक्त गरिएको छ ।

**४.८.४.४ मूलभाव**

जीवनका दुःख-सुखका विभिन्न अनुभूतिहरूलाई गजलकारले मूलभाव बनाएका छन् । यस **रोशनी** गजल गजलसङ्ग्रह मध्येका गजलहरूमा गजलकारले विशेषतः प्रेम-प्रणयलाई नै मुख्य विषयवस्तु बनाउनुका साथ-साथै वर्तमान विसङ्गति, मानवतावादी भावना, राष्ट्रप्रेम जस्ता भावहरूलाई प्रस्तुत गरेका छन् ।

**४.८.४.५ 'रोशनी' गजलसङ्ग्रहको भावगत वर्गीकरण**

| क्र.सं | मूलभाव | गजल संख्या |
|---|---|---|
| १. | वर्तमान विकृति विसङ्गति | २२, ५२, ६३, ७०, ७५, ७७, ७९, १०१ |
| २. | प्रेम प्रणय | १२, १७, १९, २४, २८, ३४, ४१, ४६, ४८, ५४, ७४ |
| ३. | राजनैतिक अवस्था | ६, ३७ |
| ४. | आत्मपीडा | १०, ४० |
| ५. | मानवतावादी भावना | ११, ४५, ९५ |
| ६. | देशप्रेम | १५, ११, २ |
| ८. | सामाजिक विसङ्गति | ३७ |

### ४.८.४.६ वर्तमान विकृति र विसङ्गतिहरू

मानिसहरूले राम्रो काम भन्दा पनि नराम्रो कामतिर लागेकाले गजलकारलाई धेरै प्रभाव पारिरहेको छ । आजभोलि मानिसहरू धर्मतिर भन्दा अधर्मतिर बढिरहेका छन् । स्वर्गमा होइन नरकमा जाने बाटो खोजिरहेका छन् । त्यसैले यस गजलमा भएका वर्तमान विसङ्गतिहरूलाई यसरी प्रस्तुत गरिएको छ :-

धर्मको काम छोडी अधर्मतिर लाग्दा
नर्कमा पुग्ने हुन् कि मलाई त्यस्तो लाग्छ ।

(गजल ६३, पृ. ६३)

### ४.८.४.७ प्रेम प्रणय

प्रेम भनेको माया-ममता हो । एक अर्काबिच माया-ममता साटासाट गर्नुलाई प्रेम प्रणय भनिन्छ । प्रेम भन्ने कुरा जहाँसुकै, जुनसुकै चीजमा पनि हुन्छ । प्रेमीलाई प्रेमिकाको याद आउँदा मुटु छिया-छिया हुन्छ । मोतिका हार जस्तो टलक्क टल्कने दन्त लहरले भुतुक्कै पारेको हुन्छ । त्यसैले यस गजलमा प्रेम प्रणयलाई यसरी प्रस्तुत गरिएको छ :-

ओंठका ढोका उघ्रिँदा मोतिका हार टल्किए
त्यसमाथि छल्किराख्ने नजरले मारेको छ ।

(गजल १९, पृ. १९)

सागरझैं बग्ने पिरतीको जल
जति पिए पनि पिउँ पिउँ लाग्छ ।

(गजल ९२, पृ. ९२)

### ४.८.४.८ राजनैतिक अवस्था

नेताहरू गाउँ-गाउँमा गई सर्वसाधारण जनताहरूलाई भोट माग्ने उद्देश्यले फकाइ रहेका छन् तर देशको उन्नति भन्दा दिनप्रतिदिन अधोगतिमा गइरहेको छ । त्यसैले यस गजलमा नेताहरूप्रति व्यङ्ग्य गर्दै यसरी प्रस्तुत गरिएको छ :-

फोहर्ले बजारमा शासन खोजी रहेछ
नेताले भोट खाने भाषन खोजी रहेछ ।

(गजल ६, पृ. ६)

#### ४.८.४.९ आत्मपीडा

हाँसीखुशी जिन्दगी बिताउँछु भन्दा झुठो आशा देखाएर टाढिएकी प्रेयसीलाई आफ्नो गजल मार्फत् यसरी झटारो हानिएको छ :-

वाचा गरेर भन्थे खुशी अनेका दिऊँला
पागल् बनाई जानेर उनलाई के गरौं म ।

(गजल ४०, पृ. ४०)

#### ४.८.४.१० मानवतावादी भावना

आफ्नी ममतामयी आमाको लागि केही दुःख, कष्ट नपरोस् भन्ने एउटा छोरामा हुनुपर्ने मानवतावादी भावनाहरूप्रति यहाँ अत्यन्तै रोचक ढङ्गले प्रस्तुत गरिएको छ :-

आमाको लागि धेरै वर्दान् मागेको छु
उहाँको दुःख हर्ने समान मागेको छु ।

(गजल ४५, पृ. ४५)

#### ४.८.४.११ देशप्रेम

एउटा असल छोरा भएर जन्मिसकेपछि देशका लागि केही गरेर मर्नुपर्दछ । आफ्नै देशकोक माटोमा रगत र पसीना बगाउनुपर्दछ । शत्रुसँग लड्नु पर्दछ भन्ने देश प्रेमका भावनाहरूप्रति यसरी प्रस्तुत गरेका छन् :-

देशको केही काम गरेर मर्न पाऊँ
आमाको शत्रुसँग लडेर मर्न पाऊँ ।

(गजल १५, पृ. १५)

#### ४.८.४.१२ सामाजिक विसङ्गति

आजभोलि समाजमा असभ्यताले गर्दा धेरै विकृति र विसङ्गति फैलिएको छ । सज्जन मानिस भन्दा दुर्जन मानिसको विगविगी बढ्न थालेको छ । मानिसहरूमा नैतिकता भन्ने कुरा केही पाइदैन । त्यसैले यस गजलमा सामाजिक विसङ्गतिहरूप्रति यसरी प्रस्तुत गरेका छन् :-

आफ्नै ढोका कैले थुन्यो निकाश पाइँदैन
गाउँतिर फर्कि हेर विकास पाइँदैन
अभप्रको बाढ चल्दा सज्जन घट्न लागे
टुप्पोदेखि पलाउनेमा विकास पाइँदैन ।

(गजल ३७, पृ. ३७)

## ४.८.४.१३ शिल्पशैली

साहित्यिक रचनामा विषयको साथसाथै शैलिको पनि महत्वपूर्ण भूमिका रहेको हुन्छ । गजलको अध्ययनमा शिल्पशैलीको अध्ययन अति नै आवश्यक हुन्छ, यसले गजललाई सौन्दर्यात्मक बनाउँदछ । गजललाई सम्प्रेषणयुक्त, प्रभावोत्पादक र रहस्योद्घाटक गुणले सजाउनको लागि स्वाभाविक र सान्दर्भिक प्रयोगयुक्त शैलीलाई महत्वपूर्ण मानिएको छ ।

## ४.८.४.१४ भाषाशैली

गजलमा प्रयोग गरिने भाषा सरल, सहज र सुवोध्य हुन आवश्यक छ । गजलको भाषा एकदमै सरल छ । गजललाई मिठास दिने काम भाषाशैलीले गर्दछ । गजलमा माधुर्य, सुकुमारता र लालित्यको अपेक्षा गरिन्छ । यसले गर्दा गजलमा थप सौन्दर्यता थपिन्छ । गजलका तत्वहरूमध्ये भाषाशैली पनि एक महत्वपूर्ण भाषाशैली हो । युसुफदिन मियाँ 'पाल्पाली'ले आफ्नो गजलसङ्ग्रहमा विषय सुहाउँदो भाषा प्रयोग गरेको पाइन्छ ।

## ४.८.४.१५ अलङ्कार प्रयोग

जसरी एउटी महिलालाई विभिन्न किसिमका आभूषणले सिँगार्दछ त्यसै गरी अलङ्कारले पनि काव्यलाई आभूषित गरेको हुन्छ । अलङ्कार भन्नाले भूषण गर्ने वस्तु भन्ने बुझिन्छ । गजललाई पठनीय, आकर्षक, मधुर बनाउन अलङ्कारले ठूलो भूमिका खेलेको हुन्छ । सफल र सुन्दर रचनाको लागि अलङ्कार आवश्यकीय तत्व मानिन्छ । प्रस्तुत गजलसङ्ग्रहमा उपमा, उत्प्रेक्षा, रुपक आदि अलङ्कारहरूको प्रयोग पाइन्छ ।

#### ४.८.४.१६ छन्द प्रयोग

संस्कृतको छद् धातुबाट छन्दको व्युत्पत्ति भएको पाइन्छ । यसको अर्थ आकृत गराउने वा रक्षित गर्नुका साथै प्रसन्न गराउने पनि हुन्छ । गजलमा छन्दको प्रमुख भूमिका रहेको हुन्छ । गजललाई लयवद्ध बनाउने काम छन्दको हुन्छ । **रोशनी** नामक गजलसङ्ग्रहमा गितीलयमा लेखिएको छ ।

#### ४.८.४.१७ निष्कर्ष

गजलकार युसुफदिन मियाँ 'पाल्पाली'को **रोशनी** नामक गजल गजलसङ्ग्रह २०६९ सालमा प्रकाशित भएको हो । युसुफदिन मियाँ 'पाल्पाली'को **रोशनी** गजलसङग्रहमा एक सय बीस वटा गजलहरू सङ्गृहित रहेका छन् । यसमा विभिन्न भाषाशैली, शिल्पशैली, अलङ्कार, छन्द आदिजस्ता विषय वस्तुहरू समेटिएका छन् ।

प्रस्तुत **रोशनी** गजलसङ्ग्रहमा सङ्गृहित गजलहरूमा प्रायः प्रेम-प्रणय सम्बन्धी विविध प्रसङ्गहरूलाई मुख्य विषय बनाइएको छ भने यसका अतिरिक्त वर्तमान विसङ्गति, मानवतावादी भावना, राजनैतिक अवस्था, आत्मपीडा, देशप्रेम आदिलाई मूलभाव बनाइएको पाइन्छ । यस गजलसङ्ग्रहका प्रायः सबै गजलहरूमा लोकलय ढाँचाको प्रयोग गरिएको छ । गजलमा प्रयोग गरिने भाषा एकदमै सहज र सरल छ । मोतीराम भट्टदेखि गोविन्दराज विनोदी, डा.नारायणप्रसाद खनाल, हुसेन खाँ आदिको प्रभावले लेखनकार्यलाई अगाडि बढाएका छन् । **रोशनी** गजलसङ्ग्रहमा एक सय बीसवटा गजलसङग्रहहरूमध्ये पाँच सेर र सात सेरहरूको प्रयोग भएको छ । काफिया, मक्ता, मतला, रदिफ आदिको संयोजनबाट भावपूर्ण बन्न पुगेको छ । युसुफदिन मियाँ 'पाल्पाली'ले समाजमा भएका विकृति र विसङ्गतीहरूलाई जरैदेखि उखेलेर फालिदिनु पर्छ भनेका छन् । अहिलेको आधुनिक फेसन गाउँघरमा बढिरहेको मादक पदार्थको सेवन जस्ता कुराहरूलाई समाजबाट नै अलग्यानु पर्दछ तबमात्र समाजको उन्नति हन्छ भनेका छन् । युसुफदिन मियाँ 'पाल्पाली' एक सफल गजलकारको रूपमा स्थापित भई देशको उन्नति पथमा अगाडि बढ्नु पर्दछ भन्ने धारणा राख्ने गजलकार हुन् ।

## परिच्छेद : पाँच

# आधुनिक नेपाली गजलका क्षेत्रमा 'पाल्पाली'का योगदान

### ५.१ नेपाली साहित्यमा 'पाल्पाली'को आगमन र उनको साहित्य यात्रा

युसुफदिन मियाँ 'पाल्पाली' ले २०१४ सालदेखि अप्रकाशित *गंगालालको चीता* भन्ने नाटक लेखेर नेपाली साहित्यमा प्रवेश गरेका छन् । उनले विद्यालय गई पढ्न नपाए तापनि घरमा नै बसी अनौपचारिक रूपमा अध्ययन गरेका थिए यसले गर्दा उनलाई आफू गजलकार भनेर चिनाउन अलि अप्ठेरो भएको थियो । उनका यति धेरै कृतिहरू प्रकाशित भएर पनि यिनका बारेमा जानकारी नहुनाका कारणले कसैले अध्ययन गर्ने अवसर पाएका थिएनन् । यिनको लेखन कार्यको चर्चा-परिचर्चा नै भएको देखिन्छ तापनि यिनले आफ्नो लेखन कार्यलाई अगाडि बढाँउदै लगेको पाइन्छ ।

यिनको प्रकाशित पहिलो कृति **पाल्पालीको गजल** २०६६ हो । त्यसपछि उनले नेपाली गजलका क्षेत्रमा अरु पनि कृतिहरू प्रकाशन गरी निरन्तर रूपमा अगाडि बढिरहेका छन् । मोतीराम भट्ट, नजागत हुसेन, डा. नारायणप्रसाद खनाल, गोविन्दराज विनोदी, कपिल अज्ञात आदिको प्रेरणा पाएर निरन्तर रूपमा गजल क्षेत्रमा प्रवेश गरेका हुन् ।[१]

### ५.१.१. लेखनका लागि प्रेरणा र प्रभाव

कुनै पनि व्यक्तिलाई अभिप्रेरित गर्ने कुनै न कुनै व्यक्ति प्रेरक स्रोत हुन्छ । युसुफदिन मियाँ 'पाल्पाली'लाई पनि सानैदेखि गीत गाउन, फिल्मका गीतहरू लेख्न असाध्यै रुचि थियो । यसमा थप प्रेरणा दिने व्यक्तिहरू धर्मराज थापा र अलिमियाँ हुन् । उनीहरूबाट नै प्रेरित भएर गीतहरू गउने, लेख्ने गर्थे तर ती गीतहरू प्रकाशित भएका छैनन् । गजलका लागि मोतीराम भट्ट, नजागत हुसेन, गोविन्दराज विनोदी, कपिल अज्ञातबाट प्रेरणा प्राप्त भई गजल लेख्न सुरु गरेका हुन् । विद्यालय गई औपचारिक शिक्षा प्राप्त नगरे पनि उनको बुद्धि

---
[१] शोधनायकबाट प्राप्त जानकारी ।

सानैदेखि तीक्ष्ण थियो । मनमा केही गरिरहुँ भन्ने भावना जागृत भइरहन्थ्यो । यिनमा एकपटक भनेका, सुनेका कुराहरू कहिल्यै पनि नबिर्सने गुण रहेको देखिन्छ । गजलमा विकृति होइन सन्देश दिइनु पर्दछ भन्ने मियाँका गजलहरूमा सामाजिक विकृतिप्रति व्यङ्ग्य प्रहार गरिएको देखिन्छ ।

### ५.१.२ लेखनको आरम्भ र प्रकाशनको थालनी

युसुफदिन मियाँ 'पाल्पाली'ले सानै उमेरदेखि कलम चलाएको भए तापनि औपचारिक रूपमा उनको लेखन तथा प्रकाशन ढिलो भएको पाइन्छ । २०६६ सालदेखि उनका अहिलेसम्म चारवटा कृतिहरू प्रकाशित भएका छन् । अप्रकाशित रूपमा यिनले थुप्रै फुटकर रचना, कविता, गीत, नाटकहरू लेखेको भए तापनि ति रचनाहरू कुन-कुन पत्रिकामा प्रकाशित भएका छन् भन्ने कुरा अझै भन्न नसकेको अवस्था देखिन्छ ।

**युसुफदिन मियाँ 'पाल्पाली'को प्रकाशित पुस्तककार कृतिहरूको विवरण**

| क्र.सं. | कृतिको नाम | विधा | प्रकाशन वर्ष |
|---|---|---|---|
| १. | **पाल्पालीका गजल** | गजल | २०६६ |
| २. | **मनको व्यथा** | गजल | २०६८ |
| ३. | **एक बहर एक गजल** | गजल | २०६९ |
| ४. | **रोशनी** | गजल | २०६९ |

## ५.१.३ युसुफदिन मियाँ 'पाल्पाली'को लेखनयात्रा

युसुफदिन मियाँ 'पाल्पाली'ले थुप्रै फुटकर गीत, रचनाहरू, निबन्ध, गजल आदि लेखेका छन् । उनी अझै पनि साहित्यिक यात्राप्रति लागि परिरहेका छन् । उनका कृतिहरू अझै पनि प्रकाशित हुन बाँकी नै छन् । आफ्नो लेखन यात्रालाई अझै पनि द्रुत गतिमा अगाडि बढाइरहेका छन् । 'पाल्पाली'का साहित्यिक यात्रालाई दुई चरणमा विभाजन गरेर अध्ययन विश्लेषण गर्नुपर्ने हुन्छ ।[२]

क) पूर्वार्द्ध : (अभ्यासकाल) २०१४-२०६५ सालसम्म

ख) उत्तरार्द्ध : (विकासकाल) २०६६-२०७१ सालसम्म

[२] शोधनायबाट प्राप्त जानकारी अनुसार ।

क) पूर्वार्द्ध : (अभ्यासकाल) २०१४-२०६५ सालसम्म

२०१४ सालदेखि अप्रकाशित **गंगालालको चिता** भन्ने नाटक लेखी साहित्य क्षेत्रमा प्रवेश गरेका युसुफदिन मियाँ 'पाल्पाली' २०६२ सालसम्म फुटकर रचना, गीत, कविताहरू फिल्म आदिमा लागिपरेका छन् । थेरै समय व्यापार, व्यवसाय र घर-व्यवहार, समाजसेवामा व्यस्त हुनु परेका कारण यस अवधिमा उनले साहित्य लेखनको क्रमलाई त्यति द्रुतता दिन सकेका थिएनन् । उनले निरन्तर रूपमा सृजना गरेका त थिए तर तिनलाई एकीकृत गरी प्रकाशित भने गरेका थिएनन् तापनि आफ्ना लेखन कार्यहरूलाई स्तरीय ढङ्गले अगाडि बढाइरहे । निरन्तरको साधना पश्चात् २०६६ सालमा गई बल्ल पहिलो कृति **पाल्पालीका गजल** भन्ने पुस्तक प्रकाशित भयो ।

**ख) उत्तरार्द्ध : (विकासकाल २०६६-२०७१ सालसम्म)**

युसुफदिन मियाँ 'पाल्पाली'ले लामो मिहेनत र परिश्रमको फलस्वरूप २०६६ सालमा आफ्नो पहिलो गजलसङ्ग्रह **पाल्पालीका गजल** प्रकाशित भइसकेपछि उनको गजल लेखन यात्राको द्वितीय चरणको सुरुवात हुन्छ । यस समयमा लेख्न लागिएका गजलका मूल विषय प्रेम-प्रणयका कुराहरू रहेका छन् । त्यस्तै समाज, राष्ट्र, ईश्वर, प्रकृति, संस्कृतिका सन्दर्भहरू पनि समेटिएका छन् । उनका गजलले नेपाली समाजमा एउटा बेग्लै अस्तित्व र पहिचान स्थापित गर्न सफल भएको छ । 'पाल्पाली'का गजलसङ्ग्रहभित्र शिल्प र शैलीमा लेखिएका जम्मा-जम्मी १०२ ओटा गजलहरू सङ्कलित र तरलित छन् ।

२०६८ सालमा प्रकाशित **मनको व्यथा** उनको दोस्रो कृति हो । आफ्नै पुरानो परम्परामा प्रचलित शब्द शैली एवं बहरवद्ध गजलको शिल्प-शैलीमा गजलपुष्पलाई अति सरल-तरल सललल बग्ने र गायन गर्न अति सजिलो हुने हिसाबले रचना गरिएका गजलसङ्ग्रहभित्र जम्मा १११ वटा गजलहरू समावेश छन् । ती गजलहरूमा बहरको नाम त्यससँग मिल्ने पिङ्गल छन्दको नाम, रुक्न एवं गणको सङ्केत समेत दिइ सजिलो बनाइएको छ । यस गजलभित्र बहर वा छन्दहरूको प्रयोग, माया-प्रेमसँग सम्बन्धित गजलाभिव्यक्ति, प्रकृति बिम्बहरूको संयोजनद्वारा मानव प्रकृति बिचको एकाकार सम्बन्ध स्थापना र मनका सरल, कोमल भावहरूको निर्मल, निश्छल प्रकटीकरण आदि विशेषता पाइन्छ ।

यसपछि २०६९ सालमा उनको **एक बहर एक गजल** शीर्षकको कृति प्रकाशित हुन्छ । उनका गजलहरूमा शृङ्गारिक प्रेमानुरागयुक्त गजलको प्रधानता देखिन्छ । यस गजलसङ्ग्रहभित्र १०१ गजलहरू समावेश रहेका छन् । यस गजलसङ्ग्रहमा अति सरल, तरल, सललल बग्ने र गायन गर्न अति सजिलो हुने तरिकाले प्रस्तुत गरिएको छ ।

त्यस्तै २०६९ सालमा **रोशनी** नामक चौथो कृति प्रकाशित हुन्छ । यसमा विशेष गरी समसामयिकता, देशप्रेम, अशान्तिबाट शान्ति स्थापनाको खोजी, ईश्वरीय अति मानवीय प्रेम आदि रहेका पाइन्छन् । यस गजलसङ्ग्रहलाई आफ्नै पुरानो परम्परामा प्रचलित र आफ्नो बोलीचालीमा प्रयोग गरिने शब्द-शैलीमा आफ्ना गजल पुष्पलाई सरल, तरल, सललल बग्ने र गायन गर्न सजिलो हुने तरिकाले रचना गरिएको छ । यस गजलसङ्ग्रहभित्र १२० वटा गजलहरू समावेश गरिएका छन् ।

युसुफदिन मियाँको साहित्यिक लेखन यात्राको विश्लेषण गर्दा प्रारम्भमा त्यति निरन्तरता तथा तिव्रता नभए पनि पछिल्लो समयमा तिब्रता आएको पाइन्छ । लेखने यात्राको पूर्वार्द्ध अभ्यासकालका रूपमा मात्र सीमित रह्यो । उनी अझै पनि गजलयात्राका रूपमा लागिपरिरहेका छन् भने भोलिका दिनहरूमा पनि निरन्तर रूपमा गजल क्षेत्रमा नै लागिरहने छन् ।

# परिच्छेद : छ

# उपसंहार

नेपाली साहित्यिक इतिहासको खोज गर्दा धेरै त्यस्ता स्रष्टा भेटिन्छन् जसको खुबीले सम्पूर्ण नेपाली गर्वले छाती फुलाउँछन् । सिङ्गो नेपाल र नेपालीको सामीप्य र घनिष्ठताको छहारीमा बाँच्ने स्रष्टाहरूको समृद्ध परम्परामा युसुफदिन मियाँ 'पाल्पाली' पनि एक स्रष्टाका रूपमा देखापरेका छन् । 'पाल्पाली' बहुप्रतिभाका धनी नेपाली माटो र मुटुका स्रष्टा हुन् । विभिन्न विधामा आफ्नो क्षमता र प्रतिभालाई उत्तिकै देखाउन सक्ने खुबी यिनीसँग छ । कथा, कविता, निबन्ध, गजल र मुक्तक आदि विधाहरूमा आफूलाई विभाजन गरेर राजनीतिक, सामाजिक, राष्ट्रियता र प्रेम-प्रणयले भरिएका रचना सृजना गर्ने 'पाल्पाली' कलागत क्षमता प्रदर्शन गर्न सक्ने स्रष्टा हुन् । रचनागत नवीनता, बौद्धिकता र दर्शनका प्रयोगले यिनका सृजनाहरू सशक्त र शालीन देखिन्छन् । 'पाल्पाली' का कतिपय सृजनाहरू राजनीतिक र सामाजिक रूपान्तरणमा केन्द्रीकृत भएका छन् । समसामयिकतामा यथार्थको खोजी र परिवर्तनको चाहना बोकेका रचनाले प्रगतिवादी स्रष्टाका रूपमा यिनलाई उभ्याएका छन् । पीडा, वेदना, दैनिक जीवनमा भोग्नु परेको समस्या र तिनको समाधानमा सचेत रहेको पाइन्छ । रचनाको आकार सानो भए पनि व्यापकता र पूर्ण संसार अटाउने काव्य शिल्पको परिकल्पनातिर उन्मुख 'पाल्पाली' सङ्क्षिप्ततालाई महत्व दिने स्रष्टा हुन् । यसरी हेर्दा 'पाल्पाली' संस्कृत साहित्यका कालिदास र अङ्ग्रेजी साहित्यका क्रिस्टको काव्यकलाको नजिक  देखिन्छन् । आफ्नो विवेक र अनुभूतिलाई प्रस्तुतिमा नयाँपन दिने र विसङ्गतिप्रति प्रहार गर्ने यिनको प्रवृत्ति अपेक्षाकृत उल्लेखनीय छ । आफ्नो लेखनीमा नयाँ विषयवस्तुको प्रयोग, कलापक्षमा परिमार्जनको खोजी, शैलीमा नवीनता र विचारमा बौद्धिकताको प्रयोग उर्जाशील ढङ्गले सन्तुलन कायम गर्न सकेको खण्डमा राम्रो देखिन्छ । बुबा मरहुम अब्दुल गफुर मियाँ र आमा मरहुम बिबिरन मियाँको जेठो छोराको रूपमा पश्चिम गाउँ तानसेन नगरपालिका वडा नं. १३, पाल्पा जिल्लामा वि.सं. २००३ वैशाख १७

गते भएको हो । हाल भरतपुर नगरपालिका-२, नारायणगढ, चितवनमा स्थायी बसोबास गर्दै साहित्य साधनासँगै वाणिज्य, व्यापारमा दत्तचित्त 'पाल्पाली'को पहिलो गजलसङ्ग्रह **पाल्पालीका गजल** (२०६६) प्रकाशित भएको छ भने दोस्रो गजलसङ्ग्रह **मनको व्यथा** (२०६८), तेस्रो गजलसङ्ग्रह **एक बहर एक गजल** (२०६९) र चौथो गजलसङ्ग्रह **रोशनी** (२०६९) प्रकाशित भएको पाइन्छ । यी सबै गजलसङ्ग्रह पल्लव साहित्य प्रतिष्ठानद्वारा प्रकाशित भएका छन् । चारवटा कृतिहरू प्रकाशित गरिसकेका 'पाल्पाली' एक अनुसन्धेय व्यक्तित्व हुन् । नेपाली साहित्यिक फाँटमा आफ्नो विशिष्ट स्थान बनाउन सफल 'पाल्पाली' साहित्यलाई समयसापेक्ष र कालजनिक हुनुपर्छ भन्ने दृष्टिलाई आत्मसात् गरेका छन् । नेपाली साहित्यिक फाँटमा युसुफदिन मियाँ 'पाल्पाली'को भविष्य उज्जवल र सुदृढ देखिन्छ ।

चितवन जिल्लाले समग्र नेपाली साहित्यको वर्तमान अवस्थाको स्थितिलाई मजबुत बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । यसै क्रममा चितवन जिल्लाको साहित्य र साहित्यिक स्रष्टाहरूको चर्चा गर्नुपर्दा साहित्यकार युसुफदिन मियाँ 'पाल्पाली'को नाम पनि अग्रपङ्क्तिमा देखिन आउँदछ । युसुफदिन मियाँ 'पाल्पाली' सानै उमेरदेखि बाख्रा चराउन अत्यन्तै खुशी हुन्थे । उनको अक्षरारम्भ पिताद्वारा घरमा नै भएको थियो । सानैदेखि सबै मानिससँग घुलमिल हुन रमाउने उनको अति नै राम्रो बानी थियो । केटाकेटीमै गीतहरू भाका हाली-हाली गाउने गर्थे । युसुफदिन मियाँ 'पाल्पाली'लाई आफ्नै पिताले अक्षराम्भ गराएका थिए । माझघरे कान्छाले १२-१३ वर्षको उमेरमा पाल्पा गाउँमा नै क, का, कि, कीसम्म पढाएका थिए । यसरी उनले आफ्नो अनौपचारिक शिक्षा घरबाट नै गरेका थिए । 'पाल्पाली' को वि.सं. २०११ मा पाल्पा जिल्लाकै पश्चिमी गाउँ माता जिकिरण मियाँ र पिता हवीष मियाँ जेठी छोरी हलिमा मियाँसँग विवाह भएको थियो । यिनका ३ छोरा र दुई छोरी गरी ५ सन्तान छन् । तीमध्ये माइला छोराको ३० वर्षको उमेरमा नै निधन भएको थियो । आजसम्म उनका सबै सन्तानहरू व्यापार-व्यवसायमा नै संलग्न रहेका छन् । 'पाल्पाली' दम्पत्तीका बीच अत्यन्तै मिलनसार र सौहार्द्रतापूर्ण व्यवहार रहेको छ ।

वि.सं २०१७ मा गुल्मी, रिडीबजारबाट गीत, कविताहरू लेख्न थालेपछि उनी साहित्यप्रति प्रेरित भई निरन्तर पत्रपत्रिकामा लागि परिरहे । 'पाल्पाली' ले अन्य फुटकर गीत, कविता, गजल, पत्रपत्रिका आदिमा कलम चलाएको पाइन्छ । कला साहित्यले समाजलाई सकारात्मक दिशामा बदल्न सक्छ भन्ने विचार राख्ने युसुफदिन मियाँ 'पाल्पाली' विभिन्न साहित्यिक सङ्घसंस्थामा आबद्ध भई क्रियाशील रहेका छन् । युसुफदिन मियाँ

'पाल्पाली' ले विभिन्न सामाजिक सङ्घ-संस्था एवं समिति र उप-समितिमा रहेर समाजमा उपलब्धिमूलक कार्य गर्दै आएको पाइन्छ । आफ्ना घरायसी समस्याहरूलाई चटक्क छाडी विभिन्न सङ्घ-संस्थामा आवद्ध भई उपलब्धिमूलक काम गर्नु 'पाल्पाली' को सामाजिक देन हो । उनी सामाजिक कार्यमा तन, मन र धनले भ्याएसम्म मरिमेटेर लाग्ने व्यक्तिका रूपमा देखिन्छन् ।

कविता लेखनबाट साहित्य यात्रा आरम्भ गरेको भए पनि युसुफदिन मियाँ 'पाल्पाली' गजल विधामा बढी सशक्त देखिन्छन् । दुई गजलसङ्ग्रहभित्रका उनका गजललाई हेर्ने हो भने उनका अधिकांश गजलमा प्रेमप्रणयका भावहरू सशक्त रूपमा प्रस्तुत छन् । यसका अतिरिक्त उनका गजलहरूमा राष्ट्र र राष्ट्रियताको भावना पनि निकै प्रगाढ बनेको पाइन्छ । उनका गजलमा सामाजिक विकृति-विसङ्गतिको आलोचना, राजनैतिक क्षेत्रको विसङ्गतिको चर्चा मानवतावादी चेतना, जीवनप्रति आशावादी दृष्टिकोण, प्रकृतिप्रेम, विरह एवम् व्यथाका अनूभूतिहरू निकै कलात्मक रूपमा व्यक्त भएका छन् । उनका अधिकांश गजलहरूमा संरचनागत सन्तुलन भेटिन्छ । रदिफ र काफिया दुवैको सरल र प्रभावकारी प्रयोग उनको गजलकारिताको एक विशेषता बनेको छ । उनको गजललेखनमा शास्त्रीय एवम् लोक छन्द दुबैको उचित संयोजन पाइन्छ । यसरी गजलकार युसुफदिन मियाँ 'पाल्पाली'का प्रकाशित गजलहरू तथा गजलसङ्ग्रहभित्र सङ्कलित गजलहरूको अध्ययन विश्लेषण गर्दा उनलाई आधुनिक गजल लेखनका क्षेत्रमा क्रियाशील एक कुशल स्रष्टाका रूपमा लिन सकिन्छ ।

गजलकार युसुफदिन मियाँ 'पाल्पाली'का गजलहरूमा नेपाली जनजीवन, सामाजिक विकृति तथा विसङ्गति, प्रेम प्रणय, पीडा-व्यथा, घात-प्रतिघात, प्रेम, उत्र्सग, समर्पण, वियोग तथा विरहका व्यथाहरू, स्वतन्त्रता एवम् शान्तिको चाहना, कर्मप्रतिको आस्था, विश्वबन्धुत्व एवम् भ्रातृत्वको भावना, नेपाली स्वाभिमान, भ्रष्ट राजनैतिक नेतृत्व, अकर्मण्य नेतृत्वको आलोचना एवम् व्यङ्ग्य लगायतका प्रसङ्गहरूलाई निकै सरल एवम् प्रभावकारी ढङ्गले प्रस्तुत गरेको पाइन्छ । गजलका अतिरिक्त उनका प्रशस्त फुटकर कथा, निबन्ध, समालोचना पनि विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित रहेका छन् ।

यसरी नेपाली साहित्यका फाँटमा साहित्यकार युसुफदिन मियाँ 'पाल्पाली' एक सशक्त साहित्यकारका रूपमा परिचित हुँदै गएका छन् । विभिन्न विधामा कलम चलाउने साहित्यका 'पाल्पाली' सङ्ख्यात्मक रूपमा मात्र नभई गुणात्मक रूपमा पनि सशक्त बनेका

छन् । भाषिक सरलता एवम् सहजता नै उनका लेखनीको मूलभूत विशेषताहरू हुन् । सरल एवम् कोमल शब्दचयन गर्दै प्रभावकारी शैलीका माध्यमले विषयको प्रस्तुति दिन उनका साहित्यिक रचना सक्षम देखिन्छन् । राष्ट्रप्रेमको भावना, विसङ्गतिप्रतिको आलोचना, अहिंसाको विरोध, समाज सुधारको अपेक्षा 'पाल्पाली' का साहित्यिक विशेषता हुन् ।

कुनै पनि व्यक्तिको जीवनचक्रमा आएका विभिन्न घुम्ती, मोड, उतार-चढाव, आरोह-अवरोह आदि घटनाहरूको शृङ्खलावद्ध प्रस्तुति नै जीवनी हो । कुनै पनि व्यक्तिको जीवनीको अध्ययन, अनुसन्धान गर्ने सिलसिलामा उनीहरूबाट भए-गरिएका महान् योगदानको कदर गर्दै उसको जीवनका समग्र पाटाहरूलाई केलाउने, खोजबिन गर्ने र विश्लेषण गर्ने काम गरिन्छ ।

'पाल्पाली'का मातापिता पाल्पा जिल्लामा नै बस्थे । उनीहरूको पुर्ख्यौली थलो पनि पाल्पा जिल्ला नै थियो । हाल बसोबास भ.उ.म.न.पा.-२, बेलटाँडी, नारायणगढ, चितवनमा रहेको छ । विभिन्न सामाजिक सङ्घ-संस्थाहरूमा सम्बद्ध भएकाले अति व्यस्ततापूर्ण जीवनशैली, घरधन्दा, व्यापार-व्यवसाय, निरन्तर साहित्य सिर्जनामा सक्रिय 'पाल्पाली' प्रतिभाशाली गजलकार हुन् । कवि, गजलकार, समाजसेवी, निबन्ध, गीत आदि सम्पूर्ण कुरामा दत्तचित्त भइ लागीपर्ने 'पाल्पाली' सादा जीवन उच्च विचारका देखिन्छन् ।

वि.सं. २०११ मा नै वैवाहिक जीवनमा बाँधिएका 'पाल्पाली' सामान्य परिवारमा हुर्किएका थिए । सानैदेखि हरेक कुरामा अभिरुचि राख्ने 'पाल्पाली' ले सुरुमा चाहिँ गीतहरू लेख्न अगाडि बढे ।

हरेक क्षेत्रमा संलग्न रहेका 'पाल्पाली' विभिन्न सङ्घ-संस्थाहरूबाट पुरस्कृत र सम्मानित भएका छन् । नेपाली साहित्यको क्षेत्रमा निरन्तर साधनारत युसुफदिन मियाँ 'पाल्पाली' को साधना र सेवाले बेला-मौकामा उचित कदर पाएको देखिन्छ । बाल्यकालदेखि नै कविता, गीत गजल आदि क्षेत्रमा लागि परिरहेका 'पाल्पाली' कला मन्दिर नारायणगढबाट कदर-सम्मान, चित्रवन लायन्स क्लब नारायणगढबाट आत्मियताको चिनो, श्री रामेश्वर पुस्तकालय तथा वाचनालय, चितवन प्रशंसा-पत्र, फेन्सी व्यवसायी सङ्घ, चितवनद्वारा धन्यवाद पत्र, श्री लक्ष्मी स्मृति साहित्य समाज, कावासोती-१, साँढ, नवलपरासी फेन्सी व्यवसायी सङ्घद्वारा रजत सम्मान-पत्र, पल्लव साहित्य प्रतिष्ठानबाट सम्मान-पत्र जस्ता विभिन्न समुदायबाट सम्मानित र पुरस्कृत भई नै रहेका छन् । यसरी विभिन्न सङ्घ, संस्था, व्यापार क्षेत्र, पत्रपत्रिकाहरूमा आवद्ध रही पुरस्कृत भएका छन् ।

'पाल्पाली'का हालसम्म चारवटा कृति (गजलसङ्ग्रह) हरू प्रकाशित भएका छन् । जसमा **पाल्पालीका गजल** (२०६६) प्रकाशित भएको छ भने दोस्रो गजलसङ्ग्रह **मनको व्यथा** (२०६८), तेस्रो गजलसङ्ग्रह **एक बहर एक गजल** (२०६९) र चौथो गजलसङ्ग्रह **रोशनी** (२०६९) । यसरी निरन्तर रूपमा गजलकारिताको क्षेत्रमा अग्रणी भूमिका खेल्नमा खप्पिस 'पाल्पाली' का अझै पनि थुप्रै कृतिहरू लेखिन बाँकी नै छन् । साहित्य साधनातर्फ सधैं लागिरहने युसुफदिन मियाँ 'पाल्पाली' एक गजलकारका रूपमा चिनिन्छन् ।

# सन्दर्भसामग्रीसूची


आमोदी, केशवराज, *पाल्पालीको मनको व्यथामा उम्लिएका औडाहाहरूप्रति सङ्क्षिप्त विश्लेषण,* **पल्लव** साहित्यिक पत्रिका, २०६९, पृ. ३३ ।

आमोदी, केशवराज, *गजल सिद्धान्त र प्रयोग,* **बहर बाटिका**, चितवन : पल्लव साहित्य प्रतिष्ठान, २०६९ ।

———— *गजलमा काफियाको प्रयोग र मूल्याङ्कन,* **संप्रेषण १५,** चितवन : वाल्मीकि साहित्य सदन, २०६२ ।

उदासी, टीकाराम, **गजल सिद्धान्त र नेपाली गजलको इतिहास**, दाङ् : अतिरिक्त प्रकाशन, २०५९ ।

खनाल, नारायणप्रसाद, *शुभकामना,* **पाल्पालीका गजल** (गजलसङ्ग्रह), युसुफदिन मियाँ 'पाल्पाली', चितवन : पल्लव साहित्य प्रतिष्ठान, २०६६, (भूमिका खण्ड) ।

———— *शुभकामनाका शब्दहरू,* **मनको व्यथा** (गजलसङ्ग्रह), युसुफदिन मियाँ 'पाल्पाली', चितवन : पल्लव साहित्य प्रतिष्ठान, २०६८ (भूमिका खण्ड) ।

———— *शुभेच्छाका केही शब्द,* **एक बहर एक गजल** (गजलसङ्ग्रह), युसुफदिन मियाँ 'पाल्पाली' चितवन : पल्लव साहित्य प्रतिष्ठान, २०६९, (भूमिका खण्ड) ।

———— *शुभकामनाका शब्द-पुष्प,* **रोशनी** (गजलसङ्ग्रह), युसुफदिन मियाँ 'पाल्पाली', चितवन : पल्लव साहित्य प्रतिष्ठान, २०६९ (भूमिका खण्ड) ।

खाँ, हुसैन, *शुभाशंसाको तरङ्गमा ...,* **पाल्पालीका गजल** (गजलसङ्ग्रह), युसुफदिन मियाँ 'पाल्पाली', चितवन : पल्लव साहित्य प्रतिष्ठान, २०६६, (भूमिका खण्ड) ।

———— *प्रकाशकीय,* **रोशनी** (गजलसङ्ग्रह), युसुफदिन मियाँ 'पाल्पाली', चितवन : पल्लव साहित्य प्रतिष्ठान, २०६९, (भूमिका खण्ड) ।

———— *प्रकाशकीय,* **मनको व्यथा** (गजलसङ्ग्रह), युसुफदिन मियाँ 'पाल्पाली', चितवन : पल्लव साहित्य प्रतिष्ठान, २०६८, (भूमिका खण्ड) ।

——————, *एक वहर एक गजल को रसस्वादन गर्दा ...*, **एक बहर एक गजल** (गजलसङ्ग्रह), युसुफदिन मियाँ 'पाल्पाली', चितवन : पल्लव साहित्य प्रतिष्ठान, २०६९, (भूमिका खण्ड) ।

खाँ, महम्मद मुस्ताफा (सम्पा.), **उर्दू-हिन्दी शब्दकोश**, सातौँ संस्क., लखनऊ : उत्तरप्रदेश हिन्दी संस्थान, ई. १९९२ ।

जगन्नाथ, **गजलको शिल्पविधान**, पटना : पुष्कर प्रकाशन, सन् १९४८ ।

त्यागी, अमर, *नेपाली गजलको परम्परा र प्रवृत्ति,* **मधुपर्क**, वर्ष ३१, पूर्णाङ्क ४, २०५५, पृ. १४३ ।

त्रिपाठी, वासुदेव, *महाकवि देवकोटा र उनका महाकाव्यका सम्बन्धमा,* **महाकवि देवकोटा र उनका महाकाव्य**, कुमारबहादुर जोशी, तेस्रो संस्क., ललितपुर : साझा प्रकाशन, २०५३ ।

न्यौपाने, घनश्याम 'परिश्रमी', **गजलको स्वरूप र बहरहरूको चिनारी तथा नेपाली गजलपरम्पराको सङ्क्षिप्त अभिरेखाङ्कन**, ने.रा.प्र.प्र. तथा साहित्य समाज नेपालगञ्जको कार्यक्रममा प्रस्तुत अप्रकाशित कार्यपत्र, २०६२ ।

——————, **गजल सौन्दर्य मीमांसा**, सन् शाइन आवासीय उच्च मा.वि., सिद्धार्थनगर, रूपन्देही, २०६४ ।

पन्थी, देवी, **गजल सिद्धान्त र समालोचना**, विराटनगर : वाङ्मय प्रकाशन, २०५९ ।

'पाल्पाली', युसुफदिन मियाँ, *साहित्यिक ध्रुवतारा प्रेमविनोद नन्दन,* **पल्लव** साहित्यिक पत्रिका, चितवन : पल्लव साहित्य प्रतिष्ठान, २०६० ।

पोखेल, बालकृष्ण, (नि.), **नेपाली बृहत् शब्दकोश**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४० ।

पौडेल, अर्जुनप्रसद, **घनश्याम न्यौपाने 'परिश्रमी' को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रि.वि. नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर : २०५७ ।

बराल, कृष्णहरि, **संदृष्टि**, ललितपुर : साझा प्रकाशन, २०५५ ।

—————— **गजल सिद्धान्त र परम्परा**, ललितपुर : साझा प्रकाशन, २०६४ ।

बराल, ईश्वर र अन्य (सम्पा), **नेपाली सहित्यकोश**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५२ ।

ब्राजाकी, मनु, गजलगाथा, **समकालीन साहित्य**, वर्ष ३, अङ्क २, २०५०, पृ. ४९ ।

रिजाल, दामोदर, **गजलकार भीमनिधि तिवारी**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रि.वि., नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०४५ ।

विनोदी, गोविन्दराज, *पाल्पालीका गजलमाथि एक दृष्टि,* **पाल्पालीका गजल** (गजलसङ्ग्रह), युसुफदिन मियाँ 'पाल्पाली', चितवन : पल्लव साहित्य प्रतिष्ठान, २०६६, (भूमिका खण्ड) ।

————, *शब्द शुभेच्छा,* **मनको व्यथा** (गजलसङ्ग्रह), युसुफदिन मियाँ 'पाल्पाली', चितवन : पल्लव साहित्य प्रतिष्ठान, २०६८, (भूमिका खण्ड) ।

विनोदी, गोविन्दराज, **निर्मम-निर्मम घडीहरू**, चितवन : चितवन साहित्य परिषद्, २०५६ ।

सापकोटा, तोयानाथ, **गजलकार शम्भुप्रसाद ढुङ्गेल**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रि.वि. नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०५४ ।

साइँलो, गोर्खे, *प्रकाशकीय,* **पाल्पालीका गजल** (गजलसङ्ग्रह), युसुफदिन मिया 'पाल्पाली', चितवन : पल्लव साहित्य प्रतिष्ठान, २०६६ (भूमिका खण्ड) ।

———— *प्रकाशकीय शुभकामना,* **एक बहर एक गजल** (गजलसङ्ग्रह), युसुफदिन मियाँ 'पाल्पाली', चितवन : पल्लव साहित्य प्रतिष्ठान, २०६९ (भूमिका खण्ड) ।

———— *क्षितिजमा रोशनी छर्न खोज्दा,* **रोशनी** (गजलसङ्ग्रह), युसुफदिन मियाँ 'पाल्पाली', चितवन : पल्लव साहित्य प्रतिष्ठान, २०६९, (भूमिका खण्ड) ।

———— **गजल दर्शन**, चितवन : पल्लव साहित्य प्रतिष्ठान, २०६९ ।

शर्मा, रमा, (सम्पा.), **मोती ग्रन्थावली**, काठमाडौं : राष्ट्रिय युवाकोश, २०४७ ।

## परिशिष्ट 'क'

### शोधनायक युसुफदिन मियाँ 'पाल्पाली'लाई गरिएका प्रश्नावलीहरू

१. तपाईंको जन्ममिति र जन्मस्थान कहिले र कहाँ भएको हो ?

२. तपाईंको प्रारम्भिक शिक्षा कहाँ भएको हो ?

३. तपाई साहित्यतर्फ कसरी आकर्षित हुनुभयो ?

४. यहाँको साहित्यिक यात्रा कहिलेबाट सुरु भयो ?

५. साहित्यमा गजलतिर लाग्नुको कारण के हो ?

६. परिवारमा को-को हुन्नुहुन्छ ?

७. बुबा-आमाको पृष्ठभूमि बताइदिनुहोस् न !

८. साहित्यिक क्षेत्रतिर प्रवेश गर्नुमा तपाईं केलाई प्रेरणाको स्रोत मान्नुहुन्छ ?

९. तपाईका प्रकाशित कृतिहरू कति छन् र के-के हुन् ?

१०. पहिलो रचना कहिले प्रकाशित भयो ?

११. पहिलो रचना प्रकाशन गर्नको लागि कसले प्रेरणा दियो ?

१२. तपाईको कृतिहरू कहाँबाट प्रकाशित भए ?

१३. तपाई साहित्यिक क्षेत्रमा लागेर कति सन्तुष्ट हुनुहुन्छ ?

१४. चितवनमा साहित्यिक स्थिति कस्तो देख्नु भएको छ ?

१५. साहित्यिक क्षेत्रमा समर्पित हुन चाहने व्यक्तिहरूलाई तपाई के भन्न चाहनुहुन्छ ?

१६. चितवनमा साहित्यिक उत्थानका लागि गर्न सकिने पहलहरू के-के हुन् ?

१७. अन्य क्षेत्रमा तपाईको रुची के-कस्तो छ ?

१८. तपाई हाल के गर्दै हुनुहुन्छ ?

१९. यस क्षेत्रमा लागेपछि तपाइले के कस्तो अनुभूति बटुल्नुभयो ?

२०. साहित्यप्रति तपाईको के भनाई छ ?

अन्त्यमा पाठकहरूलाई के सन्देश दिन चाहनुहुन्छ ?

# परिशिष्ट 'ख'

## युसुफदिन मियाँ 'पाल्पाली'ले प्राप्त गरेका सम्मानहरू



**The International Association of Lions Clubs**
Lions Clubs International®
District 325 B Nepal
L/Y 2006-07

**10th Annual District Convention - Kathmandu**

*Certificate*

*This Certificate has been presented to*

*Lion/Leo* ...YUSUF DIN PAL PALI........*of*

*Lions Club of / Leo Club of*...CHHITRAVAN...NARAYANGADHA... *for the*

*Participation in 10th Annual District Convention held on 7th April 2007*

Hosted by

*Lions & Leo Club of Kathmandu Samakhushi.*

**Lion Ganesh Bahadur Shrestha**
DC - Convention

**PMJF Lion Rajan Lamsal**
Convener

**MJF Lion Hari Prasad Marahatta**
President
LC Ktm Samakhushi

**MJF Lion Er. Sanjay Khetan**
District Governor

# नेपाल क्षयरोग निवारण संस्था

जिल्ला शाखा, चितवन

स्था. २०३६

## कदर-पत्र

यस नेपाल क्षयरोग निवारण संस्था, जिल्ला शाखा चितवनको ..२०५८... देखि ..२०६०.. सम्मको कार्य समितिको ....सदस्य.......... पदमा रहि क्षयरोग नियन्त्रण कार्यमा तपाई श्री ..युसुफदिन मिया.............. ज्यू ले पुऱ्याउनु भएको योगदानको उच्च मूल्याङ्कन गर्दै संस्थाको "रजत महोत्सव" तथा २५औं साधारण सभाको अवसरमा सम्मान गर्दै यो **कदर-पत्र** प्रदान गरिन्छ ।

श्री देवेन्द्र बहादुर प्रधान
प्रमुख अतिथी
नेपाल क्षयरोग निवारण संस्था केन्द्रीय समिति

नेपाल क्षयरोग निवारण संस्था २०३६ चितवन शाखा

मिति-२०६२ असोज १ गते

भीमराज ०५१६२

श्री भीमराज पाठक
सभापति

"एकता नै शक्ति हो, शक्तिको सदुपयोग गरौ"

द.नं. १००३/०६८/६९ सहकारी ऐन २०४८ बमोजिम स्वीकृत प्राप्त

# फेन्सी बचत तथा ऋण सहकारी संस्था लि.

## FANCY SAVING & CREDIT CO-OPERATIVE LTD.

भ.न.पा.-३, नारायणगढ, चितवन, फोन: ०५६-५३२९८९

**श्री युसुफदिन मियाँज्यू,**

निशा जनरल स्टोर्स, मिलनरोड, नारायणगढ

## सम्मान-पत्र

संस्थाको ज्येष्ठ शेयर सदस्य रही आर्थिक कारोबार गर्नुभएकोमा हार्दिक आभार व्यक्त गर्दै यस **सम्मान-पत्र**द्वारा सम्मानित गरिएको छ।

(केशवबहादुर थापा)
प्रमुख अतिथि
प्राचार्य, सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय
भरतपुर

(विमर्षप्रकाश तण्डुकार)
अध्यक्ष

मिति : २०७१ पुस १४

# नेपाल क्षयरोग निवारण संस्था

## चितवन शाखा

नारायणगढ

## प्रशंसा-पत्र

चितवन जिल्ला ...भरतपुर............न.पा./~~गा.वि.स.~~ वार्ड न. ..२.....निवासी तपाई श्री ...युसुफदिन मियाँ.............ले मिति २०५७ बैशाख २४ गते देखि २०६१ जेष्ठ २४ गते सम्म यस शाखामा.......सदस्य........पदमा रहि क्षयरोग नियन्त्रणको उच्च आर्दश र सिद्धान्त अनुरुप कार्यक्रम सफल बनाउन आफ्नो मन, बचन र कर्मले उल्लेखनिय भूमिका निर्वाह गर्नु भएकोले यहाँ को योगदानको उच्च मूल्याङकन गर्दै यो **प्रशंसा-पत्र** प्रदान गरिएको छ ।

(मदन काजी श्रेष्ठ)
महा सचिव
प्रमुख अतिथि

(कृष्ण कुमार श्रेष्ठ)
सभापति

नेपाल दलित संघको चाहना ! समतामूलक समाजको स्थापना ॥

# नेपाल दलित संघ

## जिल्ला कार्यसमिति, भरतपुर, चितवन

## सम्मान–पत्र

श्री युसुफ दिन पाल्पाली ज्यू

ईतिहासको विभिन्न कालखण्डमा सम्पन्न नेपालको लोकतान्त्रिक आन्दोलनमा सक्रिय सहभागी भई जनताको स्वतन्त्रता र न्यायका खातिर आफ्नो जीवनको विभिन्न समयमा योगदान पुऱ्याउनु भएकोमा यहाँको उच्च मुल्याङ्कन तथा कदर गर्दै नेपाल दलित संघ, जिल्ला कार्यसमिति चितवनद्वारा यो सम्मान–पत्र प्रदान गरिएको छ।

जय नेपाल !

श्री मीन विश्वकर्मा
विशेष अतिथि
केन्द्रिय अध्यक्ष, नेपाल दलित संघ

श्री विमलेन्द्र निधि
प्रमुख अतिथि
मन्त्री, भौतिक योजना निर्माण तथा यातायात

श्री शान्ति परियार
अध्यक्ष
नेपाल दलित संघ, चितवन

मितिः २०७१ कार्तिक १८

"एकता नै शक्ति हो, शक्तिको दुरुपयोग नगरौं"

# फेन्सी व्यवसायी संघ

नारा… …तवन



## धन्यवाद-पत्र

फेन्सी व्यवसायी संघको मिति २०६५/०६७ कार्यसमितिको **उपाध्यक्ष** पदमा रहनुभई **श्री युसुफदिन मियाँ**ज्यूबाट पदीयदायित्व कुशलतापूर्वक निर्वाह गर्नुभएकोमा यहाँलाई यस **धन्यवाद-पत्र** द्वारा सम्मानित गरिएको छ ।

भविष्यमा पनि संघको हितको लागि यहाँको अमूल्य सहयोग रहिरहने अपेक्षा गरिएको छ ।

| | | |
|---|---|---|
| **उत्तमलाल चुके**<br>प्रमुख अतिथि | **मिति: २०६७ पौष १२** | **विजयप्रकाश तण्डुकार**<br>अध्यक्ष |

"चितवनको गौरव र गरिमामय प्रस्तुति"

# चितवन महोत्सव २०६५

मुख्य प्रायोजक

Shakti

(पौष २५ देखि माघ ५ गतेसम्म)

## प्रशंसा-पत्र

कृषि, पर्यटन, शिक्षा र स्वास्थ्य क्षेत्रमा अग्रणी स्थानमा रहेको यस जिल्लाको समग्र विकास एवं यसको प्रवर्द्धन गर्नका लागि आयोजित

"चितवन महोत्सव-२०६५"

मा......स्वागत सत्कार......समितिको

......सदस्य......

रहनुभई सक्रिय योगदान पुर्‍याउनु भएकोमा

श्री/~~श्रीमती~~......शरफदिन मियाँ......ज्यू

लाई स-धन्यवाद यो प्रशंसा-पत्र प्रदान गरिएको छ।

**आयोजक :**
**उद्योग वाणिज्य संघ-नारायणगढ**
**जिल्ला विकास समिति चितवन**
**भरतपुर नगरपालिका**
**रत्ननगर नगरपालिका**
**रत्ननगर उद्योग वाणिज्य संघ**

**(मित्रराज दवाडी)**
**मूल संयोजक**
**चितवन महोत्सव २०६५**

**मिति : २०६५ माघ ५ गते**

# नारायणी कला मन्दिर

## नारायणगढ, चितवन

(स्थापित: २०१८)

# कदर-पत्र

यस संस्थाको वर्षभरिको कार्यकलापमा अनुशासित, मर्यादित र संस्थाप्रति आस्थावान रही व्यवस्थापन ...... क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउनु भएकोमा श्री / श्रीमती / सुश्री युसुफद्दिन पाल्पनी .......... लाई वि.सं. २०५५ सालको ........ पुरस्कारसहित यो कदर-पत्र प्रदान गरिएको छ।

प्रमुख अतिथि

२३ औं वार्षिक अधिवेशन
१८ भाद्र - २०५५

अध्यक्ष
नारायणी कला मन्दिर

राष्ट्रियता प्रजातन्त्र समाजवाद

# नेपाली काँग्रेस

## जिल्ला कार्यसमिति

चितवन

# प्रशंसा-पत्र

नेपाली काँग्रेस केन्द्रीय समितिको निर्देशानुसार प्रतिगामी शाही कदमको विरोधमा प्रजातन्त्र रक्षार्थ नेपाली काँग्रेस चितवनद्वारा २०६१ श्रावण ६ गतेदेखि २०६१ भाद्र २० गतेसम्म सञ्चालित **"२४ घण्टे मौन रिले अनसन"** मा म०न०पा० - ३ निवासी श्री/श्रीमती/सुश्री युशुफ दिन मिया (पाल्पाली) ले सफलतापूर्वक सहभागी भई सहयोग पुऱ्याउनु भएकोमा हार्दिकतापूर्वक यो **प्रशंसा-पत्र** प्रदान गरिएको छ ।

जय नेपाल !

| | | |
|---|---|---|
| (देवेन्द्र गुरुङ्ग) | (गिरिजाप्रसाद कोइराला) | (कृष्णलाल सापकोटा) |
| कार्यक्रम संयोजक | केन्द्रीय सभापति | जिल्ला सभापति |
| २४ घण्टे मौन रिले अनसन, चितवन | नेपाली काँग्रेस | नेपाली काँग्रेस, चितवन |

२०६१. भाद्र २४ "९१औं बी.पी. जयन्ती" ९ सेप्टेम्बर २००४

राष्ट्रियता | प्रजातन्त्र | समाजवाद

# नेपाली काँग्रेस

## जिल्ला कार्यसमिति

चितवन

# प्रशंसा-पत्र

प्रजातन्त्र रक्षार्थ प्रतिगमन विरुद्ध भएको जन-आन्दोलनको सन्दर्भमा संयुक्त जनआन्दोलन संयोजन समिति चितवनद्वारा २०६० आषाढ २० गतेदेखि २०६० श्रावण ३१ गतेसम्म सञ्चालित **"रिले अनसन"**मा ...... भ०न०पा० - ३ ...... निवासी श्री/श्रीमती/सुश्री ...... युसुफद्दिन मिया ...... ले सफलतापूर्वक सहभागी भई सहयोग पुऱ्याउनु भएकोमा हार्दिकतापूर्वक यो **प्रशंसा-पत्र** प्रदान गरिएको छ ।

जय नेपाल !

| | | |
|---|---|---|
| (मुक्तिलाल चुके) | (गिरिजाप्रसाद कोइराला) | (कृष्णलाल सापकोटा) |
| कार्यक्रम संयोजक | केन्द्रीय सभापति | जिल्ला सभापति |
| रिले अनसन, चितवन | नेपाली काँग्रेस | नेपाली काँग्रेस, चितवन |

२०६१, भाद्र २४ | "९१औं. बी.पी. जयन्ती" | ९ सेप्टेम्बर २००४

# पल्लव साहित्य प्रतिष्ठान

भ.न.पा.-४, विशालमार्ग, नारायणगढ, चितवन, नेपाल

## सम्मान-पत्र



वरिष्ठ गजलकार, कवि एवम् साहित्यकार **श्री युसुफदिन मियाँ 'पाल्पाली'** ज्यू

भरतपुर-२ बेलटाँडी, नारायणगढ, चितवन।

विगत लामो समयदेखि यहाँले नेपाली साहित्यको गीति एवम् विविध शास्त्रीय बहरका गजलजस्ता विधाहरूमा कलम चलाएर शास्त्रीय सूत्रमा आधारित बहरबद्ध गजल साहित्यको पाठोमा आफ्नो साहित्यिक पहिचान बनाउन सफल भई नेपाली वाङ्मयको क्षेत्रमा पुऱ्याउनुभएको सक्रिय योगदानको उच्च कदरस्वरूप यहाँलाई **पल्लव साहित्य सम्मान-२०६५** द्वारा साभिनन्दन सम्मानित गरिएको छ ।

यहाँको सु-स्वास्थ्य, दीर्घायु र उत्तरोत्तर सुकीर्ति-वृद्धिका लागि हार्दिक शुभकामना !

| | | |
|---|---|---|
| (तिलकेश्वर लामिछाने) | (प्राज्ञ बूँद राना) | (ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो') |
| समारोह सभापति | प्रमुख अतिथि | अध्यक्ष |

२०६५ भदौ १० गते आइतबार

# श्री लक्ष्मीस्मृति साहित्य समाज

कावासोती-१, साँढ, नवलपरासी

स्था: २०५६

## अभिनन्दन-पत्र

श्री युसुफदिन मियाँ 'पाल्पाली'ज्यू

भरतपुर नगरपालिका,-२, नारायणगढ, चितवन

चितवन क्षेत्रमा रहेर यहाँले नेपाली गजल विधाको विकास तथा विस्तार गर्नमा तथा समाज सेवाका क्षेत्रमा पुऱ्याउनु भएको अमूल्य योगदानको उच्च कदर गर्दै १०५ औं महाकवि लक्ष्मीप्रसाद देवकोटा जयन्तीको पुनीत अवसरमा आयोजित भव्य समारोहमा यहाँलाई **लक्ष्मीस्मृति एवम् नन्द-कलास्मृति भाषा साहित्य तथा समाजसेवा सम्मान- २०७० द्वारा हार्दिक अभिनन्दन** गर्दछौं ।

आगामी दिनमा पनि अझ अक्षुण्ण सेवाको अपेक्षा राख्दै लक्ष्मीस्मृति साहित्य समाज, नवलपरासी यहाँको सुस्वास्थ्य दीर्घायु एवम् समुन्नत भविष्यको कामना गर्दछ ।

| | | |
|---|---|---|
| (गोविन्दराज विनोदी) | | (सदानन्द अभागी) |
| प्रमुख अतिथि | मिति: २०७०/०७/१७ | अध्यक्ष |

[illegible]

[illegible]

अन्तरक्षेत्रीय [illegible] प्रतियोगिता २०६०

[illegible]

श्री युसुफउद्दिन सिद्दिकी [illegible] लाई भव्यताको साथ सफल पार्नका लागि [illegible] पुर्‍याउनु भएको योगदानप्रति [illegible] यस सम्मान-पत्र द्वारा अभिनन्दन गरिएको छ।

[illegible]

"एकता नै शक्ति हो, शक्तिको दुरुपयोग नगरौं"

# फेन्सी व्यवसायी संघ

नारायणगढ, चितवन



## कदर-पत्र

**श्री युसुफदिन मियाँ**ज्यू यस संघको २०६३-२०६५ सालमा कार्यसमितिभित्र **उपाध्यक्ष** पदमा रहनुभई आफ्नो कार्यकालमा अमूल्य सहयोग प्रदान गर्नुभई सफलतापूर्वक कार्य सम्पादन गर्नुभएकोमा यहाँलाई उच्च मूल्याङ्कनका साथ यो **कदर-पत्र**द्वारा सम्मान गरिएको छ ।

यहाँको जीवन सफल रहोस्
यही हाम्रो शुभकामना !

(उत्तमलाल चुके)
प्रमुख अतिथि
प्रथम अध्यक्ष
उद्योग वाणिज्य संघ - नारायणगढ

मिति : २०६५ पौष २१ गते

(हरिश्चन्द्र पिया)
संयोजक
मूल्याङ्कन समिति
फेन्सी व्यवसायी संघ-नारायणगढ

We Serve

# THE INTERNATIONAL ASSOCIATION OF LIONS CLUBS

**LIONS CLUBS INTERNATIONAL®**

**District 325 B Nepal**

Innovation: Gateway to Our Future

## CERTIFICATE OF PARTICIPATION

*We congratulate and thank Lion/ Lioness/ Leo* YOOSUF DIN PAL PALI *of Lions / Lioness / Leo club of* CHHITRAVAN NARAYANGADHHA *for actively and enthusiastically participating the Seventh National convention of 2004 hosted by Lions club of Narayangarh Balkumari held at Narayani Kalamandir, Narayangarh on 13th March 2004.*

| | | | |
|---|---|---|---|
| **Lion K. M. Goyal** | **Lion Girdhari Sharma** | **Lion Tek Bahadur Thapa** | **Lion Lakshmi Charana Shrestha** |
| ***International Director*** | ***District Governor*** | ***President*** | ***Convenor*** |
| Lions Clubs International | Lions Clubs International<br>Dist. 325 B Nepal | Lions Club Narayangarh Balkumari | LC Narayangarh Balkumari |